## सम्पादकीय


पार्टीको प्रभावकारी भूमिकाको खोजी २


## पाठकमञ्च


आखिर, ज्यादती कसका विरुद्ध थियो ? ३


## प्रतिक्रिया


कमरेड पुष्पलाल विशेषाङ्क : एउटा सङ्ग्रहणीय गाथा- **रिपुमर्दन अधिकारी** ४


## आवरण/दस्तावेज


फेरि पनि सहमतिकै कष्टसाध्य प्रयत्न - **प्रदीप ज्ञवाली** ५
राष्ट्रिय सहमति, शान्ति र संविधानका लागि विशेष राजनीतिक प्रस्ताव ७
केन्द्रीय कमिटीको पाँचौं बैठक जारी ८
'राष्ट्रिय सहमतिको कुनै विकल्प छैन' ८
नयाँ सहमतिका निम्ति अपिल ९
तेईस दलीय बैठकका निष्कर्ष १०


## आर्थिक-सामाजिक रुपान्तरण विशेष/विश्लेषण


नेपाली अर्थतन्त्रका चुनौती र विकासको अवधारणा - **भरतमोहन अधिकारी** ११
नेपालमा भूमि-सम्बन्ध र वैज्ञानिक भूमिसुधार - **डा. शिव शर्मा** २०
नेपाली श्रम क्षेत्र : समस्या र चुनौती - **विष्णु रिमाल** २४
वैदेशिक रोजगारी र विप्रेषण - **उमेश उपाध्याय** २८
नेपाली अर्थतन्त्र र औद्योगीकरणको स्थिति - **विनोदकुमार चौधरी** ३०
उपभोक्ता र महँगी - **ज्योति बानियाँ** ३३
नेपाली अर्थतन्त्रका केही मुद्दाहरू - **डा. पुष्पराज राजकर्णिकार** ३६
प्राकृतिक स्रोत, जनअधिकार र लोकतन्त्र - **डा. नेत्रप्रसाद तिम्सिना** ३८
सहकारी र तीनखम्बे अर्थनीति - **केशव बडाल** ४०
किसानका माग र भूमिअधिकार आन्दोलन - **जगत बस्नेत** ४२
घरेलु श्रमको राष्ट्रिय आयमा गणनाको औचित्य - **बिन्दा पाण्डे** ४४
अर्थतन्त्र सञ्चालनका आधारभूत सिद्धान्तहरू - **डा. विजयकुमार पौडेल** ४६
विश्व अर्थतन्त्रका प्रवृत्ति र नेपाली अर्थतन्त्र - **डा. गोविन्दबहादुर थापा** ४९


## अतिथि कलम


गरिबी, यसका आयामहरू र मापन विधि : नेपालको सन्दर्भमा - **डा. युवराज खतिवडा** ५३
वैदेशिक सहयोगमा शर्त र त्यसको प्रभाव - **डा. दीपेन्द्रबहादुर क्षेत्री** ५६


## अन्तर्वार्ता


समाजवादमा जाने कल्पनाको हवाइजहाज चढेर होइन - **चैतन्य मिश्र** ६०


## बहस


जनताको बहुदलीय जनवाद र सामाजिक-आर्थिक रुपान्तरण - **घनश्याम भूसाल** ६७


## शब्द-शब्द


शब्द-शब्द ७०


## श्रद्धाञ्जलि


प्रथम महिला सभामुख रहनुभएन- **प्रदीप भण्डारी** ७२
सिद्धान्तनिष्ठ र समर्पित योद्धा - **नरेन्द्रराज पोखरेल** ७३


## ऐतिहासिक व्यक्तित्व


क्रान्तिकारी किसान योद्धा : भीमदत्त पन्त - **गोविन्दप्रसाद कलौनी** ७५


## जिल्ला नेतृत्व


चक्रबहादुर पराजुली- अध्यक्ष, नेकपा (एमाले), स्याङ्जा ७८


## नयाँ पुस्तक समीक्षा


पुष्पलालको 'हिस्टरिकल नोट्स': एक अध्ययन - **नारद भारद्वाज** ८०


## माओवादी ज्यादती


रुपन्देहीमा 'जनयुद्ध'को ध्वंस र क्षति - **लीला गिरी** ८२


## गठन/पुनःगठन


जिल्ला र क्षेत्रीय अधिवेशन जारी ८५
नारायणी अञ्चलमा नयाँ क्षेत्रीय नेतृत्व ८५


## मोफसल


बारा जिल्लामा कम्युनिस्ट आन्दोलनको इतिहास - **पुरुषोत्तम पौडेल** ८८


## अन्तिम पृष्ठ


धेरैले दुस्साहसिक काम भने - **युवराज पन्थी**, 'पुँजी'का नेपाली अनुवादक ९२

# पार्टीको प्रभावकारी भूमिकाको खोजी

*सिङ्गो मुलुकले राष्ट्रिय सहमतिको अपेक्षा गरिरहेको र स्वयम् नेकपा (एमाले) सहमतिको खोजीमा अहोरात्र जुटिरहेको बेला पार्टीका आम कार्यकर्ता, समर्थक र शुभेच्छुकहरू पार्टीभित्र अझ सुदृढ एकता, उच्चस्तरको समझदारी र नेतृत्वबीच अझ बढी हार्दिकताको अपेक्षा गरिरहेका छन् । सुदृढ र एकताबद्ध एमालेले मात्रै राष्ट्रिय राजनीतिमा सहमतिको अगुवाइ र यसको आधारको काम गर्नसक्छ भन्ने कुरा मननीय छ ।*

*हाम्रो अथक प्रयासका बाबजुद राष्ट्रिय सहमतिको सरकार बन्न नसकिरहेको, राजनीतिको एउटा कुनाबाट एमालेको तटस्थता पनि मुलुकको अन्योलको कारक बनेको छ भन्ने टिप्पणी सुनिँदै गरेको र पार्टीमाथि छिटोभन्दा छिटो एउटा निष्कर्षमा पुग्न दबाब परिरहेको पृष्ठभूमिमा अब कसरी अगाडि बढ्नुपर्ला भन्ने बारेमा पार्टीभित्र सघन छलफल चल्नु स्वाभाविकै हो । छलफलका दौरान भिन्नभिन्न दृष्टिकोणहरू अभिव्यक्त हुनु पनि उत्तिकै स्वाभाविक हो । पार्टी अन्तिम निष्कर्षमा नपुगुन्जेल प्रस्तुत भएका कुनै पनि मान्यतालाई हामीले हृदयको विशालताका साथ ग्रहण गर्न तयार हुनुपर्छ । तर, पछिल्लो समयमा पार्टीको स्वतन्त्र अस्तित्व, भूमिका र मान्यतालाई नै ओझेलमा पार्ने गरी 'माओवादीपक्षीय' कि 'काङ्ग्रेसपक्षीय' जस्तो गरी बाहिर पोखिएका विवादले भने पार्टीको प्रतिष्ठालाई नै असर पार्ने र कार्यकर्तालाई क्षुब्ध बनाउने काम गरेका छन् ।*

*नेकपा (एमाले)ले नेपाली राजनीतिमा एउटा विशिष्ट स्थान राख्छ । निरङ्कुशतन्त्र विरुद्धको यसको संझौताहीन सङ्घर्षले, हिंसाविरुद्धको यसको अथक हस्तक्षेपले, सामाजिक न्यायसहितको लोकतन्त्रका निम्ति यसको अविश्रान्त आन्दोलनले नेपाली राजनीतिलाई आजको बिन्दुमा ल्याउन उल्लेखनीय भूमिका खेलेको छ । एमालेले विगतमा गल्ती नै गरेन भन्ने हाम्रो दाबी होइन र आजको यसको भूमिका या व्यवहार पनि समाजको मूल्याङ्कनभन्दा माथि हुन सक्ने कुरा भएन । तर पनि, आज सबैखाले अतिवाद विरुद्ध नेकपा (एमाले) जुन स्थान र जुन अवस्थितिमा उभिएको छ, यसले राष्ट्रिय राजनीतिलाई ध्रुवीकरणको खतरनाक मोडतिर मोडिनबाट निर्णायक ढङ्गले रोकिराखेको छ । एक छिनका लागि राष्ट्रिय राजनीतिको नक्साबाट एमाले नामको यो शक्तिलाई पन्छाइदिने हो भने नेपाल अति वामपन्थी र अति दक्षिणपन्थी ध्रुवमा कित्ताकाट हुनेछ । एमाले नहुने हो भने आज लोकतान्त्रिक गणतन्त्रको तहमा उक्लिएको नेपाली काङ्ग्रेसलाई अरू दाहिनेतिर तान्न र शान्ति एवम् लोकतन्त्रको दिशामा आउन खोजिरहेको एकीकृत माओवादीलाई पछाडि फर्काउन चाहने शक्तिहरूलाई बल पुऱ्याउनेछ । पर्याप्त सीमाका बाबजुद एमालेले खेलिरहेको यो सन्तुलनकारी भूमिकालाई कमजोर पार्नु भनेको प्रकारान्तरले मुलुकलाई आत्मघाती मुठभेडको दिशामा अग्रसर गराउनु हो ।*

*एमालेले नेपाली राजनीतिमा निश्चित मूल्यहरूको प्रतिनिधित्व गर्छ । यसले अवलम्वन गरिरहेको आन्दोलनको शान्तिपूर्ण धार कमजोर हुँदा हिंसाको धार बलियो हुनेछ । यसले प्रतिपादन गरेको लोकतान्त्रिक धार दुब्लाउँदै जाँदा अधिनायकवादी धार फस्टाउँदै जानेछ । यसले उठाइरहेको राष्ट्रिय एकताको झन्डा कमजोर भयो भने विखण्डनको झन्डा माथि उठ्नेछ । अर्थात् नेकपा (एमाले) कमजोर हुँदो एमालेमात्रै कमजोर हुनेछैन, शान्ति प्रक्रिया, लोकतान्त्रीकरणको अभियान, राष्ट्रियता र समाजको क्रान्तिकारी रूपान्तरणको अभियान पनि कमजोर हुनेछ । यसपछि के हुनेछ, थप व्याख्याको आवश्यकता नै छैन ।*

*सङ्क्रमणकालीन जटिलताबाट गुज्रिरहेको नेपाली समाजमा कुनै पनि राजनीतिक दलमा आन्तरिक द्वन्द्व र विभाजन उत्पन्न हुने कुराले सङ्क्रमणकाललाई अझ जटिल बनाउँदै अस्थिरतालाई बढावा दिने काम गर्छ । त्यसैले कुनै पनि जिम्मेवार राजनीतिक दलभित्र अन्तरकलह राष्ट्रिय राजनीतिलाई प्रभावित गर्ने कारक बिषय बन्न जान्छ । त्यसमाथि, नेकपा (एमाले) जस्तो शक्ति सन्तुलनको निर्णायक स्थानमा बसेको पार्टीमा उत्पन्न हुने समस्याले सङ्क्रमणकालीन राजनीतिमा नकारात्मक छाप छाड्छन् । त्यसैले आन्तरिक रूपमा पार्टी कार्यकर्ताको मात्रै होइन, देशकै सरोकारको बिषय बनेको पार्टीको एकता, समझदारी र संस्थागत निर्णय एवम् कार्यान्वियनको प्रक्रियामा हामीले गम्भीर ध्यानदृष्टि पुऱ्याउनैपर्छ ।*

*पार्टीको आन्तरिक जीवनमा केही समस्याहरू देखिएका छन् । धक्कालाई चिर्दै पार्टीलाई राष्ट्रिय राजनीतिको केन्द्रभाग र क्रान्तिकारी अभियानको नेतृत्वदायी शक्ति अर्थात् एक नम्बर शक्ति बनाउन सकिन्छ भन्ने विश्वास धर्मराउँदै जानु, कुनै न कुनै शक्तिको सहयोगी बनेर सुविधाको राजनीति गर्ने प्रवृत्ति देखापर्नु, माओवादी उग्रवामपन्थताविरुद्धको वैचारिक सङ्घर्षको अनिवार्यतालाई अवमूल्यन गर्नु, आफूलाई सही क्रान्तिकारी अवस्थितिमा उभ्याएर मात्रै उग्रवामपन्थतालाई रूपान्तरण गर्न सकिन्छ भन्ने सच्चाइलाई बोध नगर्नु, क्रान्तिकारी भावना र व्यवहारमा ह्रास आउन दिनु, कमिटी सञ्चालनका संस्थागत, विधिसम्मत र लोकतान्त्रिक पद्धतिप्रति उदासीनता देखाउनु, व्यक्तिवादिता र स्वार्थपरक सोचहरू हुर्किने वातावरण बन्नु तथा अध्ययन, तर्क र सामाजिक आन्दोलनको कार्यशैली क्षयीकरण हुँदै जानु हाम्रा समस्या हुन् । यस्ता प्रवृत्तिविरुद्ध वैचारिक सङ्घर्ष गरेर पार्टीलाई ठिक ठाउँमा उभ्याउन सके मात्रै हामीले राष्ट्रिय राजनीतिमा प्रभावशाली हस्तक्षेप गर्न सक्नेछौं ।*

*पार्टीको आन्तरिक एकताले राष्ट्रिय एकताका निम्ति आधारको काम गर्नेछ । पार्टीको लोकतान्त्रीकरणले सिङ्गो समाजको लोकतान्त्रीकरणका लागि उत्तोलकको काम गर्ने छ । पार्टीमा कायम आन्तरिक सहमतिले अन्य दलसँग सहमति*

*निर्माण गर्न पूर्वाधारको भूमिका खेल्नेछ । त्यसैले यस प्रश्नमा पार्टीका सबै नेता-कार्यकर्ताहरूको गम्भीरताबोध, अनुभूति र समझदारी अत्यावश्यक छ ।*

# आखिर, ज्यादती कसका विरुद्ध थियो ?

**सम्पादकज्यू,**

'नवयुग'को २०६७ असार अङ्कमा माओवादी ज्यादतीमा केन्द्रित गरी प्रकाशित भएको रहेछ । त्यसका सामग्रीहरू सरसर्ती हेर्दा सशस्त्र युद्धका तमाम ज्यादती र घाउचोटहरू पढ्न पाइयो । यद्यपि, त्यस्ता घाउहरू क्रमशः खाटा बसिरहेको हुनुपर्छ । तर ढिलो भए पनि 'नवयुग'को आफ्नो ध्यान युद्ध-उन्मादका असर र प्रभावहरूमा पुऱ्याएकोमा विशेष धन्यवाद दिनु उपयुक्त हुनेछ ।

सोही अङ्कबाट जानकारी भयो, युद्धका क्रममा नेकपा (एमाले)का करिब ५ सय नेता-कार्यकर्ताको जीवनहरण भएको रहेछ । अझ रातो झन्डा बोकेर क्रान्तिकै कुरा गरी युद्धको थालनी गरेको माओवादीले ३ सय नेता-कार्यकर्ताको हत्या गरेको रहेछ । यसरी उसले एमाले पंक्तिमाथि हत्या र ज्यादती गर्न 'प्रतिक्रियावादी भनिएको राज्य'लाई समेत जितेको रहेछ । यसबाट उनीहरूको युद्ध कसका विरुद्ध लक्षित थियो भन्ने प्रष्टिन्छ । यससम्बन्धी समग्र अभिलेख निकै पहिले व्यवस्थित गर्नुपर्दथ्यो । तर, पार्टीले ढिलो भए पनि यो काम गरेको देखियो ।

अनाहकमा ज्यान गुमाउने तमाम कमरेडहरूका लागि राज्यले सहिदको सम्मान दिने त निर्णय गरिसक्यो । तर तिनका परिवार र लालाबालाको के अवस्था छ ? तिनको लालनपालन र शिक्षादीक्षामा राज्यले के दायित्व बहन गरिरहेको छ ? यसप्रति पार्टीले ठोस योजना बनाई उचित ध्यान पुऱ्याओस् । अन्यथा, भूमि शेरचनको यो कविता अंशले भनिरहनेछ-

'मरेर जाने सहिदहरू हो,
बाँचेर त हेर
बाँच्न कति गाह्रो छ ?'

**- समरबहादुर बुढा**
मिझिङ, रोल्पा

# सङ्ग्रहणीय विशेषाङ्क

'नवयुग'को साउन अङ्क 'कमरेड पुष्पलाल विशेषाङ्क'का रूपमा प्राप्त भयो । यसमा समेटिएका सामग्री-संस्मरण, मूल्याङ्कन र दस्तावेजले पुष्पलाल एक महान् चिन्तक रहेको तथ्यकै पुनः पुष्टि गर्दछन् । उहाँको सम्बन्धमा समग्र विश्लेषण गर्नका निम्ति यस विशेषाङ्कले महत्वपूर्ण सहयोग पुऱ्याउनेछ । यसप्रकारको सङ्ग्रहणीय विशेषाङ्क प्रकाशित भएकोमा ग्राहकलाई खुशी लाग्नु स्वाभाविकै छ ।

वास्तवमा पुष्पलालप्रति बाँचुञ्जेल अन्याय र आरोपको बौछावर नै गरियो । उहाँको नीति मान्यताहरू सही सावित हुने तर व्यक्तिगत रूपमा निरन्तर प्रताडित हुने स्थिति भएकाले उहाँको विचार र मान्यताको सहीपना आत्मसात् गर्ने पङ्क्ति विमुख हुनुपऱ्यो । यस्ता सामग्रीको प्रकाशनले मुलुकको कम्युनिस्ट आन्दोलनलाई नीति-विचार आधारित गरेर अघि बढाउन योगदान गर्ने विश्वास गर्न सकिन्छ ।

**- सरला शर्मा**

बाग्लुङ बजार, धौलागिरि

# ‘कमरेड पुष्पलाल’ विशेषाङ्क : एउटा सङ्ग्रहणीय गाथा

❒ **रिपुमर्दन अधिकारी**

‘नवयुग’को ०६७ साउन अङ्क ‘कमरेड पुष्पलाल विशेषाङ्क’का रूपमा पठनीय र ऐतिहासिक महत्वका सामग्रीसहित प्रकाशित गर्नुभएकोमा ‘नवयुग’ परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३२ औं स्मृति दिवसका अवसरमा म उहाँको जन्मस्थल रामेछापमा आयोजित स्मृति कार्यक्रममा सहभागी थिएँ । त्यहाँ मैले प्रस्तुत गरेको कार्यपत्रमा उहाँको नेतृत्व, व्यक्तित्व र योगदानको सङ्क्षिप्त रूपमा चर्चा गर्ने प्रयत्न गरेको थिएँ ।

जनताको मुक्तिका निम्ति प्रमुख दायित्व निर्वाह गर्ने शक्ति नेपालमा कम्युनिस्ट पार्टीहरू नै हो । हाल नेपालमा कम्युनिस्टहरू विभिन्न खेमामा विभाजित छन् । यस्तो अवस्थामा नेपालको राज्यसत्ता दक्षिणपन्थी तथा बुर्जुवाहरूकै हातमा सञ्चालन गर्न खोजिरहेको छ । जनताको भाग्य तथा प्रगतिका लागि कम्युनिस्ट पार्टीले नै शासन तथा राज्यशक्ति सञ्चालन गर्नुपर्दछ । नेपाली जनता सामन्तवाद, साम्राज्यवाद, शोषणको भुमरीमा परेका छन् । हाम्रो देश अझै अर्धसामन्ती अर्धउपनिवेशिक अवस्थाबाट गुज्रिरहेको छ ।

आर्थिक समानता, राजनीतिक स्वाधिनता र सामाजिक विसङ्गतिहरूको उन्मुक्त हुने रूपरेखा कृषि क्रान्ति, औद्योगिक क्रान्ति, सामन्ती-भूस्वामित्वको अन्त्य आदि हुनसकेको छैन । राजतन्त्रको उन्मूलन भई संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु निकै ठूलो परिवर्तन हो । राजतन्त्रको अन्त्य गर्न सकिन्छ भन्ने कमरेड पुष्पलालको स्पष्ट वैचारिक निर्देश हो । उहाँले नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्दा एउटै पार्टी स्थापना गर्नुभएको थियो । पार्टी स्थापनाकालका अग्रजहरूमध्ये हाल एकजना नरबहादुर कर्मचार्य मात्र जीवित हुनुहुन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको निर्माणमा पुष्पलालको ज्यादै ठूलो अगुवाइ र योगदान छ । तमाम घटकहरू एउटै कम्युनिस्ट पार्टीका रूपमा एकीकृत हुँदा नै पुष्पलालको सपना सरकार हुनेछ । राणाशासनको अत्याचार चरम शिखरमा पुगेका बेला विसं. १९८१ साल असार १५ गते उहाँ रामेछाप जिल्लाको रामेछाप गाविस- भङ्गेरीमा जन्मिनुभएको थियो । जागिरको सिलसिलामा उहाँका बुबा त्यसबेला रामेछाप मालमा खरिदार हुनुहुन्थ्यो । आमा-बाबुको साथमा घुम्दै ओखलढुङ्गा र सिन्धुपाल्चोकको चौतारामा आफ्नो बाल्यकाल बिताएर उहाँ काठमाडौं पुग्नुभएको थियो । उहाँका जेठा दाजु सुप्रसिद्ध क्रान्तिकारी सहिद गङ्गालाल हुनुहुन्थ्यो । पुष्पलालले पाटन हाइस्कुलबाट प्रवेशिका परीक्षा पास गर्नुभयो । थोरै औपचारिक शिक्षा हासिल गरे पनि ठूलाठूला बौद्धिक काम गर्नसक्ने गरी स्वअध्ययनबाटै पुष्पलाल देशकै अग्रणी चिन्तक, विश्लेषक र विचारक बन्नुभएको थियो । १९९७ मा दाजु गङ्गालाललाई राजाहरूले फाँसीमा झुन्ड्याइएको थियो । फलतः उहाँ राणाशाही समाप्त गरी मुलुकलाई आमूल परिवर्तनको दिशामा अघि बढाउन समर्पित रहनुभयो । २००४ सालमा त्रिचन्द्र कलेजअगाडिको गेटमा उहाँले नागरिक अधिकार आन्दोलनको नेतृत्व गर्नुभयो । त्यसबेला नागरिक अधिकारका बारे आवाज बुलन्द गर्दा पक्राउ पर्नुभयो ।

जेलबाट छुटेपछि उहाँ बनारस पुग्नुभयो र नेपाली राष्ट्रिय काङ्ग्रेस पार्टीको कार्यालय सचिव भएर काम गर्न थाल्नुभयो । तर डा. डिल्लीरमण रेग्मी र बीपी कोइरालाबीच झगडा चर्किएपछि उहाँ कलकत्तातिर लाग्नुभयो । र, मार्क्स-एङ्गेल्स लिखित कम्युनिस्ट पार्टीको घोषणापत्रको नेपाली अनुवाद गरी नेपालमा सबभन्दा पहिले कम्युनिस्ट पार्टीको सङ्गठन कार्य अघि बढाउनुभयो ।

२००७ फागुन ४ को दिल्ली सम्झौता धोका हो भनेर डा. केआई सिंह र अन्य पार्टीसँग मिलेर उहाँले स्वाधीनताको सङ्घर्ष अघि बढाउनुभयो । डा. केआई सिंहले सिंहदरबार विद्रोह गरेपछि कम्युनिस्ट पार्टीमाथि समेत प्रतिबन्ध लाग्यो । २०१० सालमा उहाँको विवाह साहना प्रधानसँग भएको थियो । उहाँका एक छोरा र एक छोरी रहेका छन् । उहाँ संविधानसभाको पक्षमा दृढतासाथ उभिनुभयो । सोभियत सङ्घ र चीनको बीच विवाद भएपछि कमरेड पुष्पलाल माओ विचारधाराको हिमायती हुनुभयो । ०२५ मा एकदेव आलेलगायतका ६ जना केन्द्रीय नेतृत्वका साथीहरूलाई साथमा लिएर उहाँले पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन गरी व्यवस्थित रूपमा नयाँ जनवादी कार्यक्रम अगाडि सार्नुभयो । कम्युनिस्ट पार्टी एकजुट हुनुपर्ने मान्यता पनि उहाँले अगाडि राख्नुभयो । ०३३ सालमा राष्ट्रिय मेलमिलापको नीतिका साथ बीपी कोइराला र गणेशमान सिंह स्वदेश फर्कंदा उहाँलाई पनि नेपाल फर्कन आग्रह गरिएको थियो । तर, उहाँ मेलमिलाप होइन, सङ्घर्ष र क्रान्तिको मान्यतामा नै दृढतापूर्वक अघि बढ्नुभयो । ०३१ सालदेखि मुटुको रोगले पीडित हुनुभयो । उपचार हुँदाहुँदै ०३५ साल साउन ७ गते भारतको दिल्लीस्थित गोविन्दवल्लभ पन्त अस्पतालमा उहाँको भौतिक रूपमा अवशान भयो । निरङ्कुश पञ्चायती व्यवस्थाले मातृभूमिमा ल्याउन दिइएन । त्यतिमात्र होइन, अस्तुसमेत ल्याउन रोक लगायो । तर त्यसको अवज्ञा गर्दै ल्याइएको अस्तु २० औं हजारको जुलुसका साथ शोभाभगवतीमा विसर्जन गरिएको थियो । सैद्धान्तिक

दृढता, सहनशीलता, दूरुदर्शिता, क्रान्तिकारी निष्ठा एवम् व्यावहारिक र सही नीतिनिर्माणकर्ताका रूपमा कमरेड पुष्पलाल नेपाली राजनीतिमा सबभन्दा उच्च धरोहरका रूपमा स्थापित र अमर हुनुहुन्छ । ❐

# फेरि पनि सहमतिकै कष्टसाध्य प्रयत्न

## ❐ प्रदीप ज्ञवाली

**बढ्दो चुनौती**

प्रधानमन्त्री चयनका लागि पाँचौं चरणको निर्वाचन पनि अनिर्णित भएपछि राष्ट्रिय राजनीतिमा उत्पन्न अन्योल र सङ्कट अझ गहिरिन थालेको छ । डेढ महिनाभन्दा लामो समयदेखि मुलुक कामचलाउ सरकारबाट चल्दै गर्दा यसका दूरगामी प्रभाव देखिन थालेका छन् । कर्मचारी संयन्त्र शिथिल छ, प्रहरी प्रशासन अन्योलग्रस्त छ र विकासका गतिविधि ठप्प छन् । तत्काल कुनै ठूलै घटना/दुर्घटना देखानपरेको भए पनि यस्तो अवस्था लामो समय कायम रहनु दुर्भाग्यपूर्ण हुनेछ । सरकार निर्माणमा भएको ढिलाइले शान्ति प्रक्रिया र संविधान निर्माणलाई छायामा पारेका छन्, यहाँसम्म कि ती विषयहरू चर्चामा समेत छैनन् । सरकार पनि बनाउन नसक्ने कमजोरीलाई लिएर दलहरूको सर्वत्र आलोचना बढेको छ । नेतृत्वको प्रतिष्ठा नराम्रो गरी ह्रास भएको छ र जनताको असन्तुष्टि विस्तारै वितृष्णा र आक्रोशमा रूपान्तरित हुन थालेको छ ।

नवस्थापित गणतन्त्र र लोकतान्त्रिक पद्धतिका लागि यी विषयहरू गम्भीर चुनौती हुन् ।

यसबीचमा, एउटा भ्रम भने समाप्त भएको छ । निकै लामो समयसम्म एउटा आग्रहलाई स्थापित गर्ने प्रयत्न भएको थियो- समस्याको मुख्य स्रोत प्रधानमन्त्री माधवकुमार नेपालमा रहेको छ र उहाँले राजीनामा दिनासाथ सबै समस्याको समाधान हुन्छ । जेठ १४ अघि र पछिका सम्पूर्ण वार्ताहरू प्रधानमन्त्रीको राजीनामामा गएर अड्किएका थिए । कतिसम्म भने, प्रधानमन्त्रीको राजीनामाको दुई घण्टामा सहमतिको ढोका खुल्ने दाबा गरिएको थियो । यस्तो स्थितिमा, स्पष्ट बहुमत हुँदाहुँदै पनि र विकल्प तयार भएपछि मात्रै राजीनामा दिने प्रयास गर्दागर्दै पनि गतः असार १६ गते प्रधानमन्त्रीले राजीनामा दिनुभएको थियो । तर, दुई घण्टा होइन, दुई महिना बित्न लाग्दा पनि सहमति जुटेको छैन । राष्ट्रिय सहमतिको सरकार त परको कुरा, सामान्य बहुमतको सरकार पनि बन्न नसकेको वर्तमान बिडम्बनापूर्ण अवस्थाले समस्याको जरोका बारेमा विगतका भनाइ र बुझाइमा त्रुटि थियो भन्ने कुरा स्पष्ट भएको छ ।

**नेकपा (एमाले)को प्रयास**

संविधानको धारा ३८ (१) अनुसारको राष्ट्रिय सहमतिको सरकार बनाउन राष्ट्रपतिले दिनुभएको र पछि थप गरिएको समयमा समेत सहमति नबनेपछि मुलुक ३८ (२) को सरकार गठनको प्रक्रियामा प्रवेश गरेको थियो । बहुमतीय पद्धतिभित्रै पनि सहमतिको खोजी गर्न पार्टीले यसबीचमा लगातार प्रयास जारी राख्यो । तीन चौथाइ भन्दा बढी सदस्यहरूको समर्थन प्राप्त पुष्पकमल दहाल 'प्रचण्ड' नेतृत्वको सरकार र २२ दलको समर्थन प्राप्त कमरेड माधवकुमार नेपाल नेतृत्वको सरकारको कार्यकालमा पनि शान्ति र संविधान निर्माणको लक्ष्य पूरा हुन नसकेको यथार्थ हाम्रासामु थियो र छ । यद्यपि, यसका पछाडिका कारणहरू भने नितान्त भिन्न छन् । विगत अनुभवका आधारमा पार्टीले राष्ट्रिय राजनीतिका मुख्य चार पक्ष- नेकपा (एमाले), नेपाली काङ्ग्रेस, एकीकृत माओवादी र मधेसी दलहरूको सार्थक सहभागिताबिना शान्ति र संविधानको मुख्य अभिभारा पूरा हुन नसक्ने निष्कर्षका साथ सहमतिको सरकार गठनमा जोड दिएको थियो । मुलुक बहुमतीय सरकार गठनको प्रक्रियामा प्रवेश गरिसकेको स्थितिमा कम्तीमा दुई तिहाइ समर्थनप्राप्त सरकारबाट सुरु गरेर क्रमशः त्यही सरकारलाई राष्ट्रिय सहमतिको सरकारमा रूपान्तरण गर्ने मान्यता पार्टी केन्द्रीय कमिटीले अगाडि सा¥यो । यही मान्यताको जगमा कम्तीमा ४ सय १ को समर्थन अर्थात् माथिका चार पक्षमध्ये कम्तीमा तीन पक्षको समर्थन र सहभागिता जुटेको अवस्थामा पार्टी अध्यक्ष कमरेड झलनाथ खनालको उम्मेदवारी अगाडि बढाउने, अन्यथा प्रधानमन्त्री निर्वाचनमा पार्टी तटस्थ रहने निर्णय गरिएको थियो ।

तर, सम्भावनाको नजिक पुगेर पनि दुई तिहाइको स्पष्ट आधार तयार नभएपछि उहाँको उम्मेदवारी फिर्ता भयो ।

पार्टीको यो तटस्थताको नीतिका बारेमा कतिपय पक्षमा अन्योल र भ्रम पनि देखापरेको छ । एमालेको तटस्थताको कारण लामो समय मुलुक सरकारविहीन अवस्थामा रहनुपरेको टिप्पणी गर्दै पार्टीमाथि मुलुकलाई अन्योलमा राखेको आरोप पनि कुनै-कुनै कोणबाट लगाइने गरेको छ । निश्चय नै, सरकार निर्माणको प्राविधिक दृष्टिले हेर्दा पार्टीको तटस्थताका कारण सरकार गठनमा ढिलाइ भएको निष्कर्ष निकाल्न सकिन्छ । तर, अहिले सरकार गठनको प्रश्न खालि दैनिक शासन-

प्रशासन चलाउने सरकारको प्रश्न मात्रै होइन, शान्ति र संविधान निर्माण प्रक्रियाको अगुवाइ गर्ने संयन्त्रको रूपमा सरकार गठनको प्रश्न हो । सरकार र शान्ति प्रक्रिया एवम् संविधान निर्माणलाई फरक ढङ्गले अगाडि बढाउने विगतको प्रयत्न असफल भएपछि हामीले यी तीनवटै प्रश्नलाई अन्तरसम्बन्धित प्रश्नको रूपमा सम्बोधन गर्ने निष्कर्षमा पुगेका हौं । जसरी पनि सरकार बनाउने र त्यसका लागि एमाले एउटा कित्तामा उभिनै पर्ने आग्रहले तत्काल सरकार गठनको गर्जो त टर्ला, तर दीर्घकालीन हिसाबले राष्ट्रिय राजनीतिलाई थप ध्रुवीकरणतिर धकेल्दै शान्ति प्रक्रिया र संविधान निर्माणलाई अझ धरापमा पार्नेछ ।

आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वको सरकारको पनि विकल्प खोजेर तथा बहुमतको प्रधानमन्त्री बन्ने सम्भावना हुँदाहुँदै पनि आफ्नै पार्टी अध्यक्षको उम्मेदवारी फिर्ता लिएर नेकपा (एमाले)ले राष्ट्रिय सहमतिको पक्षमा आफ्नो अडानलाई व्यवहारमै सिद्ध गरेको छ ।

हाम्रो पार्टीको यो अडानकै कारण मधेसी दलहरू, नेकपा (माले), नेकपा (संयुक्त), नेकपा (एकीकृत) लगायत साना दलहरू पनि सहमतिका निम्ति तटस्थ रहँदै आएका छन् । यसले राष्ट्रिय सहमति आम जनचाहना बन्दै गएको र त्यसका निम्ति दबाब पनि सिर्जना हुँदै गरेको तथ्य स्पष्ट हुँदै गएको छ । गत साता आयोजित सर्वदलीय बैठकबाट दुवै उम्मेदवारलाई आफ्नो उम्मेदवारी फिर्ता लिई सहमतिको वातावरण निर्माण गर्न गरिएको आग्रहले पनि पार्टीको अडानको औचित्यलाई थप पुष्टि गर्ने काम गरेको छ ।

**विकृति र विभाजन**

प्रधानमन्त्री निर्वाचनको यस प्रक्रियामा गम्भीर प्रकृतिका विकृति र अनैतिक घटनाहरू देखापरेका छन् । गत साउन १७ गतेको निर्वाचनमा मधेसी जनअधिकार फोरम नेपालका ११ जना र नेकपा (माले)का १ जना सभासद्ले 'फ्लोर क्रस' गरेर पार्टी निर्णयविपरीत एकीकृत माओवादीका उम्मेदवारलाई मत दिए । यस प्रक्रियामा ठूलो मात्राको पैसाको चलखेल भएको आरोप खुद तिनै पार्टीका नेताहरूले लगाए । विभिन्न होटलहरूमा भएका गोप्य भेटघाट, सन्दिग्ध गतिविधि र मूल्यहीन गठबन्धनको बारेमा सार्वजनिक सञ्चारमाध्यमले पनि तथ्य सार्वजनिक गरेका छन् । नयाँ नेपाल निर्माणको सङ्कल्पको सन्दर्भमा यी गतिविधि दुर्भाग्यपूर्ण थिए । यस्ता घटनाहरू भर्त्सनायोग्य छन् ।

थप बिडम्बनाको विषय के छ भने यस्ता घटनामा एकीकृत नेकपा (माओवादी)को प्रत्यक्ष सहभागिता र अगुवाइ रह्यो, जसले 'संसदीय विकृति' को बारेमा निन्दा र गाली गरेर कहिल्यै थाक्दैन । आफूलाई सर्वहारा श्रमजीवीको पार्टी दाबी गर्ने पार्टी 'ब्रिफकेस' बोकेर सांसद खरिदका निम्ति कुदिरहेको दृश्य समकालीन नेपाली राजनीतिको एउटा विद्रूप परिदृश्य थियो । सहमतिको आवश्यकतालाई लत्याउँदै बहुमतको सरकार गठन गर्न मरिहत्ते गर्ने, आफ्नै पार्टीभित्र अरू कसैको विकल्प दिन पनि तयार नहुने, एकाध भोटका लागि राजावादीहरूसँग याचना गर्ने र त्यसलाई 'राष्ट्रवादीहरू'को एकताको आवरण दिने, मधेसी दलहरूको समर्थन प्राप्त गर्न राज्य पुनःसंरचना आयोग बनाउने पूर्वनिर्णयलाई पनि उल्ट्याउन तयार हुने र सांसद खरिद-बिक्री, लोभ-प्रलोभन र आश्वासन वितरण जस्ता गतिविधिद्वारा माओवादीले आफ्नो उपयोगितावादी चरित्र, मूल्य होइन सत्तालाई सर्वोपरि ठान्ने र यसका लागि जस्तासुकै गतिविधि गर्न सक्ने असली चेहरालाई उदाङ्गो पार्ने काम गरेको छ ।

प्रधानमन्त्री निर्वाचनकै दौरानमा नेकपा (माले) र सङ्घीय लोकतान्त्रिक मञ्च विधिवत् विभाजन भएका छन् । विभाजनका पछाडि आन्तरिक कारणहरू पनि होलान्, तर यी पार्टीहरूलाई विभाजन गराउन एकीकृत माओवादीले चासो, सक्रियता र उत्साह देखाएको र विभाजितमध्ये कतिपय समूहले माओवादीलाई मत हालेको घटनाले पार्टीहरू फुटाएर पनि बहुमत जुटाउन चाहने माओवादी चरित्रको अर्को पाटो उजागर भएको छ । यसले नेपाली राजनीतिलाई थप अस्थिर र अप्ठ्यारोमा पुर्‍याउन सक्नेछ ।

**सहमतिको अपरिहार्यता**

घटनाक्रमले स्पष्ट पारेको छ- यस प्रक्रियाबाट बहुमतको सरकार पनि गठन हुन सम्भव छैन । कदाचित् पार्टी विभाजन, सभासद् खरिद बिक्री र प्रलोभन-धम्की जस्ता विकृत उपायहरूको अवलम्वन गरेर बहुमत जुटाइहाले पनि त्यस्तो सरकार मुलुकका लागि दुर्भाग्यपूर्ण हुनेछ । यसले शान्ति र संविधानको लक्ष्यलाई पूरा गर्ने त टाढाको कुरा, यस लक्ष्यलाई झनै सङ्कटमा पार्नेछ । त्यसैले यस्तो अर्थहीन प्रक्रियालाई रोकेर मुलुकलाई फेरि सहमतिको दिशामा फर्काउन सार्थक पहल गरिनुपर्छ ।

यसका लागि प्रधानमन्त्रीका दुवै प्रत्यासीले आफ्नो उम्मेदवारी फिर्ता लिनु उहाँहरू दुवैको हितमा हुनेछ । लगातारको पराजय र अर्थहीन निर्वाचनको पुनरावृत्तिले उहाँहरूको प्रतिष्ठालाई समेत गम्भीर आघात पुर्‍याइरहेको छ । सङ्क्रमणकालीन राजनीतिको यो जटिल अवस्थामा मुलुकका जिम्मेवार नेताहरूको प्रतिष्ठामा गिरावट र लोकप्रियतामा ह्रासले उहाँहरू सम्बद्ध पार्टीलाई मात्रै होइन, लोकतान्त्रिक प्रणालीलाई नै अप्ठ्यारोमा पार्छ । यो सच्चाइ बोध गर्न रत्तिभर ढिलो गर्नुहुँदैन ।

निश्चय नै, उम्मेदवारी फिर्ताले मात्रै समस्याको समाधान गर्दैन । मुलुकलाई साउन ४ गते पूर्वको अवस्थामा फर्काउन सक्दा सहमतिको नयाँ पहल गर्न सजिलो हुन्छ, तर यो मात्रै पर्याप्त छैन । सहमतिका आधार तयार गर्ने कुरा बढी महत्वपूर्ण छ । बारम्बार भनिँदै र दोहोर्‍याइँदै आएको बिषय हो- राष्ट्रिय सहमति निर्माणमा सबैभन्दा ठूलो चुनौती

माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापनाको विषय हो, उनीहरूको हतियारको व्यवस्थापनको विषय हो। सहमतिको चुनौती कब्जा सम्पत्ति फिर्ता, वाईसीएलको ब्यारेकीय संरचनाको अन्त्य र पूर्वप्रतिबद्धताको कार्यान्वयनको विषय हो। त्यस्तै सहमतिको अर्को जटिल चुनौती भनेको संविधानका विषयमा रहेका गम्भीर असहमतिहरू हुन्। यस्ता विषयमा सहमति निर्माण हुनसके यसले राष्ट्रिय सहमतिको सरकारको आधार तयार गर्छन्। त्यसो हुन सके नेतृत्वको बिषय गौण बन्न जान्छ र त्यस्तो स्थितिमा जो कसैले नेतृत्व गरे पनि शान्ति र संविधानको प्रत्याभूति गर्न सकिन्छ।

यी प्रश्नहरूमा विगतदेखि नै एकीकृत माओवादी उदासीन, लचकताविहीन र दोहोरो भूमिकामा रहँदै आएको छ। लडाकुविहीन हुन नचाहने, हिंसामुक्त हुन नचाहने, विगत प्रतिवद्धताप्रति इमानदार हुन नचाहने माओवादी व्यवहारले नै सहमति निर्माणमा सर्वाधिक अप्ठ्यारो पारिरहेको तथ्यलाई ध्यानमा राखेर माओवादीमाथि निरन्तर दबाब सिर्जना गरिरहनु आवश्यक छ।

निश्चय नै, अनन्तकालसम्म मुलुक अनिर्णयको अवस्थामा रहन सक्दैन। त्यसैले समयवद्ध तालिकासहित सहमति निर्माणको अधिकतम प्रयत्न गर्ने, त्यसका लागि अनेकौं विकल्पहरूको खोजी गर्ने, त्यति गर्दा पनि सहमति जुट्न नसकेमा जनतासमक्ष वार्ताका सबै फेहरिस्त सार्वजनिक गर्दै सहमतिको बाधक को हो भन्ने कुरा स्पष्ट पार्ने र मुलुकलाई स्पष्ट दिशा दिने काममा हाम्रो भूमिका अझ बढी सार्थक, प्रभावकारी र हस्तक्षेपकारी हुनु जरुरी छ। ❐

# राष्ट्रिय सहमति, शान्ति र संविधानका लागि विशेष राजनीतिक प्रस्ताव

नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठक २०६७ साउन २६ गते पार्टी केन्द्रीय कार्यालय मदननगर, बल्खुमा बस्यो। पार्टी अध्यक्ष कमरेड झलनाथ खनालको अध्यक्षतामा सम्पन्न बैठकले प्रधानमन्त्री निर्वाचनको जारी प्रक्रिया र पार्टीको दृष्टिकोण सम्बन्धमा गहन छलफल गरी राष्ट्रिय सहमतिको अपरिहार्यतामा पुनः जोड दिँदै शान्ति र संविधानका लागि राष्ट्रिय सहमतिको आधारमा अघि बढ्न बैठकले निम्न विशेष राजनीतिक प्रस्ताव पारित गरेको छ :

१. यतिबेला मुलुकको प्रमुख राष्ट्रिय कार्यभार शान्ति प्रक्रियाको पूर्णता र लोकतान्त्रिक संविधान निर्माण हो। संविधान निर्माणका लागि बाँकी अवधिभित्र शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याएर नयाँ संविधान निर्माण गर्ने लक्ष्य पूरा गर्नैपर्ने छ। उक्त राष्ट्रिय अभिभारा पूरा गर्न हाम्रो पार्टी आफ्नो तर्फबाट अधिकतम् पहल गर्न र सक्रिय भूमिका खेल्न पुनः प्रतिबद्धता व्यक्त गर्दछ।

२. शान्ति र संविधानको सुनिश्चितता यतिवेलाको अनिवार्य आवश्यकता हो। शान्ति र संविधान हाम्रो साझा राष्ट्रिय लक्ष्य हो। यो लक्ष्य कसैको एक्लो प्रयत्नबाट मात्र पूरा हुन सम्भव छैन। त्यसका लागि राजनीतिक दलहरूबीच एकता, सहमति र सहकार्य अत्यावश्यक छ। त्यसकारण विद्यमान गतिरोध अन्त्य गर्दै शान्ति प्रक्रिया र संविधान निर्माणको मूल काममा केन्द्रित हुनका लागि राजनीतिक दलहरूका बीचमा राष्ट्रिय सहमति निर्माण गर्नु अपरिहार्य छ। नेकपा (एमाले) शान्ति र संविधानका लागि राष्ट्रिय सहमतिको पक्षमा उभिने दृढता व्यक्त गर्दछ।

३. सहमतीय सरकार गठनका लागि राष्ट्रपतिले दिएको समयसीमाभित्र सरकार गठन हुन नसकेपछि व्यवस्थापिका-संसद्मा हाल चालू रहेको बहुमतीय सरकार निर्माणको प्रयत्न पनि सफल हुन सकिरहेको छैन। यस अवस्थामा फेरि पनि मुलुकलाई शान्ति र संविधान निर्माणको दिशामा अघि बढाउन राष्ट्रिय सहमति आवश्यक छ भन्ने कुरा व्यवहारबाट पुष्टि भइसकेको छ। त्यसकारण मुलुकलाई राष्ट्रिय सहमतिको दिशातर्फ अग्रसर बनाउन हाम्रो पार्टी संविधानसभामा रहेका सबै राजनीतिक पार्टीहरूलाई हार्दिक अपिल गर्दछ।

४. पटक-पटकको निर्वाचनबाट पनि प्रधानमन्त्रीको चयन हुन नसकेको अवस्थामा एनेकपा (माओवादी) र नेपाली काङ्ग्रेसलाई आआफ्नो उम्मेदवारी फिर्ता लिई राष्ट्रिय सहमतिका लागि योगदान गर्न हाम्रो पार्टी एनेकपा (माओवादी) र नेपाली काङ्ग्रेससँग विशेष आग्रह गर्दछ।

५. राष्ट्रिय सहमतिको ढोका खोल्न र प्रधानमन्त्री निर्वाचनको प्रक्रियालाई सहज बनाउनका निम्ति आवश्यकताअनुसार सहमतिबाट व्यवस्थापिका-संसद्को नियमावली संशोधन गरिनुपर्दछ भन्नेमा संविधानसभामा रहेका सबै राजनीतिक दलहरूलाई हाम्रो पार्टी हार्दिक आग्रह गर्दछ।

६. राष्ट्रिय सहमतिका लागि ठोस आधार निर्माण गरिनुपर्दछ। राष्ट्रिय सहमतिको आधारमा, ‘क्यान्टोन्मेन्ट’मा रहेका माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनःस्थापना एवम् हतियारको व्यवस्थापन गर्ने र शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउने, कब्जा गरिएको घरजग्गालगायतका सम्पत्ति फिर्ता गर्ने, वाईसीएलको ब्यारेकीय संरचना अन्त्य गर्ने, विगतमा राजनीतिक दलहरूबीच भएका सहमतिअनुरूप शान्ति प्रक्रियासँग जोडिएका आयोगहरू गठन गर्ने, संविधानको अन्तर्वस्तुमा रहेका विवादहरूलाई शीघ्र समाधान गरी नयाँ लोकतान्त्रिक संविधान निर्माणको कामलाई अघि बढाउने, साझा सहमतिको न्यूनतम् कार्यक्रम बनाउने, सहमतिको सरकार निर्माणको विधि तय गर्ने, सरकारले पालना गर्ने आचारसंहिता बनाउनेजस्ता मूल विषयहरू समेटिनु पर्दछ।

७. राजनीतिक दलहरूको सहमतिका आधारमा राष्ट्रिय सहमतिको सरकार गठन गरिनुपर्दछ। राष्ट्रिय सहमतिको सरकारको नेतृत्व राजनीतिक दलहरूको आपसी सहमतिका आधारमा चयन गरिनुपर्दछ।

८. उपर्युक्त प्रस्तावका आधारमा राजनीतिक दलहरू राष्ट्रिय सहमति र सहमतिको सरकार निर्माणका लागि आपसी वार्ता र छलफलको माध्यमबाट बृहद् राष्ट्रिय एकता निर्माण गर्दै शान्ति र संविधान निर्माणको राष्ट्रिय अभिभारा पूरा गर्ने दिशामा अघि बढ्न नेकपा (एमाले) सम्पूर्ण राजनीतिक दलहरूलाई विशेष आह्वान गर्दछ। यस प्रस्तावलाई परिणाममुखी र सार्थक बनाउन नेकपा (एमाले) आजैका मितिदेखि आफ्नो पहल र प्रयत्नलाई अघि बढाउने निर्णय गर्दछ।

केन्द्रीय कमिटीको आगामी बैठक २०६७ भदौ ३ गते बिहान ११ बजे पार्टी केन्द्रीय कार्यालय मदननगर, बल्खुमा बस्ने तय भएको छ।

उक्त प्रस्ताव र निर्णयमा केन्द्रीय कमिटीका उपाध्यक्ष कमरेड विद्यादेवी भण्डारीसहित ११ पूर्ण र ७ वैकल्पिक सदस्य कमरेडहरूले असहमति जनाउँदै फरक मत दर्ज गर्नुभएको छ।

प्रधानमन्त्रीको निर्वाचन प्रक्रियाको क्रममा असंसदीय, अस्वस्थ र अमर्यादित क्रियाकलापहरू भएको भन्ने सार्वजनिक चर्चाप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। बैठकले सम्पूर्ण राजनीतिक दलहरूलाई त्यसप्रति सजग तुल्याउँदै मूल्य-मान्यताको राजनीतिमा अघि बढ्न आग्रह पनि गरेको जानकारी केन्द्रीय सचिवालयका तर्फबाट सचिव कमरेड युवराज ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। ❐

**नेपाल कम्युनिस्ट पार्टी**
**(एकीकृत मार्क्सवादी-लेनिनवादी)**
**केन्द्रीय कार्यालय**
**मदननगर, बल्खु, काठमाडौं**

पत्र संख्या ....... मिति : २७ साउन, २०६७

**श्री सुशील कोइरालाज्यू,**
कावा सभापति, नेपाली कांग्रेस,
केन्द्रीय समिति।

हाम्रो पार्टी नेकपा (एमाले) केन्द्रीय कमिटीको मिति २०६७ साउन २६ गते बसेको बैठकले प्रधानमन्त्री निर्वाचनको चालू प्रक्रिया र पार्टीको दृष्टिकोण सम्बन्धमा गहन छलफल गरी राष्ट्रिय सहमतिको लागि विशेष राजनीतिक प्रस्ताव पारित गरेको छ। शान्ति प्रक्रियालाई सकारात्मक निष्कर्षमा पुऱ्याउने, निर्धारित अवधिभित्र नयाँ संविधान जारी गर्ने र नेपाली समाजलाई अग्रगामी रुपान्तरण गर्ने ऐतिहासिक कार्यभार पूरा गर्न सम्पूर्ण राजनीतिक दलहरुका बीचमा सहमति अपरिहार्य रहेको कुरालाई बैठकले पुनः जोड दिएको छ।

ती राष्ट्रिय कार्यभार पूरा गर्न राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्नुपर्छ भन्ने कुरामा हाम्रो पार्टी दृढ छ। यिनै सन्दर्भमा बैठकले पारित गरेको विशेष राजनीतिक प्रस्ताव यहाँ र यहाँको पार्टीको जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाएको छ।

यसैका आधारमा हाम्रो पार्टी र तपाईंको पार्टीबीच नयाँ स्तरमा राजनीतिक संवाद अघि बढाई राष्ट्रिय सहमतिको ठोस निष्कर्षमा पुग्न हामी सफल हुनेछौं भन्ने विश्वासका साथ सकारात्मक योगदानका लागि अनुरोध गर्दछौं।

**झलनाथ खनाल**
**अध्यक्ष**

*(प्रस्तुत व्यहोराको पत्र संविधानसभा (व्यवस्थापिका- संसद)भित्र रहेका सबै राजनीतिक दल र स्वतन्त्र सभासद्लाई समेत पठाइएको थियो। यसअघि साउन ४ गते पार्टी महासचिव ईश्वर पोखरेलले पनि पार्टीका उम्मेदवारलाई मतदान गर्न सबै राजनीतिक दलहरूलाई पत्राचारमार्फत् अनुरोध गर्नुभएको थियो।)*

# केन्द्रीय कमिटीको पाँचौं बैठक जारी

नेकपा (एमाले) केन्द्रीय कमिटीको पाँचौं बैठक ०६७ असार २२ गते सुरु भएको थियो। पार्टी केन्द्रीय कार्यालयमा अध्यक्ष कमरेड झलनाथ खनालको अध्यक्षतामा भएको उक्त बैठकले पाँचौं केन्द्रीय कमिटीका लागि कार्यसूचीहरू निर्धारण गऱ्यो। बैठकमा मुलुकको वर्तमान राजनीतिक परिस्थितिको बारेमा पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री माधवकुमार नेपाल, महासचिव ईश्वर पोखरेल, स्थायी कमिटी सदस्य केपी ओली, भरतमोहन अधिकारीलगायत विभिन्न कमरेडहरूले आआफ्ना धारणा व्यक्त गर्नुभयो। छलफलपश्चात बैठकले अहिले पनि अन्तरिम संविधानमा तोकिएको समय सीमाभित्र शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने र नयाँ संविधानको घोषणा गर्नु मुलुकको प्रमुख कार्यभार भएकाले त्यसका लागि राष्ट्रिय सहमति अनिवार्य भएको कुरामा जोड दियो। बैठकले राष्ट्रिय सहमतिको उक्त कार्यभार पूरा गर्न नेकपा (एमाले)ले पहल गर्ने निर्णय गऱ्यो।

बैठकले निम्न प्रस्तावहरू पारित पनि गऱ्यो :

१. नेकपा (एमाले) सुनसरी जिल्ला कमिटीका अध्यक्ष कमरेड रेवतीरमण भण्डारी यही असार १९ गते दुर्घटनामा परी गम्भीर घाइते भई बी एन्ड बी अस्पतालमा उपचार गराइरहनु भएको छ। त्यस्तै कोसी अञ्चल समन्वय कमिटीका सदस्य कमरेड सुनिलकुमार तुम्बाहाम्फे एक महिनादेखि पक्षघातले पीडित भई उपचार गराइरहनु भएको छ । यो बैठक उहाँहरूको शीघ्र स्वास्थ्य-लाभको कामना गर्दै उपचारका लागि सहयोग पुऱ्याउन नेपाल सरकारसँग अनुरोध गर्दछ ।

२. हिजो असार २१ गते धनगढीबाट प्रकाशित भइरहेको 'सुदूर सन्देश' दैनिकको कार्यालयमा माओवादीका इलाका इन्चार्ज टीकाराम सापकोटाको नेतृत्वमा आएको समूहले आक्रमण गरी कार्यालय तोडफोड गर्ने, पत्रिकाका कम्प्युटर अपरेटर प्रयागराज जोशीमाथि साङ्घातिक आक्रमण गर्ने र पत्रिकाका सम्पादक एवम् प्रेस चौतारी, नेपालका उपाध्यक्ष हेमन्त पौडेलको ज्यान लिने धम्की दिने काम गरेको छ। केन्द्रीय कमिटीको यो बैठक माओवादीको उक्त निन्दनीय आक्रमणको घोर भर्त्सना गर्दै यस्तै अराजक र प्रेस स्वतन्त्रता विरोधी क्रियाकलाप तत्काल बन्द गर्न माग गर्दछ ।

बैठक जारी रहेको भए पनि मुलुकको राजनीतिक परिस्थितिलाई ध्यानमा राख्दै हाललाई बैठक स्थगित गरियो ।

ooo

केन्द्रीय कमिटीको पाँचौं बैठकको तेस्रो दिन ०६७ साउन ४ गते बसेको बैठकले समसामयिक राजनीतिक परिस्थिति र नयाँ सरकार गठनको विषयमा व्यापक छलफल गरी निम्नलिखित निर्णयहरू गरेको छ :

१. राष्ट्रिय सहमतिको सरकार गठन गर्ने पार्टीको प्रयत्नलाई निरन्तरता दिँदै पार्टी अध्यक्षलाई राष्ट्रिय सहमतिको सरकार गठन गर्ने जिम्मेवारी दिने ।

२. पार्टीको निर्णय सार्वजनिक गरी राष्ट्रिय सहमतिका लागि पार्टी नेता तथा सांसदहरूले प्रयत्न गर्ने ।

३. ४ सय १ जना सभासद्को हस्ताक्षरसहितको नामावलीको लिखित सहमतिपत्र ५ गते मतदान हुनुपूर्व प्राप्त नभएमा प्रधानमन्त्रीको उम्मेद्वारका प्रस्तावकले राष्ट्रिय सहमतिको प्रयत्न अघि बढाउनका लागि उम्मेदवारीको प्रस्ताव फिर्ता लिने ।

४. प्रधानमन्त्रीको उम्मेदवारका लागि पार्टी अध्यक्ष तथा संसदीय दलका नेता झलनाथ खनालले उम्मेदवारी दिने, त्यसनिम्ति पार्टीका वरिष्ठ नेता संविधानसभाका सदस्य तथा प्रधानमन्त्री माधवकुमार नेपाल प्रस्तावक र पार्टी केन्द्रीय कमिटीका सचिव एवम् संविधानसभाका सदस्य विष्णु पौडेल समर्थक रहने ।

५. पार्टीका उम्मेद्वारको पक्षमा ४ सय १ प्राप्त नभई प्रस्ताव फिर्ता लिनुपर्ने अवस्थामा नेकपा (एमाले)का सभासद्हरूले अन्य उम्मेदवारहरूको पक्षमा मतदान नगर्ने ।

बैठकले पार्टी अध्यक्ष झलनाथ खनालको पक्षमा मतदान गरी राष्ट्रिय सहमतिको सरकार गठन गर्न व्यवस्थापिका-संसद्मा रहेका सबै दललाई आग्रह गऱ्यो ।

साथै, पार्टी स्थायी कमिटीका सदस्य कमरेड केपी शर्मा ओली संयोजक रहनुभएको वार्ता टोली यथावत् रहेको कुरा पनि बैठकले स्पष्ट पारेको जानकारी केन्द्रीय सचिवालय सचिव युवराज ज्ञवालीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# 'राष्ट्रिय सहमतिको कुनै विकल्प छैन'

व्यवस्थापिका-संसद्को २०६७ साउन ५ को बैठकमा प्रधानमन्त्री चयन गर्ने सिलसिलामा भएको मतदान प्रक्रिया र हाम्रो पार्टीले आफ्नो उम्मेद्वारी फिर्ता गर्नुपरेको स्थिति सम्बन्धमा प्रस्ट गर्नुपर्ने आवश्यकता महसुस भएको छ ।

हाम्रो पार्टी नेकपा (एमाले) संविधानसभाको निर्वाचनलगत्तैदेखि निरन्तर राष्ट्रिय सहमतिको पक्षमा उभिएर त्यसको आधार निर्माण गर्ने पहलकदमीका साथ अघि बढेको सर्वविदितै छ। राष्ट्रिय सहमतिबिना शान्ति प्रक्रिया र संविधान निर्माणको काम पूरा नहुने वास्तविकता विगतका दुईवटा बहुमतीय सरकारको अनुभवले स्पष्ट गरिसकेका छन् ।

पार्टी केन्द्रीय कमिटीको तेस्रो बैठकले राष्ट्रिय सहमतिको अनिवार्यतामा जोड दिँदै त्यसको लिखित प्रस्ताव र खाका नै अघि सारेको थियो। त्यसै आधारमा जेठ १४ को तीनबुँदे सहमति सम्भव भएको थियो । मुलुक यतिबेला त्यही सहमति कार्यान्वयनको प्रक्रियामा रहेको छ ।

उल्लिखित अडान, निर्णय र सहमतिका आधारमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको हो । यसैक्रममा केन्द्रीय कमिटीको पाँचौं बैठकले राष्ट्रिय सहमतिको प्रयत्नलाई ठोसरूपमा अघि बढाउन तथा कम्तीमा दुई तिहाइ बहुमतको समर्थन प्राप्त गर्ने गरी सरकार गठन गर्न पार्टी अध्यक्ष तथा संसदीय दलका नेताले उम्मेदवारी दिने निर्णय सर्वसम्मतिले नै गरेको थियो। त्यसैअनुरूप राष्ट्रिय सहमतिको न्यूनतम् आधार र पार्टीको अडान स्पष्ट राख्दै हामीले प्रधानमन्त्री पदमा उम्मेदवारी दिएका थियौं । त्यसक्रममा हामीलाई ३ सय ९१ सभासद्को समर्थन रहने लिखित प्रतिबद्धता नै प्राप्त भइसकेको थियो । यसरी राष्ट्रिय सहमतिको सरकार हुने सुनिश्चितजस्तै भएको थियो तर समय अभाव र केही प्राविधिक समस्याका कारण ४ सय १ को समर्थन नभएकाले उम्मेदवारी फिर्ता गर्नुपऱ्यो। त्यसले गर्दा राष्ट्रिय सहमति निर्माणको महत्वपूर्ण अवसरलाई मुलुकले गुमाउनुपरेको छ। तर, यस प्रयत्नलाई पुनः अघि बढाउनु अपरिहार्य छ।

यस घटनाक्रमले मुलुकमा शान्ति, संविधान र अग्रगतिका निम्ति राष्ट्रिय सहमति अपरिहार्य छ र त्यसको कुनै विकल्प छैन भन्ने तथ्यकै पुनःपुष्टि गरेको छ। र, पार्टीले निरन्तर राख्दै आएको अडान पनि बिल्कुल सत्य सावित भएको छ। साथै, दुई तिहाइ बहुमतसहितको बाहेक कुनै प्रकारको बहुमतीय सरकार गठन गर्नु गलत र घातक हुने कुरा पनि अझ प्रष्ट भएको छ । तसर्थ, चालू निर्वाचनमा सामान्य बहुमतको सरकार गठन गर्ने प्रक्रियामा हाम्रो पार्टीको कुनै संलग्नता नरहने कुरा हामीले प्रस्तुत गरेको त्यागले प्रष्ट गरिसकेको छ।

यस्तो अवस्थामा हामी सहमतीय राजनीतिको प्रक्रियालाई अझ फराकिलो बनाउँदै अघि बढ्नका निम्ति मुलुकका प्रमुख जिम्मेवार राजनीतिक दलहरूसमक्ष विशेष आग्रह गर्दछौं । साथै, चालू निर्वाचन प्रक्रियाबाट नयाँ सरकार गठन हुन नसक्ने र भइहाले पनि त्यसले सार्थकरूपमा राष्ट्रका सामु रहेका कार्यभार पूरा गर्न नसक्ने निश्चित रहेकोतर्फ सिंगो राष्ट्र र आमजनसमुदायको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छौं । तसर्थ, यस स्थितिमा प्रधानमन्त्री पदका प्रत्यासी रहनुभएका बाँकी दुई उम्मेदवार मित्रहरूलाई राष्ट्रिय सहमतिको ठोस वातावरण निर्माण गर्न सकारात्मक भूमिका निर्वाह गर्नसमेत अनुरोध गर्दछौं ।

अन्त्यमा, राष्ट्रिय सहमतिको राजनीतिको पुनःस्थापना र राष्ट्रिय सरकार गठन गरेर अघि बढ्ने हाम्रो पार्टीको सतत् प्रयत्नलाई अत्यन्तै छोटो समयमा पनि साथ-सहयोग प्रदान गरी झन्डै  दुई तिहाई बहुमत सभासदहरूको समर्थन उपलब्ध गराउनुहुने एकीकृत नेकपा (माओवादी) लगायत सम्पूर्ण राजनीतिक दलहरूप्रति हाम्रो पार्टी हार्दिक आभार तथा धन्यवादसमेत ज्ञापन गर्दछ ।

*(०६७ साउन ६ गते पार्टी केन्द्रीय कार्यालय बल्खुमा आयोजित पत्रकार सम्मेलनमा वितरित पार्टी अध्यक्ष* ***झलनाथ खनाल****द्वारा हस्ताक्षरित प्रेस विज्ञप्ति ।)*

# नयाँ सहमतिका निम्ति अपिल

तेस्रो चरणको मतदानबाट पनि प्रधानमन्त्री चयन हुन नसकेपछि झनै गहिरिएको राजनीतिक सङ्कटबाट हाम्रो पार्टी गम्भीर बनेको छ । परिणामविहीन निर्वाचनको पुनरावृत्तिले शान्ति र संविधानका अभिभारा त धरापमा परेका छन् नै, सबै दल, राजनीतिक नेतृत्व र लोकतान्त्रिक प्रणालीमाथि नै समाजमा नकारात्मक मनोविज्ञान निर्माण हुने खतरा देखापरेको छ । यसप्रति समयमै सचेत र गम्भीर बन्न नेकपा (एमाले) सबै दलको ध्यानाकर्षण गर्न चाहन्छ ।

शान्ति, संविधान र सामाजिक-आर्थिक रूपान्तरणका राष्ट्रिय दायित्व पूरा गर्न संविधानसभाका सबै दल र विशेष गरी नेकपा (एमाले), नेपाली काङ्ग्रेस, एकीकृत माओवादी र मधेसवादी शक्तिको एकता र सहकार्य अनिवार्य छ । यही यथार्थलाई हृदयङ्गम गरेर नै नेकपा (एमाले)ले आफ्नै वरिष्ठ नेता माधवकुमार नेपाल नेतृत्वको सरकारको विकल्प खोज्ने र पार्टी अध्यक्षको उम्मेदवारी फिर्ता लिने निर्णय गरेको हो । सहमतिको सरकारसम्बन्धी हाम्रो अवधारणा र बहुमतीय निर्वाचनमा तटस्थ रहने हाम्रो अडान मुलुकलाई अनिश्चयमा राख्न होइन, शान्ति र संविधानको सुनिश्चितताका लागि सहमतीय सरकार निर्माण गर्न गरेको निष्ठापूर्ण पहल हो । घटनाक्रमले हाम्रो पार्टीको अडानको औचित्यलाई पुनःपुष्टि गरेको छ । अराजनीतिक र असंसदीय माध्यमसमेतको प्रयोग गर्दै जसरी पनि बहुमत पुऱ्याउने र सरकार बनाउने खेलले मुलुकलाई थप सङ्कटमा मात्रै पुऱ्याउनेछ । स्थितिको यो गाम्भीर्यलाई आत्मसात गर्दै नेकपा(एमाले) सबै राजनीतिक दलहरूलाई आफ्ना पूर्वअडानमाथि पुनःविचार गर्न, गहिरिँदै गरेको सङ्कटलाई अनुभूत गर्न र सहमतिको नयाँ यात्रा प्रारम्भ गर्न अपिल गर्दछ ।

सहमतिका निम्ति मुख्य चुनौतीको रूपमा यतिबेला माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापना, कब्जा सम्पत्ति फिर्ता, वाईसीएलको अर्धसैन्य संरचनाको अन्त्यलगायत पूर्वप्रतिबद्धताको कार्यान्वयन, बेपत्ता नागरिक छानबिन आयोग, सत्य निरूपण मेलमिलाप आयोग र राज्य पुनःसंरचना आयोग लगायत शान्ति प्रक्रियाका महत्वपूर्ण अङ्गहरूको गठन जस्ता प्रश्न विद्यमान छन् । यी विषयमा हुने सहमतिले विश्वासको नयाँ वातावरण निर्माण गर्न र संविधानका विषयमा रहेका असहमतिलाई न्यूनीकरण गर्न सघाउनेछन् । यसले समयभित्रै संविधान निर्माण गर्न र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन मद्दत गर्नेछ । नेकपा (एमाले) अहिले देखापरेका चुनौतीलाई अवसरमा रूपान्तरित गर्न आजैदेखि सार्थक, गम्भीर र निर्णायक संवादको सुरुआत गर्न दलहरूलाई आग्रह गर्दछ । निश्चित समयभित्र यति काम सम्पन्न हुन सकेमा सहमतिको नयाँ आधार तयार हुनेछ र राष्ट्रिय सहमतिको सरकार बन्ने वातावरण तयार हुनेछ । लडाकु व्यवस्थापन र हिंसारहित राजनीतिको सुनिश्चितता भएको अवस्थामा सरकारको नेतृत्वको प्रश्नमा हामी खुला रहेको मान्यता पनि दोहोऱ्याउन चाहन्छौं ।

दल र नेतृत्वप्रति जनताको असन्तुष्टि बढ्नुपूर्व नै सबैले सङ्कटबाट निकास दिन तत्काल सार्थक पहल गर्नु आवश्यक छ । आआफ्ना सङ्कीर्ण हठका निम्ति मुलुकलाई निरन्तर अन्योलमा धकेलिरहने र सहमतिमा व्यवधान कायम गर्ने काम भयो भने मुलुकले अझ अप्ठ्यारो बाटो पक्रन सक्नेछ । तसर्थ, यतिबेला हाम्रासामु राष्ट्रिय सहमतिको कुनै विकल्प छैन । आम जनता र सिङ्गो राष्ट्र यही चाहिरहेका छन् । समस्त प्रवासी नेपालीहरूसमेत राष्ट्रिय सहमतिकै पक्षमा छन् र आजसम्मका हाम्रा अनुभवहरूले पनि राष्ट्रिय सहमतितिरै अघि बढ्न प्रेरित गरिरहेका छन् । यसनिम्ति प्रधानमन्त्रीको प्रतिस्पर्धामा रहनुभएका दुईजना उम्मेदवारहरूले सहमतिका लागि आफ्नो नाम फिर्ता लिएमा राष्ट्रिय सहमतिको नयाँ प्रक्रिया आरम्भ हुने कुराप्रति हामी गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छौं ।

*(२०६७ साउन १८ गते अध्यक्ष* ***झलनाथ खनाल****द्वारा जारी प्रेस विज्ञप्ति)*

# तेईस दलीय बैठकका निष्कर्ष

नेकपा (एमाले)ले राष्ट्रिय सहमतिको प्रयासलाई सार्थक निष्कर्षमा पुऱ्याउन एकीकृत नेकपा (माओवादी) र नेपाली काङ्ग्रेससँग पटक-पटक अलग-अलगरूपमा भेटघाट र छलफल गरेको छ । यसैक्रममा २०६७ साउन २० गते पार्टी केन्द्रीय कार्यालय मदननगर बल्खुमा आयोजना गरेको संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न १८ वटा राजनीतिक दलहरूको संयुक्त बैठक सम्पन्न भएको छ ।

महासचिव ईश्वर पोखरेलद्वारा जारी प्रेस विज्ञप्तिअनुसार बैठकले सहमतीका साथ निम्न निष्कर्ष अघि साऱ्यो :

१. यतिबेला शान्ति प्रक्रियालाई पूर्णतामा पुऱ्याउनु र थपिएको समय सीमाभित्रै नयाँ लोकतान्त्रिक संविधान जारी गर्नु राजनीतिक दलहरूको मुख्य एवम् साझा कार्यसूची हो । यसका निम्ति सहमतिका साथ अघि बढ्न यो बैठक सबैसमक्ष अनुरोध गर्दछ ।

२. दिगो शान्ति एवम् लोकतान्त्रिक संविधानको सुनिश्चितताका लागि राष्ट्रिय सहमतिको विकल्प नरहेको कुरा स्पष्ट छ । यसका लागि शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्न र यससम्बन्धी प्रतिबद्धताहरू पालन गर्न सुस्पष्ट योजना र कार्यान्वयनको सुनिश्चितता आवश्यक रहेकोमा यो बैठक विशेष जोड दिन चाहन्छ । त्यसैको कार्यान्वयनका लागि राष्ट्रिय सहमतिको सरकार आवश्यक रहेकोमा यो बैठक जोड दिन चाहन्छ ।

३. पटक-पटकको निर्वाचनबाट पनि बहुमतीय सरकार गठन हुन नसकेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै प्रधानमन्त्री पदका प्रत्यासी दुवै उम्मेदवारहरूलाई सहमतिको नयाँ प्रक्रियाको ढोका खोल्न यो बैठक आह्वान गर्दछ ।

४. प्रधानमन्त्रीको निर्वाचनको क्रममा देखापरेको गैरसंसदीय, विकृत र अनुशासनहीन आचरण घातक भएकाले त्यसप्रति खेद प्रकट गर्दै त्यस्तो प्रवृत्तिलाई अविलम्ब हतोत्साहित गर्न यो बैठक सम्पूर्ण राजनीतिक दलहरूसमक्ष अनुरोध गर्दछ ।

५. एकीकृत नेकपा (माओवादी)ले गरेको नयाँ लडाकु भर्ना आह्वानप्रति आपत्ति प्रकट गर्दै विस्तृत शान्ति सम्झौता र विशेष समितिको निर्णयविपरीतका यस्ता गैरसंवैधानिक कदम अविलम्ब रोक्न यो बैठक आह्वान गर्दछ ।

बैठकमा नेकपा (एमाले)का अध्यक्ष कमरेड झलनाथ खनालले सहभागी राजनीतिक दलका नेताहरूलाई स्वागत गर्दै राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । बैठकमा नेकपा (एमाले), मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), मधेसी जनअधिकार फोरम नेपाल, तराई मधेस लोकतान्त्रिक पार्टी, नेकपा (माले), सद्भावना पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जनशक्ति पार्टी, नेकपा (एकीकृत), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), चुरेभावर राष्ट्रिय एकता पार्टी, दलित जनजाति पार्टी, समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल परिवार दल, नेपाः राष्ट्रिय पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र नेपाल लोकतान्त्रिक समाजवादी दलका नेताहरूको उपस्थिति थियो ।

यस्तै, नेकपा (एमाले)ले ०६७ साउन २९ गते केन्द्रीय कार्यालय मदननगर, बल्खुमा संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न २३ वटा राजनीतिक दलहरूको संयुक्त बैठक आयोजना गऱ्यो ।

नेकपा (एमाले)का अध्यक्ष कमरेड झलनाथ खनालको अध्यक्षतामा बसेको उक्त बैठकमा उहाँले सहभागी राजनीतिक दलका प्रमुख नेता/प्रतिनिधिहरूलाई स्वागत गर्दै राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्ने आवश्यकतामा प्रकाश पार्नुभयो । उहाँले नेकपा (एमाले)को केन्द्रीय कमिटीको २०६७ साउन २६ गते बसेको बैठकद्वारा पारित विशेष राजनीतिक प्रस्तावसम्बन्धमा पनि संविधानसभाभित्रका राजनीतिक दलहरूलाई जानकारी गराउनुभयो । साथै, प्रधानमन्त्रीको प्रत्यासी रहेका दुवै दलमध्ये एकीकृत नेकपा (माओवादी)सँग पार्टीका तर्फबाट छलफल गरिसकिएको र उक्त छलफल धेरै हदसम्म सकारात्मक रहेको तथा अर्को दल नेपली काङ्ग्रेससँग छलफलको प्रक्रियामै रहेको समेत बैठकमा बताउनुभयो ।

बैठकले राष्ट्रिय सहमतिको आधारमा शान्ति र संविधान निर्माणको कामलाई सफलता पूर्वक अघि बढाउनुपर्नेमा जोड दिएको छ । त्यसनिम्ति नेकपा (एमाले)ले अघि सारेको प्रस्ताव राष्ट्रिय सहमतितर्फ अघि बढ्ने आधार हुनसक्ने निष्कर्षका साथ ठोस, पारदर्शी र विश्वसनीय रूपमा अघि बढेर मुलुकलाई राजनीतिक निकास दिन पहल गर्नुपर्नेमा बैठकले जोड दिएको छ ।

संविधानसभामा निर्वाचित ठूलो दलका हैसियतले सहमतिको राष्ट्रिय सरकार गठन गर्ने सम्बन्धी औपचारिक संस्थागत निर्णय र प्रस्तावका साथ प्रस्तुत हुन एकीकृत नेकपा (माओवादी)लाई बैठकले आह्वान पनि गरेको छ । बैठकले प्रधानमन्त्रीको निर्वाचनका क्रममा राजनीतिक दलहरूबीच देखापरेको असंसदीय र गैरराजनीतिक आचरणप्रति खेद व्यक्त गरेको छ । आजको बैठकमा नेकपा (एमाले), मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), नेकपा (माले), नेपाल सद्भावना पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जनशक्ति पार्टी, दलित जनजाति पार्टी, नेपाल परिवार दल, नेपाः राष्ट्रिय पार्टी र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका नेताहरूको उपस्थिति थियो ।

बैठकमा भएको छलफललाई निष्कर्षका रूपमा प्रस्तुत गर्नुहुँदै नेकपा (एमाले)का महासचिव कमरेड ईश्वर पोखरेलले धन्यवाद ज्ञापन गर्नुका साथै सहमतिको यस प्रयत्नलाई अझ अघि बढाउने बताउनुभएको केन्द्रीय कार्यालय सचिव गङ्गालाल तुलाधरद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । ❐

# नेपाली अर्थतन्त्रका चुनौती र विकासको अवधारणा

❑ **भरतमोहन अधिकारी**

नेपालमा विसं. २००८ सालदेखि वार्षिक बजेट व्यवस्था र ०१३ देखि योजनाबद्ध आर्थिक विकास प्रणालीको सुरुआत भयो । योजनाबद्ध आर्थिक विकास प्रयासको साढे पाँच दशक तथा वार्षिक बजेट व्यवस्थाको छ दशकको अवधि पूरा भइसकेको छ । यस अवधिमा नौवटा पञ्चवर्षीय, दुई त्रिवर्षीय आवधिक योजना सम्पन्न भई बाह्रौं आवधिक योजनाका रूपमा सरकारले नयाँ त्रिवर्षीय योजना (०६७-२०७०) को आधारपत्र सार्वजनिक गरेको छ । आर्थिक वर्ष ०६७/६८ देखि मुलुकमा बाह्रौं योजना लागू हुँदैछ । विगत साठी वर्षको अवधिमा नेपालमा ठूलाठूला राजनीतिक परिवर्तनहरू भए । जनताको ठूलो त्याग र बलिदानीबाट भएका परिवर्तनहरू दीगो हुन सकेनन् । यस्तो किन भइरहेको छ ? मुलकमा प्रजातन्त्र स्थापना पुनःस्थापनादेखि गणतन्त्रको कार्यान्वयन हुँदासम्म पनि किन नेपाली जनताको जीवनमा अपेक्षित सुधार हुन सकिरहेको छैन ? नेपालका दुई ठूला छिमेकी मुलुक भारत र चीनले यस अवधिमा ठूलो फड्को मारेर आर्थिक रूपले विश्वकै महाशक्ति राष्ट्रका रूपमा स्थापित हुने क्रममा छन । अब त चीन अमेरिकापछिको दोस्रो ठूलो अर्थतन्त्र भएको छ । आज नेपाली अर्थतन्त्र कहाँ छ, आर्थिक विकासमा हामी किन असफल भइरहेका छौं ? नेपाललाई समुन्नत, समृद्ध र विकसित राष्ट्रका रूपमा कसरी स्थापित गर्न सकिन्छ भन्ने बारेमा देशमा गम्भीर छलफल गर्ने बेला आएको छ ।

**वर्तमान आर्थिक अवस्था**

दुई छिमेकी मुलुक विगत छ दशकको अवधिमा चामत्कारिक परिवर्तन गरी आर्थिक दृष्टिले विश्वकै सम्पन्न मुलुकको रूपमा स्थापित हुने क्रममा छन । साठीको दशकमा चिनियाँ जनताको प्रतिव्यक्ति कुल गार्हस्थ आय १७ प्रतिशत थियो तर सत्तरीको दशकमा ७० प्रतिशतले वृद्धि भयो । विगत तीन दशकदेखि चीनको आर्थिक वृद्धिदर प्रतिवर्ष झण्डै १० प्रतिशतको हाराहारीमा छ । भारतमा सन् १९९७-२००२ को अवधिमा आर्थिक वृद्धिदर ५.५ प्रतिशत थियो भने २००२-०७ को अवधिमा ७.७ प्रतिशत रह्यो । विश्वव्यापी आर्थिक मन्दीमा समेत नेपालका दुई छिमेकी मुलुक चीन र भारतले उच्च आर्थिक वृद्धिदर हासिल गरिरहेका छन । सन् २००९ मा चीनको आर्थिक वृद्धिदर ९.५ प्रतिशत र भारतको आर्थिक वृद्धिदर ८ प्रतिशत रहेको छ । तर, विगत लामो समयदेखि नेपालको आर्थिक वृद्धिदर दुई/तीन प्रतिशतमै रुमलिइरहेको छ । सरकारी तथ्याङ्क र आँकडामा विगत डेढ दशकको अवधिमा नेपालको गरिबी ४२ प्रतिशतबाट घटेर २५ प्रतिशतमा झरेको उल्लेख हुने गरेको छ । योजना आयोगको तथ्याङ्क अनुसार नेपालमा झण्डै १३ लाख घरपरिवार अथवा करिव ८० लाख व्यक्ति गरिवीको रेखामुनि रहेका छन । तर, वास्तविक जीवन र भोगाइमा गरिबी घटेको अनुभूति हुनसकेको छैन । भर्खरै सार्वजनिक भएको अन्तर्राष्ट्रिय एक अध्ययन अनुसार नेपालमा गरिबी ६५ प्रतिशत रहेको छ । नेपालको कुल २ करोड ८३ लाख जनसङ्ख्यामध्ये १ करोड ८३ लाख जनता गरिबीको रेखामुनि छन् । करिब १ करोड ५५ लाख नेपालीको आय दैनिक ९४ रुपैयाँ (१.२५ अमेरिकी डलर) पनि छैन । दैनिक १ सय ५० रूपैंयाँ (२ अमेरिकी डलर) भन्दा कम आर्जन गर्नेको सङ्ख्या २ करोड १८ लाखभन्दा बढी छ । गरिबीको मारले गर्दा सामूहिक आत्महत्याका घटना सार्वजनिक हुँदै आएका छन् । धनी-गरिब, गाउँ-सहर, पूर्व-पश्चिमबीच आर्थिक असमानताको खाडल झन्झन् बढ्दै गइरहेको छ ।

नेपालको कुल जनसङ्ख्यामध्ये ८५ प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । गाउँमा बस्नेमध्ये ९० प्रतिशत घरपरिवार गरिबीको समस्याबाट पीडित छन् । ५७ जिल्लामा खाद्यान्न अभाव रहेको छ । ६८ प्रतिशत घरपरिवारले अपर्याप्त उत्पादनका कारण खाद्यान्न अभाव भोग्दै आएका छन् । कुल घरपरिवार सङ्ख्यामध्ये ८० प्रतिशत घरपरिवारको मुख्य पेसा कृषि रहेको छ । ७८ प्रतिशत गरिबहरू कृषिमा निर्भर रहँदै आएका छन् । कुल श्रम शक्तिमध्ये ६६ प्रतिशत श्रम कृषि क्षेत्रमा संलग्न रहेको छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाई मात्र छ । लगभग १० लाख घरपरिवार भूमिहीन छन् । २२ हजार घरपरिवार मुक्त कमैयाका रूपमा रहेका छन् । भूमिको वितरण ज्यादै असमान छ । ९२.५ प्रतिशत कृषकका हातमा ६८.७२ प्रतिशत कृषियोग्य भूमि रहेको छ भने ७.५ प्रतिशत घरपरिवारसँग ३१.२८ प्रतिशत जमिन छ । २०.६ प्रतिशत जमिनमा मोहीका रूपमा खेती गरिन्छ । उब्जनशील धान खेतहरू घरघडेरीका लागि धमाधम प्लटिङ भइरहेका छन । ग्रामीण क्षेत्रमा कुनै आर्थिक स्पन्दन नै छैन । खेती लगाउने गोडमेल गर्ने र भण्डारण गर्ने बेलामा बाहेक कृषि क्षेत्रमा कुनै काम छैन । कर्णालीलगायत नेपालका कतिपय जिल्लामा भोकमरी र खाद्य सङ्कट छ । ०६६/६७ मा कृषि क्षेत्रको वृद्धिदर १.१ प्रतिशत मात्रै रहेको छ । जबकि जनसंख्या वृद्धिदर २.२५ प्रतिशतभन्दा बढी छ । नेपालीको प्रमुख खाद्यान्न धानको उत्पादन ११.१ प्रतिशत र मकैको उत्पादन ३.९ प्रतिशतले घट्न गएको छ । यो वर्ष सरकारले २५ हजार मेट्रिक टन चामल भारतबाट आयात गर्ने भएको छ । हाम्रो कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व

दक्षिण एसियामै सबैभन्दा न्यून छ। विगत केही दशक अघिसम्म कृषिजन्य वस्तु निर्यातकर्ता मुलुकको रूपमा रहेको नेपाल हाल कृषिजन्य उत्पादन आयातकर्ता देशका रूपमा चिनिन थालेको छ। विगत केही वर्षदेखि नेपालले भारतबाट मात्रै डेढ अर्बभन्दा बढीको चामल, डेढ अर्बभन्दा बढीको तरकारी, ६६ करोडको चिनी, ३४ करोडको फलफूल २ करोडको चिया आयात गरेको सरकारी तथ्याङ्क छ। अनौपचारिक माध्यमबाट भित्रिने वस्तुहरूलाई ध्यान दिने हो भने ठूलो रकम खाद्यवस्तुहरू आयातमा विदेशिने गरेको छ। गत आर्थिक वर्षको ११ महिनामा मात्र तेस्रो मुलकबाट खाने तेल र कच्चा तेल गरी ६ अर्ब ६१ करोड रुपैयाँभन्दा बढीको आयात भएको देखिन्छ। पाउडर दूध मात्र १ अर्ब २७ करोड रुपैयाँ बराबरको आयात भएको छ। खाद्यान्नमा समेत हामी विदेशीको मुख ताक्नुपर्ने अवस्थामा पुगेका छौं। वास्तवमा नेपालको कृषि राणाकालको अवस्थाभन्दा अझ खस्कन पुगेको छ।

आधुनिक उद्योगको विकास प्रयास सुरु भएको ७० वर्ष पूरा हुँदा पनि औद्योगीकरणका निम्ति आधारभूमि तयार हुन सकेको छैन। मुलुकको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान विगत एक दशकअघि १० प्रतिशतभन्दा बढी रहेकोमा हाल ७ प्रतिशतमा झर्न पुगेको छ। उद्योग क्षेत्रले ८.८१ प्रतिशत श्रम शक्तिलाई मात्र रोजगारी दिन सकेको छ। औद्योगिक एकाईको सङ्ख्याका दृष्टिले हालसम्म पनि ९० प्रतिशतभन्दा बढी उद्योगहरू घरेलु तथा साना वर्गमा पर्दछन्। नेपालका विभिन्न भागमा छरिएर रहेका घरेलु, साना तथा मझौला उद्योगहरू बन्द भइरहेका छन्। धेरैजसो स्वदेशी उद्योगहरू बन्द भइरहेका छन् भने सञ्चालनमा रहेका अधिकांश उद्योगहरू रुग्ण अवस्थामा छन्। उद्योग क्षेत्रको उत्पादकत्व न्यून छ, उत्पादन क्षमताको उपयोग ज्यादै कम छ। नेपालमा दीर्घकालीन रूपमा कुनै उद्योग क्षेत्रको विकास नै भएन। एक प्रकारका उद्योगहरू स्थापना भई सञ्चालनमा आएको केही समयपछि ती बन्द हुने, अर्को क्षेत्रमा नयाँ उद्योग खडा हुने, त्यस क्षेत्रका उद्योग पनि बन्द भई अर्कै किसिमका उद्योगहरू आउने क्रम अहिलेसम्म जारी छ। सात/आठ वर्षअघि प्रमुख निर्यातजन्य उद्योगका रूपमा देखा परेका तयारी पोशाक र गलैंचा उद्योग दयनीय अवस्थामा पुगेका छन्। निर्यात र रोजगारी सिर्जनाका दृष्टिले सबैभन्दा महत्वपूर्ण मानिएका यी उद्योगको विकास र विस्तारमा सरकारले कुनै महत्वपूर्ण भूमिका निर्वाह गर्न सकेको छैन। तुलनात्मक दृष्टिले बढी लाभ रहेको पर्यटन क्षेत्रको अवस्था नाजुक छ। छिमेकी मुलुक भारत, चीन, र भियतनाममा ठूलो मात्रामा वैदेशिक लगानी आउने गरेको छ। तर, नेपालमा वैदेशिक लगानी भित्रन सेकेको छैन। वैदेशिक सहयोग र अनुदान न्यून रहेको छ। स्वीकृत वैदेशिक सहायताको समेत उपयोग हुन सकिरहेको छैन। उपयोग गरिएको सहायताबाट मुलुकको आन्तरिक अर्थतन्त्र सुदृढ हुन सकेको पनि देखिँदैन।। औद्योगिक उत्पादन पञ्चायत कालभन्दा अझ खस्कँदै गएको छ। विगत दुई दशकअघि चिनी, साबुन, बिस्कुट, सिमेन्ट, साबुनलगायत केही सीमित औद्योगिक उत्पादनमा हामी झण्डैझण्डै आत्मनिभर थियौं। अब त्यो स्थिति पनि रहेन। विगत एक दशकको अवधिमा मात्र सङ्गठित क्षेत्रमा स्थापित छ सयभन्दा बढी उद्योग बन्द भए। यसबाट २ लाख कामदारले रोजगारी गुमाए। मुलुकमा रोजगारीका अवसरको अभावमा ३० लाखभन्दा बढी युवाशक्ति कामका लागि भारतबाहेकका देशहरूमा गएका छन्। विगत एक वर्षको अवधिमा दैनिक ८ सयभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। कुल जनसङ्ख्याको करिब ३८.८ प्रतिशत बेरोजगार वा अर्द्धबेरोजगार रहेको सरकारी तथ्याङ्कले देखाएको छ। नेपालको श्रम बजारमा वार्षिक ४ लाख व्यक्ति प्रवेश गर्दछन्। आज नेपालमा बेरोजगारी एउटा गम्भीर समस्या बन्न पुगेको छ।

विगत एक दशकको तथ्याङ्क अध्ययन गर्ने हो भने पूर्वाधार लगायत विकास निर्माणका क्षेत्रमा सरकारी लगानीको अनुपात कम हुँदै गएको छ। सरकारी खर्चको अधिकांश भाग अनुत्पादनक क्षेत्रमा गइरहेको छ। ०५१/५२ सम्म सरकारी कुल खर्चमध्ये विकास निर्माणमा ५० प्रतिशतभन्दा बढी रकम खर्च हुने गर्दथ्यो। तर, त्यसपछिका वर्षहरूमा विकास खर्चको अनुपात कम हुँदै गए सरकारी कुल खर्चको केवल एक तिहाइमा सीमित हुनपुग्यो। विगत चार वर्षको अवधिमा सरकारी राजश्व ८७ अर्ब रुपैयाँबाट बढेर १ सय ८० अर्ब नाघेको छ। यस अवधिमा राजश्व उच्चदरमा वृद्धि भएको देखिन्छ। तर, उच्च दरमा बढेको राजश्व विकास निर्माणमा खर्च हुनसकेको छैन। सरकारको साधारण खर्च बेपत्ताले बढ्दै गएको छ भने विकास खर्च ज्यादै न्यून छ। सरकारी खर्चको दुई तिहाइभन्दा बढी अंश साधारण तथा अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको छ। पूँजीगत खर्चको अशं एक तिहाईभन्दा कम छ। विकास खर्च नहुँदा जनताले विकासको अनुभूति त गर्न पाएनन् नै, त्यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ। सरकारी स्वामित्वमा रहेका आधाभन्दा बढी सार्वजनिक संस्थानहरू घाटामा गएका छन्। ०६६ फागुन मसान्तसम्ममा मुलकभर ६ हजार ३ सय ४ किलोमिटर कालोपत्रे, ४ हजार ८ सय ३२ किमि खण्डास्मित र ९ हजार २ किमि कच्ची (माटे) सडक गरी जम्मा २० हजार १ सय ३८ किमि यातायात सञ्चालन योग्य सडक निर्माण हुन सकेको छ। यसमध्ये झण्डै ४५ प्रतिशत सडक कच्ची अवस्थामै रहेको छ।

जलस्रोतका दृष्टिले नेपाल एसियामा प्रथम र विश्वमा ब्राजिलपछि दोस्रो धनी राष्ट्र मानिन्छ। अपार जलविद्युत् उत्पादन क्षमता भएको मुलुकका रूपमा परिचित नेपालको विद्युत् उत्पादन गर्ने सम्भाव्य क्षमता ८३ हजार मेगावाट भनिन्छ तर अब विज्ञहरूले अब वास्तवमा त्यसभन्दा निकै बढी विद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको उल्लेख गर्न थालेका छन्। जलविद्युत् उत्पादन थालनी भएको एक शताब्दी पूरा हुनलाग्दा पनि नेपालमा विद्युत् उत्पादन ज्यादै न्यून रहेको छ। हालसम्म ७०० मेगावाटभन्दा कम विद्युत उत्पादन हुन सकेको छ। जुन सम्भाव्य उत्पादन क्षमताको एक प्रतिशतभन्दा कम हुन आउँछ। वैकल्पिक उर्जाको समेत विकास हुन सकेको छैन। दिनको दुई तिहाई भाग अर्थात् दैनिक १६ घण्टाभन्दा बढी समय विद्युत् कटौतीका कारण जनताको दैनिक जनजीवन कष्टकर हुनपुगेको मात्र होइन, कृषि,

उद्योगधन्दा कलकारखानालगायत अर्थतन्त्रका सबै क्षेत्रलाई लोडसेडिङले प्रत्यक्ष वा परोक्ष रूपमा नकारात्मक प्रभाव पारिरहेको छ ।

वैदेशिक व्यापारघाटा धान्नै नसक्ने गरी बढ्दै गएको छ । आर्थिक वर्ष ०६५/६६ मा नेपालको कुल आयात झण्डै २ सय ९१ अर्ब र निर्यात ६८ अर्ब मात्र रहेको थियो । नेपालको वार्षिक व्यापार घाटा २ सय २२ अर्ब रुपैयाँ नाघेको थियो । आर्थिक वर्ष ०६६/६७ को ११ महिनामा कुल आयात ३५ प्रतिशतले बढेर ३ सय ४२ अर्ब ९८ करोड पुगेको छ भने निर्यात झण्डै १० प्रतिशतले घटेर ५५ अर्ब ३६ करोडमा झर्न पुगेको छ । यस अवधिमा व्यापारघाटा झण्डै ५० प्रतिशतले बढेर २ सय ८७ अर्ब ६१ करोड पुगेको छ । आयात निर्यातभन्दा सात गुणाले बढी रहेको देखिन्छ । घट्दो निर्यात र उच्च दरमा बढ्दो आयातका कारणले भुक्तानी असन्तुलन बढेको छ । जसले मुलुकको विदेशी विनिमयको सञ्चिति समेत घट्दै गएको छ । गत वर्षको पहिलो ११ महिनामा सुन मात्रै ३९ अर्ब ४० करोड, पेट्रोलियम पदार्थ ४५ अर्ब ९८ करोड, सवारी साधन र पार्टस् २१ अर्ब ५५ करोडभन्दा बढीको आयात भएको छ । ०६७ फागुन मसान्तसम्ममा नेपालको कुल वैदेशिक ऋण २ सय ५३ अर्ब नाघेको छ । प्रत्येक नेपालीको टाउकोमा झण्डै ९ हजार रुपियाँ वैदेशिक ऋणभार रहेको छ । गत वर्ष ६५.३ प्रतिशतको उल्लेखनीय वृद्धिको तुलनामा रेमिटान्स १० प्रतिशतले मात्र वृद्धि भएको छ । विगतमा जुन दरले रेमिटान्स बढ्दै आयो त्यो अब सम्भव देखिँदैन । रेमिटान्स आप्रवाहको वृद्धिदर १० प्रतिशतको हाराहारीमा सीमित रहने अन्तर्राष्ट्रिय मुद्राकोषले समेत जनाएको छ । आजसम्म रेमिटान्सले आयात धान्दै आएको छ । उच्चदरमा बढ्दो आयातलाई रेमिटान्सले अब धान्न सक्ने अवस्था छैन । विदेश भ्रमण, शिक्षा, विदेशस्थित दूतावासलगायतको खर्च धान्न ठूलो मात्रामा रकमको खाँचो पर्दछ । यी सबै कारणहरूले गर्दा आगामी दिनमा शोधनान्तर अवस्था अझ प्रतिकुल हुनसक्ने देखिन्छ ।

नेपाल-विश्वको एक गरिब, विपन्न र पछौटे मुलुक बन्न पुगेको छ । आर्थिक-सामाजिक विकासमा हामी दक्षिण एसियामा सबैभन्दा पछाडि परेकाले आर्थिक विकास दृष्टिले विश्वका विकसित मुलुकहरूका तुलनामा शताब्दीयौं र छिमेकी मुलुकहरूको तुलनामा हामी दशकौं पछि परेका छौं । प्रतिव्यक्ति आयलाई हेर्दा सन् १९६० मा श्रीलङ्का, १९७० मा पाकिस्तान, १९८० मा भारत र भुटान जुन अवस्थामा थिए, हामी अहिले त्यही स्थानमा छौं । न्यून आर्थिक वृद्धि, बढ्दो गरिबी, बेरोजगारी, आर्थिक असमानता र क्षेत्रीय असन्तुलन, बढ्दो बजेट घाटा, वैदेशिक व्यापार असन्तुलन, उच्च मुद्रास्फिति, बढ्दो भुक्तानी असन्तुलन एवम् खस्कँदो विनिमय दरजस्ता संरचनात्मक कमजोरीहरू नेपाली अर्थतन्त्रको आजको कटु यथार्थ कम पुगेको छ ।

ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि ठप्पप्रायः रहनु, गाउँघरमा विकास निर्माणको काममा सुस्तता आउनु, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व घट्दै जानु, उद्योग-व्यवसाय दुरावस्थामा पुग्ने, निर्यात खस्कँदै जाने, व्यापार घाटा धान्नै नसक्ने गरी बढ्दै जाने, शोधनान्तर स्थिति प्रतिकुल हने आदि कुराहरूबाट के प्रष्ट देखिन्छ भने नेपालको आन्तरिक अर्थतन्त्र गम्भीर सङ्कुचनमा फस्दै गएको छ । झण्डै ३० लाख नेपाली युवायुवतीहरूले विदेशमा काम गरी पठाएको रेमिटान्सले मात्र अर्थतन्त्र चलायमान देखिएको हो । रेमिटान्स नहुँदो हो त अहिलेसम्म नेपाल आर्थिक दृष्टिबाट असफल राष्ट्र भइसकेको हुन्थ्यो । वास्तवमा नेपाली अर्थतन्त्र दिन प्रतिदिन सङ्कुचनमा पर्दै गएको छ । नेपालको आन्तरिक (घरयासी) अर्थतन्त्र परनिर्भर, परजीवी हुँदै गएको छ । यो गम्भीर चिन्ताको विषय हो । यस कुरामा सरकार र अर्थशास्त्रीहरूको ध्यान जानसकेको छैन । नेपाली अर्थतन्त्र निरन्तर आन्तरिक सङ्कुचनतर्फ झरिरहेको छ । यो नै आजको सबैभन्दा चिन्ताको विषय बन्न पुगेको छ ।

**नेपाली अर्थतन्त्र दुरावस्थामा पुग्नुका कारणहरू**

नेपाली अर्थतन्त्र दुरावस्थामा पुग्नुको पहिलो कारण सामन्ती शोषण र उत्पीडन अझै कायम रहनु हो । नेपालको दुःखद् पाटो के छ भने यहाँ ठूलाठूला राजनीतिक परिवर्तन भए, तर आर्थिक सामाजिक संरचनामा त्यस अनुरूप परिवर्तन हुन सकेन । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा अघि यहाँ राजा-रजौटा, जमिनदार र सामन्तहरूको रजाइँ थियो । पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरी सिङ्गो राष्ट्र त बनाए, आफ्नो शासनसत्ता टिकाउन सामन्ती शोषण उत्पीडन कायमै राखे । जङ्गबहादुर राणाले राणाशासनको सुरुआत गरेपछि १ सय ४ वर्षसम्मको राणाशासनको जग सामन्ती शोषण नै थियो । राणा, राजा, राजपरिवार, जमिनदार र सामन्तहरूले ग्रामीण किसान, भूमिहीन, जनजाति, आदिबासी र दलित वर्गको चर्को शोषण गर्थे । पृथ्वीनारायण शाहले खडा गरेको शासन होस् वा जङ्गबहादुर राणाले सुरु गरेको राणाशासन होस्, ती दुवै सामान्ती शोषण उत्पीडनकै भरमा टिकेका थिए । सबै नेपालीहरू तिनका दास र प्रजा बनाइएका थिए । किसान, मजदुर, आदिवासी, जनजाति र दलितहरूमाथि ज्यादै शोषण-उत्पीडन चलाइएको थियो । वर्ग शोषण अति नै चरम थियो । उनीहरूले केवल राजश्व सङ्कलन गर्ने र आफ्नो विलासिताका लागि स्रोत र साधन उपयोग गर्ने गरे । २००७ सालमा जहानियाँ राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भयो । तर, सामान्ती शोषण कायमै रह्यो । निरङ्कुश पञ्चायतको ३० वर्षे अवधिमा राजा, राजपरिवार र पञ्चायती शासनका भरौटेहरूको रजाइँ चल्यो । किसान, भूमिहीन सुकुम्बासी, कमैया, मजदुर, पछाडि परेका जाति, जनजाति र दलितहरू शोषित-उत्पीडित भइरहे । राजनीतिक परिवर्तनको न्यानो घाम सर्वसाधारण नेपाली जनताले अनुभूति गर्न पाएनन् । आज पनि मुल समस्या भनेको सामन्ती आर्थिक-सामाजिक संरचना नै हो । यो नै नेपालको समग्र आर्थिक विकासको मुख्य बाधक हो ।

आर्थिक विकास गर्न नसक्नुको अर्को कारक हाम्रो देशको विशिष्ट परिस्थितिलाई मध्यनजर राखी आफ्नो विकासको अवधारणालाई प्रस्ट रूपमा अँगाल्न नसक्नु हो । विगत छ दशकदेखि शासन-प्रशासनमा बस्नेहरूले हाम्रो अर्थव्यवस्थालाई मिश्रित अर्थव्यवस्था भन्दै आएका छन् । तर, मिश्रित अर्थतन्त्रको वास्तविक स्वरूप बुझ्न, भूधरातलीय यथार्थमा आधारित

भएर त्यसलाई व्याख्या गर्ने र त्यस अनुरूपको नीति कार्यक्रम लागू हुन सकेन । योजनाबद्ध आर्थिक विकास प्रयासको प्रारम्भसँगै केन्द्रीकृत अर्थ प्रणाली, अतिसंरक्षण र सबै क्षेत्रमा सरकारले हात हाल्नुपर्दछ भन्ने मान्यताका साथ सरकारी क्रियाकलापलाई बढी जोड दिइयो । अति संरक्षणवादको नीतिबाट दरबार र दरबार नजिकका केही सीमित व्यक्ति र परिवार धनी भए । पञ्चायत कालको अन्तिम दशकसम्म आइपुग्दा नेपाली अर्थतन्त्र ज्यादै जर्जर बन्यो । दुरावस्थामा पुगेको अर्थतन्त्रमा सुधार ल्याउन विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता संस्थाहरूले उदारीकरणको सिफारिस अघि सारे । ०४६ सालको राजनीतिक परिवर्तनपछि उदारीकरणलाई अघि बढाइयो । नेपाली काङ्ग्रेसको सरकारले अतिवादी उदारीकरणको नीति अवलम्बन गऱ्यो । खुला, उदार र बजारमुखी अर्थव्यवस्थाको नाममा नेपालको अर्थतन्त्रलाई दक्षिण एसियाको सबैभन्दा उदार बनाउने काम भयो । दुई छिमेकी ठूला राष्ट्रहरू भारत र चीनले तुलनात्मक रूपले संरक्षणात्मक आर्थिक नीति नै लिइरहेको अवस्थामा नेपालमा निजीकरण र उदारीकरणलाई तीव्र पारियो । अर्थतन्त्रलाई उदार बनाउने नाममा सरकारी भूमिकालाई एकैचोटि कटौती गरी  निस्तेज बनाइयो । शिक्षा, स्वास्थ्य, सञ्चार, बैङ्क तथा वित्त क्षेत्रमा केही सकारात्मक प्रभाव देखापरे । तर, मुलकको वास्तविक अर्थव्यवस्थालाई ध्यान नै नदिई अन्धरूपले गरिएको निजीकरणबाट उत्पादन, रोजगारी, पुनःलगानी, राजस्व तथा आर्थिक गतिविधि बढ्नुको सट्टा त्यस्ता कुराहरूमा प्रतिकूल प्रभाव देखापऱ्यो । विगत दुई दशकअघि देखि उदारीकरणका नाममा सरकारले सबै क्षेत्रबाट हात झिकेपछि समग्र अर्थतन्त्रमा गम्भीर सङ्कट देखापऱ्यो । माओवादीले १० वर्षसम्म चलाएको युद्धले थुपै धनजन क्षति भयो । बल्लतल्ल निर्माण भएका भौतिक पूर्वाधार समेत ध्वस्त भए । पञ्चायतकालको अतिसंरक्षण र प्रजातन्त्र कालको अतिउदारवादजस्ता अतिवादी चिन्तन र नीतिबाट तहसनहस बनेको अर्थतन्त्र आन्तरिक युद्धले थप सङ्कटग्रस्त बन्नपुग्यो । नेपाली अर्थतन्त्रको यस वास्तविक धरातलीय यथार्थलाई बुझेर, यसका बलिया र कमजोर पक्षलाई केलाउँदै, छिमेकी मुलुक चीन र भारतको आर्थिक नीतिसमेतलाई ध्यान दिई प्रष्ट आर्थिक सोचका साथ अघि नबढ्दा अर्थतन्त्र यो दुरावस्थामा पुगेको हो ।

विगत ६० वर्षको अध्ययन गर्दा कुनै पनि आवधिक आर्थिक योजना धरातलीय यथार्थमा उभिएर निर्माण हुन सकेनन् । कसैले आर्थिक विकासको मोडल निर्माण गर्न सकेनन् । आर्थिक विकासको प्रस्ट दृष्टिकोण निर्माण हुन सकेन । अर्काको नक्कल गरी योजना निर्माण  गरियो । आर्थिक विकासको सुस्पष्ट दीर्घकालीन सोच र तद्नुरूप राजनीतिक प्रतिबद्धता आउन सकेन । कार्यक्रमको कार्यान्वयन पक्ष ज्यादै कमजोर र फितलो रह्यो  । त्यसमा अझै राजनीतिक अस्थिरता रह्यो । फलस्वरूप प्रकृतिबाट यति धेरै संरक्षण र माया पाएको सुन्दर देशको हामीले सदुपयोग गर्न सकेनौं ।

**आर्थिक विकासको मोडल- तीनखम्बे अर्थनीति**

आर्थिक विकासका लागि सबैभन्दा पहिले दीर्घकालीन सोच एवम् स्पष्ट दृष्टिकोण बन्नु जरुरी छ । सुस्पष्ट सोच र दृष्टिकोण अनुरूप दीर्घकालीन विकास योजना निर्माण गरी प्रतिबद्ध एवम् इमानदारीपूर्वक कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई सशक्त रूपमा लागू गर्नसके मात्रै आर्थिक विकास प्रक्रियाले सही गति लिन सक्दछ । बृहत् आधार एवम् दिगो वृद्धिदर भएको र विश्व अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्न सक्षम आर्थिक विकास अबको सोच हुनुपर्दछ । मुलुकको आन्तरिक आर्थिक क्रियाकलापमा वृद्धि, उत्पादन-उत्पादकत्व अभिवृद्धि र पर्याप्त मात्रामा रोजगारीका अवसरहरूको सिर्जना हुने गरी मुलुकमा उपलब्ध स्रोत-साधनको अधिकतम् परिचालन अबको आर्थिक विकासको उद्देश्य हुनुपर्छ ।

आर्थिक विकासको भिजन स्पष्ट हुनु भनेकै राज्य संयन्त्र, यसमा संलग्न विभिन्न क्षेत्र र निकायहरूको कस्तो भूमिका हुने, उपलब्ध सीमित साधन-स्रोतका अधीनमा रही कसरी अधिकतम् उपलब्धि हासिल गर्न सकिन्छ र निर्धारित गरिएको समयावधिमा हामी कहाँ पुगेका हुनेछौं, त्यसको परिकल्पना हो । हाम्रो पार्टी नेकपा (एमाले)ले स्पष्ट रूपमा भन्दै आएको छ- मुलुकको अर्थसञ्चालन तीनखम्बे नीति आधारित हुनुपर्छ : राज्य, सहकारी र निजी क्षेत्र संलग्न । तीनखम्बे नीतिबाट मुलुकमा आर्थिक समृद्धि र उन्नति हासिल गर्न सकिन्छ । तीनै क्षेत्रको प्रखर उपयोग, सञ्चालन र समन्वयमा आधारित आर्थिक विकासको ढाँचा तय गरिनु पर्दछ । आर्थिक विकासको जिम्मेवारी प्राथमिक रूपमा सरकारको नै भएको हुँदा सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । आर्थिक विकासको दिशा एवम् गतिको निर्धारण धेरै हदसम्म सरकारी भूमिकामै निर्भर गर्दछ । तसर्थ आर्थिक विकासमा सरकारले अग्रणी भूमिका निर्वाह गर्नु जरुरी छ । खुला अर्थतन्त्रका पक्षधर मानिने र विश्वका सबैभन्दा सम्पन्न एवम् ठूला अर्थतन्त्र बनेका अमेरिका, बेलायत, जापानजस्ता मुलुकले समेत अर्थतन्त्रमा सरकारी संलग्नतालाई कायमै राखी महत्वपूर्ण भूमिका खेलिरहेका छन् । तर, तिनै खुला अर्थतन्त्रको वकालत गर्नेहरूले हामीकहाँ आर्थिक क्षेत्रमा सरकारी भूमिका हुनुहुँदैन भन्ने कुरालाई ज्यादै जोड दिए । सरकारको प्रभावकारी भूमिकाबिना निजी र सहकारी क्षेत्र अगाडि बढ्न सक्दैन । सरकारले आर्थिक विकासको क्षेत्रमा उत्प्रेरक (Catalyst), सहजकर्ता (facilitator) र नियमक (Regulator) को भूमिकामा मात्र होइन, असल अभिभावक तथा कुसल पथप्रदर्शकको कार्य पनि गर्न जरुरी छ । सङ्कुचित अवस्थामा रहेको अर्थतन्त्र र यसभित्र विद्यमान क्षेत्रीय असन्तुलन हटाउन, दुर्गम तथा पिछडिएका क्षेत्रहरूको विकास गर्न, पूर्वाधारको विकास गर्न, समाजका कमजोर वर्गलाई आर्थिक क्रियाकलापमा संलग्न गर्न र पछाडि परेका क्षेत्रमा उद्योगधन्दा, कलकारखाना स्थापना गरेबापत प्रोत्साहन स्वरूप सहुलियत र सुविधाको व्यवस्थाका लागि सरकारको महत्वपूर्ण भूमिका हुन्छ ।

आर्थिक विकासको अर्को महत्वपूर्ण आधार हो, सहकारी । हुन त हामीकहाँ ५० वर्षअघि देखि सहकारी भन्दै आएको पाइन्छ । तर, विगत सहकारी आन्दोलन ओठेभक्तिमा मात्र सीमित रह्यो । छरिएर रहेको श्रम, सीप, जाँगर, प्रविधि र पुँजीलाई सेमेटी सहकारी आन्दोलनलाई व्यवहारमै अघि बढाउन सक्यौं भने त्यसले आर्थिक विकासमा ज्यादै महत्त्वपूर्ण एवम् दुरगामी प्रभाव पार्नेछ । अन्तरिम संविधान- २०६३ मा सहकारी क्षेत्रलाई आर्थिक विकासको एक महत्वपूर्ण खम्बा

स्वीकार गरिएको छ । तर, दुर्भाग्य कृषि मन्त्रालयअन्तर्गत रहेको सहकारी क्षेत्र हेर्ने कुनै निकाय नै छैन । अब सहकारी आन्दोलन आठेभक्तिमा होइन, व्यवहारमै अभियानका रूपमा कार्यान्वयन गर्नुपर्दछ । यसका लागि उपयुक्त नीति, कार्यक्रम र आवश्यक बजेट विनियोजन गरिनुपर्दछ । विशेषगरी कर्णाली अञ्चलका पाँच जिल्ला र  पहाडी क्षेत्रमा सहकारी आन्दोलन द्रूत रूपमा अघि बढाउनुपर्दछ । हाल बचत तथा ऋण सहकारीले महत्वपूर्ण योगदान गर्दै आएका छन् । अब मूलतः उत्पादनमूलक सहकारीलाई बढी प्राथमिकता दिनुपर्दछ । यसमा सरकारको भूमिका महत्वपूर्ण हुन्छ । आव २०६१/६२ को बजेटमा मैले 'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी'को कार्यक्रम अघि सारेको थिएँ । यो अभियानलाई व्यवहारमै जीवन्तता दिनुपर्दछ । दुग्ध तथा दुग्धसम्बन्धी उद्योग, मासु तथा मासुजन्य उत्पादन, छाला तथा छालाजन्य उद्योग, ऊन तथा ऊनबाट बन्ने वस्तु, तरकारी तथा फलफूलजन्य उद्योग, वन तथा वनजन्य पैदावार, चिया, कफी, उखु आदि कृषिजन्य उद्योगमा सहकारी क्षेत्रलाई अगाडि बढाउनसक्ने ठूलो सम्भावना छ । कर्णाली अञ्चलजस्तो विकट क्षेत्रमा तत्काल निजी क्षेत्र अग्रसर नहुने र सरकार पनि औद्योगिक उत्पादनमा लगानी गर्न नजाने हुनाले यस क्षेत्रको जैविक विविधता र जडिबुटीहरूको सङ्कलन, प्रशोधन आदि उद्योगमा सरकारले पहल गरी सहकारी क्षेत्रलाई प्रोत्साहन गर्नु आवश्यक छ । सरकार सहकारी र निजी क्षेत्रको साझेदारी मोडललाई जडिबुटीको क्षेत्रमा परिचालन गर्न सकिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र सहकारीको संयुक्त साझेदारीको नयाँ मोडलमा धनगढी, नेपालगञ्ज, बुटवल, हेटौडा, विर्तामोडलगायत पाँच सात स्थानमा जडिबुटी सङ्कलन डिपो र प्रशोधन केन्द्र स्थापना गर्नुपर्दछ । यसरी गाउँघरमा सहकारीमार्फत जडिबुटी सङ्कलन गर्ने र त्यसरी सङ्कलन गरेको जडिबुटी सरकारी, निजी क्षेत्र र सहकारी साझेदारीमा प्रशोधन गर्ने व्यवस्था गर्नसके यसबाट एकैपटक तीन-चारवटा उपलब्धिहरू हामीले हासिल गरिरहेका हुन्छौं । हिनामिना भइरहको राष्ट्रिय निधिको संरक्षण हुने, गाउँघरमा रोजगारी विस्तार हुने, ग्रामीण जनताको आयस्तर बढ्ने र प्रशोधित सामग्री विदेश निर्यात हुँदा आजभन्दा बढी विदेशी मुद्रा प्राप्त हुनजान्छ । आर्थिक विकासमा सहकारी क्षेत्रको भरपूर उपयोग गर्न सुरुको अवस्थामा सरकारको प्रभावकारी भूमिका आवश्यक हुन्छ ।

आर्थिक विकासमा सरकारको भूमिका हुनुपर्छ भन्दैमा उद्योगधन्दा र व्यापारमा पनि सरकारले हात हाल्नुपर्छ भन्ने होइन । उद्योगधन्दा र व्यापार-व्यवसाय गर्ने काम निजी क्षेत्रको हो । औद्योगिक विकासमा निजी क्षेत्रलाई अधिकतम् परिचालन गर्ने कार्यमा सरकारको महत्वपूर्ण हात रहन्छ । निजी क्षेत्रलाई बढावा दिन प्रभावकारी भूमिका खेल्नुपर्दछ । उद्योगधन्दामा किन लगानी भएन ? त्यसको खोजी गर्ने सरकारले नै हो । प्रक्रियागत झन्झट तथा भ्रष्टाचार, प्रशासनिक ढिलासुस्तीको आदि कारणले पनि उद्योग क्षेत्रको विकास हुन सकेको छैन । लगानीको वातावरण सिर्जना, भौतिक पूर्वाधार निर्माण, समयसापेक्ष नीति, ऐन तर्जुमा र तिनको प्रभावकारी कार्यान्वयन, छिमेकी मुलुकमा उद्योगीले पाएसरहको सुहलियत र सुविधाको व्यवस्था सरकारले गर्न सकेमा निजी क्षेत्रको लगानी वृद्धि हुन्छ र  मुलुकमा औद्योगिक विकासले गति लिनसक्छ । नेपालको निजी क्षेत्र कमजोर छ र सीमित क्षेत्रभन्दा माथि उठ्न सकेको छैन । उद्योग-व्यवसायको दृष्टिले भन्नुपर्दा हाम्रो निजी क्षेत्र व्यापारिक चरित्रबाट माथि उठ्नसकेको छैन । अहिले नेपालमा भरपर्दो टेवा, संरक्षण र प्रोत्साहन नभई निजी क्षेत्रमा उद्योग फस्टाउन र बाह्य प्रतिस्पर्धासँग मुकाविला गर्न सक्दैन । सरकारले सुस्पष्ट योजना बनाई लाखौ उद्यमीहरू जन्माउनु र हुर्काउनु परेको छ । निजी उद्यमीले अधिक नाफा प्राप्त गर्नुका साथै आफ्नो प्रतिष्ठा वृद्धि हुने गरी दिगो एवम् दीर्घकालीन मुनाफा प्राप्त हुने एवम् राष्ट्रिय अर्थतन्त्रलाई मजबुत पार्ने क्षेत्रमा लगानी बढाउनुपर्दछ । स्वदेशी कच्चा पदार्थमा आधारित, रोजगारी तथा आर्थिक क्रियाकलापमा बढावा दिने उद्योगको विकासमा जोड दिनुपर्दछ ।

एउटा कुरा के स्पष्ट हुन जरुरी छ भने राज्यको सक्रिय भूमिका नभएसम्म न त सहकारी र निजी क्षेत्र विस्तार हुन्छ न मुलकमा आर्थिक उन्नति समृद्धि नै हासिल हुनसक्छ । यस अर्थमा मुलुकको आर्थिक विकासमा राज्यको ज्यादै ठूलो भूमिका रहेको छ । राजकीय, निजी क्षेत्र र सहकारी संस्थाहरूको भूमिकालाई सन्तुलित, सहयोगात्मक एवम् समन्वय कायम गरी अगाडि बढाउन सकेमा आर्थिक विकासले गति लिनेछ ।

**आर्थिक विकासका आधारस्तम्भ र प्राथमिकता**

आर्थिक विकासका लागि अर्थतन्त्रका आधारस्तम्भ र प्राथमिकताको चयन महत्वपूर्ण हुन्छ । आधारस्तम्भ र प्राथमिकता चयनमा गल्ती भयो भने अपेक्षित आर्थिक वृद्धिदर हासिल गर्न सकिंदैन । खाडी मुलुकहरूले पेट्रोलियम पदार्थबाटै आर्थिक समृद्धिको जग खडा गरे । अरू कतिपय मुलुकहरूले सुन, तामा, फलाम र कोइलाखानीबाट प्रगति हासिल गरे । हाम्रो सन्दर्भमा आर्थिक विकासका आधार के हुन् र कुन क्षेत्रलाई प्राथमिकता दिने हो ? प्रस्ट हुनुपर्दछ । आर्थिक विकासको क्रम र स्तरसँगै आधार र प्राथमिकता क्रमसमेत परिवर्तन हुँदै जान्छ । नेपाली अर्थतन्त्रमा निम्न क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ ।

**कृषि र ग्रामीण विकास**

कृषि र ग्रामीण क्षेत्र नेपाली अर्थतन्त्रको मेरुदण्ड हुन् । कृषि क्षेत्रको विकासबिना औद्योगिक विकासको गति तीव्र हुन सक्दैन । त्यसैगरी गाउँको विकास नगरी नेपालको समग्र आर्थिक विकास हुँदैन । कृषिको विकासमार्फत उद्योगधन्दाको विकास र ग्रामीण क्षेत्रको विकाससँगै सहरी क्षेत्रको विकास अबको प्राथमिकता हुनुपर्दछ । कृषि र ग्रामीण क्षेत्रको विकास गर्न सकेमा मात्र दिगो र उच्चदरको आर्थिक विकास हासिल गर्न सकिन्छ । मुलुकबाट सामन्ती शोषण उत्पीडन र विभिन्न प्रकारका विभेदको अन्त्य गर्ने हो भने त्यो गाउँ र कृषिबाटै थालनी हुनुपर्दछ । हामी आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण र आमूल परिवर्तनको कुरा गरिरहेका छौं । यसको सुरुआत गाउँ र कृषि क्षेत्रबाट गर्नुपर्दछ । नेपाली अर्थतन्त्रमा देखिएको विद्यमान सङ्कटको समाधान गर्न र अर्थतन्त्रमा नयाँ गति दिन आधारभूत परिवर्तनको खाँचो छ । मुलुकमा सामन्ती शोषणको पूर्णतः अन्त्य गर्नुपर्दछ । संविधानमा सामन्ती व्यवस्थाको अन्त्य गरिनेछ, वैज्ञानिक भूमिसुधार गरिनेछ,

सुकम्बासी समस्या समाधान गरिनेछ भनेर प्रष्ट लेख्ने, त्यसअनुरूप आयोग पनि बन्ने तर काम तर कार्यान्वयन नहुने दुर्भाग्य छ । भूमिसुधारको प्रसङ्ग उठ्दा नेपाली काङ्ग्रेस वृत्तबाट भूमिसुधार गर्नका लागि कहाँ जमिन छ र भन्ने प्रश्न आउने गरेको थियो । अब त हाम्रै केही साथीहरू पनि त्यसै भन्न थालेका छन् । भूमिसुधारलाई भूमि बाँड्ने भन्ने दृष्टिकोणबाट मात्र हेर्नुहुँदैन । यसको प्रभाव बहुआयामिक छ । मुलुकको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तनसँग यो गाँसिएको छ । हामी आर्थिक सामाजिक रूपान्तरण भन्छौं, त्यसको सुरुआत त भूमिसुधारबाटै हुन्छ । सामन्ती व्यवस्थालाई जरैदेखि उखेलेर फ्याँक्ने हो भने भूमि व्यवस्थामा परिवर्तन गर्नैपर्छ । जमिनमाथि रहेको अनुपस्थित स्वामित्वको अन्त्य गर्नुपर्दछ । दोहोरो स्वामित्वलाई हटाउनुपर्दछ र जग्गाको हदबन्दी घटाउनुपर्दछ । हदबन्दीभन्दा बढी जग्गालाई उत्पादकत्व, जग्गाको किसिम र बनोटको आधारमा निश्चित गरिएको क्षतिपूर्ति दिएर सरकारले लिई उक्त जग्गा निर्धारित समयावधिको किस्ताबन्दीमा रकम लिने गरी भूमिहीन किसान, सुकुम्बासी र मुक्त कमैयालाई वितरण गर्नुपर्दछ । त्यसरी वितरण भएको जग्गा निश्चित समयसम्म बेचविखन गर्न नपाउने, उत्पादन र उत्पादकत्व बढ्ने गरी खेती गर्नुपर्ने व्यवस्थाका साथै सरकारले विशेष कार्यक्रम बनाई त्यस्ता कृषकलाई सहयोग गर्नुपर्दछ । कृषि उत्पादकत्व बढ्ने गरी जग्गा चक्लाबन्दी गरिनुपर्दछ । उत्पादनको साधनका रूपमा महिलाको भूस्वामित्व बढाउनुपर्छ । भूमि व्यवस्थाको संरचनात्मक परिवर्तनका साथै भूमिसुधारको अर्को पाटो कृषिको आधुनिकीकरण पनि हो । सिँचाइ, कृषि सडक, कृषि बजार, भण्डारण, कृषि बीमा, अनुसन्धानलगायत कृषि क्षेत्रका पूर्वाधारको निर्माणमा पर्याप्त मात्रामा सरकारी लगानी बढाउनुपर्दछ । उन्नत बिउबिजन, रासायनिक मल र कृषि ऋणको सर्वसुलभ व्यवस्था गरिनुपर्दछ । विशेष नीति तथा कार्यक्रमको माध्यमबाट कृषिको व्यावसायीकरणमा जोड दिनुपर्दछ । कृषिको उन्नतिले किसानको आय वृद्धि हुन्छ, कुल गार्हस्थ उत्पादनमा वृद्धि ल्याउँछ, उद्योगलाई कच्चा पदार्थ दिन्छ र उद्योगबाट उत्पादित बस्तुको बजार विस्तार गर्छ । अर्थतन्त्रमा नयाँ गति दिने शक्ति कृषिको समृद्धिमा हुन्छ ।

विगतका हरेकजसो आवधिक योजना र बजेटमा कृषि क्षेत्रलाई प्राथमिकता दिएको देखिन्छ । तर, हाम्रो कृषि क्षेत्र लथालिङ्ग छ । कृषि उत्पादन र उत्पादकत्वमा हामी दक्षिण एसियामा सबैभन्दा पछि परेका छौं । कृषि क्षेत्रमा आजसम्म गरिएका कामबाट हामी पूर्णतः असफल भएको तथ्य आत्मसात् गर्नुपर्ने भएको छ । कृषि विकासको सोचमा आमूल परिवर्तन गरी नयाँ नीति, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्छौं भन्ने प्रतिबद्धता गर्नुपर्ने बेला आएको छ । कृषिको आधुनिकीकरण र व्यावसायीकरण अब भाषण र नारामा होइन, व्यवहारमै कार्यान्वयन गर्नु जरुरी छ । भूमिको संरचनात्मक परिवर्तन, कृषिमा आधुनिकीकरण र व्यावसायीकरण, श्रमको सदुपयोग गर्न सकेमा कृषि क्षेत्रको विकास गर्न सकिन्छ । भारत सरकारले कृषि क्षेत्रमा ठूलो लगानी गरिरहेको छ । भारतीय किसानले सरकारबाट विभिन्न सुविधाका साथै अनुदान पाइरहेका छन् । हामीकहाँ उदारीकरणका नाममा कृषि र कृषकलाई दिने सबैकुरा खोसियो । सीमापारि भारतीय किसानले पाएको सुविधासरह नेपाली किसानले पाएनन् भने नेपालको कृषि क्षेत्रको विकास हुन कठिन छ । नेपालमा हिजो अनुदान दिनै हुँदैन भन्ने साथीहरू आज अनुदान दिनुपर्छ भन्न थाल्नुभएको छ । यो राम्रो कुरा हो । कृषिको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने, कृषकको आयआर्जन बढ्ने उद्देश्यको साथ ठोस नीति कार्यक्रम आउनुपर्दछ ।

नेपाल गाउँ नै गाउँले भरिएको मुलुक भएकाले गाउँको विकासबिना देशको विकास हुन सक्दैन । ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउन सकेमा समग्र आर्थिक विकासको परिकल्पना साकार पार्न सकिन्छ । नेकपा (एमाले)को नौमहिने सरकारका बखत आव ०५१/५२ ग्रामीण विकासका लागि मैले 'आफ्नो गाउँ आफै बनाऔं' र आव ०५२/५३ को बजेटमा नौ 'स' को कार्यक्रम प्रस्तुत गरेको थिएँ । 'आफ्नो गाउँ आफै बनाऔं' कार्यक्रममा साधनस्रोतविहीन गाउँलाई साधनस्रोत उपलब्ध गराउने, जनताको व्यापक सहभागितामार्फत ग्रामीण क्षेत्रको मुहार फेर्ने मेरो सोच थियो । त्यस कार्यक्रमलाई कनिका छरेको, राज्य कोष दुरूपयोग गरेको जस्ता आरोप मैले खेप्नुपर्‍यो । तर, त्यसबेला साच्चै गाउँमा विकास निर्माणको लहर आएको थियो । गाउँहरूले साधनस्रोत पाएका थिए । त्यसबेला गाउँमा पठाएको तीन लाखबाट ३० लाख रुपैयाँसम्मको काम भएको थियो । त्यसैगरी 'नौ स'को कार्यक्रममा स्थानीय सडक, स्वच्छ पिउने पानी, शिक्षा र साक्षरता, सुलभ स्वास्थ्य, सीपमुलक तालिम र रोजगारी, सामुदायिक वृक्षारोपण, साना जलविद्युत् विकासबाट ग्रामीण विकास, साना तथा घरेलु विकास गरी नौवटा विषय राखिएको थियो । यी विषयमा प्रत्येक वर्ष हरेक निर्वाचन क्षेत्रमा जनसहभागितको माध्यमबाट विकास निर्माण कार्यक्रम सञ्चालन गर्नैपर्ने भनेर नौ 'स' को अवधारणा विकास भएको हो । यस कार्यक्रमको उद्देश्य गाउँमा लगानी बढाउने, गाउँका जनताको सक्रिय सहभागितामा सबै क्षेत्रमा विकास गरी सुन्दर र समृद्धिउन्मुख गाउँबस्ती बनाउने र यसैको आधारशीलामा राष्ट्रिय अर्थतन्त्रको बलियो जग खडा गर्ने नै हो । गाउँमा खेर गइरहेको श्रम, सीप, जाँगरलाई सुदपयोग गर्न आफ्नो गाउँ आफै बनाऔं र 'नौ स' को कार्यक्रम ल्याइएको हो । 'मेरो गाउँको विकास भएको छ, विकासको प्रतिफल म र मेरो परिवारले पाइरहेका छौं' भन्ने गाउँले जनताले अनुभूति हुने गरी ग्रामीण क्षेत्रमा विकास निर्माणको अभियान अघि बढाउनुपर्दछ । गाउँ विकास समिति, जिल्ला विकास समितिमार्फत स्थानीय स्तरको विकास निर्माण कार्य गर्नुपर्दछ । यी स्थानीय निकायहरूले व्यापक जनसहमागिताको आधारमा स्थानीय जनसमुदायलाई विकासमा संलग्न गराउनुपर्दछ । हाल गाउँ र स्थानीय निकायलाई विकास निर्माणका कार्यक्रममा पठाइएको रकम खर्च हुन नसकेको भन्ने कुरा आउन थालेको छ । काठमाडौंमा राजनीतिक सहमति भएन भनेर विकास निर्माणमा गाउँको अधिकार कुनै हालतमा छिनिनुहुँदैन । गाउँको विकासका लागि पठाइएको रकम जुनसुकै अवस्थामा सदुपयोग गरिनुपर्दछ । स्थानीय निकायमा जनप्रतिनिधि नभए पनि त्यहाँ रहेका सबै राजनीतिक पार्टीहरूको सर्वदलीय संयन्त्रमार्फत गाउँको विकासका लागि पठाइएको रकम विकास कार्यक्रममा खर्च गर्नुपर्दछ ।

२. **जलसम्पदा**

जलस्रोत नेपालको महत्वपूर्ण साधन हो । हामीले जलस्रोतमा धनी छौं भन्दै आयौं । तर, एक शताब्दीमा जलसम्पदाको उचित सदुपयोग गर्नै सकेनौं । अब हामी जलस्रोतमा धनी छौं भनेर बस्ने बेला छैन । जलविद्युत विकासका क्षेत्रमा छोटो अवधिमा भारतको उत्तराञ्चलले ठूलो प्रगति गरिसक्यो । सिक्किमले जलविद्युत क्षेत्रलाई निकै अघि बढाएको छ । पूर्वको छिमेकी मुलुक भुटानले विद्युत निर्यात गरी वार्षिक अर्बौं आम्दानी गरिरहेको छ । हामीकहाँ आन्तरिक उपयोगका लागिसमेत विद्युत उत्पादन हुनसकेको छैन । तसर्थ हामीले जलस्रोतको उपयोगमा प्रस्ट राष्ट्रिय नीति निर्माण गर्न जरुरी छ । निकै अघि एक विज्ञले हाम्रो जलविद्युत उत्पादन क्षमता ८३ हजार मेगावाट रहेको उल्लेख गरेका थिए । अहिलेसम्म हामी त्यसैमा रमाएर बसेका छौं । आजसम्म वैज्ञानिक सर्वेक्षण नै हुनसकेको छैन । नेपालको जलविद्युत् क्षमता कति हो भनेर भन्ने सम्बधमा अन्तर्राष्ट्रिय दातृ संस्थालगायत मित्र राष्ट्रलाई अनुरोध गरेर भए पनि जलविद्युत् क्षमताको वैज्ञानिक सर्वेक्षण गराउन जरुरी भइसकेको छ । एक्काईसौं शताब्दीको विश्वको ठूलो सम्पत्ति भनेकै जलसम्पदा हो । जलविद्युत उत्पादन, सिंचाइ, खानेपानी, मत्स्यपालन, जलयातायात, जलमनोरञ्जन लगायत विविध क्षेत्रमा उपयोग गर्न वैज्ञानिक नक्सा नै बनाउनुपर्दछ ।

लामो समयसम्म झोलामा खोला हालेर बस्ने परिपाटीको अन्त्य गर्नुपर्दछ । लाइसेन्स दिएको निश्चित अवधिसम्म परियोजना निर्माण कार्य अघि नबढाउने हो भने लाइसेन्स रद्द गरिनुपर्दछ । लाइसेन्स दिएपछि परियोजना निर्माण गर्न सरकार र विद्युत् प्राधिकरणले गर्नुपर्ने कार्य र दिनुपर्ने सुविधाहरूलाई प्रस्ट रूपमा उल्लेख गरी सबै कामलाई समयसीमा अन्तर्गत गर्ने कार्यतालिका तोक्नुपर्दछ । जलविद्युत्को राष्ट्रिय नीतिमा मेगा (ठूला), मझौला, साना र लघु विद्युत आयोजना निर्माणसम्बन्धी प्रस्ट राष्ट्रिय नीति आउनुपर्छ । जलविद्युत् विकासका मेगा प्रोजेक्टहरूमा विदेशी लगानी आर्कषित गर्नुपर्दछ । यसको मोडल बुझ्न टाढा जानुपर्दैन । उत्तराञ्चलकै मोडल हेरे पुग्छ । ठूला र मझौला परियोजना विदेशी लगानी र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा अघि बढाउनुपर्दछ । मझौला र साना जलविद्युत परियोजनामा निजी क्षेत्र, सहकारी, स्थानीय निकायलाई अधिकतम सहभागी बनाइनुपर्दछ । स्थानीय निकायको लगानीमा ससाना परियोजना सम्पन्न गर्ने हो भने स्थानीय निकायहरूले आफ्नै ठूलो साधनस्रोत जुटाउन सक्नेछन् । त्यसैगरी, गैरआवासीय नेपाली, वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरूलाई लक्षित गरी उनीहरूकै सम्बन्धित जिल्लामा ससाना विद्युत् परियोजना निर्माण गर्ने गरी विद्युत् बण्ड जारी गर्न सकिन्छ । स्पष्ट राष्ट्रिय नीति बनाई जलविद्युत् उत्पादन अभियान चलाउने हो भने खाडी मुलुकहरू तेल बेचेर धनी भएझैं हामी पनि प्रकृतिको वरदानको उपयोग गरी नेपालको समृद्धितर्फ लम्किन सक्नेछौं ।

**पर्यटन**

प्राकृतिक सुन्दरता, भौगोलिक एवम् जैविक विविधता, सांस्कृतिक एवम् कलात्मक विशिष्टताले गर्दा नेपालमा पर्यटन उद्योगको विकास र विस्तारको ठूलो सम्भावना छ । विश्वको सर्वोच्च शिखर सगरमाथाको देश, शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल, हिन्दूहरूको पावनस्थल पशुपतिनाथको पुण्यभूमि, मुक्तिनाथ र स्वर्गद्वारी तथा मन्दिरैमन्दिरको सहर एवम् प्राकृतिक सौन्दर्यले भरिपूर्ण मुलुक हुनाले पर्यटन क्षेत्रको विकास गर्न सकिने पर्याप्त सम्भावना छ । यस दृष्टिले पर्यटन यहाँको तुलनात्मक लाभ अधिक भएको क्षेत्र हो । तर, पर्यटन क्षेत्रको विकास गर्न सकिने प्रचुर सम्भाव्यता रहँदा रहँदै पनि यस क्षेत्रको विकास र विस्तार हुन सकेको छैन । हालसम्म पर्यटन क्षेत्रमा जेजति प्रगति भएको छ त्यो मुख्यतः निजी क्षेत्रको प्रयत्नबाट भएको देखिन्छ । पर्यटन विकासमा सरकारको स्पष्ट दृष्टिकोण एवम् प्रतिबद्धता सहितको योजना निर्माण तथा त्यसको प्रतिबद्ध कार्यान्वयन, शान्ति सुरक्षाको प्रत्याभूति, यातायात तथा सञ्चार सुविधा वृद्धि, मनोरञ्जनका क्षेत्रको विस्तार, प्रचारप्रसार, प्राचीन कलाकृति, ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्द्धनजस्ता सामान्य कार्यहरू गर्दा पनि पर्यटन क्षेत्रको आकर्षण बढाएर विकास गर्न सकिन्छ । यसका लागि ठूलो लगानी जरुरी हुँदैन ।

पर्यटन उद्योगको विकास गर्ने कार्यमा सरकारले कुनै भूमिका खेल्न सकेको छैन । युरोपसम्म पुग्ने हवाइजहाज किन्न सरकारले कुनै सहयोग गर्न सकेन । त्यसका निम्ति सरकार ग्यारेन्टीसमेत बस्न तयार देखिँदैन । आन्तरिक र बाह्य पर्यटनको प्रबर्द्धन गर्ने गरी पर्यटन क्षेत्रको योजना बन्नुपर्दछ । पर्यटन उद्योगको विकासबाट रोजगारीमा वृद्धि, आयआर्जनको साथै विदेशी मुद्राको आर्जन एवम् राजस्व परिचालनमा समेत महत्वपूर्ण योगदान पुग्नसक्दछ । एक रोजगारीमूलक व्यवसाय भएकाले यसको विकासबाट बेरोजगारी समस्या समाधान गर्न महत्वपूर्ण सहयोग पुग्नुका साथै गरिबी घटाउनसमेत ठूलो मद्दत पुग्दछ । विदेशी मुद्राको सञ्चिति, राजश्व अभिवृद्धि, रोजगारी तथा आयआर्जनका नयाँ अवसरको सिर्जना, क्षेत्रीय सन्तुलन, ग्रामीण गरिबी निवारणआदिका लागि पर्यटन क्षेत्रले ठूलो मद्दत पुऱ्याउन सक्दछ । यसबाट अर्थतन्त्रले नयाँ उर्जा प्राप्त गरी आर्थिक विकासको गतिलाई द्रुत बनाउन सहयोग पुग्दछ ।

**औद्योगिक विकास**

आजको युगमा औद्योगीकरण नै समग्र आर्थिक विकासको मूल आधार बन्न पुगेको छ । कुनै पनि मुलुकको उच्च आर्थिक विकास औद्योगिक विकासबिना असम्भव हुने हुँदा दीर्घकालीन आर्थिक विकासको लक्ष्य हासिल गर्न औद्योगीकरणको गतिलाई तीव्र पार्नु अनिवार्य छ । समग्रमा उद्योग तथा सेवा क्षेत्रको विकास नै आर्थिक विकासको द्योतक हो । गरिबी, अर्धबेरोजगारी, बेरोजगारी र पछौटेपनजस्ता समस्याहरू समाधान गर्न औद्योगिक विकासले अत्यन्त निर्णायक भूमिका खेल्ने हुनाले नेपालजस्तो आर्थिक विकासका दृष्टिले पछाडि परेको तथा बेरोजगारी समस्याबाट पीडित मुलुकले औद्योगिक विकासमा जोड दिनु निःतान्त आवश्यक छ । औद्योगिक विकासका निम्ति सबैभन्दा पहिले प्रस्ट दीर्घकालीन

सोच एवम् दृष्टिकोण बन्नु जरुरी छ। सुस्पष्ट सोच र दृष्टिकोणअनुरूप दीर्घकालीन औद्योगिक विकास योजना निर्माण गरी प्रतिबद्ध एवम् इमानदारीपूर्वक कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई सशक्त रूपमा लागू गर्नसके मात्रै औद्योगिक विकास प्रक्रियाले सही गति लिन सक्दछ।

अबको हाम्रो औद्योगीकरण प्रक्रियाका लागि विगतमा बेलायत, अमेरिका, जापानजस्ता मुलुकहरूले अपनाएजस्तो संरक्षणात्मक बाटो उपयुक्त र सम्भव छैन। अर्कोतर्फ बेलायतलगायतका मुलुकहरूमा औद्योगिक विकास प्रक्रियामा ठूलो असमानताको स्थिति सिर्जना भई कैयौ बालमजदुर र श्रमिकहरूको स्थिति ज्यादै दयनीय बन्न पुगेको थियो। हामीकहाँ औद्योगिक विकासले विद्यमान गरिबी, बेरोजगारी र असमानता हटाउन प्रमुख भूमिका खेल्नुपर्दछ। सामाजिक विकास तथा मानवीय न्यायमा आधारित औद्योगीकरण (Industrilization with Human face) हाम्रो औद्योगिक विकासको विशेषता हुनै पर्दछ। उद्योगपतिहरूले प्राप्त गर्ने मुनाफा वृद्धिसँगै उद्योगमा काम गर्ने श्रमिकहरूले आफ्नो जीवनस्तरमा सुधार हुँदै गएको महसुस उद्योगको विकासबाट गर्नुपर्दछ। यसका लागि उद्योगपति र श्रमिकहरूबीच सुमधुर सम्बन्ध कायम हुनु आवश्यक छ। औद्योगिक विकासका क्रममा राजस्वमा वृद्धि हुँदै गएपछि सबैभन्दा पहिले सरकारले पूर्वाधार विकासमा लगानी गर्नुपर्दछ। पूर्वाधार विकासपछि सामाजिक क्षेत्रको विकासमा लगानी गर्नु राज्यको दायित्व हुन्छ। यसरी सरकारले विकासमा लगानी बढाउँदै जानुपर्छ। यसले औद्योगीकरणलाई अझ बल प्रदान गर्दछ। औद्योगिक विकासको गतिसँगै सामाजिक सुरक्षा प्रणालीको जालोबाट सम्पूर्ण श्रमिक, गरिब समुदाय, ग्रामीण जनता, पछाडि परेको जाति, जनजाति, महिला, दलित र अशक्तहरूलाई समेट्नुपर्दछ। यसले सामाजिक न्यायको साथै औद्योगीकरणलाई आन्तरिक बजार विस्तार गर्न मद्दत पुऱ्याउँछ।

औद्योगिक विकासका लागि उर्जा-आपूर्तिको सुनिश्चितता, उद्योगी श्रमिकमैत्री श्रम-नीति, औद्योगिक सुरक्षाको प्रत्याभूति, बन्द-हड्तालको अन्त्य, सरकारी नीतिगत निरन्तरता र सुनिश्चितताको प्रत्याभूति हुनु आवश्यक छ। सीमावर्ती भारतका विभिन्न प्रान्तहरूले सरकारबाट पाएको न्यूनतम सेवा, सुविधा र प्रोत्साहन हामीले दिन सकेनौं भने नेपालमा उद्योग क्षेत्रको विकास हुन सक्दैन। औद्योगिक नीतिको मस्यौदा गरी वर्षौंसम्म मन्त्रिपरिषद्मा थन्केर बस्ने, नीति अनुरूप ऐन निर्माण हुन  नसक्ने, उद्योग-वाणिज्यलगायत सम्बन्धित सरोकारवाला निकायले लगेको प्रस्ताव स्वीकृत र कार्यान्वयन हुन नसक्ने स्थिति ज्यादै विडम्बनाको कुरा हो। औद्योगिक विकास योजनालाई कृषि विकास योजनासँगै एकीकृत रूपमा अघि बढाउनु पर्दछ। नेपालको औद्योगिक विकासको आधार घरेलु, साना तथा मझौला उद्योग भएकाले औद्योगिक मेरुदण्डको रूपमा यी उद्योगहरूको विकास गर्नुपर्दछ। घरेलु, साना तथा मझौला उद्योगको विकास गर्नसके मात्रै मध्यम तथा ठूला उद्योगको क्रमशः विकास भई मुलुक औद्योगिक विकासमा अगाडि बढ्न सक्दछ।

नेपालजस्तो सानो अर्थतन्त्रले ३ सय अर्बको व्यापारघाटा धान्न सक्दैन। मुलुकको आयात व्यापार दिन प्रतिदिन उच्च दरमा वृद्धि हुँदै आएको छ। तर, निर्यात वृद्धि हुन सकेको छैन। जसले शोधनान्तर खातासमेत घाटामा पुगेको छ। खाद्यान्न, लुगाफाटोजस्ता आधारभूत आवश्यकताका वस्तुदेखि विलासिताका वस्तुसमेतको आयात बेपत्ताले बढेपछि भुक्तानी असन्तुलन हुनु स्वाभाविक हो। विगतमा थुप्रै निर्यात योजना बने। उत्पादन वृद्धिको योजनाबिना बनेका ती योजनाले कुनै प्रभाव पार्न सकेनन्। व्यापारघाटा कम गर्न र निर्यात वृद्धि गर्न सबैभन्दा पहिले उत्पादन योजना नै निर्माण गर्नुपर्छ। उत्पादन योजनासँग निर्यात योजनालाई जोड्नुपर्दछ। कपडा, जुट, चिनी, छालाजुत्ता, औषधि, सिमेन्ट जस्ता आधारभूत उद्योगको विकास गर्न सकेमा यसबाट आयात व्यापार घट्न सक्छ। नेपालमा सिमेन्ट उद्योगको प्रचुर सम्भावना छ। हामीकहाँ खानीहरूको अन्वेषण समेत हुन सकेको छैन। त्यसैगरी चिया, कफी, पर्यटन, जडिबुटी प्रशोधन जस्ता तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता बढी भएका उद्योगको विकासलाई जोड दिनुपर्दछ। दाल, अलैंची, तयारी पोशाक, गलैचा, हस्तकलाजस्ता हाल निर्यात भइरहेका उद्योगको विकास गर्नुपर्दछ। निर्यातजन्य उद्योगको विकास र विस्तारमा सरकारले हात खुला गरेर सहयोग गर्नुपर्दछ।

**लगानी वृद्धि गर्न प्रभावकारी लगानी बोर्ड स्थापना**

लगानी नै नहुनु अथवा अत्यन्त न्यून लगानी हुनु नेपाली अर्थतन्त्रको एक गम्भीर सङ्कट भएको छ। कुल उत्पादनको ९१ प्रतिशत उपभोग हुने गरेको छ। नेपालको आर्थिक उन्नति र समृद्धिका लागि उच्च लगानी अपरिहार्य छ। लगानी बढाउन नसक्दासम्म आर्थिक क्रियाकलापमा वृद्धि हुँदैन र कुल गार्हस्थ उत्पादन बढ्दैन। अभाव, गरिबी, बेरोजगारी जस्ता समस्या कम गर्न सकिँदैन। स्वाभाविक रूपमा देशको आर्थिक उन्नति, प्रगति र समृद्धि पनि हुनसक्दैन। लगानी बढाउन आन्तरिक र बाह्य दुवै क्षेत्रको लगानी परिचालन गर्नु आवश्यक छ। आन्तरिक लगानीका स्रोतमा सरकारी लगानी, सङ्गठित निजी क्षेत्रको लगानी, सहकारी तथा सामुदायिक लगानी, असङ्गठित/व्यक्तिगत लगानी पर्दछन् भने बाह्य लगानीका स्रोतमा विदेशी अनुदान, कम ब्याजदरको विदेशी ऋण, प्रत्यक्ष वैदेशिक लगानी पर्दछन्। बढ्दै गएको अनुत्पादक खर्च कटौती गरी सरकारी लगानीलाई अधिकतम् रूपमा उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नुपर्छ। राज्यले विद्युत्, सडक, सञ्चार, खानेपानी, सिँचाइ, विद्यालय, अस्पताललगायतका पूर्वाधारको क्षेत्रमा लगानी वृद्धि गर्नुपर्दछ। सरकारले शिक्षा, स्वास्थ्य र समाजको कमजोर वर्गलाई राहत दिने लोककल्याणकारी कार्यमा बढी खर्च गर्नुपर्दछ। सरकारले आफ्नो कुल खर्चको कमसेकम ५० प्रतिशत रकम विकासमा खर्च गर्ने परिपाटी अवलम्बन गरी यस्तो अनुपात क्रमशः वृद्धि गर्दै ६० प्रतिशत रकम विकास कार्यमा लगाउनुपर्दछ। सहकारीमार्फत लगानी अभिवृद्धि गर्न सुस्पष्ट सरकारी नीति र सो अनुरूपको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ। निजी क्षेत्रको लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण निर्माण गर्न झ्याल ढोका खोलेर सरकारले सहकारी र निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गर्नुपर्दछ।

नेपालमा कुल गार्हस्थ उत्पादनको २१ प्रतिशत ओगट्ने रेमिटान्स भित्रिने गरेको छ। वार्षिक रूपमा ३ खर्ब रुपैयाँभन्दा बढी आएको रेमिटान्स रकमलाई अझैसम्म पनि आन्तरिक अर्थतन्त्रको विस्तार तथा उत्पानशील क्षेत्रमा प्रवाहित गर्ने गरी नीति कार्यक्रम लागू हुनसकेको छैन। आधारभूत सामाजिक-आर्थिक पूर्वाधारहरूको अपर्याप्तता एव्म औद्योगिक विकासको सुरुआतसम्म हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा सरकारी बजेटभन्दा बढी रहेको रेमिटान्स रकमलाई अर्थतन्त्रको उर्जाको रूपमा उपयोग गर्नु आजको आवश्यकता बनेको छ। रेमिटान्स आप्रवाहलाई कसरी अभिवृद्धि गर्ने, कसरी औपचारिक माध्यमबाट मुलुकमा भित्र्याउने र कसरी राष्ट्रिय अर्थतन्त्रको विकासमा प्रयोग गर्ने भन्ने विषयमा अझसम्म सरकार, योजना आयोगले गम्भीर ध्यान दिन सकेका छैनन्। वैदेशिक रोजगारीमा जाने श्रमिकलाई तालिम दिने कुरादेखि रेमिटान्सको उत्पादनशील काममा सदुपयोग गर्ने र नेपाली श्रमिकले विदेशमा आर्जन गरेको सीप र दक्षताको मुलुकमा उपयोग गर्ने कुरासमेत समेट्ने गरी एउटा सुस्पष्ट कार्ययोजना आउनुपर्दछ। नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय योजना आयोग, गैरआवासीय नेपाली सङ्घ, अर्थ, कृषि, जलस्रोत, उद्योग र श्रम मन्त्रालयका प्रतिनिधि रहेको उच्चस्तरिय कार्यदल गठन गर्नुपर्दछ। जुन कार्यदलले उत्पादनका विभिन्न कार्यक्रमसहितको कार्ययोजना तय गरी रेमिटान्स रकमको उचित सदुपयोगको प्रस्ताव तयार गर्नुपर्दछ। १ हजार मेगावाट जलविद्युत् उत्पादनका लागि गैरआवासीय नेपालीका लागि बोण्ड जारी गर्ने, केही जिल्लाहरूमा रेमिटान्स रकमबाट दुई-तीन मेगावाटका ससाना जलविद्युत् योजना अघि बढाउने, फलफूल, दूध, जडिबुटी लगायतका उत्पादनमूलक सहकारी स्थापना गर्ने, यसमा वैदेशिक रोजगारीमा गएका आफन्तहरूलाई संलग्न गराउने आदि विविध खालका उत्पादनशील कामका योजनाहरू कार्यदलले तयार पार्नुपर्दछ। यस्ता परियोजनाका लागि जुटाइएको लगानी नडुब्ने कुराको सुनिश्चितता सरकारले गर्नुपर्दछ। विश्वमा भण्डै ५६ देशमा कार्यरत गैरआवासीय नेपाली सङ्घका इकाइहरूले त्यहाँ कार्यरत नेपाली श्रमिकहरूलाई अनावश्यक खर्च नगर्ने, आफू र आफ्नो परिवारको भविष्यका लागि उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्प्ररित गर्नुपर्दछ। आर्थिक विकासको आजको अवस्थामा रेमिटान्स विकासको गति दिने सशक्त माध्यम बन्नसक्छ। यसको सदुपयोग गर्न हामीले जान्नु परेको छ।

आन्तरिक लगानीबाट मात्र उच्चतम् र द्रुततर आर्थिक विकास सम्भव छैन। यसका लागि विदेशी लगानी आकर्षित गर्न जरुरी छ। नेपालमा विदेशी लगानी ज्यादै कम आउने गरेको छ भने अर्कोतर्फ स्वीकृत लगानी पनि उपयोग हुन सकिरहेको छैन। नयाँ वैदेशिक लगानी आउनुको सट्टा आएको लगानीसमेत फिर्ता हुनथालेको छ। वैदेशिक लगानी ल्याउने त भनिन्छ तर त्यसतर्फ सरकार संवेदनशील देखिँदैन। बाह्य क्षेत्रबाट ठूलो स्तरमा लगानी अभिवृद्धि गर्न उच्चस्तरीय प्रभावकारी लगानी बोर्ड स्थापना गर्नुपर्छ। लगानी बोर्डलाई लगानीकर्ताको विश्वास जित्न आवश्यक पर्ने नीति निर्माणदेखि कार्यान्वयनसम्मका सम्पूर्ण कार्यमा भरपर्दो समन्वयकर्ता, उच्चस्तरीय एवम् विश्वासिलो निकायको रूपमा स्थायित्व दिनुपर्दछ। प्रत्येक ठूला परियोजनाका लागि द्विपक्षीय वार्ता गर्ने, विदेशी लगानीकर्तालाई विश्वास दिलाउने तदनुरूप देशभित्र राजनीतिक र प्रशासनिक सहयोग समर्थन जुटाउने काम यस संयन्त्रले गर्नुपर्दछ। हाल व्यवस्थापिका-संसद्मा छलफलमा रहेको विधयेक अनुरूप लगानी बोर्ड गठन गर्ने हो भने त्यस्तो बोर्डले कुनै प्रभावकारी भूमिका खेल्न सक्दैन। त्यस्तो बोर्ड मन्त्रिपरिषद्को थप एउटा समिति जस्तो मात्रै बन्नेछ। लगानी बोर्ड नेपालमा नयाँ कुरा होइन। विगतमा पनि लगानी बोर्ड गठन गरियो, तर कुनै कार्य गर्न सकेन। किन सकेन ? त्यसको खोजी गर्नुपर्दछ। त्यसलाई विश्वासिलो र प्रभावकारी बनाउन एक स्थापित राजनेताको नेतृत्वमा विभिन्न क्षेत्रका विज्ञहरूलाई समेटेर लगानी बोर्ड गठन गर्नुपर्दछ। लगानी बोर्ड कार्यकारी हुर्नुपर्छ। तर, कार्यकारीको अर्थ विभिन्न मन्त्रालय, विभागबाट गर्ने काम यसले गर्ने भनिएको होइन। विभिन्न निकायसँगको समन्वय र संयोजनमा मुलुकमा लगानी अभिवृद्धि गर्ने यसको मुख्य काम हो। लगानी बोर्डको स्थापनासँगै तीन वर्षको अवधिमा हरेक विकास क्षेत्रमा एक-एकवटा मेगा प्रोजेक्ट सुरु गर्ने कार्यभार सहित यसलाई अघि बढाउनु पर्दछ। प्रशासनिक झन्झट, जटिलता र निर्णय प्रक्रियाको ढिलाइ समाधान गर्न मात्रै सक्ने हो भने ठूलो मात्रामा लगानी वृद्धि हुनसक्छ। यसरी सरकारी, निजी, सहकारी र वैदेशिक लगानी वृद्धिको कार्ययोजनासहित प्रत्येक जिल्लामा एक-एक ठूला प्राजेक्ट सुरु गर्ने हो भने यसले अर्थतन्त्रमा गतिशिलता ल्याउनेछ। जब मुलुकमा लगानी वृद्धि हुन्छ, तब आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारीका थप अवसरको सिर्जना र जनताको जीवनस्तरमा सुधार हुदै जान्छ र छोटो अवधिमै अर्थतन्त्रले नयाँ फड्को मार्न सक्नेछ।

**जनसहभागितामूलक विकासको मोडल- सामावेशी अर्थतन्त्र**

विगत झण्डै ७० वर्षमा नेपालको आर्थिक विकास प्रक्रियालाई अध्ययन गर्ने हो भने राज्यले विकास निर्माणको अभियानमा आम नेपाली जनतालाई समेट्न सकेको देखिँदैन। जबसम्म आर्थिक विकास प्रक्रियामा ग्रामीण जनता, महिला, जाति-जनजाति, आदिवासी, पिछडिएको जनसमुदायलाई समावेश गर्न सकिँदैन, तबसम्म न विकासको प्रक्रियाले गति लिनसक्छ, न त्यो दिगो नै रहन्छ। आर्थिक समृद्धिको प्रतिफल किसान, मजदुर, पिछडिएको जाति, जनजाति र महिलाले पाउने गरी सामाजिक दायरा फराकिलो पार्दै जाने र यी वर्ग समुदायको आर्थिक उन्नतिका लागि विशिष्ट कार्यक्रम बनाउँदै जाने, राष्ट्रको आर्थिक समृद्धिसँगसँगै यी वर्ग समुदायको जीवनस्तरमा सुधार हुँदै जानुपर्ने व्यवस्था मिलाउनुपर्दछ। यसले सामाजिक न्याय र समाजमा शान्ति मात्र ल्याउने होइन, हाम्रोजस्तो अर्थतन्त्रको विकासमा नयाँ गति प्रदान गर्दछ। ग्रामीण जनता, किसान, भूमिहीन सुकुम्बासी, महिला, जाति-जनजाति र दलित जनताको आर्थिक स्थितिमा सुधार भयो भने यी वर्गले लोकतन्त्रको अनुभूति गर्न सक्छन्। उनीहरूको सामाजिक-आर्थिक अवस्थामा सुधार नभएसम्म लोकतन्त्रको कुनै अर्थ हुँदैन। मुलुकको आर्थिक-सामाजिक विकासको मूलधारमा समावेशीकरण र प्राप्त प्रतिफलको न्यायोचित वितरण नहुँदासम्म लोकतन्त्रले स्थायित्व प्राप्त गर्न र मुलकले द्रूत आर्थिक विकास हासिल गर्न सम्भव छैन। यसका लागि

सरकारले ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढाउन शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामीण सडक, सिँचाइ, सञ्चार, ग्रामीण विद्युतीकरणलगायतका भौतिक पूर्वाधारहरूमा लगानी बढाउनुपर्दछ। जिल्ला, नगर र ग्रामीण स्तरका विकास निर्माणका कामको जिम्मा स्थानीय निकायलाई लगाउनुपर्दछ। यिनीहरूले जनसहभागिताका आधारमा स्थानीय विकास निर्माणको काम गर्नुपर्दछ। जब देशभरि नै आम जनसमुदाय विकास निर्माणका काममा हातेमालो गरी लाग्नेछन्, त्यसले मुलुकभर नयाँ माहोल ल्याउनेछ, विकासको गतिमा वेग आउनेछ।

मुलुकमा भएको राजनीतिक परिवर्तनलाई संस्थागत गर्न सामाजिक-आर्थिक संरचनामा परिवर्तन गर्न जरुरी छ। लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने हो भने मुलुमा समावेशी अर्थतन्त्र निर्माण गर्नुपर्छ। उन्नतिशील कृषि, उद्योग र फस्टाउँदो व्यापार आर्थिक समृद्धिका साथै राष्ट्रिय विकासको मूल प्रवाहमा किसान, महिला, मजदुर, विभिन्न जाति, जनजाति, आदिवासी, दलित, पछाडि परेका वर्ग र पिछडिएको क्षेत्रका जनसमुदायलाई अत्यधिक सहभागी बनाउँदै त्यसबाट प्राप्त प्रतिफलमा ती वर्ग तह र तप्काका जनसमुदायले पनि पाउने व्यवस्था नै समावेशी अर्थतन्त्र हो।। समावेशी अर्थतन्त्रले समावेशी लोकतन्त्रलाई सुदृढ गरी सुन्दर, शान्त र समृद्धिको बाटोमा लम्केको नयाँ नेपालको जग हाल्छ।

नेपालको विगत इतिहासले के देखाएको छ भने मुलुकमा भौतिक पूर्वाधार निर्माणमा केही सकारात्मक उपलब्धि भए पनि आर्थिक विकासमा हामी असफल भएको कटु यथार्थलाई स्वीकार गर्नुपर्छ। बितेका २ सय वर्ष हामी अँध्यारोमा बस्यौं। तथापि, नेपाल र नेपाली भएर बाँचिरहयौं। तर एक्काईसौं शताब्दीमा हाम्रा दुई छिमेकी देशहरू जुन द्रुत गतिको साथ आर्थिक समृद्धितर्फ लम्किरहेका छन्, यस्तो बखत हामी अलग बसौंला भन्ने अवस्था छैन। हाम्रा लागि अब विकास रोजाइ होइन, अस्तित्वको लडाइँ पनि हो। आर्थिक विकास गर होइन भने विनास होऊ, त्यसबाहेक अर्को विकल्प हाम्रासामु छैन। त्यसकारण आर्थिक विकास अबको अस्तित्वको लडाइँ पनि हो। तसर्थ सम्पूर्ण राष्ट्रको ध्यान आर्थिक विकास गर्नेतर्फ केन्द्रित गर्नु जरुरी छ। नेपालमा द्रुतगतिमा आर्थिक विकास गर्ने हो भने सबैभन्दा पहिले यसका लागि स्पष्ट राजनीतिक प्रतिबद्धता हुनैपर्दछ। आर्थिक विकास गर्ने कुरा मूलतः राजनीतिक निर्णय र अठोट हो। उक्त प्रतिबद्धता पूरा गर्न दीर्घकालीन अवधारणा तयार गरी कार्यान्वयन पक्षमा इमानदारी र जावफदेही देखाउन सक्नुपर्दछ। अठोट र दृढ प्रतिबद्धताका साथ लाग्ने हो भने आर्थिक विकासमा सफलता प्राप्त गर्न सम्भव छ। आगामी २० वर्षमा नेपाल एक विकासोन्मुख राष्ट्रका रूपमा स्थापित हुनसक्ने छ। ❏

# नेपालमा भूमि–सम्बन्ध र वैज्ञानिक भूमिसुधार

❏ डा. शिव शर्मा

**१. परिचय**

सन् २००८ सेप्टेम्बरमा लिज एल्डेन विली, देवेन्द्र चापागाईं र शिव शर्माले डीएफआईडी नेपालका लागि गरेको अध्ययनका निष्कर्षहरूको सारसंक्षेप यस आलेखमा प्रस्तुत गरिएको छ। यसको उद्देश्य नेपालमा जमीनको पुनःवितरणमूलक भूमिसुधार सम्बन्धी विषयहरूबारे  जानकारी गराउनु हो। यसले तीन प्रश्नहरूमा ध्यान केन्द्रित गरेको छ : (क) (वैज्ञानिक) भूमि सुधार के हो र यो किन गर्ने ?  (ख) नेपालमा भूमिसुधारका प्रयत्नहरू किन विफल रहे ? (ग) भूमिसुधारको रणनीतिमा के परिवर्तन महत्वपूर्ण होला र त्यसको उपलब्धि के होला ?

२. **अध्ययनका मूल निष्कर्षहरू**

२.१ **नेपालमा भूमिसुधार मूलतः विफल**

नेपालमा भूमिसुधार नौलो विषय होइन, किनभने यसको थालनी सन् १९५० को दशकमा नै भएको थियो। केही सफलताहरू हासिल भएका पनि छन्। जस्तैः सुरूआतमा नै स्थानीय ठालुहरूमा निहीत भूमि प्रशासन गर्ने अधिकार हटाइएको थियो र केही समयअघि केही अति गरिबलाई जमिन वितरण गरिएको छ। त्यस्तै महिलाहरूको नाममा रजिष्ट्रेशन पास गर्दा लाग्ने शुल्कमा सहुलियत दिई उनीहरूलाई आफ्नै नाममा जग्गा राख्न प्रोत्साहित गरिएको छ। निजी जमिनको सानो हिस्सा (१ प्रतिशतभन्दा कम) पुनःवितरण गरिएको छ र १ लाख ८० हजार ६ सय हेक्टर दर्तावाला मोहीलाई उनीहरूले कानूनतः पाउने हिस्सा दिलाउनका लागि छुट्याइएको छ। तर, यसको कार्यान्वयन आंशिक रूपमा

मात्र भएको छ । तराई भेगमा खेती विस्तार गर्ने र सुकुम्बासी समस्यालाई नियमित गर्ने उद्देश्य अनुरूप सन् १९७० र १९८० का दशकहरूमा भूमिहीन गरिब परिवारहरूले जमिन प्राप्त गरे । तर, यस्ता परिवारको सङ्ख्या अज्ञात छ ।

जे भए तापनि वास्तविक जोताहालाई जमिनमा सुरक्षित, यथेष्ठ र समतामूलक पहुँच दिलाउनु शास्त्रीय भूमिसुधारको आधारभूत कार्य हो, जुन नेपालमा सुधारको आधा शताब्दीमा हुन सकेको छैन । कागजी रूपमा प्रतिपरिवार जमिनको क्षेत्र त घटेको छ, तर यो हदबन्दी लागू गर्ने प्रयासबाट भन्दा पनि अन्तरपुस्ता अंशबन्डा र जग्गा लुकाउने हेतुले पारिवारिक सदस्यहरूमा वितरण गर्ने कार्यबाट भएको हो ।

हदबन्दी निर्धारित भए पनि जमिनको वितरण विषमता सन् १९५० भन्दा अहिले उल्लेख्य रूपमा कम हुनसकेको छैन । साथै, एकातिर खेतीयोग्य जमिन बाँझो राखिएको छ भने अर्कातिर ग्रामीण जनसंख्याको कम्तीमा आधा (अर्थात् अनुमानित करिब ३० लाख घरपरिवार) सँग या त जमिन नै छैन या भएको सीमित जमिनबाट उनीहरूको जीवन निर्वाह हुँदैन । अतिरिक्त आय आर्जन गरी आफू चुर्लुम्म डुबेको ऋणबाट उन्मुक्त हुने र खेतीमा लगानी गर्ने उनीहरूको सपना साकार हुने कुरा त कता हो कता ? हालै १२ हजार १९ मुक्त कमैयालाई मुलुकको सीमित भूभागमा केवल १ हजार ६ सय ९ हेक्टर जमिन उपलब्ध गराउने कार्यलाई भने पुनःवितरणको दिशातर्फ ठोस उपलब्धि मान्न सकिन्छ । तैपनि यो जमिन निजी तवरमा खेती गरिएको क्षेत्रबाट नभई सीमान्त सार्वजनिक जमिनबाट उपलब्ध गराइएको देखिन्छ । अर्कातर्फ कानुनले गरेको व्यवस्थाअनुसार मोहीले पाउनुपर्ने जग्गा उनीहरूको नाममा दर्ता गराउने कार्य भने अनिश्चित छ । किनभने अदालत/भूमि प्रशासनमा यस्तै प्रकृतिका १ लाखभन्दा बढी मुद्दा अनिर्णित छन् । ती मुद्दाहरूमा जटिल र अनावश्यक सर्भेक्षणको दरकार पर्दछ ।

## २.२ निराशाजनक उपलब्धि

विश्वका अन्य देशहरूमा भएको पुनःवितरणसम्बन्धी सुधारको दाँजोमा नेपालको उपलब्धि न्यून छ । ग्रामीण घरपरिवारमध्ये ६० प्रतिशतभन्दा बढीलाई जमिन उपलब्ध गराई कुल झन्डै १ अर्बलाई फाइदा पुऱ्याउने उल्लेख्य मुलुकहरूमा भियतनाम, चीन, ताइवान, जापान, कोरिया, क्युबा, इथियोपिया, मेक्सिको, रूस र आर्मेनिया पर्दछन् । तथापि नेपालमा भएको प्रगति समग्ररूपमा भारतको पश्चिम बङ्गाललाई छोडेर भारतीय महाद्वीपभन्दा फरक छैन ।

## २.३ कृषिमा आधारित अर्थतन्त्रमा सुधारको असफलताको कारण समग्र आर्थिक सामाजिक रूपान्तरण सम्भव हुन सकेन

अप्रभावीरूपमा लागू सुधारबाट उत्पन्न अनिश्चितता नै कृषि विकास र समुन्नतिको प्रमुख बाधक हुनपुग्यो । सन् १९५७ मा पहिलो महत्त्वपूर्ण भूमिसुधार ऐन लागू भएको आधा शताब्दी बितिसक्दा पनि न त जग्गावाला न मोही र श्रमिक कसैसँग पनि उत्पादनको आधारभूत साधन अर्थात् भूमिमाथि स्पष्ट र दिगो नियन्त्रण छैन । यसले गर्दा कृषि पेशाबाट श्रमको पलायन प्रमुख निकासजस्तो हुन गएको छ । तर, यस प्रक्रियामा अति गरिब भने सहभागी हुनसकेका छैनन् । परिणामस्वरूप कृषि गतिहीन हुन पुगेको छ । यथार्थमा अझ बढी निराशाजनक पक्ष के रह्यो भने कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नहुँदा र सुधारप्रति गम्भीर नहुँदा अधिकांश विपन्न वर्गको अवस्था अझ नाजुक हुँदैछ ।

कृषि क्षेत्रमा हासिल भएका केही सफलताका पछाडि पनि पीडादायी पक्षहरू लुकेका छन् । उदाहरणका लागि हदबन्दी निर्धारणको प्रमुख परिणाम आफ्नो स्वामित्वको जग्गा भयो । त्यस्तै, भूमिसम्बन्धी अभिलेखको विश्वसनीयताप्रति पनि गम्भीर प्रश्न खडा भएको छ । मोही दर्ताको प्रावधानले बेदखलीलाई प्रोत्साहित गरेको छ र भूमिमा आश्रित गरिब भूमिहीन हुन पुगेका छन् । मोहियानी व्यवस्थाको तथाकथित आधुनिकीकरण गर्ने क्रममा समुदायहरूको परम्परागत भूमिमाथिको अधिकार विचलित भएको छ । यसै ऐतिहासिक असफलताको जगमा भूमिसुधारलाई प्रमुख नारा बनाई माओवादीले विद्रोह सुरु गरे र गृहयुद्ध चर्कियो । सामन्तवादको संस्थागत आधार कमजोर भएको छ तर यसका रैतीहरू मुक्त भएका छैनन् ।

सन् २००८ सम्ममा सामन्तवादका अवशेषहरू कायम छन् भन्ने कुरा सरकारी दस्तावेजहरूमा नै स्वीकारिएको छ । कानुनीरूपमा पटकपटक निषेध गरिए पनि चरम पीडापूर्ण दासप्रथा कायम छ । मोहियानी र श्रमसम्बन्धको निरन्तर शोषण तथा गरिब घरपरिवारसँग खेतीयोग्य पर्याप्त जमिन नहुँदा उनीहरू गम्भीर रूपमा ऋणमा डुबेका छन् र यो स्थिति व्यापक छ ।

त्यसैगरी, गैरहाजिर जमिनदारी प्रथा उन्मूलन भएको छैन । निरन्तरको आर्थिक पछौटेपनसँग यो प्रथा गाँसिएको छ, जसअन्तर्गत हुनेखानेले श्रमको ज्याला न्यून राखी आफू बढी फाइदा लिन्छन् । यस्तो फाइदाको आकर्षणकै कारण उनीहरू जमिन र सस्तो श्रममा लगानी गरी उत्पादन बढाउन र विविधीकरण गर्नुको साटो परम्परागत खाद्यान्न उत्पादनलाई निरन्तरता दिन्छन् । सामन्त भूमिपतिहरू नै जमिनका पहुँचवाला र कर असुलकर्ता हुने प्रचलन सामन्ती व्यवस्थाको आधारशीला हो । यिनको प्रभुत्वलाई कमजोर पार्न भने भूमिसुधार सफल भएको छ । तथापि यस्ता जमिनदारले गुमाएको शक्ति साधारण नागरिकमा नभई केन्द्रीकृत राज्यमा स्थानान्तरित हुन गएको छ ।

## २.४ सुधारअन्तर्गत गरिएको सामूहिक सम्पतिको राष्ट्रियकरणमा लागेको प्रश्नचिह्न

सुधारले वन, खेर गएको जमिन तथा चरन क्षेत्रको राष्ट्रियकरण र यस्ता जमिनमाथिको पारम्परिक सम्पति-अधिकार हटाएर राज्यलाई अधिकांश जमिनको मालिक बनाएको छ । यस कार्यले पनि बहुसंख्यक गरिबलाई हानि पुऱ्याएको छ । उत्तर-सामन्ती र उत्तर-औपनिवेशिक सुधारलगायत भूमिसम्बन्धको तथाकथित आधुनिकीकरणको यो ढाँचा विश्वव्यापी रूपमा अवलम्बन भएको पाइन्छ । अब यसलाई उल्ट्याउन जरूरी भएको छ ।

## २.५ कतिपय हिसाबले आधुनिकीकरणले ध्रुवीकरणलाई मद्दत

सुरुआतदेखि नै र खासगरी सन् १९५० को दशकयताको सफल भूमिसुधारले जमिनलाई किनबेच हुनसक्ने निजी सम्पतिका रूपमा स्थापित गर्नमा जोड दिएको छ। त्यसभन्दा पहिले जमिन सजिलैसँग बिनामुआब्जा राजा र राज्यले फिर्ता लिनसक्ने व्यवस्था थियो। मोही वा श्रमको संरक्षण नहुने यस व्यवस्थामा पनि बहुसंख्यक जनताको अधिकार र सुरक्षाको न्यूनीकरण गरिन्थ्यो र अन्ततः ठालु वर्ग र जोताहाबीचको विभेदको खाडल स्थापित हुन्थ्यो। यस्ता ठालु सूचीकृत जमिनदारमा परिणत भए र जोताहा मोहीमा।

**२.६ अपरिपक्व मोहियानी सुधारको उल्टो नतिजा**

अनिश्चिततापूर्ण मोहियानी रणनीतिले जोताहालाई जमिन उपलब्ध गराउने कार्यलाई झन् जटिल तुल्याएको छ। यसमा अन्तरनिहीत कमजोरीका कारणले जमिनमाथिको पहुँच र श्रमस्थितिको दृष्टिले मोही पहिलेभन्दा अझै कम सुरक्षित हुन पुगेका छन्। वर्तमान व्यवस्थामा जमिनदारले उनीहरूलाई पूर्णरूपमा विस्थापित गर्न सक्छन् वा फरक शर्तमा वार्षिक रूपमा प्रयोग गर्न सक्छन्। सामन्ती सम्बन्धमा अन्तरनिहीत दायित्वबाट यसरी मोही होइन बरू जमिनदार मुक्त भए।

दर्ता भएका मोहीलाई कमाएको जग्गाको एक हिस्सा दिने योजना स्वागतयोग्य थियो तर त्यसको कार्यान्वयन फितलो रह्यो। एकातिर जमिनको अभाव रहने र अर्कोतिर उपलब्ध जमिनको पूर्ण प्रयोग नहुने, जमिनदारले मोही तैनाथ गर्दा जमिनमा आफ्नो हक माग्ने जोखिम झेल्नु सट्टा आफ्नो जमिन बरू बाँझो छोड्न रुचाउने भए। राज्यले पनि यसो गर्न छुट दिने जस्ता असफल सुधारका परम्परागत कमजोरीहरूले बढावा पाए।

**२.७ असफलताको मूल कारक सुधार गर्ने दृढताको अभाव**

अन्यत्रको कमजोर र असफल पुनःवितरणमुखी सुधारका अनुभवहरू नेपालको हकमा पनि प्रतिबिम्बित हुन्छन्। राज्यले निरन्तररूपमा जमिनदारहरूलाई नयाँ कानुनी प्रावधान उल्लङ्घन गर्न वा त्यसलाई आफू अनुकूल मोड्न यथेष्ट ठाउँ छोडेको थियो। यसले कानुनी राज्यको अवधारणालाई धरापमा पारेको छ। घोषित नीति र विद्यमान कानुन लागू गर्नमा राज्यको कमजोर इच्छाशक्ति नै यो कमजोरीको द्योतक बन्यो। यथास्थितिलाई परिवर्तन गर्न नचाहने प्रवृत्ति, खास गरी विगत आधा शताब्दीमा क्रमिक रूपमा विकसित परिस्थितिमा पुनःवितरणको उद्देश्य प्राप्ति झन् जटिल हुनपुग्यो। समग्ररूपमा, खासगरी सन् १९८० को दशकयता विश्वयुद्धपछिको धरपकडयुक्त अवस्था विद्यमान नहुँदा नेपालमा सुधारका कदमहरू चाल्न ढिलो भइसकेको थियो। यो परिस्थिति ल्याटिन अमेरिकामा पनि आमरूपमा विद्यमान थियो। तसर्थ, नेपालका लागि मात्र मौलिक थिएन।

खासगरी सन् १९४० देखि १९६० को दसकसम्म अरू मुलुकमा भएका सफल भूमिसुधारले यो अवरोधलाई सामना गर्नुपरेन। यसका प्रमुख विशेषताहरू निम्न देखिन्छन् :

(क) बलपूर्वक, व्यापक र छिटो कार्यान्वयन, जसमा जमिनदारहरूले घोषित नीति उल्लङ्घन गर्ने र अटेर गर्ने अवसर पाएनन्। सबभन्दा बढी सफल अभियानहरू दुईदेखि पाँच वर्षमा सम्पन्न गरिए,

(ख) घरपरिवारलाई जमिन उपलब्ध गराउनुको अतिरिक्त उनीहरूलाई स्वतन्त्र उत्पादकको हैसियतमा प्रतिस्पर्धी खेती गर्न र आत्मनिर्भर हुन ठोस र भरपर्दो सहयोगको व्यवस्था गरियो,

(ग) सिँचाइ र सडक निर्माण, बिउ र मलखाद आपूर्ति, प्रविधि, एवम् सुलभ बजार प्रणाली विस्तारमा उल्लेख्य लगानी गरी समग्ररूपमा कृषि क्षेत्रलाई सहयोग पुऱ्याइयो,

(घ) चरम ऋणमा डुबेको अवस्थाले सुधारलाई अवरोध पुऱ्याउँछ भन्ने तथ्यलाई आत्मसात् गरी अति गरिब घरपरिवारलाई सिधै लक्षित गरी सस्तो ब्याजदरमा र सुलभ ऋण दिगो रूपमा उपलब्ध गराइयो,

(ङ) भूमिसुधारलाई सावधानीपूर्वक निर्मित कृषि लगानी कार्यनीतिसँग आबद्ध गरी यसलाई सोचविचारपूर्वक गैरकृषि औद्योगिकीकरणतर्फ उन्मुख गरियो,

(च) प्रचलित बजारमूल्यभन्दा निकै कम दरमा जमिनदारलाई क्षतिपूर्ति दिएर तथा उनीहरूलाई सरकारी शेयर र ऋणपत्र प्रदान गरेर पुनःवितरणलाई बजारबाहिर राखियो। यस्ता शेयर ऋणपत्रको भुक्तानी उत्पादनशील गैरकृषि उद्यममा लगानी गरेमा मात्र पाउने व्यवस्था गरियो। साथै, त्यस्ता उद्यमलाई प्रोत्साहित गर्न राज्यले सहायता उपलब्ध गरायो, र

(छ) सुधारको कार्यान्वयन, नियमन तथा अनुगमन कार्यमा सुरुदेखि नै जमिन पाउनेहरूलाई संलग्न गराइयो।

माथिका विशेषताहरूमध्ये केही आवश्यक ठानिए पनि १९९५ सालको उच्चस्तरीय भूमिसुधार आयोगले विस्तृत रूपमा समावेश गरेका र केही हदसम्म सन् २००८ मा पुनः जोड दिइएका जस्ता कुराहरू नेपालमा कुनै पनि कार्यान्वयन गरिएनन्।

यो असफलताका प्रमुख कारकहरूमा इमानदार राजनीतिक प्रतिबद्धताको अभाव, हुनेखानेबीच सुविधा त्याग्ने अनिच्छा तथा लामो अवधिदेखि विद्यमान जमिनदार र माथिल्लो तहको कर्मचारीतन्त्र बीचको साझा स्वार्थमा आँच आउन नदिने साँठगाँठ आदि रहे।

अर्को विश्मयकारी पक्ष के रह्यो भने सोही अवधिमा नेपालको बढ्दो प्रजातान्त्रीकरणले समेत सहयोग पुऱ्याउन सकेन। राम्रो होस् वा नराम्रो सैनिक सर्वसत्तावाद बीसौं शताब्दीको सफल भूमिसुधारको साझा तत्त्व रह्यो। नेपालको सन्दर्भमा यो परिस्थिति कहिल्यै आएन। हालैका वर्षहरूमा कठोर शासनको सट्टा लोकप्रिय सुधारको बाटो सफल भूमिसुधारको पूर्वसर्त बनेको छ। तर, यस्तो सुधारका लागि साँचो अर्थमा विकेन्द्रित र क्रियाशील भूमि प्रशासनको दरकार पर्दछ।

**२.८ अवरोध र चुनौतीहरू यथेष्ट रहे पनि सुधारका लागि विद्यमान सकारात्मक अवस्था**

नयाँ नेपालले भूमिसुधारप्रतिको प्रतिबद्धतालाई पुनः महत्त्व दिएको छ। पुनःवितरण र आर्थिक वृद्धिबीचको अन्तर्सम्बन्ध, कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकताको बोध तथा चरम असमानता र श्रम शोषण अन्त्य गरिनुपर्ने तथ्यलाई मनन गरी यसलाई अब वैज्ञानिक भूमिसुधार भनिएको छ। त्यसमा सम्भाव्य सफलता हासिल गर्नमा निम्न सकारात्मक पक्षहरू उल्लेख्य छन् :

(क) कृषिको निरन्तर गतिहीनताप्रति बढ्दो नैराश्य तथा सुधारको असफलता नै गतिहीनताको कारक हो र यसको निराकरण हुनुपर्दछ भन्ने बुझाइ,

(ख) विगतका अवसरबाट वञ्चित भूमिहीन, भूमिगरिब र शोषित वर्गको सही रूपमा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी लोकतन्त्रको पुनःसंरचना,

(ग) समग्रमा राजनीतिक चेतनाको अभिवृद्धिका कारण ग्रामीण गरिबले आफ्नो आवाज उठाउन सक्ने परिस्थिति,

(घ) भूमिसम्बन्धी वास्तविक मर्का र त्यो मर्का कसरी सजिलैसँग हिंसामा परिणत हुनसक्छ भन्ने १० वर्ष लामो द्वन्द्वको अनुभव,

(ङ) सामन्ती सम्बन्ध सदाका लागि अन्त्य हुनुपर्छ भन्ने सबै राजनीतिक दलको सैद्धान्तिक ऐक्यबद्धता र सामन्ती सम्बन्ध अन्त्य गर्न 'वैज्ञानिक भूमिसुधार'प्रति दर्शाइएको प्रतिबद्धता,

(च) अधिकांश कृषि प्रधान समाजमा कृषि नै जीविकाको आधारशीला रहेको र कुल विश्व जनसंख्यामध्ये यस्ता ३ अर्बको दुरूह स्थितिप्रति विश्वव्यापीरूपमा अभिरूचि र सुधारप्रति बढी सकारात्मक अन्तर्राष्ट्रिय वातावरण,

(छ) पुनःवितरणमुखी सुधार सामन्तवाद र औपनिवेशिकताविरोधी स्थितिबाट परिस्कृत भई मानव अधिकारका परिप्रेक्ष्यमा अभिव्यक्त हुनु,

(ज) भूमिसुधार सामाजिक र आर्थिक रूपान्तरणको माध्यम हो भन्ने विश्वव्यापी बुझाइको विकास। यसभन्दा पहिले यो अन्तर्सम्बन्धबारे शङ्का व्यक्त गरिन्थ्यो र यस्तो रूपान्तरणका लागि ठूला भूमिपतिको आवश्यकतामा जोड दिइन्थ्यो। हाल आएर ग्रामीण र त्यसैसँग आबद्ध सहरी गरिबीलाई निरन्तरता दिन भूमिहीन र आवासहीनको भूमिकाबारे बढ्दो समझदारी कायम भएको छ। यो तथ्य कृषि प्रधान अर्थतन्त्रमा गहिरोरूपमा बढी चरितार्थ हुन्छ। यस्तो सुधारबेगर आशातीत औद्योगिक क्रान्तिको गति मन्द हुन्छ र यसले बढ्दो श्रमशक्तिलाई रोजगारी दिन सक्दैन भन्ने बुझाइ व्यापक हुनु,

(झ) यद्यपि, समतामा आधारित कृषि जमिनको वितरण आर्थिक वृद्धिको पूर्वशर्त होइन, तथापि कृषिमा आधारित अर्थतन्त्रमा योबिना शान्तिपूर्ण र दिगो वृद्धि हासिल गर्न कठिन हुन्छ भन्ने बुझाइ रहनु।

**२.९ पुनःवितरण गर्न नेपाल साँच्चै दृढ छ भन्नेमा आशंका**

वैज्ञानिक सुधारका अगुवा हिमायतीको दूरदृष्टि (उदाहरणार्थ सन् २००८/०९ को अर्थ मन्त्रालयको बजेट वक्तव्य) मा स्पष्टताको अभाव छ। उक्त बजेटमा जोताहालाई जमिन उपलब्ध गराउने स्पष्ट योजना तर्जुमा नगरी उत्साहका साथ कृषिको व्यापारीकरण गर्ने भनिएको छ। यसले पुनःवितरणलाई केवल साङ्केतिक रूपमा मात्र सम्बोधन गरी जोखिममा पार्ने सम्भावना छ। उदाहरणस्वरूप अति गरिबलाई सार्वजनिक र सीमान्त जमिनको सानो टुक्रा (विद्युत् प्रसारण लाइनमुन्तिरको जग्गा समेत) उपलब्ध गराउने योजना अघि सारिएको छ र यो सीमान्ततालाई सहकारी खेतीमार्फत हल गर्न खोजिएको छ। यसबाट जमिनको आवश्यकतामा रहेको ठूलो जनसंख्यालाई गरिबभन्दा गरिबको सानो हिस्सामा सीमित गराउने कल्याणकारी नीति अबलम्बन गर्न खोजिएको आभास हुन्छ।

निजी स्वामित्वमा रहेको जमिनमा हदबन्दी लगाउने वा यस्तो जमिन पुनःवितरण गर्ने कुरा बजेट र नीतिहरूमा उल्लेख छैन। आफ्नो जग्गा बाँझै छाड्नेहरूलाई यस्तो जग्गा अधिग्रहण हुने चिन्ता हुनेछैन। उनीहरूले केवल बढी कर तिरे पुग्ने व्यवस्था गरिएको छ। यस्तो व्यवस्थाले उनीहरूलाई आफ्नो जग्गा बिक्री गर्न प्रोत्साहित गर्नेछ। किन्नसक्नेले किन्छन् तर गरिब र जग्गा चाहिएकाहरूले जग्गा किन्न सक्तैनन्। यस अवस्थाले जग्गाको पुनःवितरणको विषय बाहिर पर्दै गएको निष्कर्षतर्फ सङ्केत गर्दछ। अहिले नै निष्कर्ष निकाल्न नसकिए पनि व्यापक र प्रभावकारी पुनःवितरणतर्फ नयाँ नेपाल कति प्रतिबद्ध छ भन्ने प्रश्न टड्कारो रूपमा खडा भएको छ। प्रतिबद्धतामा ह्रास हुनुमा कुन हदसम्म राजनीति प्रमुख कारण हो भन्ने कुरा विस्तारै उजागर हुँदै जाला। कथम्कदाचित् भविष्यमा माओवादीले चुनाव जितेमा के यो पुनःजागृत होला ? अथवा, यो ह्रास बृहत् गृहकार्यपछि अवलम्बन गरिने रणनीतिको अभावमा भएको हो भन्ने जस्ता प्रश्न अनुत्तरित नै छन्।

जे भए पनि वैज्ञानिक भूमिसुधार सामन्ती भूस्वामित्व निर्मूल गर्ने संवैधानिक प्रतिबद्धताको रूपमा (अन्तरिम संविधान २०६३) जाहेर भइसकेको छ। संविधानका शब्दमा भए पनि 'जसको जोत उसको पोत' एउटा आधारभूत तत्त्वको रूपमा आएको छ। यही कुरालाई प्रमुख राजनीतिक दलहरूको न्यूनतम साझा कार्यक्रम (सन् २००८)ले पनि स्वीकारेको छ।

**२.१० पुनःवितरणको मागमा कमी आएको छैन**

जग्गा पुनःवितरणको टड्कारो आवश्यकता छ। विगतका दसकहरूमा सङ्गठित हुँदै भूमि गरिब तथा भूमिविहीन भनिएकाहरूले बढ्दो रूपमा सङ्गठित शिविरमा सार्वजनिक जमिन ओगटिराखेका छन्। सुधारका लागि स्थानीय गैरसरकारी संस्थाहरूले सरकारलाई दबाब दिने क्रम जारी छ। जनता र सरकारबीचको सम्बन्ध र अधिकारलगायतका मामलामा सुधारको माग उच्च छ। यो बढ्दो हड्ताल तथा प्रदर्शनमा प्रतिबिम्बित भएको छ। तसर्थ विगतका असफलताहरूलाई सुल्ट्याउने अवसर अहिले नै हो।

**२.११ सुधारलाई नै सुधार गर्नुपर्ने खाँचो**

सुधारलाई सार्थक बनाउन नयाँ परिवेशमा नयाँ रणनीतिको दरकार पर्दछ। विद्यमान 'वैज्ञानिक भूमिसुधार'को अवधारणामा भने प्रस्ट रूपमा यो प्रतिबिम्बित हुन सकेको छैन। अन्य ज्वलन्त सवालहरूलाई पन्छाउँदै परम्परागत भूमिसुधारका जमिनदार-मोही सम्बन्धी पारम्परिक पक्षमा नै सीमित राखिनुहुँदैन। नयाँ उजागर भएका सवालहरूमा बढ्दो सहरीकरण र आवास विकासले सिर्जना गरेको चुलिँदो मुनाफामुखी जग्गाको कारोबारले सहरवरिपरिका गरिब घरपरिवारमाथि परेको प्रभाव र यसलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता पनि छ।

अधिकारको अभिलेखीकरण मात्र नभई मोहियानी सुधारमार्फत यसलाई सुनिश्चित गर्न विद्यमान अभिलेख प्रणालीको पुनःमूल्याङ्कन हुनु पनि जरूरी छ। सहीरूपमा स्थापित यस्तो प्रणालीले करिब २० लाख घरपरिवारलाई आफ्नो आवास र ओगटेको जमिनको कानुनी दर्ता सुनिश्चित गर्नुपर्ने हुन्छ। अहिले गाउँमा र वरिपरिका क्षेत्रमा सार्वजनिक जग्गा जबर्जस्ती ओगट्ने प्रवृत्तिको रूपमा अगाडि आएको छ। कर्मचारी र दलालले स्वामित्वको दर्ता र बेचबिखन गर्ने प्रणालीलाई आफ्नै स्वार्थसिद्धिका लागि दुरूपयोग गर्नसक्ने सम्भावनाहरूलाई पनि निर्मूल गर्नुपर्ने हुन्छ।

अर्को महत्त्वपूर्ण सवाल निजी र सार्वजनिक सम्पत्तिसम्बन्धी परम्परागत वर्गीकरण तथा हालको परिप्रेक्ष्यमा यसको उपादेयता र न्यायसङ्गतता हो। सामुदायिक र खासगरी आदिवासी जनजातिको संयुक्त अधिकार ओझेलमा पारी प्रायः सबैजसो सार्वजनिक जग्गा राज्यको स्वामित्वमा परिणत गरिएको छ। राज्य यो हैसियतबाट पूर्णरूपमा अलग भई भूमि प्रशासनलाई मात्र होइन, मोहियानी व्यवस्थापनलाई समेत विकेन्द्रित गर्नु बढी आधुनिक र प्रजातान्त्रिक विकल्प हुनजान्छ।

एक दशकभित्र नेपालको सम्पूर्ण भूक्षेत्र हजारौं सामुदायिक भूखण्डमा पुनःस्थापित हुनसक्ने व्यावहारिक सम्भावना छ। महत्त्वपूर्ण संरक्षित र व्यवस्थित वनक्षेत्र पनि सामुदायिक स्वामित्व र व्यवस्थापनअन्तर्गत रहनेछन्। ती क्षेत्रहरू राष्ट्रिय र सङ्घीय संरक्षण, नियमन र निगरानीअन्तर्गत संचालित हुनेछन्। यस्तो पुनःसंरचनाको क्रममा गुम भएका र अहिले आएर मान्यताका लागि सङ्घर्षरत पारम्परिक अधिकारहरूको पहिचान भई पुनःस्थापित हुनसक्नेछन्। यसका लागि गाविसपिच्छेको पुनःसंरचना वाञ्छनीय हुनेछ।

सारांशमा, भूमिसुधारले विहङ्गम र ताजा दृष्टिकोण अपनाउनुपर्ने हुन्छ जसमा हालसम्म धरापमा परेको नेपालको भूमिसम्बन्धले अग्रगामी बाटो पहिल्याउन सकोस्। यसका लागि सुधारलाई केबल कृषि भूमिको वितरण र कृषिको व्यावसायिकीकरण जस्ता वैज्ञानिक भूमिसुधारका आधारभूत पक्षमा मात्र सीमित नगरी माथि उठाइएका जल्दाबल्दा सवालहरूलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ।

**२.१२ समुदायमा आधारित भूमिसुधार नै अग्रगामी बाटो**

पूर्णरूपमा विकेन्द्रित अवधारणाले सही मार्ग दिनसक्छ। यसले निम्न तीन पक्षमा जोड दिनुपर्छ। पहिलो, कृषि जमिनमाथिको अधिकार र आबद्ध मोहियानी/श्रमिक सम्बन्ध केन्द्रित समुदायमा आधारित पुनःवितरणमुखी सुधार, दोस्रो, समुदायमा आधारित भूमि प्रशासन जसका मातहतमा समुदाय आफैंले आफ्नो जमिनको स्वामित्व र कारोबारको अभिलेख राख्ने, व्यवस्थापन गर्ने तथा सम्बन्धित विषयमा निर्णय गर्छन् तथा तेस्रो, बढी समावेशी हुने गरी गाउँ क्षेत्रको पुनः सीमाङ्कन, जसअनुरूप अझै यसको नियन्त्रणबाहिर रहेका कतिपय स्रोतहरू नियन्त्रणमा ल्याइने छन् (खास गरी तराइ क्षेत्रमा)। उदाहरणार्थ, प्रत्येक समुदायलाई सामन्ती संरचना विस्थापित गर्ने विकेन्द्रित अधिकार प्रदान गर्न कानुनी व्यवस्था गरिनेछ। यस व्यवस्थामा शोषणमुखी मोहियानी समस्या निराकरण गर्ने अधिकार, बाँझो जमिन खेतीमा ल्याउने प्रावधान र हदबन्दीमाथिको जमिन पुनःवितरणको सुपरीवेक्षण गर्ने व्यवस्था हुनेछ। हदबन्दी सीमा सम्बन्धित समुदाय स्वयम्ले निर्धारण गर्नेछन्। यस सन्दर्भमा लामो अवधिदेखि हल हुन नसकेको सुकुम्बासी समस्या (अर्थात् दर्ता नभएका घरपरिवारले सार्वजनिक जग्गा भोगचलन गर्दै आएको परिस्थिति) निराकरणका लागि यस्तो जग्गा उपभोगको नियमन गर्ने र दर्ता गर्ने अधिकार समुदायलाई दिने व्यवस्था हुनु वाञ्छनीय छ। यी र यस्तै अन्य सम्बन्धित पक्षमा क्रियाशील हुँदा समुदायहरूले राष्ट्रिय र अन्ततोगत्वा सङ्घीय स्तरबाट जारी हुने बाध्यात्मक सिद्धान्त, सीमा र मार्गदर्शनको भने पालना गर्नुपर्नेछ।

समुदायले कुन प्रक्रियाद्वारा उनीहरूको निर्णय र क्रियाकलापबाट बहुसंख्यकको इच्छा सुनिश्चित हुन्छ भन्ने कुरा यस्तो मार्गदर्शनमा उल्लेख हुनेछ। अति गरिब घरपरिवारलाई समावेश गर्ने संयन्त्र निर्माणबारे उल्लेख हुनेछ। यो सुनिश्चित हुन किन पनि आवश्यक छ भने गरिब किसानहरू परम्परागत रूपमा ठूला भूमिपति र उनीहरूसँग तालमेल राख्ने प्रशासन तन्त्रको चेपुवामा पर्दै आएका छन्। माथिबाट लादिएको भन्दा समुदायमा आधारित व्यवस्थाले नेपालको रूपान्तरणमा निर्णायक भूमिका निर्वाह गर्ने युवाशक्तिलाई बढी प्रभावकारी तवरले सहभागी गराउनुपर्नेछ। जिल्लास्तरीय स्वायत्त टोलीहरूले समय-समयमा समुदायहरूको क्रियाकलापको निरीक्षण र निगरानी गर्नेछन्। गाविसहरूलाई अहिले नै प्रदत्त विवादको मध्यस्थता गर्ने अधिकारलाई पनि व्यवहारमा क्रियाशील तुल्याइनेछ।

कर्मचारीतन्त्र नियन्त्रित सुधारमा सुरूमा सक्रिय देखिए पनि अन्ततोगत्वा पुरानै निस्क्रियतामा फर्कने सम्भावना रहन्छ। विकेन्द्रित अवस्थामा यसलाई बढी सशक्त रूपमा नियन्त्रण गर्न सकिन्छ। राजनीतिक दलहरूबीच भूमि अधिकारबारे सहमति नहुने परिस्थितिमा यो झनै उपयोगी हुन्छ। राष्ट्रिय स्तरमा मतभेद र विवाद चलिरहँदा स्थानीय समुदायहरू भूमिसम्बन्धी समस्याहरूलाई सम्बोधन गर्दै समझदारी र सहमति जुटाउँदै अघि बढ्न सक्छन्। राष्ट्रिय स्तरमा यस्तो सहमति जुटाउन असम्भव प्रायः हुनसक्छ।

सुधारमुखी परिवर्तनमा मतैक्यता स्थापित गरी यसलाई दिगो रूपमा लागू गर्नमा पनि विकेन्द्रित व्यवस्था सहयोगी हुन्छ। यसमा स्थानीय तहमा आवश्यक पर्ने लचकता हुन्छ। समुदायमा आधारित व्यवस्थामा एउटा समुदायको

विफलताले छिमेकको समुदायलाई असर नपार्न सक्छ । तर, एउटा समुदायको सफलताले अरू समुदायहरूमा यस्तो सुधारको माग तीव्र पार्न सक्छ । बहुसङ्ख्यक गरिबको समावेशीकरण र उपलब्ध स्रोतको समुचित परिचालनका लागि पनि यस्तो खालको विकेन्द्रीकरणको दरकार पर्दछ । किनभने केन्द्रीकृत शासनयन्त्र स्वभावतः तल्लो तहमा साँच्चिको अधिकार निःशृत गर्न चाहँदैनन् । साथै विकेन्द्रित पद्धतिमा अनुगमन कार्य बढी प्रभावकारी र टिकाउ हुन्छ ।

नेपालमा राज्यले होइन, जनताले हाँकेको सुधार चरितार्थ गर्ने अवस्था उत्पन्न भइसकेको छ । संस्थागत हिसाबले सबल सशक्तीकरण उन्मुख गाउँ विकास समितिहरू स्थापित छन् । भावी सङघीयताले शासनको सामाजिक-भौगोलिक संरचना निर्धारण गर्न थप मद्दत पुऱ्याउनेछ । चुनौतीहरूलाई सामना गर्न नयाँ नेपाल कत्तिको कटिबद्ध छ हेर्न बाँकी छ । सम्भावनाहरू मिश्रित छन् । भूमिसुधार के हो र यसका सम्भाव्यताहरू के छन् भन्नेलगायतका सवालमा पुरानै सोच र शैली हावी हुने सम्भावनाहरू त्यत्तिकै छन् । समुदायमा आधारित भूमिसुधार, भूमि प्रशासन र शासन प्रणालीका अनुभवहरू अन्तर्राष्ट्रिय फाँटमा पनि नयाँ नै छन् । यसमा नेपालका लागि महत्त्वपूर्ण ठानिएको पुनःवितरणको अंश समाविष्ट छैन । नेपालमा अहिले आएर विकेन्द्रीकरणको अपरिहार्यता स्वीकारिए पनि यसको दायरा स्थानीय स्तरसम्म भन्दा सङ्घीय राज्यमा सीमित हुने खतरा छ । दलीय राजनीति सशक्त रूपमा प्रतिस्पर्धात्मक भए तापनि दलहरूको सङ्गठन उपभोगोन्मुख भएको कारण केन्द्रीकरणले प्रश्रय पाउने सम्भावना प्रबल छ । यसले समुदायका सदस्यहरू साझा समझदारीमा पुग्ने र त्यसलाई टिकाइराख्ने सम्भावनामा आँच पुऱ्याउन सक्छ । कर्मचारीतन्त्रभित्रका अधिकांश निर्णायक सदस्यहरू अनुत्पादक भए पनि वर्तमान भूस्वामित्व व्यवस्थाको यथास्थिति रूचाउँछन् र यिनले आफ्नो उपस्थितिबिना नै स्थानीयस्तरमा प्रभावकारी भूमिका खेल्छन् ।

तसर्थ, क्रान्तिकारी वा वैज्ञानिक भूमिसुधार साँच्चिकै लागू हुन्छ भन्नेमा थुप्रै अवरोधहरू छन् । विगतका खोक्रा योजना र ओठे प्रतिबद्धताको रटानका साथ यथास्थितिमै भौंतारिरहन सजिलो छ । तर, ढिलो भइसकेको सामाजिक न्यायको प्रत्याभूति कृषिको व्यावसायीकरणका लागि अग्रगामी भूमिसुधार आवश्यक छ । नीति निर्माताहरूलाई यथास्थितिबाट अघि बढ्न कसरी उत्प्रेरित गर्ने भन्ने आम नेपालीको चासो रहेको छ । ❐

# नेपाली श्रम क्षेत्र : समस्या र चुनौती

## ❐ विष्णु रिमाल

**श्रम र नेपाली समाज**

नेपाली समाज 'सामन्ती' र 'पुँजीवादी' समाजबीचको 'कृषि-उत्तर' (पोस्ट-पिजेन्ट सोसाइटी) समाज हो । 'कृषि-उत्तर'समाज भनेको राजनीतिक अर्थशास्त्रलाई सङ्गठित गर्ने सिद्धान्त 'पुँजीवाद' बनिसकेको तर सिङ्गो समाज भने औद्योगिक समाजमा रूपान्तरित भई नसकेको अवस्था हो । युरोपमा १९ औं शताब्दी र २० औं शताब्दीको सुरुआतमा भएजस्तो परिवर्तनका प्रक्रियाहरू नेपाली समाजमा देखिँदैन । कृषि पेसाबाट बाहिरिएको ठूलो समूह औद्योगिक श्रमशक्ति भएकै छैन र त्यो समूहले आफूलाई अर्थतन्त्रको 'यो' वा 'त्यो' क्षेत्रको स्थिर रोजगारीमा टिकाइराख्न पनि सकेको छैन । यसरी नेपाली समाजको वर्गसंरचनामा 'पुरानो वर्ग र नयाँ वर्गको मिश्रण' देखिन्छ ।

नेपालमा १ करोड १७ लाख ७९ हजार व्यक्ति रोजगारीमा रहेका छन्मङ्गयो सङ्ख्यामा ५३ प्रतिशत महिलाहरू छन् । श्रमशक्तिको अत्यधिक हिस्सा गाउँ आधारित छ तर सहरिया रोजगारीको झण्डै ५६ प्रतिशत पुरुषले ओगटेको देखिन्छ । सिङ्गो श्रमशक्तिमा लगभग १७ प्रतिशतमात्र पारिश्रमिक रोजगारीमा छन्मङ्गत्यसको पनि ७९ प्रतिशतभन्दा माथि निजी क्षेत्रमा काम गर्छन् । सिङ्गो श्रमशक्तिको ८३ प्रतिशत स्वरोजगार छन् । यी स्वरोजगारहरू पनि नियमित रोजगारदाता भएका/नभएका र ज्याला दिन नपर्ने परिवारका सदस्यलाई गराईने र अन्य गरी चार भागमा विभक्त छन् *(हेर्नुहोस्: तालिका-१)।*

रहनसहन, खानापान र जिम्मेवारी बहनको हिसाबले पनि नेपाली समाज तेजीका साथ परिवर्तित हुँदैछ । इन्धनको रूपमा दाउराको सट्टा एलपी ग्यास बाल्ने, मट्टितेलको टुकीको सट्टा बिजुली बत्ती बाल्नेमङ्गआफ्नै गाउँ-ठाउँमा प्राण धान्ने

सुसेधन्दामा लागिरहनुको सट्टा समृद्ध जीवनको खोजीमा कामका लागि गाउँ छाड्ने र विदेशमा समेत जानेको सङ्ख्या ह्वात्तै बढेको छ। महिला-पुरुष साक्षरताको दर वृद्धिसँगै, पहिले-पहिले 'हल्लाको पछि लाग्ने' हाम्रो समाजले रेडियो, टेलिफोन (मोबाइल सहित), टिभी, कम्प्युटर प्रयोग गर्न थालेको छ *(हेर्नुहोस्: तालिका-२)*। घरधन्दा, बालबालिका र पाका उमेरका आफन्तजनहरूको हेरचाहजस्ता गैरआर्थिक क्रियाकलापको रूपमा लिइएको घरायसी काममा १० वर्षको तुलनामा पुरुषको सहभागिता ७ प्रतिशतले बढेको छ। परम्परावादी तहगत हाम्रो समाजमा आमरूपमा यस्तो काम 'महिलाकै ठेक्का' जस्तै ठानिन्छ।

**श्रम र रोजगारीको ढाँचा**

नेपाली श्रम बजारको आफ्नै विशेषता पनि छ। यहाँ पनि उत्पादन-प्रक्रियाको हिसाबले श्रम क्षेत्रको प्रकृति 'सङ्गठित र असङ्गठित, औपचारिक र अनौपचारिक देशीय र अन्तरदेशीय' छ। रोजगारीको ठूलो हिस्सा अझै पनि कृषि आधारित (७४ प्रतिशत) छ, सिङ्गो श्रमशक्तिको २६ प्रतिशत मात्रै गैरकृषि रोजगारीमा छ।

नेपाली श्रम 'नियमित र भैपरी आउने' गरी मूल दुई श्रेणीमा बाँडिएको छ। स्थायी र अस्थायी प्रकृतिको श्रमसम्बन्धमा रहेको श्रम 'नियमित' हो भने ठेक्का-करार, दैनिक ज्यालादारी, घर आधारित, मौसमी, आउट-सोर्सिङ, घण्टा आधारित काम, पार्टटाइम, 'फ्लेक्सी-टाइम'तथा ब्रेक-ड्युटी आदि 'भईपरी आउने' प्रकृतिका श्रम-सम्बन्ध हुन्। पछिल्लो श्रमशक्ति सर्वेक्षणको प्रतिवेदनका अनुसार रोजगारमध्ये ४६ प्रतिशत मात्रै मासिक पारिश्रमिक आधारित रोजगारीमा छन्, बाँकी सबै पिसरेट, हप्ते तथा दैनिक ज्यालादारीमा काम गर्छन् *(हेर्नुहोस् : तालिका-३)*। नेपालमा स्थायी श्रमिकबाहेक अरूहरूले तलबी बिदा, सञ्चय कोष, उपदान र शिक्षा-स्वास्थ्य-आवाससँग जोडिएका सुविधाहरू पाउँदैनन्। जसका कारण नियुक्तिपत्र दिने/नदिने, स्थायी गर्ने/नगर्ने, नो वर्क/नो पे, हायर/फायरजस्ता विषयमा विवाद हुने गरेको हो।

नेपाली श्रमिकहरूको औसत आम्दानीमा पनि ठूलो अन्तर छ। एउटै कार्यथलोमा काम गर्ने प्रमुख कार्यकारीको तलब-सुविधा, उसकै कार्यालय सहायकको भन्दा १५ गुणा बढीसमेत छ। यहाँसम्म कि प्रमुख कार्यकारी र ऊभन्दा पछिको दोस्रो कार्यकारीको पारिश्रमिकमा समेत २-३ गुणा अन्तर छ। 'द काठमाडौं पोष्ट'को साउन २३ को समाचारअनुसार नेपालका वाणिज्य बैङ्कहरूको प्रमुख कार्यकारीहरूको मासिक पारिश्रमिक ५ लाखदेखि १५ लाखसम्म छ। तर, कार्यालय सहायकहरूको औसत मासिक आम्दानी १० हजार मात्रै छ *(हेर्नुहोस्: तालिका-४)।*

नेपाल श्रमशक्ति सर्वेक्षण- ०६४/६५ का अनुसार रोजगारीमा रहेकाहरूको औसत मासिक आम्दानी ५ हजार १ सय १७ रुपियाँ छ, जहाँ महिलाको औसत आम्दानी ३ हजार ४ सय दुई रुपियाँ मात्र छ। यिनीहरूमध्ये अझै पनि सयमा करिब २४ जनालाई पारिश्रमिकबापत नगदको सट्टा जिन्सी दिइन्छ। यो आँकडामा श्रमिकहरूको औसत मासिक आम्दानी १० वर्षमा दोब्बर (२,१४३ रुपियाँबाट ५,११७ रुपैयाँ) भन्दा बढी हुन पुगेको देखिन्छ। तर, ठूलो संख्यामा रहेका श्रमिकहरूले भने राष्ट्रियरूपमा तय गरिएको दैनिक न्यूनतम ज्याला (१ सय ९० रुपैयाँ) भन्दा बढी पारिश्रमिक पाएका छैनन्।

नेपाली अर्थतन्त्र निजामती सेवा, सार्वजनिक संस्थान क्षेत्र, शिक्षण क्षेत्र (सामुदायिक विद्यालय, निजी विद्यालय र विश्वविद्यालयसहित) र होटल तथा पर्यटन/सङ्गठित उद्योगहरू/आईसीटी, सफाइ पसल कामदारसमेत काम गर्ने सेवा उद्योग रहेको 'औपचारिक अर्थतन्त्र' र मूलतः कृषि क्षेत्र र गैरकृषि क्षेत्रजस्तैः निर्माण क्षेत्र/सडक आधारित व्यवसाय (स्ट्रिट भेन्डर)/घर आधारित श्रम/यातायात क्षेत्र/घरेलु श्रम रहेको 'अनौपचारिक अर्थतन्त्र'का रूपमा विभक्त छ, जहाँ विभिन्न प्रकृतिका रोजगारीका ढाँचाहरू अभ्यासमा छन्।

**बेरोजगारी, अर्धरोजगारी र श्रमको अल्पउपयोग दर**

नेपालको श्रम बजारमा थुप्रै अमिल्दा पक्षहरू पनि छन्। तीमध्ये एक हो- श्रमको माग र आपूर्तिबीच डरलाग्दो असन्तुलन ! एकातिर सीपयुक्त श्रमिकहरूको चर्को अभाव छ भने अर्कोतिर सीपबिहीन जगेडा श्रमिकको फौज व्यापक छ, जसले बेरोजगारीको दर शिखरमा पुऱ्याएको छ। श्रमशक्ति सर्वेक्षण- ०६४/६५ ले यसलाई श्रमको अल्पउपयोग भनेको छ, जसको संख्या सिङ्गो रोजगारीमा रहेकाहरूको करिब एक तिहाइ छ। श्रमको अल्पउपयोग भनेको पूर्णबेरोजगार हुनु, चाहेर पनि पूर्ण रोजगारी नपाउनु, अपर्याप्त कमाइ हुनु र आफूले जानेको शिक्षा/सीपअनुरूपको काम नपाउनु हो। श्रमको अल्पउपयोग गाउँको तुलनामा सहरमा बढी (५०प्रतिशत) छ। उमेर समूहको हिसाबमा सबैभन्दा बढी (४६प्रतिशत) २०-२४ वर्षका युवा श्रमको अल्प उपयोग भएको देखिन्छ, जसलाई हामी युवा बेरोजगारीको रूपमा उल्लेख गर्नसक्छौं। अर्धबेरोजगारमा पुरुषहरूको सङ्ख्या महिलाको तुलनामा धेरै छ *(हेर्नुहोस्: तालिका: ५)*।

नेपाली श्रम बजारमा पहिले कहिल्यै रोजगारीमा सङ्लग्न नभएका ८१ हजार बेरोजगार छन् भने १ लाख ७२ हजार पहिलेको रोजगारी गुमाएकाहरू छन्। नेपाल सरकारको अर्थ मन्त्रालयले प्रक्षेपण गरेको पछिल्लो तथ्याङ्कअनुसार हरेक वर्ष करिब ४ लाख नेपाली श्रम बजारमा प्रवेश गर्छन्। यो संख्यालाई खपत गर्न आर्थिक वृद्धिदर २ अङ्कमा हुनुपर्ने अर्थशास्त्रीहरूको दाबी छ।

सामाजिक अशान्ति र हिंसाको मात्रा बढ्नुमा निःसन्देह बेरोजगारी पनि एक प्रमुख कारण हो। सामाजिक सुरक्षा प्रणाली भएका विकसित मुलुकहरूमा ४ प्रतिशतसम्मको बेरोजगारी दरलाई सामान्य मानिन्छ। किनकि त्यस्ता देशहरूमा

बेरोजगारहरूलाई बेरोजगारी भत्ताको व्यवस्था छ। सामाजिक संरक्षणको केही पनि व्यवस्था नभएको हाम्रो मुलुकमा सर्वेक्षणले उल्लेख गरेको बेरोजगारीको अवस्थाले 'डरलाग्दो' स्थितिको सङ्केत गर्दछ। देशभित्र रोजगारीको अवसर कम वा हुँदै नहुनु र रोजगारी पाई हाले तापनि मुख्य काममा साताको ३९ घण्टाभन्दा कम कामको स्थिति हुनुले नेपालमा वैदेशिक रोजगारीप्रति अस्वाभाविक आकर्षण छ। तथ्याङ्कले भन्छ कुल रेमिट्यान्स (विप्रेषण) कमाइको १७ प्रतिशत स्वदेशबाट र ८३ प्रतिशत विदेशबाट हुन्छ, जहाँ स्वदेशको वार्षिक औसत परिवारको आम्दानी २८ हजार ९ सय रुपियाँ छ भने विदेशको वार्षिक औसत परिवारको आम्दानी ८० हजार रुपियाँ छ। वैदेशिक रोजगार विभागले जेठ महिनामा उपलब्ध गराएको पछिल्लो १० महिनाको तथ्याङ्कअनुसार झण्डै ७ सय नेपाली हरेक दिन कामको खोजीमा देशबाट बाहिरिन्छन् र दुःखको कुरा झण्डै १ प्रतिशतले विदेशी भूमिमा ज्यान गुमाउँछन्। यसको अर्थ हो, सरदर ७ जनाको दरले प्रत्येक दिन आफन्तहरूले नेपालमा लास बुझ्न विवश छन्।

**श्रमिकः समस्या र चुनौती**

परम्परागत रूपमा हामी शोषणको थलो कारखाना देख्यौं। 'त्यहाँ शोषण हुन्छ, त्यहाँ सङ्गठित होइन्छ, त्यहींबाट आन्दोलन सुरु गर्ने हो' भन्ने दृष्टिकोण थियो। आज शोषणको क्षेत्र छरिएको छ। आजको श्रम सम्बन्धमा 'आर्थिक प्रक्रिया प्रमुख र प्रतिष्ठानहरूको भौतिक अवस्थिति गौण' हुन पुगेको छ। समसामयिक श्रमको संसारमा धेरै कुरा प्रतिष्ठानभित्रका श्रमिकको बलमा होइन 'बजारको शक्ति'द्वारा निर्धारण हुनथालेको छ। हिजो 'वर्ग' एक ठाउँमा केन्द्रित थियो तर आज 'वर्ग' सबैतिर छरिएको छ। विश्वव्यापी रूपमै अहिले श्रमको विविधिकरण भएको छ, कोही 'कम्प्युटरबेस्ड (कम्प्युटर-आधारित)' श्रमिक छन् भने कोही 'होमबेस्ड (घरआधारित)' श्रमिक !

परम्परागतरूपमा परिभाषित 'सर्वहारा वर्ग'को अवस्थितिमाथि पनि आजभोलि प्रश्न उठाउन थालिएको छ। पहिलेको परिभाषामा सर्वहारा भनेको उस्तै कार्यवस्था र एकैखाले जीवनशैली भएको समूह हो। आजको समाजमा श्रमिक रहने ठाउँ, कामको सामाजिक सङ्गठन, आवास, उपभोग र सामाजिक संलग्नतामा व्यापक परिवर्तन आएको छ। आज औपचारिक अर्थतन्त्रमा कार्यरत श्रमिकहरू आफूले काम गर्ने ठाउँको सहकर्मीभन्दा भिन्न सांस्कृतिक परिवेशमा फुर्सदको क्षण बिताउँछन्।

नेपालको श्रम क्षेत्रलाई नियमित गर्न आवश्यक कानुनको अभाव छ। जति कानुन छ, त्यसको प्रभावकारी कार्यान्वयनमा समस्या रहिरहेको छ। कम्युनिस्ट पार्टीको सदस्य लिनासाथ 'कि सबैलाई सर्वहारा-श्रमजीवी मान्ने, नभए आजको दुनियाँमा सबै 'मध्यम वर्ग' मान्ने' सतही विश्लेषणले ठाउँ पाएको छ। सार्वजनिक ठाउँमा 'मास (सबै जनता)' को कुरा गर्ने र आन्तरिक छलफलमा मात्र 'क्लास (वर्ग)'को कुरा गरी टोपल्ने पार्टी राजनीतिले पनि श्रम समस्या हल गर्न अप्ठेरो पारेको छ।

यसरी वर्ग के हो, वर्गको काममा किन जोड दिनुपर्छ र वर्गसङ्घर्ष भनेकै के हो भन्नेमा समेत अलमल तथा अन्योल देखिएको छ। काम लगाउने र काम गर्नेको स्वार्थको अन्तर के हो *(हेर्नुहोस्: तालिका-६)* त्यसलाई समाधान कसरी गर्ने ? श्रम बजार लचकता चाहियो भन्ने उद्यमी/इलमीका चासो र रोजगारी वा आम्दानीको नियमितता वा ग्यारेन्टी हुनुपर्‍यो भन्ने श्रमजीवीहरूको चासोलाई कसरी हल गर्ने भन्नेमा समेत नीति-निर्माताहरू अलमलिएको देखिन्छ।

राज्यले सुरु गरेको सामान्य नीतिगत निर्णयलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरेमा मात्रै पनि उल्लिखितमध्ये कतिपय समस्या हल हुन सक्छन्। उदाहरणका लागि कमरेड माधवकुमार नेपालको नेतृत्वमा रहेको सरकारले आफ्नो नीति-कार्यक्रममा श्रमक्षेत्रमा दूरगामी प्रभाव पार्ने २ वटा कार्यक्रम घोषणा गर्‍यो। पहिलो- देशभरि रहेका रिक्सा चालकलाई रिक्साको मालिक बनाउने प्रस्ताव रिक्सा भाडामा लगाई खाने उद्यमीका रिक्सा बैङ्क मार्फत किनी चलाइरहेका मजदुरलाई दिने, यसबाट पहुँचवालाहरू रिक्सा-भाडा व्यवसायबाट हट्ने र यो क्षेत्रबाट ज्याला मजदुरीको अन्त्य गर्ने ! तर, व्यवसायीहरूमा रहेको अनावश्यक लोभ तथा सरोकारवाला कर्मचारीहरूमा आवश्यक जाँगर र बुझाइको कमीका कारण १० करोड रुपियाँ बैङ्कमा त्यसै थुप्रिएको छ। त्यसैले, सयौंको संख्यामा आवश्यक मापदण्ड पूरा गर्ने रिक्सा श्रमिक लाभबाट अझै बञ्चित छन्।

दोस्रो, सामाजिक सुरक्षा कोषको स्थापना। सरकारले लगाएको १ प्रतिशत पारिश्रमिक करबाट श्रमिकले करोडौं रूपया जम्मा गरिसकेका छन्। विकसित देशमा यति काम गर्नका लागि नियम तर्जुमाको थुप्रै पापड बेल्नुपर्थ्यो। यो रकमलाई ट्रेड युनियनहरू सम्मिलित कार्यदलले सिफारिस गरेझैं 'सामाजिक सुरक्षा कोष'मा जम्मा गर्ने क्याबिनेट निर्णय मात्रै भइदिएको भए नेपाल ख्यालख्यालमै 'कल्याणकारी राज्य'मा रूपान्तरित हुने थियो। कुनै श्रमिक कामबाट निकालिँदा उद्योग-धन्दामा तालाबन्दी गर्नुको साटो श्रमिकहरू सामाजिक सुरक्षा कोषको कार्यालयमा बेरोजगारी भत्ता थाप्न पुगेका हुन्थे। इलमी-उद्यमीले एकमुष्ट आफ्नो योगदान दाखिला गरेर श्रम विवादको झमेलाबाट पार पाउँथे भने श्रमिकहरूले पनि त्रिपक्षीय योगदानको आधारमा खडा गरिएको कोषका कारण बेरोजगार भत्ता, स्वास्थ्य उपचार, दुर्घटना भत्ता र मातृत्व संरक्षण सुविधा तत्काल पाउने थिए।

यसरी परिवर्तित आजको सन्दर्भमा के हामीहरू श्रमको संसारप्रति न्याय गर्न सक्छौं होला त ? एकचोटि सबै मिली सोच्ने पो हो कि !

**तालिका-१ः सङ्क्षेपमा रोजगारी अवस्था**

| रोजगार सङ्ख्या | जम्मा | महिला |
|---|---|---|
| १५ वर्षमाथिका कुल रोजगार व्यक्तिको संख्या | **१,१७,७९,०००** | ६२,५९,००० |
| ● शहरी क्षेत्र | १५,३५,००० | ६,८०,००० |
| ● ग्रामीण क्षेत्र | १,०२,४४,००० | ५५,८०,००० |
| सिङ्गो श्रमिकमा तलबीको श्रमिकको प्रतिशत | १६.९ | २६.२ |
| तलबी कामदार/कर्मचारी | **१९,९१,०००** | ५,२१,००० |
| ● सरकारी क्षेत्र | **३,३८,०००** | ७२,००० |
| ● सार्वजनिक संस्थान | **७३,०००** | **१३,०००** |
| ● वित्तीय क्षेत्र | १८,००० | ४,००० |
| ● गैरवित्तीय क्षेत्र | ५५,००० | ९,००० |
| ● राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | **५७,०००** | १६,००० |
| ● निजी कम्पनी | **१५,२५,०००** | |
| ● दर्ता गरिएका वित्तीय कम्पनी | २४,००० | ७,००० |
| ● दर्ता गरिएका गैरवित्तीय कम्पनी | ४,५०,००० | १,१८,००० |
| ● दर्ता नगरिएका कम्पनी | २,७०,००० | ६५,००० |
| ● अन्य | ७,७२,००० | २,३०,००० |
| स्वरोजगार | **९७,८६,०००** | ५७,४०,००० |
| ● नियमित रोजगारदाता भएका | १,१५,००० | २०,००० |
| ● नियमित रोजगारदाता नभएका | ४२,६५,००० | १६,७८,००० |
| ● ज्याला दिनु नपर्ने परिवारका सदस्यले काम गर्ने | ५३,८७,००० | ४०,३४,००० |
| ● अन्य | १९,००० | ८,००० |
| जनसंख्याको अनुपातमा रोजगारी | ८१.७ | ७८.५ |
| अनौपचारिक क्षेत्रमा रोजगारी | | |
| ● गैर-कृषि क्षेत्रमा हाल रोजगारप्राप्त (१८.२ प्रतिशत) | २१,४२,००० | ७,६३,००० |
| ● सबैखाले उद्योगहरूमा रोजगारप्राप्त | १,१३,३२,००० | ६१,६९,००० |
| ● कृषि तथा मत्स्यपालन उद्योगमा रोजगारप्राप्त | ८६,७७,००० | ५२,६५,००० |
| ● गैरकृषि क्षेत्रमा तलबी कामदार | १०,५४,००० | २,१३,००० |
| बालबालिका काममा | २०,९७,००० | ११,३८,००० |
| ● ५-१४ वर्ष उमेरका बालबालिकाको हालको रोजगारी दर | ०.७ प्रतिशत | |
| ● हप्ताको औसत कामको घण्टा | १८ | १८.२ |
| ● हाल स्कुल जानेहरू | १८,०७,००० | ९,४७,००० |
| ● हाल स्कुल नजानेहरू | २,९०,००० | १,९१,००० |

स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण-०६४/६५

**तालिका-२ः बदलिँदो नेपाली समाज सङ्क्षेपमा**

| विवरण | प्रतिशत | विवरण | प्रतिशत |
|---|---|---|---|
| आफ्नै घर भएका परिवार | ८९.२ | डेरामा बस्ने परिवार | ९.२ |
| इन्धनको रूपमा दाउरा बाल्ने | ६८.४ | इन्धनको रूपमा एलपी ग्यास प्रयोग गर्ने | १२.३ |
| मट्टितेलबाट बत्ती बाल्ने घर | ३३ | बिजुली बत्ती बाल्ने घर | ५६.१ |
| धाराको पानी प्रयोग गर्ने घर | ४५ | हाते पम्प/बोरिङ प्रयोग गर्ने | ३९ |

| | | | |
|---|---|---|---|
| टेलिभिजन भएका घर | ३३.२ | रेडियो भएका घर | ५७.९ |
| टेलिफोन भएका घर | ९.८ | मोबाइल भएका घर | २८.३ |
| कम्प्युटर भएका घर | ३.१ | खेतीयोग्य जमीन भएका घर | ७८.४ |
| कामका लागि परिवार कोही न कोही गाउँबाट बाहिरिएका विदेशिएका | ४३.८ २९.१ | कामका लागि परिवारका कोही न कोही | |
| पुरुष साक्षरता दर | ७४.७ | महिला साक्षरता दर | ५३.१ |

*स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण २०६४/६५*

**तालिका-३: कामको घण्टा र भुक्तानीको तरिका**

| **विवरण** | **जम्मा** | **महिला** |
|---|---|---|
| मुख्य काममा हप्ताको औसत घण्टा | ३८.७ | ३४.८ |
| ● सहरी क्षेत्र | ४२.७ | ३५.४ |
| ● ग्रामीण क्षेत्र | ३७.९ | ३४.६ |
| ज्याला भुक्तानीको तरिका | | |
| ● पिसरेटको आधारमा | २,०८,००० | ५८,००० |
| ● काम गरेको समयको आधारमा | **१७,८३,०००** | |
| ○ दैनिक ज्यालादारी | ७,४९,००० | २,२४,००० |
| ○ हप्ता-हप्तामा | १,०८,००० | २४,००० |
| ○ महिनावारी | ९,१६,००० | २,१४,००० |
| ○ अन्य | १०,००० | २,००० |
| नगद वा जिन्सीमा भुक्तानी पाउनेको प्रतिशत | | |
| ● नगदमा भुक्तानी पाउने | ९६.३ प्रतिशत | ९४.६ प्रतिशत |
| ● जिन्सीमा भुक्तानी पाउने | २३.५ प्रतिशत | २४.३ प्रतिशत |

***स्रोत: नेपाल श्रम शक्ति सर्वेक्षण-२०६४/६५***

**तालिका-४: प्रमुख कार्यकारी अधिकृतको वार्षिक तलब-सुविधा**

| **कम्पनी** | **तलब-सुविधा (ने रु.)** |
|---|---|
| स्ट्यान्डर्ड चार्टर्ड बैङ्क, नेपाल | १२४.५ लाख |
| नेपाल इन्भेस्टमेण्ट बैङ्क | ९५.५ लाख |
| सिद्धार्थ बैङ्क | ७३.८ लाख |
| हिमालयन बैङ्क | ७५.४ लाख |
| नबिल बैङ्क | ५७.४ लाख |
| लक्ष्मी बैङ्क | ५५.६ लाख |
| डेभलपमेन्ट क्रेडिट बैङ्क | ३८.९ लाख |
| एसिइ फिनान्स | ३३.१ लख |
| सानिमा डेभलपमेन्ट फिनासिन्सयल इन्स्टिच्युसन | २०.० लाख |
| होटल ऱ्याडिसन (म्यानेजिङ डिरेक्टर) | १९.५ लाख |
| नेपाल डेभलपमेन्ट बैङ्क | १४.० लाख |
| श्री इन्भेस्टमेण्ट एण्ड फिनान्स कम्पनी | १३.१ लाख |

*स्रोत: बिजनेस एज, फेब्रुअरी- २००७*

**तालिका-५: रोजगारीमा बेरोजगारहरूको स्थिति**

| | | | |
|---|---|---|---|
| ● कहिल्यै काम नगरेका वेरोजगारहरू | ८१,००० | महिला | ३९,००० |
| ● काम गुमाएका बेरोजगारहरू | १,७२,००० | महिला | ८७,००० |

| | | | |
|---|---|---|---|
| ● ज्याला रोजगारहरू | ८२,००० | महिला | ३३,००० |
| ● स्वरोजगारहरू | २९,००० | महिला | १३,००० |
| ● सहयोगी परिवारजन | ६१,००० | महिला | ४०,००० |
| ● अन्य | १,००० | महिला | १,००० |
| समय आधारित अर्धबेरोजगारी | ६.७% | महिला | ६.१% |
| ● सहरमा | ६.३% | महिला | ७.६% |
| ● गाउँमा | ६.७% | महिला | ५.९% |
| श्रमको अल्पउपयोग | ३०.१ % | उमेर समूह | |
| ✓ पूर्ण बेरोजगार | २.१ % | ० -२४ वर्ष | ४६% |
| ✓ चचाहेर पनि पूर्ण रोजगारी नपाउने | ६.७% | ० ५-२९ वर्ष | ३९.१% |
| ✓ अपर्याप्त कमाइ हुने | ८.१% | ० १५-१९ वर्ष | ३५.३% |
| ✓ शिक्षा सुहाँउदो पेशा नभएका | १३.२% | ० ३०-३४ वर्ष | ३०.९% |
| सहरमा | ५०% | ० ४५-५९ वर्ष | १८.९% |
| गाउँमा | २७% | ० वर्षमाथि | १०.५% |
| पुरुष | ३८.२% | | |
| महिला | २२.८% | | |

स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण २०६४/६५

**तालिका-६: श्रमिक र रोजगारदाता, कामका बारेमा फरक-फरक चासो**

| रोजगारदाताको चासो | श्रमिकहरूको चासो |
|---|---|
| थोरै, कम वा केही पनि सुविधा नदिई तोकिएको न्यून ज्यालामा काम गराउने | समान सुविधा, थोरै वा समानुपातिक रूपमा सुविधा बढ्ने गरी काम गर्न पाउनुपर्ने |
| कतिबेला काममा लगाउने भन्ने कुरा रोजगारदाताको स्वेच्छामा हुनुपर्ने समय तोकिनुपर्ने | श्रमिकको आवश्यकता र अनुकूलतामा सिफ्टको |
| कामको घण्टा आफ्नो स्वेच्छामा तलमाथि गर्ने | न्यूनतम कामको घण्टा निश्चित गर्ने |
| छुट्टी कम गर्ने, सकेसम्म सट्टा बिदालाई समेत निरुत्साहित गर्ने कामको | निजी वा परिवारको आवश्यकतालाई ख्याल गरेर |
| | समयमा लचकतापूर्ण समय-तालिका प्रयोग गर्ने |
| शिशु स्याहार, कार्यालय, तलब-सुविधा र कार्यथलोको सुरक्षामा हुने काम लैजाने | आफूलाई सजिलो र फाइदा हुने भएमा मात्र घरमा |
| खर्चलाई जोगाउन श्रमिकलाई केही काम घरमै गराउन पाउनुपर्ने | |
| पूरै समय वा स्थायी रूपमा श्रमिकलाई नियुक्ति नगर्ने, कामको लाभ हुन्छ, त्यतै | कामको लचकता र तोकिएको मापदण्डमध्ये जता |
| लचकतामा नै अडिइरहने | काम गर्न पाउने अवसरको माग गर्ने |
| बजारको 'माग र आपूर्ति'को आधारमा सुविधा तल-माथि हुनेमा जोड दिने | मर्यादित काम र श्रम मापदण्ड लागू गर्नेमा अडिने |

अनुशासन र उत्पादकत्वमा जोड दिनेउत्प्रेरणा र इन्सेन्टिभको माग गर्ने

❐

# वैदेशिक रोजगारी र विप्रेषण

## ❐ उमेश उपाध्याय

**कटु यथार्थ**

झण्डै २२ करोडभन्दा बढी मानिसहरू प्रवासी श्रमिकका रूपमा विश्वभरि छरिएर कार्यरत छन्। तर तीमध्ये अधिकांश अधिकारविहीन, पीडित तथा अमानवीय व्यवहारबाट सताइएका अवस्थामा छन्। उनीहरू जुन गन्तव्य राष्ट्रमा काम गर्दछन्, त्यो गन्तव्य राष्ट्रले उत्पादन, सेवा र विकासमा प्रवासी श्रमिकको योगदानलाई कुनै मान्यता

दिँदैन र योगदानको उपेक्षा गर्दछ । उत्पादनको श्रम लागत घटाउने विधिको रूपमा औजारसरहको व्यवहार गर्दछ र मानवीय पक्षलाई बेवास्ता गर्दछ । अर्कोतिर पठाउने राष्ट्रले पनि उनीहरूबाट प्राप्त विप्रेषणको रकमको तथ्याङ्कको हिसाब गर्दछ तर उनीहरूको ज्यान-जोखिम तथा अमानवीय कष्टपूर्ण जीवन र कामका अवस्थाप्रति संवेदनशील रहँदैन, कुटनीतिक निकायहरूबाट हुनसक्ने सामान्य संरक्षण र सहयोग पनि दिँदैन ।

हाम्रो देशको सन्दर्भमा प्रवासिएका नेपाली श्रमिकको पीडा झनै भयावह छ । करिब ४ लाख युवा श्रमिकहरू हरेक वर्ष कामको खोजीमा नेपाली श्रम बजारमा भित्रिन्छन् । तर, राष्ट्रले १ लाखलाई पनि काम दिन सक्तैन । फलतः काम गर्ने उमेरमा पुगेका अधिकांश श्रमिकहरू काम र असल जीवनको आशामा विदेशी भूमितर्फ प्रस्थान गर्न बाध्य र लालायित हुन्छन् ।

**२. वैदेशिक रोजगारीमा जानेहरूको वर्गीय पक्ष**

वर्गीय स्थितिले नेपाली प्रवासी श्रमिकको गन्तव्य राष्ट्र निर्धारित हुन्छ । पहिले सैनिक सेवामा लाहुरे भएर जाने युगमा नेपाली प्रवासी श्रमिकको वर्गीय पक्ष कम थियो । धनी किसान परिवारदेखि भूमिहीन घर परिवारसम्मका युवाका लागि अवसर थियो । सेनाबाहेकका श्रममा विदेश भासिनेहरू आसाम वा बर्मासम्म पशुपालन, खेती, भारी बोक्ने, खानीका काम र घरेलु सेवामा (मूलतः चौकीदारी) जोडिन्थे । वर्गीय विभाजनको विविधता पनि त्यसबेला कम थियो । तर, आजको वर्गीयता विविध र धेरै उपवर्गहरूमा विभाजित भएको छ । त्यसैले प्रवासी नेपाली श्रमिकको वर्गीय पक्ष पनि पहिलेभन्दा धेरै प्रस्टरूपमा विविधतामा छ । अमेरिका, क्यानडा, जापान, अस्ट्रेलिया र युरोपका विभिन्न मुलुकमा जानेहरू उच्च शिक्षा प्राप्ति र सम्पन्न उच्च आयवर्ग र उच्च मध्यमवर्गका छन्, जो ५-१५ लाखसम्म रुपियाँ खर्च गर्छन् र वैदेशिक रोजगारीमा जान्छन् । यसमा सहरी युवाको बाहुल्यता छ । विद्यार्थीको रूपमा जानेको सङ्ख्या धेरै छ । दक्षिण कोरिया, मलेसियाजस्ता मुलुकमा जानेहरू उच्चमध्यम वर्ग र निम्नमध्यम वर्गका छन्, जो ७ लाखसम्म खर्च गरेर आफ्नो बन्दोबस्ती मिलाउँछन् । ग्रामीण युवाको सङ्ख्या यसमा धेरै छ । अरब भूमितर्फ जानेहरू लाख/दुई लाखसम्म खर्चेर आफ्नो यात्रा सुनिश्चित गर्छन् । यसभित्र निम्न मध्यमवर्गको उच्च शिक्षा नभएको युवाको बाहुल्यता छ, अझ ग्रामीण युवाको संख्या अत्याधिक छ । दक्षिण कोरिया, मलेसिया र अरब जानेहरू धेरैजसो आफ्नो पैतृक जायजेथा बन्धकी राखेर वा बेचेर आफ्नो वैदेशिक रोजगारी यात्राको बन्दोबस्ती मिलाउँछन् ।

केही नभएका भूमिहीन र निम्न आयका श्रमजीवी परिवारका युवाहरू भारत प्रवेश गर्छन्, उनीहरूको वैदेशिक रोजगारी धेरैजसो 'सिजनल' हुन्छ । उनीहरूको खास लगानी हुँदैन, खल्तीमा केही सय वा हजार बोकेर वैदेशिक रोजगारीमा हानिन्छन् ।

**३. तथ्याङ्कले के भन्छ ?**

आर्थिक वर्ष ०५० देखि ०६० सम्मको एक दशकको आप्रवासनको औपचारिक तथ्याङ्कले झण्डै साढे ३ लाख श्रमिक कामको खोजीमा विदेशिएको देखाउँछ । त्यसपछि भने हरेक वर्ष सङ्ख्या उकालो चढेको छ । *(हेर्नुहोस् तालिका नं. १)*

०६४/६५ को तुलनामा ०६५/६६ को सङ्ख्यामा थोरै गिरावट आउनुको कारण विश्व अर्थव्यवस्थामा आएको मन्दी र रोजगारी सङ्कट हो । तर, फेरि ०६६/६७ मा वृद्धि भइसकेको छ । समग्रतामा हेर्दा ०५०/५१ देखि ०६३/६४ सम्म ७ लाख ५८ हजार ६ सय ७५ गएको तथ्याङ्क छ र ०६३/६४ देखि २०६६/६७ सम्म ९ लाख ६७ हजार ६ सय ४३ जना रोजगारीमा गएको देखिन्छ, जसमा महिलाको सङ्ख्या २३ हजार ७ सय २५ छ । ०६३/६४ देखि ०६६/६७ सम्मको तथ्याङ्क हेर्दा नेपाली श्रमिकहरूका प्रमुख पाँच गन्तव्यमा कतार, मलेसिया, साउदी अरेबिया, युनाइटेड अरब इमिरेट्स (युएई) र बहराइन रहेका छन् । यद्यपि, अनौपचारिक हिसाबले भारत सबैभन्दा प्रमुख गन्तव्य राष्ट्र हो । सानो सङ्ख्यामा अरू राष्ट्रहरूमा पनि नेपाली श्रमिकहरू छरिएका छन् । मूलतः कोरिया, कुवेत, लेबनान, इजरायल, हङकङ (चीन), जापानमा पनि नेपाली श्रमिकहरू कार्यरत छन् । विद्यार्थीका रूपमा वा अन्य हिसाबले गई काममा संलग्न हुने नेपाली श्रमिकहरूको सङ्ख्या संयुक्त राज्य अमेरिका, पश्चिम युरोप र अस्ट्रेलियामा पनि धेरै छ तर यी शिक्षित तथा खर्च गर्न सक्नेहरूका लागि आकर्षक गन्तव्यहरू हुन् ।

**विप्रेषणको योगदान**

ज्यान जोखिममा पारेर विदेशमा कठिन कार्यावस्थामा काम गरिरहेका नेपाली श्रमिकले पठाएको विप्रेषण रकम नेपालको अर्थव्यवस्थाको एक प्रमुख आधार बनेको छ । गत आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा विप्रेषणको योगदान २१ प्रतिशत पुगेको छ । हरेक वर्ष देशको वार्षिक बजेटभन्दा बढी रकम विप्रेषणबाट प्राप्त भइरहेकाले हाम्रो भुक्तानी सन्तुलन प्रतिकूलताबाट जोगिँदै आएको छ । *(हेर्नुहोस् तालिकाः २)*

तर, विप्रेषणको यति ठूलो योगदान अर्थव्यवस्थामा पुऱ्याउने श्रमिकहरू र तुलनात्मकरूपले सम्पन्न गैरआवासीय नेपालीहरूलाई तुलना गर्दा गैरआवासीयहरूले कमाएको आम्दानी बसेको देशमा खर्च गर्ने र नेपालमा नपठाउने वा कम पठाउने गरेको वास्तविकता हाम्रोअगाडि छ । पछिल्लो अवधिमा गैरआवासीय नेपालीहरू स्वदेशभित्र लगानी गर्न उत्सुक देखिए पनि त्यो ज्यादै कम छ । पेट काटेर चरम जोखिममा काम गरिरहेका श्रमिक नेपालीहरूको योगदान विप्रेषणको रूपमा धेरै ठूलो छ । तर नीति, निर्माता र राज्यव्यवस्थाका सञ्चालकहरू गैरआवासीयप्रति आभारी रहने र विप्रेषण पठाउने श्रमिकहरूलाई संरक्षण गर्ने उपायको खोजी गर्न उदासीन रहने प्रवृत्तिले राज्यको पूँजीपक्षीय चरित्रलाई झन् प्रष्ट पार्दछ ।

**अब गर्नुपर्ने काम**

नेपाल ट्रेड युनियन महासङ्घले आजभन्दा १७ वर्षअघि देखि नै नेपाली प्रवासी श्रमिकलाई '**जिफन्ट सहयोग समूह**' का रूपमा जो जुन देशमा काम गरिरहेको हो त्यही देशमा सङ्गठित गर्ने र त्यही देशको ट्रेड युनियन महासङ्घसँग सम्पर्क गराउने तथा संरक्षणको आधार तयार गर्ने काम गर्दै आएको छ । उनीहरूका जटिल मुद्दाहरू र उद्धार कार्यमा महासङ्घले महत्वपूर्ण भूमिका खेलेको छ र हजारौंलाई क्षतिपूर्ति समेत दिलाएको छ ।

राज्य पक्षबाट भने प्रभावकारी काम अझै पनि हुनसकेको छैन । सूत्रमा भन्नुपर्दा राज्यले निम्न कामहरूमा अविलम्ब ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ :

- गन्तव्य राष्ट्रहरूसँग नेपाली श्रमिकले न्यूनतम आधारभूत पारिश्रमिक, सुविधा र कानुनी संरक्षण पाउने गरी श्रम सम्झौता गर्ने ।
- वैदेशिक रोजगारसम्बन्धी एजेन्सीहरूको ठगी र गैरजिम्मेवार प्रवृत्ति तथा भ्रष्टाचार नियन्त्रण गर्ने ।
- मृत र अप्ठ्यारोमा अलपत्र परेका श्रमिकहरूको उद्धारसम्बन्धी संयन्त्रको व्यवस्था मिलाउने ।
- विदेशमा रहेका नेपाली कुटनीतिक निकायहरूबाट नेपाली श्रमिकको संरक्षण गर्ने भरपर्दो व्यवस्था मिलाउने ।
- परराष्ट्र सेवामा रहनेलाई सुरक्षित आप्रवासन र नेपाली श्रमिकप्रति उनीहरूले पूरा गर्नुपर्ने जिम्मेवारीबारे प्रशिक्षण दिने ।
- सबै गन्तव्य राष्ट्रहरूमा श्रम सहचारीको व्यवस्था गर्ने र

वैदेशिक रोजगारीमा जानेहरूको भरपर्दो तथ्याङ्क व्यवस्थित गर्ने ।

**तालिका १ : वैदेशिक रोजगारीमा नेपाली श्रमिक**

| आर्थिक वर्ष | सङ्ख्या |
|---|---|
| ०६०/६१ | १,०६,६६० |
| ०६१/६२ | १,३९,७१८ |
| ०६२/६३ | १,६५,२५२ |
| ०६३/६४ | २,०४,५३३ |
| ०६४/६५ | २,४९,०५१ |
| ०६५/६६ | २,१७,१६४ |
| ०६६/६७ | २,९४,०९४ |

*स्रोतः वैदेशिक रोजगार विभाग*

**तालिका २: वार्षिक बजेट र विप्रेषण**

| आर्थिक वर्ष | वार्षिक बजेट (रु. लाखमा) | विप्रेषण (रु. लाखमा) |
|---|---|---|
| ०६०/६१ | ५८,५८,७३ | १,०२,४०,०० |
| ०६१/६२ | ६५,५४,१२ | १,११,६८,९९ |
| ०६२/६३ | ९७,६८,८५ | १,२६,८८,५१ |
| ०६३/६४ | १,००,१४,४८ | १,४३,९१,२३ |
| ०६४/६५ | १,४२,६८,२७ | १,६८,९९,५६ |
| ०६५/६६ | २,०९,०७,०० | २,६५,९९,५९ |

स्रोत : अर्थ मन्त्रालय/ नेपाल राष्ट्र बैङ्क

❒

# नेपाली अर्थतन्त्र र औद्योगीकरणको स्थिति

## ❒ विनोदकुमार चौधरी

प्रत्येक युगलाई अघिल्लो युगले आफ्ना उपलब्धि र अनुभवबाट सिकेका पाठ हस्तान्तरण गर्दछ र भविष्यका लागि सही बाटो पहिल्याउन मार्गदर्शन गर्दछ। नेपालसँग पनि अघिल्लो झण्डै आधा शताब्दी लामो अनुभवको सँगालो र दस्तावेज छ। इतिहासबाट शिक्षा ग्रहण गर्दै समृद्ध र समुन्नत नेपाल निर्माण गर्नु आजको आवश्यकता हो। यसका लागि गुण र दोषका आधारमा हिजोका अनुभवहरूलाई समेत भोलिको तयारीका निमित्त ग्रहण गर्नुपर्दछ न कि पूर्वाग्रहका रूपमा।

छिमेकी मुलुकको कुरा गर्दा भारतीय दैनिक 'टाइम्स अफ इन्डिया'को २०१० जुलाई ९ को अङ्कमा समाचार आयो, 'आइएमएफद्वारा भारत सरकारको आर्थिक प्रक्षेपण खारेज'। सरकारले प्रक्षेपण गरेको आर्थिक वृद्धिदर अन्तर्राष्ट्रिय एजेन्सीले खारेज गरिदिनु नेपालका लागि सामन्य भएको छ किनभने हामीले गर्ने अनुमान र ल्याउने परिणाममा आकाश-जमिनको अन्तर छ। तर, 'टाइम्स अफ इन्डिया'को समाचारमा भने हामीले अनुमान गरेभन्दा असामान्य अर्थ थियो। समाचार विवरणमा लेखिएको थियो, 'सन् ०१० को आर्थिक वृद्धिदर ८ प्रतिशतमात्र हुने अनुमान रिजर्ब बैङ्क अफ इन्डियाले गरेको थियो, जबकि सरकारले वृद्धिदर ८ दशमलब ६ प्रतिशत हुने दाबी गरेको थियो। तर, अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले घोषणा गरिदियो, यो वर्ष पनि भारतको आर्थिक वृद्धिदर ९ प्रतिशतभन्दा कम रहने छैन।

केन्द्रीय बैङ्क र सरकार आफैंले प्रक्षेपण गरेको भन्दा बढी आर्थिक वृद्धिदर देखेर छिमेकी भारतका नेता, जनता र मिडिया चकित छन्। तर, निरन्तर ओरालो लागेको आर्थिक दिशा र दशा भोगेका हामी थकित छौं। छिमेकी मुलुक चीन र भारत सन् २०२० सम्म विश्वकै क्रमशः पहिलो र तेस्रो आर्थिक महाशक्ति बन्न प्रयासरत छन्। यस क्रममा चीनले तीन दशकदेखि निरन्तर ९.९ प्रतिशत र भारतले केही वर्षयता ९ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर हासिल गरिरहेका छन्। तर, नेपालको आर्थिक वृद्धिदर विगत पाँच वर्षमा औसत ४ प्रतिशत जति मात्रै रहेको छ। कृषि तथा औद्योगिक क्षेत्रमा वृद्धिदर सन्तोषजनक हुन नसकी आव ०६६/६७ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत मात्र हुने अनुमान गरिएको छ। एजेन्डा, योजना र कार्यान्वयनमा हामी कमजोर हुँदै जाँदा दुई ढुङ्गाबीचको तरुल नेपाल भन्ने उद्गारलाई पुनःलेखन गर्नुपर्ने अवस्था आएको छ। हामी वास्तवमा दुई ढुङ्गाबीचको तरुल होइन, दुई तरुलबीचको ढुङ्गा भएका छौं। दुई छिमेकी तरुलहरू बढेर विश्वकै पहिलो र तेस्रो आर्थिक महाशक्ति बन्ने होडमा छन् भने हामी बिचरा ढुङ्गा जस्ताको त्यस्तै लडिरहेका छौं। त्यसैले त हाम्रा टेलिभिजनका पर्दामा आशाका रङ्गिन सन्देश होइन, निराशापूर्ण मलिन तस्बिर देखिन्छन्। हरेक दिन बिहान मिर्मिरेसँगै ढोकामा आइपुग्ने अखबारका अक्षरहरूले उज्यालो दिनको होइन, अँध्यारो बादलको सङ्केत गरिरहेको हुन्छन्।

०४६ सालको जनआन्दोलनपछि निर्वाचित सरकारको प्राथमिकता आर्थिक क्षेत्रमा केन्द्रित हुँदा सन् १९९३ मा समग्र आर्थिक वृद्धिदर ७ प्रतिशतसम्म पुगेको थियो भने देशको कुल निर्यात दोब्बर भएको थियो। यही बेला कार्पेट, गार्मेन्ट र पस्मिना जस्ता निर्यातमूलक उद्योगको शृङ्खला आएको थियो। भारत निकासीको लक्ष्य बोकेर खडा भएका डाबर, लिभर र कोलगेटजस्ता बहुराष्ट्रिय कम्पनीको नेपाल प्रवेशको लहर चलेको थियो। सन् १९९६ मा नेपाल-भारत व्यापार सन्धिपछि नेपालबाट भारततर्फको निकासी ४ अर्ब रुपैयाँबाट बढेर सन् २००० मा २८ अर्ब पुगेको थियो। आर्थिक समृद्धिको सम्भावना बोकेका ती सबै आधार अहिले तहसनहस भएका छन्। यसरी निर्यातमूलक उद्योग-व्यवसाय चौपट हुँदा हाम्रो अर्थतन्त्र कुन अवस्थामा पुगेको छ भन्ने पछिल्ला आँकडाहरूले पनि प्रस्ट पार्छ। सन् ००८/०९ मा निर्यात १३.५ प्रतिशतले बढेकोमा आयात २८.२ प्रतिशतले बढेको थियो। यही अवधिमा पेट्रोलियम पदार्थ मात्र करिब ४२ अर्बको आयात भएको छ। सन् ००९/१० को पहिलो चौमासिक

तथ्याङ्कअनुसार अघिल्लो वर्षको यही अवधिको तुलानामा निर्यात २३.७ प्रतिशतले घटेको छ। केवल भारततर्फको निकासी पनि करिब २० प्रतिशतले घटेको छ जबकि आयात २८.९ प्रतिशतले बढेको छ। गाडी, पेट्रोलियम पदार्थ, विद्युतीय सामाग्री, औषधीजन्य वस्तु, सञ्चार साधनहरूको आयात बढेको बढ्यै छ भने हाम्रा निर्यातमूलक उत्पादन कार्पेट, गार्मेन्ट र पस्मिनाको अस्तित्व सङ्कटमा परेको छ भने स्वदेशी बजारमुखी उत्पादन चीन र भारतका सस्ता उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेर क्रमशः बन्द हुँदैछन्। प्रतिस्पर्धायोग्य उत्पादनको बलियो आधारशीला खडा गर्न सकेको भए साफ्टा, बिमस्टेक र डब्लुटीओका प्रावधानहरू हाम्रा लागि सहायकसिद्ध हुने थिए, तर हाम्रै कारणले ती प्रावधान घातकसिद्ध हुने खतरा देखिएको छ।

अभुतपूर्व दोस्रो जनआन्दोलनले ल्याएको क्रान्तिकारी परिवर्तनले सरकार र राजनीतिक प्रणाली मात्र होइन, नेपाल राजतन्त्रात्मक देशबाट गणतन्त्रात्मक देशमा फड्को मारेको छ। ५० वर्षदेखि थाती रहेको संविधानसभाको चुनाव सम्पन्न भइसकेको छ र चुनावले सामाजिक तह र तप्काको परम्परागत सन्तुलनमा उथलपुथल ल्याइदिएको छ। सामाजिक रूपले कस्तो उथलपुथल आयो भन्ने हेर्न ६ सय १ प्रतिनिधिले बनेको संविधानसभाको सिङ्गो तस्बिर हेरे पुग्छ। त्यहाँ सबै जातजाति र वर्ग तथा त्यसमा पनि विगतमा आर्थिक तथा राजनीतिक मूलप्रवाहबाट बाहिर परेकाहरूको बाहुल्य छ। त्यहाँ एक तिहाइको सङ्ख्यामा महिलाको प्रतिनिधित्व छ, जसलाई हिजोसम्म चुल्हो चौकीका रखबार मानिन्थे। यसरी महिला, दलित, उपेक्षित र सीमान्तकृत जातिसमेत राजनीतिको मूलधारमा आएपछि सामाजिक मुद्दाहरू पनि तर्कसङ्गत एवम् न्यायोचित रूपले सम्बोधित हुने सम्भावना बढेको छ। संविधानसभा चुनावअघिको विद्रोही शक्ति माओवादी चुनावपछि सरकारको नेतृत्वमा पुग्यो। माओवादी नेतृत्वको सरकारले दुई अङ्कको वृद्धिको एजेन्डालाई पनि बोक्यो, 'बोर्ड अफ इन्भेस्टमेन्ट'को नीतिलाई पनि अँगाल्यो। निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने मात्र होइन, सरकारी, सहकारी र निजी संरचनामा ठूला-ठूला योजनाका फेहरिस्त पनि तयार गऱ्यो। तर दुर्भाग्य ! सरकार ढल्यो र बहुमतको सरकार बने पनि मुलुक फेरि एकपटक राजनीतिक जोडघटाउको उदेकलाग्दो खेलमा फस्यो। सरकार कसरी गिराउने र कसरी बनाउने भन्ने खेलले महत्व पाउन थालेपछि गरिबी कसरी घटाउने र अर्थतन्त्र कसरी मजबुत बनाउने भन्ने एजेन्डा पाखा लाग्यो। राजनीति व्यक्तिगत, गुटगत तथा पार्टीगत सत्तास्वार्थको वरिपरि घुम्न थालेपछि दुई अङ्कको आर्थिक वृद्धिका लागि १ सय ७५ अर्बको लगानीलाई ४ सय अर्ब पुऱ्याउने सपना पनि क्षतविक्षत भएको छ। लामो समयदेखि थाती रहेको उद्योग नीति वर्तमान सरकारले केही महिना अगाडि घोषणा गरेको छ। सो नीतिले खस्कँदै गरेको उद्योग क्षेत्रलाई उकास्ने प्रयास गरेको छ, तर सम्बन्धित ऐन, कानुन सोअनुसारको संशोधन हुन नसक्दा अपेक्षित सुविधा हासिल हुन सकेको पाइँदैन।

अहिले मुलुकको अर्थतन्त्र केवल दुई कमजोर स्तम्भमा उभिन बाध्य भएको छ। पहिलो स्तम्भ हो- विदेश जाने युवाको श्रमबाट भित्रिने रेमिटान्स। रेमिटान्सले स्वदेशमा उपभोग्य वस्तुको माग आकाशिएको छ। मागअनुसारको उपभोग्य वस्तु स्वदेशमै उत्पादन हुनुको सट्टा विदेशबाटै आयात गर्नुपर्ने बाध्यताले राजस्व त बढेको छ तर उत्पादनमूलक उद्योगको जग नराम्रोसँग भत्किएको छ। आयातका कारण बढेको राजस्व वृद्धि हाम्रो अर्थतन्त्रको दोस्रो स्तम्भ बनेको छ। तर, रेमिटान्स र आयातका कारण बढ्ने राजस्व अर्थतन्त्रका भरपर्दो र स्थायी आधार हुन सक्दैनन्। एकातिर उर्जाशील जनशक्ति विदेश गइरहने, अर्कोतिर उनीहरूले पठाएको पैसा सङ्गठित नहुने र अनुत्पादक काममा खर्च भइहरने भएकाले यो दुवै स्तम्भले देशलाई समृद्धिको बाटोमा लग्ने कुनै सम्भावना देखिँदैन। देशलाई त स्थायी उद्यम र रोजगारको आवश्यकता छ जसले आन्तरिक खपत पूरा गरी निर्यातसमेत बढाउन सकोस् र वैदेशिक मुद्रा आर्जन गर्न सकोस्। तर, निरन्तर खस्कँदो निर्यात र बेपत्ता रफ्तारमा बढ्दो भारततर्फको आयातले शोधानान्तर घाटा बढाइरहेको छ र पछिल्लो समयमा त भारतीय मुद्राको अप्रत्याशित अभावसमेत देखाएको छ।

अहिले पनि देशको ६२ प्रतिशत जनसङ्ख्या निरक्षर छ, एकतिहाइ जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि छ। निरपेक्ष गरिबीको रेखामुनि भएको जनसङ्ख्या घटेको तथ्य आए पनि धनी र गरिबबीच असमानताको खाडल अझ गहिरिएको छ। देशका ८० प्रतिशत घर परिवारको मुख्य पेसा कृषि हो। तर, ८० प्रतिशत जनताले अँगालेको पेशालाई राज्यले सम्मान र सहयोग गर्न सकेको छैन। कृषि त देशकै आर्थिक समृद्धिको आधार बन्नुपर्ने हो, तर यो केवल हातमुख जोड्ने बाध्यात्मक पेसा मात्रै बनेको छ। एकातिर २५ प्रतिशत देशको भूमि बाँझो छ भने अर्कातिर करिब ८ लाख जनता भूमिहीन छन्। वित्तीय संस्थाहरूले सहरमा गाडी र घर किन्न १०-१२ प्रतिशतमा ऋण उपलब्ध गराउँछन्, तर किसानलाई मल-बिउ किन्न १८ प्रतिशतसम्म ब्याज तिर्नुपर्ने बाध्यता छ। कारण यही हो, धनी र गरिबबीच तथा सहर र गाउँबीचको असामनताको खाडल बढेको बढ्यै छ। यो खाडल जति बढ्नेछ, यसले अर्को द्वन्द्व निम्त्याउने खतरा पनि त्यत्तिकै बढ्नेछ।

भौतिक पूर्वाधार निर्माणका लागि योजनाबद्ध विकासको पाँच दशक लामो प्रयासपछि पनि हामी आर्थिक विकासमा निकै पछाडि छौं । जलस्रोतको धनी देशमा वर्षायाममा पनि दैनिक आठ घन्टा लोडसेडिङ छ, धारामा सातामा एक दिन पानी आउँछ । पम्पहरूमा पेट्रोल छैन, डिजेल छैन भन्ने ट्याग झुण्डिइरहेका हुन्छन् । मोबाइल हातमा छ, तर लगनखेलमा कराएको धुलिखेलमा सुनिएला, तर मोबाइलबाट सुनिँदैन । यसले राज्य, उद्यम र अर्थतन्त्रप्रति सेवाग्राहीको आस्था निरन्तर विखण्डित भइरहेको छ ।

राष्ट्र निर्माणको सबैभन्दा महत्वपूर्ण पूर्वाधार जनशक्ति हो । सही शिक्षा, पेसाप्रतिको सम्मान र आयमूलक तालिम यसका प्राथमिक शर्त हुन् । अपूर्ण, अपर्याप्त, असान्दर्भिक तथा अव्यावहारिक शिक्षा प्रणालीका कारण एकातिर मुलुकमा चाहिने दक्ष जनशक्तिको ठूलो अभाव छ भने अर्कोतर्फ बेरोजगार युवाहरूको भीडले राजनीतिक नेताहरूलाई आफ्नो काम गर्नसमेत फुर्सद नमिल्ने स्थिति छ । हुन त कामको खोजीमा बाहिरिएका २० लाखभन्दा बढी युवाहरूको आयले द्वन्द्वको समयमा समेत मुलुकको अर्थतन्त्रलाई धान्ने काम गर्‍यो । हाल औपचारिक र अनौपचारिक गरी सो सङ्ख्या २८ लाख पुगेको अनुमान छ । तर, यही अव्याहारिक शिक्षा, तालिम तथा प्रशिक्षणका कारण उनीहरू आज पनि मासिक १ सय ५० डलरभन्दा कम आयमा अत्यन्त कठिन परिस्थितिमा जीवन गुजारा गर्न बाध्य छन् ।

नेपालको आर्थिक समृद्धिको सर्वथा महत्वपूर्ण आधार जलविद्युत्को विकास हो । तर, अहिलेसम्म जल उर्जा क्षेत्र राजनीतिक कार्ड मात्र बनेको छ, यो हाम्रो दुर्भाग्य हो । आज हामी भारतबाट बिजुली किन्दा पनि हिउँदमा १६ घन्टासम्म लोडसेडिङमा बस्न बाध्य छौं । विगत आधा शताब्दीको अवधिमा नेपालमा विद्युत् उत्पादन गर्ने अनेकौं योजना बने पनि आजसम्म मात्र ७ सय ४० मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुनसकेको छैन । यतिका वर्षपछि पनि हामी
जलविद्युत् आयातकर्ता नै छौं, निर्यातकर्ता हुन सकेका छैनौं ।

जलस्रोतको विकासका लागि अब नेपालमा पार्टीहरूबीच मतभेद छैन । मतभेद छ भने १० हजार मेगावाट कि २० हजार मेगावाट निकाल्ने भन्ने मात्र हो । विद्युत महसुलको मुद्दा पनि अब असान्दर्भिक भइसकेको छ। निजी क्षेत्रको परियोजना पश्चिम सेतीको महसुल राष्ट्रिय मापदण्ड बन्नसक्छ। ठूला विद्युत योजना विदेशी निजी कम्पनीहरूलाई सुम्पिँदा सरकारले के प्राप्त गर्ने, यसमा पनि अब बहस गर्नु जरुरी छैन । सतलजले अरूण तेस्रोमा सरकारसँग गरेको सम्झौता आफैंमा राष्ट्रिय मापदण्ड बनेको छ । तर, दुर्भाग्य अहिले पनि २५ हजार मेगावाट जलविद्युत् परियोजना निर्माणका फाइलहरू मन्त्रालयमा अनिर्णयको बन्दी बनेर बसेका छन् । अहिले आयोजनाहरू बन्ने होइन, लाइसेन्स ओगटेर खोलाको मालिक बन्ने खेती चलिरहेको छ ।

पयर्टन नेपालको अर्को आधारस्तम्भ हो, तर यो क्षेत्र पनि अहिलेसम्म पनि उपेक्षित नै छ । द्वन्द्व सकिएपछि नेपाल आउने पयर्टकको सङ्ख्या आफैं दोब्बर भएको छ, त्यसलाई कैयौं गुणा बढाउन सक्थ्यौं । तर, हामीले योजना बनाउनै सकेनौं । नेपालको पर्यटकीय विकासमा निजी क्षेत्रको ठूलो भूमिका रहेको छ, सरकारको तर्फबाट हुनुपर्ने सहयोग भएको छैन । सन् २०११ लाई पयर्टन वर्षका रूपमा मनाउन नेपालको प्रचार-प्रसार त भइरहेको छ, तर, हामीले पयर्टकलाई गुणस्तीय सेवा दिने आधार नै छैन । राष्ट्रिय ध्वजाबाहक नेपाल एअरलाइन्सको प्रतिष्ठा ध्वस्त भएको छ भने अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलहरूको अवस्था दयनीय छ। बन्द, चक्काजाम र राजमार्ग असुरक्षाका कारण स्थलमार्गको यात्रा पनि त्रासदीपूर्ण छ। नेपाल आए पनि घुम्न कहाँ जाने ? काठमाडौं आउने, पोखरा वा चितवन जाने र स्वदेश फर्कने ! के नेपाल भ्रमण यतिमै सकिनुपर्ने हो ? चारैतिर बालुवा नै बालुवा भएको दुबईले दूरगामी योजना बनाएकै कारण वर्षमा एक करोड ३० लाख पर्यटक भित्र्याउँछ भने हिमाल, पहाड, जङ्गल, वन्यजन्तु, झरना र तालको असाधारण सङ्गम भएको नेपालमा वर्षमा २० लाख पर्यटक भित्र्याउन किन नसकिने ? प्रकृतिले दिएको सौन्दर्य हिमाल, पहाड तथा इतिहासले दिएका श्री पशुपतिनाथ र लुम्बिनीजस्ता सम्पदालाई समेत हामीले पर्यटकीय गन्तव्य बनाउनुपर्छ ।

यसरी हामीसँग एकातिर चुनौतीका पहाड छन्, तर तिनै पहाडको बीचबाट समृद्धिको क्षितिज पनि प्रष्टै देख्न सकिन्छ । लगानीमा बढोत्तरी, उत्पादन क्षमतामा वृद्धि, उत्पादित वस्तुलाई विस्तारित बजारमा पुर्‍याउने पूर्वाधार तयार गर्न सकियो भने क्षितिजमा देखिएको समृद्धिलाई नेपालीको घरदैलोमा ल्याउन सकिनेछ ।

साधन र स्रोत नभएर हामी पछि परेका हौं भन्न मिल्ने अवस्था पनि छैन । २ अर्बको लगानीमा देशमा वर्षमा दुईदेखि तीन वटासम्म वाणिज्य बैङ्क थपिएका छन् । कुनै बैङ्कले ३० करोडको सेयर आवेदन माग्यो भने सर्वसाधारणबाट १० अर्बको आवेदन पर्छ । भव्य महल, टावर र अपार्टमेन्टहरूको शृङ्खला बढेको बढ्यै छ, सडकमा अत्याधुनिक र सुविधासम्पन्न गाडीहरूको ताँती लागेकै छ । लगानी गर्ने वातावरण नभएका कारण मान्छेले शेयर र

घरजग्गामा लगानी गरिरहेका छन्, गाडी र महलजस्ता अनुत्पादक र विलाशितामा खर्च गरिरहेका छन् । यो खर्च र लगानीलाई सङ्गठित गर्न सकिएको छैन । त्यसैले हामीलाई खाँचो साधन र स्रोतको होइन, लगानीलाई समेट्न सक्ने राष्ट्रिय सङ्कल्प अनि तदनुरूपको नीति निर्माण र त्यसलाई हाँक्नसक्ने शासकीय क्षमताको रहेको छ ।

विकास त गर्ने तर कुन मोडलबाट भन्ने बहस अब कुनै विषय नै रहेन । अमेरिकादेखि चीन र भियतनामसम्मले अपनाएको आर्थिक विकासको मोडल प्रायः एकैखाले छन् । यसको सफा र स्पष्ट सूत्र छः 'निजी उद्यम, सरकारी तथा निजी क्षेत्रको साझेदारी, सरकारको ध्यान पूर्वाधार निर्माण तथा उद्यमीको ध्यान लगानी र व्यापारमा ।' सरकारको काम व्यापार होइन, तर उसले व्यापार गर्न खोज्यो भने के हुन्छ भन्ने उदाहरण अहिले पनि विद्युत् प्राधिकरण, नेपाल एअरलाइन्स र आयल निगमले दिइरहेका छन् । त्यसैले राजनीतिक फाइदाका लागि व्यावसायिक संस्थाहरूलाई आफ्नो नियन्त्रणमा राख्ने र हस्तक्षेप गरी पङ्गु बनाउने प्रवृत्ति राजनीतिक दलहरूले त्याग्नैपर्छ ।

अब प्रश्न उठ्छ यो आर्थिक तस्बिरको पृष्ठभूमिमा एउटा जिम्मेवार पार्टीले आफ्नो एजेन्डा के बनाउने ? र आर्थिक एजेन्डालाई कुन प्राथमिकतामा राख्ने ? गोष्ठीहरूलाई सम्बोधन गर्दा, उद्यम व्यवसाय क्षेत्रका व्यक्तिहरूसँग छलफल गर्दा वा अन्तर्राष्ट्रिय आर्थिक एजेन्सीका प्रतिनिधिलाई भेट्दा मात्र राजनीतिक दलहरूले आर्थिक एजेन्डालाई महत्व दिने हो कि मुलुकलाई समृद्धशाली बनाउने अभियानको संवाहक बन्ने हो ? यो छान्ने र अघि बढ्ने अवसर हरेक राजनीतिक दलसामु रहेको छ । अझ समाजिक उत्पीडन र विभेदका विरुद्ध, समानुपातिक र समावेशी आर्थिक आधारशीला निर्माणको पक्षमा आवाज उठाउँदै आएको नेकपा (एमाले)ले यो एजेन्डा बोक्नु स्वाभाविक र समसामयिक हुनेछ ।

❐

# उपभोक्ता र महँगी

## ❐ ज्योति बानियाँ

अचेल वस्तु र सेवा अत्यधिक महँगो भएका छन् । गत साल यसै बेलाको बजार भाउभन्दा यस वर्ष ११.५ प्रतिशतले मूल्य बढेको राष्ट्र बैङ्कले जनाए पनि त्यसभन्दा बढी मूल्यवृद्धि भएको छ, यसबाट आगामी दिन उपभोक्ताहरूका लागि वस्तु र सेवा बजारमा सहज पहुँच र सुलभ मूल्यको हुनेछैन भन्ने सूचाङ्क मिलेको छ । अत्यावश्यक वस्तु र सेवा पहुँचबाहिर जाँदा उपभोक्ताले मर्नुबाहेक अन्य विकल्प हुँदो रहेनछ भन्ने कुरा केही समयअघि छोरीको उपचार गर्न नसकेका रुकुमेली आमाबाबु र छोरी एउटै रुखमा झुण्डिएर र पोखरामा श्रीमतीलाई उपचार गर्न नसकी अस्पतालको छतबाट हाम फालेर आत्महत्या गरेका घटनाहरूले पुष्टि गरेका छन् । बजारमा असहज आपूर्ति र अनुचित मूल्यवृद्धि भए पनि त्यसलाई चासो दिने र नियन्त्रणको प्रयास शुरु गर्ने काम सरकार, व्यापारी र सम्बन्धितहरूबाट हुन सकेको छैन ।

वस्तु र सेवा बजार असहज र महँगो हुनुमा अन्तर्राष्ट्रिय बजारको मूल्यवृद्धि तथा श्रम र उर्जा समस्याका कारणले गर्दा उत्पादनमा कमी, व्यापारीहरूले बजारमा गर्ने गरेको मनोमानी, बजारमा विचौलियाले गर्ने अनूचित सञ्चय र कालोबजारी, ढुवानीमा सिन्डिकेट, बजार नियन्त्रण, हस्तक्षेप र नियमन गर्ने सरकारको निस्क्रियता र खुद्रा बिक्रेताले उपभोक्ताको अनुहार हेरेर गर्ने मूल्य प्रणाली बढी जिम्मेवार छन् । पछिल्लो अवधिमा बजार उपभोक्ता लुट गर्ने स्थानका रूपमा रूपान्तरित हुन खोजिरहेको छ । यसरी बजारमा अव्यवस्था तथा दण्डहीनता हुनुमा उत्पादक वा किसानसँग वस्तु तथा सेवा खरिद गरी सञ्चय गर्ने र कृत्रिम अभाव गरी कालोबजारी गर्ने बजारका विचौलिया फौबन्जारहरूको मुख्य भूमिका रहेको छ ।

उत्पादक वा किसानसँग माल वस्तु र सेवा खरिद गरी खुद्रा व्यापारीलाई बढी मोलमा बेच्ने व्यापारीलाई फौवन्जार भनिन्छ । तिनै बिचौलियाले उत्पादक वा किसानसँग सस्तोमा वस्तु तथा सेवा खरिद गर्ने, त्यसको अनुचित सञ्चय गर्ने, बजारमा कृत्रिम अभाव र व्यापार जालो (नेटवर्क) खडा गरी कालो बजारी गर्ने गरी बिक्री व्यवहार गरेको पाइन्छ । यिनै फौबन्जारले गर्ने अनुचित व्यापारिक क्रियाकलापले गर्दा नेपाली बजार सीमित व्यक्तिको कब्जामा पुगेको छ । अहिले उत्पादन गर्नुभन्दा बीचका व्यापार गर्नु बढी सुविधा र नाफामूलक हुने भएकाले उत्पादन गर्नेहरू बढी निरुत्साहित छन् भने फौबन्जारका क्रियाकलापहरू निकै बढेका छन् ।

नेपाली बजारमा हेर्दा वस्तु र सेवाका आयातकर्ताहरू, सञ्चयकर्ताहरू, थोक बिक्रेताहरू ढुवानीकर्ताहरू, वस्तुगत र सेवागत सङ्घ संस्थाहरू, खुद्रा बिक्रेताहरू बजारमा फौबन्जारहरूको रूपमा देखापरेका छन् । फौबन्जारहरूको मुख्य काम वस्तु र सेवा सञ्चय गर्ने, अनुचित व्यापरिक क्रियाकलाप गर्ने, एउटै व्यापार गर्नेहरूलाई सङ्गठित बनाउने, कृत्रिम अभाव गराउने, आफ्नो सदस्य नभई वस्तु र सेवा खरिद गर्न नपाउने व्यवस्था गराउने, अरूलाई बजार प्रवेशमा रोक लगाउने, आपसमा भाउ तय (कार्टेलिङ) गर्ने, उत्पादक वा किसानसँग किनेकोभन्दा २० प्रतिशतभन्दा बढी मूल्य कायम गरी

कालोबजारी गर्ने, सङ्घ वा समूह बनाई बजार एकाधिकार गर्ने र सरकारी नियमनलाई निस्प्रयोजित पार्ने गरी हस्तक्षेप गर्ने गरिरहेको पाइन्छ । यिनैले गर्दा बजार असहज र अत्याधिक महँगो भएको छ । सरकारको उपस्थिति बजारमा छैन । त्यसैले उत्पादक वा किसान र उपभोक्ताहरू बजारबाट भएको लुट सहनुबाहेक अर्को कुनै विकल्प देखिएको छैन ।

अहिले पनि वस्तु नियन्त्रण ऐन र त्यस्ता सूचना जीवित छन्, ती कानुन जारी भएपछि पनि कालोबजार र उपभोक्ता संरक्षण ऐनजस्ता अझ कडा कानुन पनि जारी भएका छन् तर सो सूचना प्रकाशित गरेको ५३ वर्षपछि पनि बजारको परिस्थिति उस्तै छ । नेपाली वस्तु र सेवा बजारमा नाफाखोरी, असहज आपूर्ति, मूल्यमा कालोबजारी कायमै छ, गुणस्तरहीनताले जरो गाडेको छ । बजार व्यवस्था र नियन्त्रण गर्ने तथा उपभोक्ता हित रक्षा गर्ने दायित्व बोकेको सरकार उदासीन छ । वस्तु र सेवा बजार उपभोक्ता लुट्ने अखडा बनेका छन्, बजारका फौबन्जारहरूले अकुत कमाइरहेका छन् ।

नेपाली फौबन्जारको कारोबार कानुन र करका लागि अदृश्य छ तर अनुचित नाफा र बजारमा मनपरी गर्नका लागि प्रत्यक्ष र दृश्य छ । नेपालमा सबैभन्दा बढी फस्टाएको व्यापार यिनै बीचमा बसेर कारोबार गर्नेहरूको रहेको छ । बजार कब्जा गर्ने, सरकारका पदाधिकारी आफूले भनेबमोजिम कर छुट गराउने, बजार हस्तक्षेप विमुख गराउने, आयात रोक्का गर्न लगाउने, अनुचित व्यापारिक क्रियाकलाप गर्ने, स्वच्छ प्रतिस्पर्धाको मान्य सिद्धान्तविपरीत कारोबारहरू गर्न यिनै फौबन्जारहरू क्रियाशील रहेको पाइन्छ ।

व्यापारिक प्रयोजनलाई बजारमा राखिएका वस्तु र सेवामा कुनै पनि व्यापारीको सम्पत्तिको हक लाग्दैन । यसको नियमन, नियन्त्रण र व्यवस्था गर्ने अधिकार सरकारलाई  छ । वस्तु नियन्त्रण ऐन, आवश्यक सेवा सञ्चालन ऐन, कालोबजारी ऐन, उपभोक्ता संरक्षण ऐनले गृह, आपूर्ति र अर्थ मन्त्रालय तथा ती निकायअन्तर्गतका विभागलाई बजार शुद्धीकरणको दायित्व तोकेको छ । ती कानुन र स्थानीय प्रशासन ऐनले त प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई उपभोक्ता हित रक्षा गर्न, स्वच्छ बजार कायम गर्न असीमित अधिकार तोकेको छ । तर, बजारमा कुन वस्तु र सेवा कहाँ कति परिणाममा कुन व्यापारीसँग छ, कति मूल्यमा किनेर कति मूल्यमा बेच्दैछ, त्यसको लागत सरकारसँग देखिदैन । विशेषगरी बजार बिगार्ने फौबन्जारलाई यस्ता लागत र विवरण प्रत्येक महिना पेस गर्न नलगाएसम्म बजार स्वच्छ हुन सक्दैन । उपभोक्ता कानुन बमोजिम पनि प्रत्येक जिल्लाका प्रजिअको अध्यक्षतामा रहेको जिल्लाभित्रको वस्तु र सेवा अनुगमन समिति र पदाधिकारीले कानुनी अधिकारको प्रयोग र कार्यान्वयन नगरेकाले बजार असहज तथा महँगो हुँदै गएको छ । सरकारी निस्क्रियता र उपभोक्ता जागरण न्यून भएको कारणले फौबन्जार र व्यापारीहरू बजारमा गैरप्रतिस्पर्धात्मक र अनुचित क्रियाकलाप गर्न उत्साही भएका छन् । सरकार र व्यापारीहरू बजार तथा उपभोक्ताप्रति जिम्मेवार भएको देखाउने हो भने बजार बिगार्ने फौबन्जारहरूको नियन्त्रण मात्र होइन, तिनले गर्ने कारोबारको सञ्चय र किनेको मूल्यको विवरण प्रजिअ कार्यालयमा पेश गराउने त्यसको प्रभावकारी अनुगमन गर्ने र तलासीपछि विवरण फरक परेमा कारबाही गर्ने इच्छाशक्ति सरकारले देखाउनुपर्छ । समयमै यी काम नगरेमा बजार बिगार्ने फौबन्जारहरूको लुटको मारमा उत्पादक, किसान र उपभोक्ता परिरहनेछन् ।

नेपालमा मूल्यवृद्धि हुनुमा उपभोक्ता विधिशास्त्रले काम गर्न नसक्नु नै प्रमुख कारण हो । खुला अर्थ व्यवस्थामा वस्तु एवम् सेवाको मूल्य र गुणस्तर बजारले नै निर्धारण गर्ने र राज्यले बजारमा कुनै प्रकारको हस्तक्षेप नगर्ने तथा उपभोक्ताको सार्वभौमिकताको मान्यताका आधारमा सञ्चालन हुने बजारमा उपभोक्ता नै सचेत हुनुपर्ने मान्यता राखिन्थ्यो । सन् १८१७ मा संयुक्त राज्य अमेरिकामा लेडलविरुद्ध अर्गानको मुद्दामा प्रधानन्यायाधीश जोन मार्सलले न्यायिक व्याख्या मार्फत कुनै पनि वस्तु वा सेवाको खरिद वा उपभोग गर्नुअघि सम्बन्धित उपभोक्ता नै सचेत हुनुपर्ने सिद्धान्त प्रतिपादन गरेका थिए ।

वस्तु तथा सेवाको गुणस्तर र मूल्य सम्बन्धमा केवल उपभोक्तालाई मात्र जिम्मेवार बनाउने उत्पादक, बिक्रेता र वितरक गुणस्तरहीन उत्पादनमा समेत जिम्मेबार रहनु नपर्ने अवस्था लामो समयसम्म रह्यो । तर, विकल्पमा क्रमश: बिक्रेता सचेत हुनु पर्ने मान्यताको विकास हुन पुग्यो । सन १९१६ मा संयुक्त राज्य अमेरिकाको न्युयोर्क उच्च अदालतले म्याक फर्सनविरुद्ध बिक मोटर कम्पनीको मुद्दामा न्यायाधीश बेन्जामिन एन कार्डोजोले बिक्रेता सचेत हुनुपर्ने सिद्धान्त स्थापित गरेपश्चात् उपभोक्ता विधिशास्त्रको विकास हुन पुगेको देखिन्छ । सन् १९३२ मा बेलायतको हाउस अफ लर्डसले डेङ्गोविरुद्ध स्टेभेन्सनको मुद्दामा न्यायाधीश बेन्जामिन एन कार्डोजोको सिद्धान्तलाई आत्मसात गऱ्यो । उत्पादित वस्तुको हेलचेक्र्याइँका लागि उत्पादक नै जिम्मेवार हुने मान्यताको विकास भयो । १५ मार्च सन् १९६२ मा राष्ट्रपति जोन एफ केनेडीले अमेरिकाको काङ्ग्रेस समक्ष उपभोक्ता सन्देश स्वरूप सुरक्षा, सूचना, छनोट र सुनुवाइको चार अधिकार प्रक्षेपण गरी दिएपछि उपभोक्ताका अधिकारको कानुनी व्यवस्था विकास भएको पाइन्छ । त्यसैको सम्झनामा अहिले पनि मार्च १५ लाई विश्व उपभोक्ता अधिकार दिवसको रूपमा मनाउने गरिन्छ ।

उपभोक्ता विधिशास्त्र वस्तुको उत्पादक, वितरक, बिक्रेता तथा सेवा प्रदायक र सेवाग्राहीबीचको सम्बन्ध दर्शाउने विशिष्ट विधा हो । वस्तुको उत्पादन, वितरण र सेवा प्रवाह गर्दा मानव मर्यादा र नैतिकताको ख्याल राखी मिसावट, दुरूपयोग, कृत्रिम अभाव र उपभोक्तामा पर्ने असरबाट मुक्त राख्नुका साथै वस्तु र सेवाको पहुँच र गुणस्तर एवम् सांस्कृतिक रूपमा स्वीकार्यतालाई समेत उपभोक्ता विधिशास्त्रले आत्मसात गर्दछ । बजारमा आधारित अर्थतन्त्रमा कुनै वस्तुको उत्पादक अर्को वस्तुको उपभोक्ता पनि हुनसक्ने र कुनै सेवा प्रदायक अर्को सेवाका लागि सेवाग्राही पनि हुने अवस्था रहन्छ । खुला एवम् स्वतन्त्र बजार, वस्तु र सेवाको वितरण प्रणाली, विश्वव्यापीकरणको प्रभाव, बहुराष्ट्रिय कम्पनीहरूको विस्तार, विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको विकासले गर्दा वर्तमान समयमा विश्व एउटा ग्रामीण

बजारको रूपमा विकास हुन पुगेको छ। साथै, अनुचित व्यापारिक अभ्यास पनि बढ्न पुगेको देखिन्छ। उपभोक्ता विधिशास्त्रभित्र देहायका सिद्धान्तहरू पर्दछन् :

**मालसामान खरिद गर्दा क्रेता नै सजग हुनुपर्ने सिद्धान्त**

यो सिद्धान्त बीसौं शताब्दीको पूवार्द्धसम्म कमन लको प्रमुख अवधारणाको रूपमा अस्तित्वमा रहेको पाइन्छ। तत्कालीन समयमा लेसेज फेयर क्यापिटालिज्मले प्रतिस्पर्धापूर्ण बजार खरिदकर्ताको लागि विकल्प हुने तथ्य स्वीकार गरी खरिदकर्ता नै सचेत हुनुपर्नेमा जोड दिएको छ। नेपाली बजार अहिले यही सिद्धान्तको आधारमा चलेको छ।

**उत्पादक/बिक्रेता जिम्मेवार हुनुपर्ने सिद्धान्त**

उपभोक्ता आफैं होसियार होऊ भन्ने 'क्याभेट इम्पेटर'को सिद्धान्त लामो समयसम्म सामान्य नियमको रूपमा अस्तित्वमा रहन सकेन। उपभोक्तासँग यस्ता उच्च परिस्कृत वस्तुहरूको बारेमा कुनै जानकारी नै छैन, भए पनि थोरैमात्र जानकारी रहेको छ। वास्तवमा उत्पादन जटिल र विविधतापूर्ण बन्दै गएको, उपभोक्ता र खुद्रा व्यापारीसमेतलाई वस्तु र सेवाको गुणस्तरका बारेमा अपूर्ण ज्ञान रहेको कारण वस्तु तथा सेवाको उचित मूल्य र गुणस्तरीयताको बारेमा उपभोक्ताले निर्धारण र मूल्याङ्कन गर्नसक्ने अवस्थाको अन्त्य हुँदै गयो। यसबाट क्रेतालाई नै सम्पूर्ण रूपले जिम्मेवार बनाउने सिद्धान्त क्रमशः असान्दर्भिक बन्नपुग्यो। सन् १९३२ मा डेङ्गोविरुद्ध स्टेभेन्सन १९३२ एसी ५६२ को मुद्दामा लर्ड एक्टिनले फैसला गर्दै उत्पादकको सामान्य कर्तव्य उपभोक्ताप्रति केन्द्रित हुनुपर्छ भन्ने सिद्धान्त प्रतिपादन गरेपछि क्याभेट इम्पेटरको अपवादको रूपमा क्याभेट भ्यान्डिटरको सिद्धान्त विकसित हुनपुग्यो। यो सिद्धान्तले व्यापारिक कारोबारका क्रेता होइन, बिक्रेता सचेत हुनुपर्दछ भन्ने मान्यतालाई अगाडि सारेको छ। यो सिद्धान्तको सूत्रपात भएपछि मात्र वास्तविक उपभोक्ता आन्दोलनको सुरुआत भएको भन्ने उपभोक्तावादीहरूको मत  छ। क्रेता र बिक्रेतामा समान सौदाबाजीको सामर्थ्य हुन्छ भन्ने करार स्वतन्त्रताको सिद्धान्तबाट शासित भइरहेको बजार स्थलमा यो सिद्धान्तको प्रतिपादन पश्चात् उत्पादक वर्ग र उपभोक्ता वर्गको हितबीचमा सन्तुलन कायम हुनुपर्छ भन्ने मान्यताले प्रश्रय पाउन थाल्यो। नेपाली बजारमा पनि यस सिद्धान्तले क्रमशः स्थान पाउन थालेको छ।

**उपभोक्ताको सार्वभौमिकताको सिद्धान्त**

यो उपभोक्तावादको मुटु सिद्धान्त हो। उपभोक्ता बजारको सम्प्रभु हो, बजार उपभोक्ताको दयामा नै चलेको हुन्छ। बजारमा राखिएका वस्तु वा सेवा खरिद गर्ने कि नगर्ने भन्ने कुरामा उपभोक्ताको आफ्नो राय नै सर्वोपरी हुन्छ। उसलाई पूर्ण छनोटको अधिकार हुन्छ। उपभोक्ताले कुनै पनि वस्तु वा सेवा स्वीकार वा अस्वीकार गर्नसक्छ भन्ने धारणा यो सिद्धान्तले राखेको पाइन्छ। उपभोक्ताहरूलाई सम्प्रभु ठान्ने धारणालाई आत्मसात गरी उत्पादक, विक्रेता एवम् आपूर्तिकर्ताको अधिकार र शक्तिको समकक्ष उपभोक्ताले पनि आफ्नो अधिकार र शक्ति प्राप्त गर्न एवम् प्रयोग गर्नसक्ने अवस्था सिर्जना हुनसक्छ। तर, विश्वका अधिकांश मुलुकहरूमा बजारमा वस्तु वा सेवाको आपूर्ति पर्याप्तता छैन। उपभोक्ताहरू सम्पूर्ण रूपले शिक्षित सूचित पनि छैनन्। आम जनसमुदायमा विविध प्रकारका मिसावट भएका वस्तुहरूको पहिचान गर्नसक्ने क्षमता समेत छैन। नेपाली बजारमा यस सिद्धान्तले काम गर्न सकेको छैन।

**सम्मानको सिद्धान्त**

वस्तु र सेवाका उत्पादक बिक्रेता प्रदायकहरूले उपभोक्ताप्रति गर्ने सम्मानबाट नै उपभोक्तावाद हासिल हुन सक्दछ भन्ने यो सिद्धान्तको मूल मर्म हो। सम्मान भनेको व्यापारीले निर्वाह गरेको उत्तरदायित्वबाट उपभोक्ता र सरोकारका पक्षलाई कुनै हानि नपुऱ्याउने, दुःख नदिने, अवरोध नगर्ने र समग्रमा उपभोक्ताको भावनाको आदर गर्ने भन्ने बुझिन्छ। खासगरी गरिब र अल्पविकसित मुलुकको उपभोक्तावादी आन्दोलनलाई दृष्टिगत गरेर यो सिद्धान्त प्रतिपादन भएको हो।

उपभोक्ता अधिकारलाई व्यापक बनाउने, उपभोक्ता संरक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नीति र ऐन नियम आदि बनाउन प्रत्येक सदस्य राष्ट्रलाई उत्प्रेरित गरी उपभोक्तावादी आन्दोलनलाई अरू सशक्त पार्ने उद्देश्यले इन्टरनेशनल रेगुलेटरी फ्रेमवर्कको रूपमा संयुक्त राष्ट्रसङ्घले अप्रिल ९, १८८५ मा युएन गाइडलाइन फर कन्जुमर प्रोटेक्सन जारी गरेको छ। उक्त अनुबन्ध प्रत्येक देशका लागि स्वेच्छिक (सफ्ट ल) रूपमा लागू हुने कानुन हो। बाध्यकारी कानुन (हार्ड ल)का रूपमा देशहरूले कानून नीति जारी गर्नुपर्नेमा नेपालमा पनि नेकपा (एमाले)को नौमहिने शासन कालमा उपभोक्ता संरक्षण ऐन तर्जुमा गरी संसद्मा पठाइएकोमा सोही ऐन पारित भई लागू भएको छ र हालै संविधानसभाको मौलिक हक समितिका सभापति बिन्दा पाण्डे समेतको पहलमा उपभोक्ता अधिकारलाई मौलिक हकको रूपमा प्रस्तावित गरिएको छ। यस सन्दर्भमा जनताका लागि काम गर्ने राजनीतिक पार्टीहरूले यस अधिकारलाई फरक रूपले जनताको बीचमा प्रस्तुत गर्नुपर्ने बेला भइसकेको छ। उपभोक्तावादका उल्लिखित आधारभूत सिद्धान्तका आधारमा देहायका अधिकार उपभोक्तालाई प्रक्षेपित गरिएको छ।

**सुरक्षाको अधिकार**

उपभोक्ताको सुरक्षाको अधिकार अन्तर्गत उत्पादित वस्तुको गुणस्तर, परिमाण र अन्तरवस्तुबाट मानव स्वास्थ्य र मर्यादामा पर्ने नकारात्मक असरबाट बचाउनु हो। वस्तु वा सेवाको आपूर्ति नियमित हुन नसकेको कारण हुनजाने मूल्य वृद्धिद्वारा उपभोक्तामा पर्ने असरबाट बचाउन पनि सुरक्षाको अधिकारले उपाय खोज्छ। त्यस्तै, म्याद नाघेका औषधि प्रयोगबाट हुने असर, अखाद्य वस्तुको प्रयोगबाट हुने असर आदिबाट सुरक्षित राख्ने उपायको रूपमा यो अधिकार रहेको पाइन्छ।

**सूचित हुने अधिकार**

उत्पादक, वितरक वा सेवा प्रदायकले उपभोक्तालाई सूचना लुकाउन हुँदैन, असत्य, अपुरो र भ्रम सिर्जना गर्ने सूचना प्रवाह गर्न हुँदैन । वस्तु वा सेवाको बजारीकरण गर्ने उद्देश्यले गरिने प्रचारप्रसार, विज्ञापन र सूचना उपभोक्ताको हितमा हुनुपर्छ । भ्रम सिर्जना गर्ने वा उपभोक्ता ठगिने गरी सूचना प्रवाहक नगरी यथार्थ सूचना वा जानकारी दिई उपभोक्तालाई सूचित गर्नुपर्छ ।

**छनौटको अधिकार**

उपलब्ध वस्तु वा सेवा रोज्न पाउने उपभोक्ताको अधिकार हो । उत्पादित वा वितरित वस्तु प्रयोग गर्ने वा नगर्ने, आफ्नो प्रचलन वा धर्म, सांस्कृतिक परम्परा अनुसार कुनै वस्तु उपयोग गर्ने वा नगर्ने छनोट गर्ने अधिकार उपभोक्तामा रहन्छ । वस्तु वा सेवा पहुँचयोग्य हुनुको साथै सांस्कृतिक दृष्टिले स्वीकारयोग्य छ वा छैन त्यसको छनोट गर्ने अधिकार उपभोक्तामा रहन्छ ।

**सुनुवाइको अधिकार**

सुनुवाइको अधिकार सेवा प्राप्त गरेपछि वा वस्तु खरिद गरेपछि अधिकार हनन भएमा उपचार प्राप्त गर्ने अधिकार हो । यसअन्तर्गत वस्तु वा सेवाले पुऱ्याएको हानिनोक्सानी वा क्षतिको परिपूरण गर्ने र हनन भएका अधिकारको उपचार प्राप्त गर्ने समेतका उपाय अवलम्बन गरिन्छ ।

**उपभोक्ता शिक्षाको अधिकार**

उपभोक्ता शिक्षाको अधिकार औपचारिक र अनौपचारिक दुवै माध्यमबाट लिन र दिन सकिन्छ । राज्यद्वारा नै उपभोक्ता शिक्षा प्रदान गरिने पहिलो उपाय हुनसक्छ भने दोस्रो व्यक्तिले आफ्नो इच्छा अनुसार प्राप्त गरेको शिक्षालाई राज्यले हस्तक्षेप नगर्ने उपाय अन्तर्गत पर्दछ । खाद्य पदार्थ, पानी वा अन्य सेवाहरू उपभोग्य र ग्रहण योग्य हुन् वा होइनन् भन्ने सम्बन्धमा उपभोक्ता शिक्षा र सूचनाले महत्वपूर्ण भूमिका खेल्दछ ।

**क्षतिपूर्तिको अधिकार**

वस्तु तथा सेवा प्रदान गर्ने र व्यापारिक क्रियाकलापबाट उपभोक्तामा कुनै असर पर्न गएको भए त्यस्तो असरका विरुद्ध सुनुवाइपछि उचित क्षतिपूर्ति पाउने अधिकार उपभोक्तामा सुरक्षित रहेको हुन्छ ।

**आधारभूत आवश्यकतामा पहुँचको अधिकार**

मानिसलाई जीवन जिउनका लागि अत्यावश्यक मानिने खानेकुरा, बस्ने बाँस, लगाउने लत्ताकपडा, शिक्षा, सूचना, स्वास्थ्य र हानिकारक क्रियाकलापबाट सुरक्षित हुन पाउने आधारभूत आवश्यकता पूर्तिका लागि त्यस्ता वस्तु एवम् सेवाहरूमा पहुँचको अधिकार उपभोक्तामा सुरक्षित हुन्छ ।

**स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार**

स्वच्छ वातावरणको अधिकार मानव मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको अधिकारसँग सम्बन्धित भएकाले यसलाई वस्तु तथा सेवा उपभोग गर्ने उपभोक्ताको अधिकारसँग जोडेर हेर्नुपर्दछ । मानव र पर्यावरणबीचको अन्तरसम्बन्ध तथा अन्तरनिर्भरताले नै दिगो विकासलाई टेवा पुऱ्याउने भएकाले दिगो विकासका लागि मानवीय आवश्यकताको पूर्ति र विकास कार्यक्रमलाई वातावरणसँग सन्तुलित रूपमा आबद्ध गर्न वातावरण र विकासलाई सहयात्रीको रूपमा लिइनुपर्छ ।

नेपालमा हालसम्म पनि आर्थिक विकास भनेको सरकारले बढी कर उठाउन पाउने व्यापारीहरू धनी हुन पाउने र बजारमा आर्थिक क्रियाकलाप बढी हुने अवस्थालाई मानिएको छ । तर, विदेशतिर आर्थिक विकास भनेको उपभोक्ताको सन्तुष्टिलाई मान्न थालिएको छ । जबसम्म सरकार र राजनीतिक पार्टीहरूको आर्थिक नीति जनमुखी र उपभोक्ता संरक्षणका लागि परिलक्षित हुँदैन, तबसम्म नेपालमा मूल्यवृद्धि नियन्त्रण हुनसक्ने देखिँदैन ।❒

# नेपाली अर्थतन्त्रका केही मुद्दाहरू

❒ डा. पुष्पराज राजकर्णिकार

छिमेकी मुलुकहरू भारत र चीनका अर्थतन्त्र दुई अङ्कको आर्थिक वृद्धिदर हासिल गर्दै विकासको बाटोमा तीव्र गतिले लम्किरहँदा नेपालको अर्थतन्त्र भने ज्यादै सुस्त गतिमा मात्र अघि बढ्न सकेको छ । नेपालको विगत एक

दशकको (२०५७/५८ - ०६६/६७) आर्थिक वृद्धिदर हेर्ने हो भने औसतमा ३.८ प्रतिशत मात्रै देखिन आउँछ । त्यसमा पनि प्रमुख आर्थिक क्षेत्र मानिएको कृषि क्षेत्रको वृद्धिदर हेर्ने हो भने औसत ३.२ प्रतिशत मात्र देखिन आउँछ ।

न्यून उत्पादन वृद्धिबाट विगत धेरै वर्षदेखि ग्रसित नेपाली अर्थतन्त्रमा पछिल्ला वर्षहरूमा मूल्यवृद्धि, शोधनान्तर घाटा र तरलता अभावका समस्याहरू समेत गम्भीर रूपमा देखिन थालेको छ । विगत एक दशकको मूल्य सूचकाङ्क हेर्दा आर्थिक वर्ष २०६१/६२ सम्म मूल्यवृद्धि दर ५ प्रतिशत भन्दा कमै थियो । तत्पश्चात मूल्यवृद्धिको दर केही उच्च देखिन थाले तापनि आर्थिक वर्ष २०६४/६५ सम्म यो एक अङ्कमा अर्थात ७.७ प्रतिशतमा सीमित थियो । तर आर्थिक वर्ष २०६५/६६ मा यो वृद्धिदर १३.२ पुग्यो । यो आर्थिक वर्ष ०४८/४९ पछिको सर्वाधिक वृद्धि हो । दुई अङ्कको मूल्य वृद्धिदर आर्थिक वर्ष २०६६/६७ मा पनि कायमै रहयो । यो वर्ष १०.५ प्रतिशतले मूल्यवृद्धि भएको अनुमान गरिएको छ । वस्तुगत रूपमा हेर्दा दाल, मरमसला, माछा मासु, फुल र चिनी तथा चिनीजन्य वस्तुहरूको मूल्यमा अत्यधिक वृद्धि भएको देखिन्छ । दैनिक उपभोग्य वस्तुहरूमा चर्को मूल्यवृद्धि हुँदा आम जनताको जीवन कष्टकर हुने नै भयो ।

मूल्यवृद्धिको समस्या समाधान गर्ने एउटा उपाय विदेशबाट वस्तुहरूको आयात बढाई आपूर्ति बढाउने हो । तर, देशको शोधनान्तर स्थिति गम्भीर रूपमा नकारात्मक रहेको अवस्थामा यस्तो उपाय अवलम्बन गर्न सकिँदैन । नेपालको शोधनान्तर स्थिति विगत लामो समयदेखि सामान्यतया बचतमा रहँदै आएको छ । तर, आर्थिक वर्ष ०६६/६७ मा नेपालको शोधनान्तर स्थिति आर्थिक वर्ष ०५८/५९ पछि पहिलो पटक पुनः घाटामा गएको छ । यस आर्थिक वर्षको प्रथम एघार महिनामा १५ अर्ब रुपियाँ शोधनान्तर घाटा भएको अनुमान छ ।

उच्च दरमा आयातमा वृद्धि हुनु तर निर्यात भने अस्थिर र ह्रासोन्मुख हुनुको कारणले व्यापार घाटामा निरन्तर वृद्धि भए तापनि विदेशमा काम गर्न जाने नेपालीहरूबाट प्राप्त ठूलो परिमाणको विप्रेषणको कारण आब ०६५/६६ सम्म नेपालको शोधनान्तर स्थिति बचतमा रहेको थियो । आर्थिक वर्ष ०६६/६७ मा वस्तु र सेवा व्यापारको घाटालाई विप्रेषणले पनि धान्न सकेन र शोधनान्तर घाटा भयो । आब ०६५/६६ मा वस्तु र सेवा व्यापारमा २ सय ८ अर्ब रुपियाँको घाटा भएकोमा सोभन्दा बढी अर्थात् २ सय १० अर्ब रुपैयाँ विप्रेषणबाट प्राप्त भएको थियो । तर, आब ०६६/६७ को प्रथम एघार महिनाको तथ्याङ्कबाट वस्तु तथा सेवा व्यापारको घाटा अत्यधिक वृद्धि भएर २ सय ९९ अर्ब पुगेको छ र विप्रेषण आयमा भने सामान्य वृद्धि भएर २ सय ११ अर्ब मात्र पुगेको देखिन्छ ।

फोहोरमैलाको अव्यवस्था, असुरक्षा, श्रम समस्या, विद्युत् आपूर्तिमा अवरोधजस्ता मुलुकभित्रका समस्याहरूले गर्दा विदेशी व्यापार, विदेशी लगानी र पर्यटनको क्षेत्रबाट अपेक्षित लाभ प्राप्त गर्न नसकिरहेको अवस्थामा विश्व आर्थिक सङ्कटको वर्तमान बाह्य समस्याले पनि देशको बाह्य आर्थिक कारोबारमा नकारात्मक असर पर्नाले शोधनान्तर घाटाको समस्या सामना गर्नुपर्ने अवस्था आइपरेको छ । विश्व बजारको आर्थिक क्रियाकलाप र विश्व आर्थिक सम्बन्धको विकासमा नेपालको नियन्त्रण हुँदैन । तसर्थ नेपालजस्तो मुलुकले विश्व अर्थव्यवस्थामा उत्पन्न हुने तरङ्गहरूको प्रभावबाट आफूलाई बचाउन आफ्नो अर्थतन्त्रलाई विश्वबजारसँग कुन हदसम्म एकीकृत गर्ने भन्ने कुरामा गम्भीर हुनैपर्दछ । वर्तमान विश्व आर्थिक सङ्कटबाट सिक्दै चीनले गार्हस्थ बजारको विस्तारमा जोड दिएको छ भने पहिले नै नीतिगत सुरक्षा कवचको व्यवस्था गर्न सकेकाले भारत पनि वर्तमान विश्व सङ्कटबाट कम मात्र प्रभावित भएको छ ।

नेपालमा यसै बीचमा तरलता अभावको समस्या पनि देखियो । धेरै नयाँ-नयाँ बैङ्कहरू खुल्दै जानाले बैङ्किङ क्षेत्रमा बढदो प्रतिस्पर्धा र बढी जोखिम मोलेर पनि तिनले आक्रामक रूपमा हदैसम्म कर्जा प्रवाह गर्दा अधिकांश बैङ्कहरूको कर्जा-निक्षेप अनुपात उच्च रहन गई तरलताको समस्या ब्यहोर्नुपर्‍यो । बैङ्क तथा वित्तीय संस्थाहरूको सङ्ख्यामा वृद्धि भए तापनि निक्षेपमा पाउने ब्याजदर भने कमै रहनाले कर्जा लगानीको अनुपातमा निक्षेप वृद्धि हुनसकेको थिएन । ब्याजदर मूल्यवृद्धि दरभन्दा कम थियो । तरलताको सङ्कट भएपछि हालै मात्र निक्षेपको ब्याजदर बढ्न थालेको छ । उच्च ब्याजदरका नयाँ-नयाँ प्रकारका निक्षेपहरू बजारमा आउन थालेका छन् । तर कतिपय साविकमा खोलिएका निक्षेप खाताहरूको वास्तविक ब्याजदर अझै सकारात्मक हुनसकेको छैन । धेरैजसो बैङ्कहरूमा पुराना बचत खाताहरूको ब्याजदर यथावत कायम राखिएको छ । तापनि, एकातिर बचतको दर कम र अर्कोतर्फ वास्तविक ब्याजदर नकारात्मक रहेको एउटा विसङ्गतिपूर्ण अवस्थामा हाल केही सुधार भएको छ । तरलताको सङ्कटले बैङ्कहरूलाई निक्षेपको ब्याजदर बढाउन बाध्य बनाएको छ । वास्तवमा यथार्थ ब्याजदर सकारात्मक नभईकन निक्षेपकर्ताहरूलाई बचत गर्ने उत्प्रेरणा प्राप्त हुँदैन । बचत दर कम रहेको हाम्रो जस्तो देशमा बचत कर्ताहरूलाई प्रोत्साहित गर्नु जरुरी छ । अहिले नेपालको बचत दर कुल गार्हस्थ उत्पादनको ९.३६ प्रतिशत मात्र छ ।

गार्हस्थ बचत कम भएको मुलुकले बाह्य स्रोतमा बढी निर्भर हुनुपर्ने हुन्छ । तसर्थ, नेपालको आर्थिक विकासमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दातृसंस्थाहरू र निजी विदेशी लगानीकर्ताहरूको महत्वपूर्ण भूमिका रहेको छ । तर, उपयुक्त वातावरण नभईकन विदेशी लगानी आकर्षित हुँदैन । विदेशी लगानी आकर्षित गर्न नयाँ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति मस्यौदा भएको छ, तर लामो समय बितिसक्दा पनि पारित भई कार्यान्वयन आउन सकेको छैन । कर्मचारीतन्त्रबाट हुनुपर्ने काम मात्र होइन, राजनीतिक तहबाट हुनुपर्ने काममा पनि ढिलाइ हुने गरेको छ । विश्व बैंकको व्यवसाय संचालन सम्बन्धी प्रतिवेदन- ०१० का अनुसार विश्वका १८३ देशहरू मध्ये नेपालको स्थान १२३ औं रहेको छ । विदेशसँग कारोबार गर्ने सहजताको क्रममा अझ १६१ औं स्थानमा छ । यसले नेपालमा व्यवसाय गर्न गाह्रो छ, व्यवसायमैत्री वातावरण छैन भन्ने सङ्केत गर्दछ । विदेशी लगानीको कार्य खास गरीकन बृहद परियोजनामा लगानीको कार्यलाई द्रूत गतिमा अगाडि बढाउनका निमित्त लगानी बोर्डको परिकल्पना गरिएको छ । सो बोर्ड गठन गर्ने कुरा आब २०६५/६६ को बजेट वक्तव्यमा पनि परेको थियो । यससम्बन्धी आवश्यक ऐनको मस्यौदा पनि बनिसकेको छ, तर पारित हुन सकेको छैन । विदेशी लगानीलाई प्रोत्साहित गर्नकै निमित्त विशेष आर्थिक क्षेत्रको अवधारणा पनि ल्याइएको छ । भैरहवामा विशेष आर्थिक क्षेत्रको निर्माण पनि भएको छ । तर, आवश्यक ऐनको अभावमा सञ्चालनमा आएको छैन र लगानी सदुपयोग हुन सकिरहेको छैन । यससम्बन्धी ऐनको मस्यौदा बनेर पनि व्यवस्थापिका-संसद्सम्म पुगिसकेको छैन । यसबाट के स्पष्ट हुन्छ भने आर्थिक एजेन्डाहरूले यथोचित प्राथमिकता पाउन सकेको देखिँदैन । र, देश राजनीतिक एजेन्डामै रुमल्लिइरहेको छ ।

अहिले मुलुक कामचलाउ सरकारबाट शासित छ । स्वाभाविक रूपमा कामचलाउ सरकार बलियो हुँदैन । द्वन्द्वपश्चात्को सङ्क्रमणकालीन समयमा अराजकता बढ्ने भएकाले बलियो र स्थिर सरकारको आवश्यकता पर्दछ । त्यसैको अभावमा अहिले नेपालमा उत्पादनको काममा शिथिलता आएको छ र भएका उत्पादनको पनि लागत बढेको छ । यसले गर्दा स्वदेशमा मूल्यवृद्धिको समस्या भएको छ भने विदेशमा स्वदेशी वस्तुहरूले प्रतिस्पर्धा गर्ने क्षमता गुमाएको स्थिति छ । मूल्यवृद्धि र शोधनान्तर घाटाको समस्याको जड यही हो ।

नेपाली अर्थतन्त्रको वर्तमान अवस्थालाई सारमा चित्रण गर्नुपर्दा के भन्न सकिन्छ भने उत्पादनको स्तर न्यून छ, निकासी कमजोर छ, मूल्यवृद्धि चर्को छ र पूँजी बजार शिथिल छ । अराजकता, असुरक्षा अपर्याप्त उर्जा र असहिष्णु राजनीतिक वातावरण मूल कारणका रूपमा रहेका छन् । प्रमुख राजनीतिक दलहरूबीच आर्थिक विकासको ढाँचामा खास मतान्तर देखिँदैन । तीन वर्षीय अन्तरिम योजना बनाउँदा सरकारी, निजी र सहकारी क्षेत्रमा आधारित तीनखम्बे विकासको ढाँचालाई एकीकृत माओवादी, नेपाली काङ्ग्रेस र नेकपा (एमाले)ले स्वीकार गरेकै हो । अहिले पनि त्यसको निरन्तरता छ । विकासको प्राथमिकतामा पनि खास विवाद छैन । कृषि, पर्यटन र जलस्रोतलाई सबैले प्राथमिकतामा राखेकै छन् । वास्तवमा आर्थिक नीतिहरू मै पनि खास भिन्नता देखिँदैन । तर, कार्यान्वयन स्तरमा सहयोगात्मक क्रियाकलाप देखिँदैन । आर्थिक क्रियाकलापमा पनि सकारात्मक भूमिका निर्वाह गर्ने वा नगर्ने भन्ने कुरा राजनीतिक आग्रह वा लाभ हानीबाट निर्देशित हुने गरेको देखिन्छ । यसले गर्दा आर्थिक विकासको काममा अवरोध उत्पन्न हुने गरेको छ । आर्थिक एजेन्डाहरूलाई यस्तो आग्रह वा लाभहानीको अपेक्षाबाट अलग राख्न सके धेरै काम सहज बन्नसक्छ । ❐

# प्राकृतिक स्रोत, जनअधिकार र लोकतन्त्र

**❐ डा. नेत्रप्रसाद तिम्सिना**

प्राकृतिक स्रोत भन्नाले साधारणतया प्रकृतिद्वारा प्रदान गरिएका वस्तु हुन्, जसमा निरन्तररूपमा उत्पादन तथा पुनःउत्पादन गर्ने प्राकृतिक गुण तथा शक्ति हुन्छ । जल, जमीन, जङ्गल, वायु, खनिज पदार्थ, जडिबुटी, जैविक विविधता जस्ता चीजहरू प्रकृति प्रदत्त वस्तुहरू हुन् । मानिसका दैनिक क्रियाकलापहरू यिनै वस्तुहरूको उपलब्धताका आधारमा निर्माण तथा निर्धारण भइरहेका हुन्छन् । प्राकृतिक स्रोतमाथि जनताको अधिकारको बहस यतिबेला नेपाली जनताले अनुभूत गर्ने लोकतन्त्रसँग गाँसिएर तीव्र रूपमा चलिरहेको छ । किनभने अधिकांश नेपाली जनताको जीविकाको मूल आधार र आर्थिक विकासको जग प्राकृतिक स्रोत हो । जल (खानेपानी, सिंचाइ, जल-उर्जा, नदी-तालको पर्यावरण,

मत्स्यपालन, अन्य औद्योगिक र पर्यटकीय सम्भावना आदि), जङ्गल (वन, जडीबुटी, अन्य गैरकाष्ठ, वन्यजन्तु, जङ्गलको पर्यावरण र पर्यटकीय सम्भावना आदि) र जमीन (कृषि र विभिन्न भूउपयोग, आवास, सहरी-ग्रामीण बस्ती, चरन, सिमसार, प्रकृति पर्यावरण र उत्पादन र मानिसका आवश्यकताहरूको पूर्ति गराउने सम्भावना आदि)को साधारण अर्थमा पनि प्राकृतिक स्रोतको प्रकृति, गुण र परिणामले विकासको सम्भावनाको मार्गचित्र देखाउँछ । खास स्थल वा प्रदेशको प्राकृतिक स्रोतसँग ऐतिहासिक अन्तरसम्बन्ध हुन्छ । जनसाङ्ख्यिक समूहका निम्ति प्राकृतिक स्रोतहरू सामाजिक-सांस्कृतिक पहिचानका प्रतीक पनि हुन् । जनजीविका, प्राकृतिक स्रोत र सामाजिक-सांस्कृतिक प्रणाली एकअर्कासँग यसरी सम्बन्धित र जेलिएका हुन्छन् कि प्राकृतिक स्रोतमा हुने परिवर्तनले सामाजिक, धार्मिक र आर्थिक सम्बन्धहरूलाई सोझै प्रभाव पार्छन् । प्राकृतिक स्रोतमाथिको स्वामित्व, अधिकार र दायित्व जनताको सार्वभौमिकता सुनिश्चित गर्ने प्राथमिक महत्वको विषय हो । किनभने आफ्नो परिवेशको प्राकृतिक स्रोतबाट अलग्याइएको समुदाय सिद्धान्त र व्यवहार दुवै अर्थमा सार्वभौम हुन सक्दैन ।

प्राकृतिक स्रोत साधनको संरक्षण, उपयोग र वितरणको विषयले राजनीतिक, आर्थिक र सामाजिक दृष्टिकोणले जनताको व्यक्तिगत जीवनदेखि राष्ट्रिय स्तरसम्म अत्यन्त महत्व राख्दछ । यसरी प्राकृतिक स्रोतको बहस लोकतन्त्र, सामाजिक न्याय र आर्थिक अधिकारको केन्द्रबिन्दुमा रहँदै आएको छ । भर्खरै मात्र मुलुकमा वन फँडानीले विकराल रूप लिएको छ । यसले सबैको ध्यानाकर्षण गराएको छ । वन फँडानी किन हुन्छ, कसले गर्छ र केका लागि हुन्छ भन्ने कुरा छर्लङ्ग छ । त्यसैगरी भर्खरै मात्र सर्वोच्च अदालतले गिट्टी-बालुवा भारत निकासीमा रोक लगाउन सरकारलाई आदेश जारी गरेको छ । गिट्टी बालुवा किन भारत निकासी हुन्छ र यो कसले गर्छ भन्ने कुरा पनि छर्लङ्ग छ । त्यस्तै, अन्य प्राकृतिक स्रोतहरू तथा दुर्लभ जनावरहरूको तस्करीका समाचारहरू बारम्बार आइरहेका हुन्छन् ।

संविधानसभाका समितिहरूमा भूमिसुधार कसरी गर्ने, किन गर्ने, गर्ने कि नगर्ने भन्ने बहसहरू चल्छन् र विभिन्न कोणबाट तर्कहरू अगाडि सारिन्छन् । किनभने भूमिको सवाल राजनीतिक र आर्थिक अधिकारको सवाल हो । पहिचान र संस्कृतिको सवाल हो ।

पानीको संरक्षण, उपयोग र वितरण पनि त्यत्तिकै जटिल छ । खानेपानी, सिंचाइ र ठूलाठूला नदीनालाहरूमाथिको पहुँच र स्वामित्व जनताको जनजीविकासँग प्रत्यक्ष गाँसिएको छ । यसको सम्बन्ध देशको सम्पन्नता र सार्वभौमिकतासँग पनि गाँसिएको छ । ठूला नदीहरूको संरक्षण र सदुपयोगको कुरा देशभित्रको सवाल मात्र रहेन, दुई देशबीचको शक्ति सन्तुलन र सम्बन्धसमेतको विषय बन्ने गरेको छ ।

प्राकृतिक स्रोत- जल, जङ्गल र जमीन नेपाली जनताको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसँग प्रत्यक्ष गाँसिएका छन् र नेपालको अर्थराजनीति र लोकतान्त्रिक प्रणालीसँग प्रत्यक्ष सरोकार राख्ने विषय हुन् । नेपाली लोकतन्त्र कस्तो हुन्छ भन्ने कुराले प्राकृतिक स्रोतमाथि जनताको पहुँच कस्तो हुन्छ भन्ने कुरासँग अभिन्न रूपमा गाँसिएको छ ।

**प्राकृतिक स्रोतहरूको अन्तरसम्बन्ध**

प्राकृतिक स्रोतहरू एकअर्कासँग अन्तरसम्बन्धित छन् । प्राकृतिक स्रोतको उद्भव र उद्गम यस्तो छ, जसलाई टुक्र्याएर बाँड्न र सिमानाले छुट्याउन निकै कठिन छ । जस्तै वन स्रोतको अन्तरसम्बन्धको कुरा गर्दा यो हिमालदेखि तराईसम्म र पूर्वदेखि पश्चिमसम्म अविच्छिन्न रूपमा पारिस्थितिक सन्तुलनका लागि महत्वपूर्ण स्रोत हो । उत्तर-दक्षिण भएर बगेका नेपालका नदीहरूलाई कुनै पनि सिमानाका आधारमा छुटयाउन सकिने अवस्था छैन । त्यसैगरी, पारिस्थिकीय हिसाबले नेपालको भूबनोटको अविछिन्न सम्बन्ध छ । हिमाल र पहाड नरहे चुरे रहँदैन र चुरे नरहे तराई रहँदैन । त्यस्तै तराईको उर्वराभूमि नरहे पहाडका बस्तीहरूलाई भोकमरीले ग्रस्त पार्छ । नेपालको भूबनोटको अन्योन्याश्रित सम्बन्धले भूमिगत जलचक्र, पानी तथा वन स्रोतको संरक्षण र भूक्षय कम हुने जस्ता कुराहरूमा प्रभाव पार्छन्, जसले जनताको जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्दछन् । यो अन्योन्याश्रित सम्बन्धलाई कसरी व्यवस्थित गर्ने भन्ने कुराका लागि राज्यको स्पष्ट नीति हुनु जरुरी छ । प्राकृतिक स्रोतको सन्तुलन, विभाजन वा बाँडफाँडलाई व्यवस्थित गर्न सकिएन भने वातावरणीय असरले सिङ्गो मानव जाति नै खतरामा पर्छ र त्यसमा पनि गरिब र सीमान्तीकृत समुदाय अझ खतरामा पर्छन् ।

**प्राकृतिक स्रोतमाथिको अधिकार : उत्पादन प्रणालीमाथिको स्वामित्व**

हरेक व्यक्तिलाई प्राकृतिक स्रोतको संयुक्त स्वामित्व लिन पाउने प्राकृतिक अधिकार हुन्छ । यस सन्दर्भमा महत्वपूर्ण कुरा त स्रोतको पुनःवितरणलाई राज्य व्यवस्थाले कसरी सम्बोधन गर्छ भन्ने हो । समाजमा विद्यमान असमानता, भेदभाव, शोषण, दमन तथा पछौटेपनको मुख्य कारण नै अन्यायपूर्ण स्रोत वितरण हो । स्रोतमा पनि मुख्यतया प्राकृतिक स्रोतको स्वामित्व, पहुँच र अधिकारको अवस्थाले समता र समाजिक न्यायलाई असर पार्दछ । नेपालमा लामो समयदेखि भूमिसूधारको बहस चलिरहेको छ । वर्तमान राजनीतिक परिस्थितिमा त भूमिको न्यायोचित वितरणको प्रश्न राज्यले कस्तो राजनीतिक व्यवस्थाको अवलम्बन गर्ने भन्ने प्रश्नसँग जोडिएको छ र राजनीतिक दलहरू भूमिको व्यवस्थापनलाई लिएर विभाजित छन् । भूमिमाथिको पहुँच र स्वामित्वले नागरिकको पहिचान, सामाजिक प्रतिष्ठा र जनजीविकालाई निर्धारण गर्दछ । भूमि यस्तो स्रोत हो जसको वैज्ञानिक सुधार र व्यवस्थापनबिना नेपालको आर्थिक विकास सम्भव छैन । त्यसमा पनि गरीब, मजदुर, सुकुम्बासी, साना किसान, दलित, महिलाको भूमिमाथिको स्वामित्व र पहुँचले मात्र साँचो अर्थमा यो

वर्गलाई लोकतन्त्रको अनुभुति दिन्छ । अन्यायपूर्ण स्रोत वितरण प्रणालीले हिंसात्मक द्वन्द्वलाई निम्त्याउँछ । नयाँ संविधान निर्माण गर्दा स्रोतको न्यायिक वितरणमार्फत सामाजिक न्याय र समता कसरी स्थापित गर्न सकिन्छ भन्ने बहस चल्नुपर्ने हो । तर, यस्तो बहसले प्राथमिकता पाएको छैन । अहिलेसम्म चलेका बहसहरूमा प्राकृतिक स्रोतको समन्यायिक वितरणले प्राथमिकता पाएको छैन । जनताको जीवनयापन र सार्वभौमिकताका आधार प्राकृतिक स्रोतहरूको न्यायोचित वितरण प्रणालीले समाजमा कस्तो उत्पादन प्रणाली रहने भन्ने कुरा निर्धारण हुन्छ ।

**प्राकृतिक स्रोत अधिकार र लोकतन्त्र**

स्रोतमा पहुँच र स्वामित्वबाट वञ्चित हुनेहरूले स्रोतमाथिको अधिकार स्थापित गर्न हतियारबन्द लडाइँ लडेको उदाहरण हाम्रैसामु ताजै छ । लोकतन्त्र भनेकै जनताले स्रोतमाथिको अधिकार वा स्वामित्व पाउनु हो । अर्को अर्थमा जनता स्रोतसम्पन्न हुनु हो । लोकतन्त्रको फल जनताले पाउने भनेको जीविकोपार्जनका सहज अवसरहरूको उपलब्धता हुनु, स्वःआर्थिक उपार्जन गर्नसक्नु, शिक्षा स्वास्थ्यजस्ता सेवाहरू आफ्नै गाउँ-ठाउँमा उपलब्ध हुनु र सामाजिक पहिचानका साथ गरिमामय जीवन बिताउन पाउनु हो । नेपालको वर्तमान अर्थराजनीतिलाई विश्लेषण गर्ने हो भने जनताको अधिकार सुनिश्चित हुन प्राकृतिक स्रोतमाथि जनताको स्वामित्व र अधिकार सुनिश्चित हुनैपर्छ । प्राकृतिक स्रोतमाथिको स्वामित्वले समाजमा रहेका विभेदका आधारहरूलाई भत्काइदिन्छ । चाहे ती विभेद लिङ्ग, जाति, जनजाति, क्षेत्र जेसुकैका आधारमा भएका किन नहोऊन् ! नयाँ संविधानमार्फत नयाँ नेपालको खाका बन्दै गरेको बेला स्रोतको न्यायोचित बाँडफाँड, स्वामित्व तथा सदुपयोग सँगै पुनःसंरचना गरेमा मात्र जीविकोपार्जनका लागि प्राकृतिक स्रोतमा आधारित जनतालाई साँचो अर्थमा लोकतन्त्रको अनुभूति गराउन सकिनेछ ।

**प्राकृतिक स्रोत र सङ्घीयता र सामुदायिक अधिकारको बहस**

अहिले मुलुकमा कस्तो सङ्घीयता हुने भन्ने बहस चलिरहेको छ । आधारभूत स्रोतमाथि जनताको पहुँच भएन भने सङ्घीय राज्य बनेर मात्रै शान्तिपूर्ण नेपाल बन्न सक्दैन । एउटा व्यक्ति, जो स्रोतसाधनका हिसाबले विपन्न छ, दैनिक भोकै मर्ने डरमा जीवन बिताउन बाध्य हुन्छ भने ऊ जुनसुकै सङ्घमा परे पनि केही अर्थ राख्दैन । दैनिक खाना र बासको व्यवस्था, स्वस्थ्य र शिक्षाको सेवा, सामाजिक सुरक्षा र पहिचान भएन भने कुनै सङ्घभित्र पर्नु वा नपर्नुसँग सामान्य जनतालाई अर्थ र केही भिन्नता हुँदैन । भोकमरी तथा गरिबीले मानवता नै सङ्कटमा पर्दै गइरहेको परिवेशमा यो समस्यालाई प्राथमिकताका साथ समाधान गर्नुपर्छ । सङ्घीयताको वर्तमान बहसमा स्थायी शान्तिको आधारशीला जनताको स्रोतमाथिको अधिकारलाई बनाइनुपर्छ । अर्थात्, सङ्घीयता विकेन्द्रीकरण र जनअधिकारको माध्यमका रूपमा आउनुपर्छ । नेपालमा प्राकृतिक स्रोतको बनोटलाई हेर्ने हो भने यहाँको एउटा प्रमुख जटिलता जाँदा सङ्घीयतामा विभिन्न प्रान्तवकहरूबीच प्राकृतिक स्रोतहरूको वितरण समान रूपमा हुने सम्भावना छैन । तर पनि, हालसम्मको सङ्घीयताको बुझाइमा आफ्नो प्रान्तभित्रका स्रोतहरूलाई आफ्नो सार्वभौमिक हक तथा अधिकारको वस्तु भनेर बुझ्ने गरिएकोजस्तो देखिन्छ । यसकारण देश सङ्घीयतामा जाँदा देशका प्राकृतिक स्रोतहरूमाथि देशका सम्पूर्ण नागरिकहरूको हक-अधिकार हुने कि नहुने ? यसको संवैधानिक व्यवस्थापन कसरी गर्ने भन्ने जस्ता विषयको गाम्भीर्यलाई छलफलको विषय बनाउनुपर्ने आवश्यकता छ । स्रोतमाथिको अधिकारले मात्र स्थानीय जनतालाई अधिकारसम्पन्न  र सार्वभौम नागरिक बनाउँछ ।

माथि उल्लेख गरिएबमोजिम प्राकृतिक स्रोतहरू अविच्छिन्न, अविभाज्य र सामुदायिक तवरमा व्यवस्थापन र उपयोग गर्नुपर्ने प्रकृतिका हुन्छन् । वन-जंगल, जमिन, चरन, खोलानाला तथा पानीका मुहान्हरूले सामुदायिक संरक्षणको माग गर्दछन् र तिनीहरूको उपयोग पनि सामुदायिक रूपमै हुन्छ । नयाँ संविधान निर्माणको प्रक्रियामा कम बहसमा आएको कुरा स्रोतमाथि सामुदायिक अधिकार हो । यस्तो बहसमा कि त राज्य कि व्यक्तिको अधिकारले मात्र प्राथमिकता पाएको देखिन्छ । नयाँ संविधानले प्राकृतिक स्रोतमाथि सामुदायिक अधिकारलाई सुनिश्चित गर्नुपर्दछ । सामुदायिक अधिकार र उत्तरदायित्वले एकातिर प्राकृतिक स्रोतको संरक्षण र सम्बोधनमा मद्दत पुऱ्याउँदछ भने अर्कोतर्फ स्थानीय समुदायलाई अधिकारसम्पन्न बनाई स्थानीय तहमा सामाजिक न्याय र लोकतन्त्रको अनुभूति दिलाउन मद्दत गर्दछ ।

**निष्कर्ष**

नेपालको आर्थिक र सामाजिक विकासको मुख्य आधार प्राकृतिक स्रोत हो । ७५ प्रतिशतभन्दा बढी जनसङ्ख्या ग्रामीण अर्थतन्त्रमा निर्भर रहने भएकाले प्राकृतिक स्रोतको न्यायोचित वितरण, व्यवस्थापन एवम् राज्यको उचित नीतिबिना न्यायपूर्ण नयाँ नेपालको निर्माण सम्भव छैन । किनभने गरिबीबाट मुक्त हुने कि नहुने र सामाजिक न्याय पाउने कि नपाउने भन्ने कुरा स्रोतको न्यायोचित वितरण, जनताको स्रोतमाथि पहुँच र त्यसको वैज्ञानिक व्यवस्थापन छ कि छैन भन्ने कुरामा निर्भर गर्दछ । नयाँ संविधान निर्माणको क्रममा होस् वा राज्यले दीर्घकालीन वा अल्पकालीन योजना बनाउने निर्णय गर्दा होस् अथवा राजनीतिक दलले समन्यायसम्बन्धी लिने नीति होस् सबै तहमा प्राकृतिक स्रोतको न्यायोचित वितरण र वैज्ञानिक व्यवस्थापनलाई केन्द्रबिन्दुमा राख्नैपर्छ । तबमात्रै साँचो अर्थमा नेपाली जनतालाई लोकतन्त्रको अनुभूति गराउन सकिनेछ । ❒

# सहकारी र तीनखम्बे अर्थनीति

❑ **केशव बडाल**

**सहकारीको विश्वव्यापी मान्यता**

- सहकारी संस्था संयुक्त स्वामित्व तथा लोकतान्त्रिक रूपमा नियन्त्रित व्यवस्थापन मार्फत आफ्नो साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता एवम् आकाङ्क्षाहरू परिपूर्ति गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त सङ्गठन हो।' (अन्तर्राष्ट्रिय सहकारी महासङ्घले सन् १९९५ मा थप परिभाषित गरेको परिभाषा।) यसको तात्पर्य सेयर होल्डरहरूको संयुक्त स्वामित्वको सङ्गठन हो।
- सहकारी संस्था लोकतान्त्रिक सङ्गठन हो।
- सहकारी संस्था व्यावसायिक सङ्गठन हो।
- सहकारी संस्था साझा आर्थिक सामाजिक सांस्कृतिक आकाङ्क्षा हुनेहरूको साझा संस्था हो।

**सहकारीको मूल्य र आधारभूत मान्यता**

सहकारीको मानवीय मूल्यलाई अति महत्वका साथ लिइन्छ, लिनुपर्दछ।

- स्वावलम्बन अर्थात् स्वावलम्बी ढङ्गले अघि बढ्न तम्तयार हुनुपर्दछ।
- सहकारीकर्मी स्वउत्तरदायी भएर आफ्नो क्रियाकलाप सञ्चालन गर्न प्रतिबद्ध हुनुपर्दछ।
- लोकतान्त्रिक आचरण र समानता यसको मुख्य आधार हो।
- सामाजिक न्याय, ऐक्यबद्धता र उत्पादकत्व वृद्धिमा खोज अनुसन्धान शिक्षा तालिममा जोड दिनु यसको मूल्य हो।
- इमानदारिता, खुलापन, सामाजिक दायित्व र समुदायप्रतिको चासो लिनु सहकारीकर्मीको आधारभूत मान्यता हो।

**सहकारीका सात सिद्धान्त**

१. स्वेच्छिक तथा खुला सदस्यता
२. सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण
३. सदस्यहरूको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा तालिम र सूचना सम्प्रेषण
६. सहकारी-सहकारीबीच सहयोग
७. समुदायप्रति चासो र चिन्ता

उल्लिखित सात सिद्धान्त सहकारीकर्मी, सहकारी संस्था सहकारी सङ्घ र सहकारी महासङ्घ सबैको न्यूनतम आधारभूत सिद्धान्त हो। यसमा अटाउन नसक्ने, यसलाई अस्वीकार गर्ने सोच-विचार र व्यवहार भएका व्यक्ति र संस्थाहरू वास्तविक सहकारीमा हुन सक्तैनन्।

सन् १७८९ मा फ्रान्सेली राज्यक्रान्तिका बेलाको मुख्य आकांक्षा स्वतन्त्रता, समानता र भ्रातृत्व थियो। कार्ल मार्क्सले लेख्नुभएको कम्युनिस्ट पार्टीको घोषणापत्र (१८४८) रवर्ट ओवेनले सहकारीबारे प्रस्तुत गरेको विचार, सन् १८४४ मा रोच्डेली पायोनियर (रोच्डेलका २८ जना श्रमिक) विचार र १८४९ मा एफडब्लु रेफिसेन (जर्मनी)ले अघि सारेको 'एकका लागि सबै र सबैका लागि एक' भन्ने विचार नै सबै सामाजिक न्याय, स्वतन्त्रता, समानता, भ्रातृत्व र आर्थिक समृद्धिका लागि सामूहिक प्रयासका आधार हुन्। तिनलाई जहाँ-जहाँ इमानदारितापूर्वक लागू गरियो, त्यहाँ-त्यहाँका समाज र देशले प्रगति गरे। तिनको सामाजिक न्याय र उत्पादकत्व र लोकतान्त्रिक जग पनि बलियो भयो। जहाँ गलत ढङ्गले लागू गरियो वा लागू नै गरिएन, त्यहाँ कुनै प्रगति हुनै सकेन वा न्यूनतम प्रगति भयो।

मानिसहरू क्रान्ति वा अग्रगामी परिवर्तन भन्छन्। नयाँ समाज वा आर्थिक-सामाजिक रूपान्तरण भन्छन्, एकले अर्काको खण्डन गर्छन् तर कहाँ र कसरी जाने ? क्रान्तिपछिको समाज के हुने ? अग्रगामी समाजसम्म पुग्न के गर्नुपर्छ ? भन्ने प्रश्नमा प्रस्ट बोल्दैनन्। साँच्चै भन्ने हो भने फ्रान्सेली राज्यक्रान्तिका बेला अघि सारिएको स्वतन्त्रता, समानता र भ्रातृत्व यी तीन मूल्य-मान्यता पनि हाम्रो समाजले पाएको छैन। र, समृद्ध जीवनका लागि विकासको आकाङ्क्षा हासिल हुनसकेको छैन। किन त्यस्तो भएन ? प्रष्टै छ, मिलीजुली काम गर्ने र उपभोग गर्ने प्रस्ट नीति-कार्यक्रम र योजनाको कार्यान्वयन भएको छैन। लोकतन्त्र आउँछ तर सबैको घरआँगनसम्म आउदैन/आउन सक्दैन। केही व्यक्तिको घरमा मात्रै आउँछ। जब सबैको घर आँगनमा लोकतन्त्र आउँदैन अनि त्यस्तो लोकतन्त्र केही दिनको पाहुनाजस्तो मात्रै हुन्छ। फेरि विलुप्त हुन्छ। यस्तै भइरहेको हामीले देखिरहेका छौं, भोगिरहेका छौं। कमिला सानो हुन्छ तर हजारौं कमिलाले मिलीजुली बनाएको माटोका घर, मान्छेको ज्यान भन्दा धेरै ठूलो पनि हुन्छ र मान्छेले भत्काउन सजिलो हुँदैन। मान्छेले बनाएका ट्वीनटावर भन्दा त्यो सानो कमिलाले ज्यानका तुलनामा उसले बनाएको माटोको घरका सामु टावर केही पनि होइन। जो कुनै दाताको सहयोगका बलमा बनाइएको होइन। विश्व बैङ्क, एडीबी र अन्तर्राष्ट्रिय मुद्रा कोष सहयोगबाट बनेको पनि होइन। अर्थात् हामीले कमिलाबाट सिक्नुपर्ने कुरा यही सामूहिक प्रयत्न सहकारी आर्थिक संरचना धेरै मिलेर बनेको हो। त्यस्तै सामूहिक सामर्थ्य छरिएको पुँजी छरिएको स्रोत, छरिएको श्रम, छरिएको सीप र छरिएको अनुभवलाई पारस्परिक विश्वासको आधारमा, आफ्ना आर्थिक, सामाजिक,

सांस्कृतिक आवश्यकता र आकाङ्क्षा पूरा गर्न सहकारी एउटा उपयुक्त माध्यम हो । खासगरी आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि सहकारी महत्वपूर्ण माध्यम हुन्छ । आर्थिक र मानवीय गरिबीबाट मुक्तिका लागि सहकारी आवश्यक छ । लोकतन्त्रलाई आधारभूत तहसम्म लैजानका लागि सहकारी जरुरत छ । स्वावलम्बी, स्वाधीन र स्वाभिमानी आर्थिक, सामाजिक संरचना निर्माण र विकासका लागि पनि सहकारी महत्वपूर्ण माध्यम हो ।

खासगरी, आर्थिक रूपले सबल बन्न, सामाजिक रूपले हार्दिक हुन, सांस्कृतिक रूपले पारस्परिक सम्मानको वातावरण निर्माण गर्न सहकारी अति नै उपयुक्त संरचना हो । सँगसँगै वातावरणमैत्री विकासका लागि पनि सहकारी आर्थिक संरचनाले ( बुझेरै लाग्नेले) तत्कालीन लाभका लागि वातावरण विनास गर्दैन । वातावरण मैत्री अर्थात् सामाजिक आर्थिक, सांस्कृतिक, प्राकृतिक र जैविक वातावरण रक्षासहितको विकासमा सहकारीले जोड दिन्छ र जोड दिनुपर्छ ।

नेपाल अहिले एउटा युगबाट अर्को युगमा प्रवेश गर्दैछ । एउटा आर्थिक-सामाजिक-सांस्कृतिक संरचनाबाट अर्को संरचनामा प्रवेश गर्दैछ । चालू सङ्क्रमणकालमा देखिएको अनेक असङ्गत क्रियाकलाप घटना, परिघटना र अयोग्यताले सर्वसाधारण र प्रतिक्रियात्मक चरित्र भएका मानिसहरूले निरासा, कुन्ठा, आक्रोश र चित्कार गर्दै बरु पुरानै संरचना ठीक भन्नेजस्ता कायर अभिव्यक्ति आउन थालेका छन् । कतिपय व्यक्ति वा नेताका समस्या पर्दा कायर जस्तै भाग्ने र सङ्कट पर्दा क्रूरता प्रदर्शन गर्ने असङ्गत शैली देखिने गर्छ र समस्याको गहिराइमा पुग्ने र समाधानको उपाय पत्ता लगाउन गहन चिन्तन गर्ने प्रयासतर्फ नलाग्ने कमजोरी रहेको देखिन्छ । समस्या नभएको होइन, अहिले देशमा थुप्रै समस्या छन् ।

आर्थिक हिसाबले मुलुक जीर्ण छ, व्यापार घाटा लगभग तीब अर्ब पुगेको छ । भुक्तानी सन्तुलन १५ अर्बले ऋणात्मक भएको छ । उद्योगधन्दा कलकारखाना शिथिल या बन्दप्रायः छन् । त्यहाँ काम गर्ने जिम्मेवारहरू भात खानेभन्दा थालै खाने प्रवृत्तिका रहेका छन् । उनीहरू चिया खाने भन्दा चियाको कप नै खाने गर्दछन् । कामदार-कर्मचारी पनि माकुरे प्रवृत्तितर्फ उन्मुख छन् । सामाजिक सम्बन्ध खल्बलिएको छ । वर्गीय भावना, वर्गीय एकता र जुनसुकै जाति, भाषा, धर्म संस्कृति र राजनीतिक आस्थाको भए पनि श्रमिक एकताको भावना दुब्लाएर अत्यन्तै कमजोर भएको छ । संसारको आधा भूभाग कब्जा गर्ने अङ्ग्रेजलाई थर्काएर लखेट्न सक्षम नेपालीहरू अहिले ढलमलजस्तै भएका छन् । नेपाल असफल राष्ट्र हुने हो कि भन्ने चिन्ताले जनताको ठूलो हिस्सालाई चिन्तित बनाएको छ । जमीन, जङ्गल, जल, जडिबुटी, खनिज पदार्थ र सक्षम श्रम भएर पनि देश किन पछि परेको छ ? हामीले अदक्ष र अर्धदक्ष श्रम निर्यात गरिरहेका छौं तर 'दक्ष-कन्सल्ट्यान्ट' आयात गरिरहेका छौं । कच्चा पदार्थ, काठका मुढा, कच्चा जडिबुटी निर्यात गरिरहेका छौं । तयारी सामान, तयारी फर्निचर, तयारी औषधि, तयारी पोशाक आयात गरिरहेका छौं । संसारमा कच्चा पदार्थ र कच्चा श्रम निर्यात गर्ने दशेले कहीं कतै प्रगति गरेको छैन र गर्दैन ।

खोलाको पानी खेर गइरहेको छ तर हामी मिनरल वाटर आयात गर्छौं । खोला त्यसै बगेर गएको छ, विद्युत-ऊर्जा आयातमा अर्बौं खर्च गरिरहेका छौं । साथै, हाम्रो खेतबारी सुख्खाले गर्दा बाँझै छ । कृषिप्रधान देश भन्छौं, देशको कूल श्रमशक्तिको ६५ प्रतिशत हिस्सा कृषिमा आश्रित छ, प्रमुख उत्पादक शक्ति किसान, प्रमुख उत्पादनको साधन भूमि भन्छौं तर अर्बौंको अन्न, चिनी, माछामासु, दुध आयात गर्छौं । उद्योग खुलेका छन् तर तिनको कच्चा पदार्थ स्वदेश आधारित छैन । देशमा खुलेका मूल्य अभिवृद्धि २० प्रतिशत पनि नहुने उद्योगले औद्योगिक प्रदूषणबाहेक देशलाई खासै उपलब्धि दिँदैनन् । यी सबै स्थितिका कारण अनेक होलान् तर मुख्य कारण हामी कुन आर्थिक मोडेलमा जाने ? किन जाने ? कसरी जाने ? र, त्यसको परिणाम के हुन्छ ? त्यसतर्फ ध्यान गएको छैन, ध्यान दिन पनि चाहेका छैनौं । यो नै हाम्रो ठूलो भूल हो ।

२० औं शताब्दीका प्रसिद्ध अर्थशास्त्री तथा समाजशास्त्री आन्द्रेई गुन्डर फ्रेङ्कले आफ्नो पुस्तक 'डेभलपमेन्ट एन्ड अन्डर डेभलपमेन्ट सोसियोलजी' (१९६९) मा लेखेका छन्, 'विकसित देशको आर्थिक विकास र समृद्धि तेस्रो विश्वका अविकसित तथा विकासशील देशका अर्थतन्त्रको कमजोरी तथा गरिबी हो ।' उनको जोड रहेको छ, 'जबजब तेस्रो विश्वका देशले पुँजीवादी विकसित विश्वसँगको सम्बन्ध कमजोर अवस्थामा राखेका हुन्छन्, त्यसबेला तेस्रो विश्वको आर्थिक विकासले गति लिन्छ ।' उनको यस भनाइलाई 'डिपेन्डेन्सी रिभुलुसन' पनि भन्ने गरिएको छ । वास्तवमा दक्षिण अमेरिकी देशहरू ब्राजिल, अर्जेन्टिना, भेनेजुयला तथा एसियाको चीन, भारतलगायतका देशहरू तुलनात्मक रूपले अप्ठ्यारो अवस्थामा भएर पनि आफैं प्रयत्नशील भएर नै प्रगति गरिरहेका छन् । जबसम्म कोही अरूले गरिदेला भनेर बसेका थिए, हामी जस्तै उनीहरू पनि कच्चा पदार्थ र कच्चा श्रम निर्यातक थिए । अहिले आफ्नो खास हैसियत बुझेपछि तिनले अपार प्रगति गरेका छन् ।

हामीले विगत दुई दशकभन्दा बढी समयदेखि आर्थिक समायोजन कार्यक्रमका नाममा १९८७ देखि उदार बजार अर्थतन्त्र अपनाउँदै आयौं । जुन देशमा खास बजारै छैन, त्यहाँ बजार अर्थतन्त्र भन्दै हिड्यौं । त्यो नै गम्भीर गल्ती थियो । अन्तरिम संविधान ०६३ मा तीनखम्बे अर्थनीतिबारे उल्लेख गरिएको छ । त्यसबाट अबको हाम्रो आर्थिक विकासका लागि सहकारी, निजी र राज्य- यी तीनैवटा पक्ष अपरिहार्य छन् भन्ने स्वीकार गरिएको छ । सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि यो वास्तविक मिश्रित आर्थिक मोडल नै उपयुक्त छ भन्ने कुरा संसारको अनुभव र हाम्रै देशको विगतका गलत आर्थिक नीतिले पाठ सिकाइसकेको छ ।

संसारका विभिन्न देशमा विभिन्नखाले अर्थतन्त्रको मोडल प्रस्तुत भए । राज्य नियमित सोभियत आर्थिक मोडल सफल देखिएन । सम्पूर्ण भूमिका बजारलाई भन्ने पश्चिमा मोडल पनि सफल देखिएन । अबको नेपालको आर्थिक विकासको मोडल वास्तविक मिश्रित तीनखम्बे आर्थिक मोडलमा आधारित हुनु अपरिहार्य छ । त्यसका लागि देशको कुल आर्थिक क्रियाकलापको क्षेत्रमा सहकारीको भूमिका पूर्वाधार कार्यक्षेत्र, पुँजी पूर्वाधार, शिक्षा तालिम लगायतमा व्यापक वृद्धि गर्न जरुरी छ । ता कि अहिलेको अवस्थाबाट कम्तीमा ११ गुणा बढी भूमिका बढाउन सकिन्छ । हाल देशमा करिब २० हजार सहकारीका प्रारम्भिक संस्था, १ सय ७१ वटा जिल्ला सङ्घ, ९ वटा केन्द्रीय सङ्घहरू तथा राष्ट्रिय सहकारी बैङ्क र राष्ट्रिय सहकारी महासङ्घ रहेको स्थिति छ । यसले कुल गार्हस्थ उत्पादनमा करिब तीन योगदान गरेको छ । ५० हजार प्रत्यक्ष र ५ लाखले अप्रत्यक्ष रोजगारी

पाउन सकेका छन्। करिब ३० लाख व्यक्ति सहकारीअन्तर्गत आबद्ध छन्। अर्थतन्त्रमा यसको भूमिका ११ गुणा बढाएर कम्तिमा ३३ प्रतिशत पुऱ्याउनुपर्छ। तब यसको सामर्थ्य स्पष्ट हुनजानेछ। निजी क्षेत्रलाई आफ्नो सीप-क्षमता पुँजीको भरपूर परिचालन गरेर उत्पादन र पुनःउत्पादन, लगानी र पुनःलगानी गर्ने वातावरण विकास गरिनुपर्छ। 'मल्टीफ्युल'को माग गर्ने चेतनालाई कर्णाली, चीसापानी वा त्यस्तै ठूला विद्युत् गृहको उत्पादनमा लगानी गर्ने सोचाइतर्फ मोड्नुपर्छ। सिङ्गापुर र फ्रान्सका फर्निचर आयात गर्ने हैन त्यता निर्यात गर्नेतर्फ लैजानुपर्छ।

यसक्रममा राज्यले पूर्वाधारको विकास, नीतिगत, कानुनी र व्यावहारिक क्षेत्रमा रहेका अवरोध पन्छाउने काम गर्नेपर्छ। तर, उत्पादन तथा वितरणका कैयौं अत्यावश्यक क्षेत्रमा आफूलाई पनि नमुनाका रूपमा प्रस्तुत गर्नुपर्छ। राज्यका कम्पनीहरू र अनुसन्धान केन्द्रहरूमा २० वर्षमा १८ वटा कार्यकारी प्रमुख परिवर्तन भएका छन्। वर्तमान नीतिलाई विस्थापन गरी कम्तीमा ५ वर्षको नियुक्ति र तदनुरूपको परिणामको आधारमा समय थप गर्ने विधिको व्यवस्था गर्नुपर्छ। स्वाधीन अर्थतन्त्रको निर्माणबिना राष्ट्रिय स्वाधीनता बलियो हुँदैन। आर्थिक अर्थतन्त्र निर्माणका लागि तीनखम्बे अर्थनीति नै अपरिहार्य छ। छरिएको पुँजी, श्रम र सीप-क्षमता र अनुभवलाई सामाजिक न्याय र उत्पादन वृद्धिमा लगाउन सहकारीको व्यापक मात्रामा क्रियाशीलता जरुरी छ। 'गाउँ सहरमा सहकारी, घरघरमा रोजगारी'को भावनालाई साँचो व्यवहारमा उतार्न सक्नुपर्छ। निजी क्षेत्र र राज्यले पनि आफ्नो भूमिकालाई सहयोगी रूपमा निर्वाह गर्नुपर्छ। त्यसरी नै तीनखम्बे अर्थनीतिमार्फत स्वावलम्बी आर्थिक आधारलाई बलियो बनाउन सकिनेछ। ❑

# किसानका माग र भूमि अधिकार आन्दोलन

❑ **जगत बस्नेत**

**ऐतिहासिक पृष्ठभूमि**

नेपालमा भूमि अधिकार आन्दोलनको इतिहास सन् १८६२ देखि सुरु भएको पाइन्छ। बासठ्ठीहरण भनी चिनिएको जमिन जफत प्रक्रियामा अपनाइएको व्यवस्थाविरुद्ध सम्पत्ति हरिएका बिर्ताधनीहरूको विरोध सायद इतिहासमा लेखिएकोमध्ये पहिलो घटना होला। त्यसभन्दा अगाडि पनि भूमि हकका लागि आन्दोलनहरू भए होलान् तर ती अलिखितै छन् वा लेखकको अध्ययनमा आई नपुगेका पनि हुन सक्छन्। सङ्गठित रूपमा नभए पनि भूमि हक आन्दोलन नेपालका विभिन्न भूभागहरूमा विभिन्न किसिमले भएको पाइन्छ। तिनै असङ्गठित आन्दोलन र किसानहरूको दयनीय अवस्थालाई चित्रण गरेर वि.सं. १९७७ मा सुब्बा कृष्णलालले 'मकैको खेती' नामक पुस्तक लेखे। उनले 'किरा' र 'कुकुर' शब्दमार्फत नेपाली किसानहरूको अवस्था र राणा शासनले गरेको शोषणको अवस्था चित्रण गरेका थिए। त्यसले राणा शासकहरूबीच हल्लीखल्ली नै मच्चायो। पुस्तक लेखेबापत् सुब्बा कृष्णलालले जेल जानुपऱ्यो र जेलमा नै उनको मृत्यु भयो। यसले देखाँउछ कि नेपालमा असङ्गठित रूपमा किसान आन्दोलन २००७ साल अगाडि नै सुरु भइसकेको थियो र ००७ सालको क्रान्तिको आधार पनि नेपाली किसानहरूको त्यही आन्दोलन थियो। २००७ सालअगाडि देखि नै किसानहरूको मूल माग जोतिरहेको जमिनमाथिको हक पाउनुपर्ने र किसानहरूमाथि गरिआएको शोषणको अन्त्य हुनुपर्ने थियो।

२००७ सालमा प्रजातन्त्र आएपछि पनि किसानहरूको भूमिमाथिको हक र राणा शासनले गरेको शोषणको सम्बोधन नभएपछि भक्तपुर सोम्लिडटारका किसानहरूले जोतिरहेको जमिनको कुतबाली नतिर्ने तथा जमिनमा मोहियानी हकको ग्यारेन्टी गर्न आन्दोलन सुरु गरे। त्यसै वर्ष काठमाडौंका किसानहरूले पनि मोहीयानी हकको ग्यारेन्टी गर्न माग गर्दै आन्दोलनको सुरुवात गरे। वि.सं. २००८ मा बर्दियामा बटैया, लुम्बिनीमा जमिनदार, बारा र रौतहटमा धर्मभकारी आन्दोलनहरू सुरु भए। ती आन्दोलनहरू चलिरहँदा सरकारले किसानका मागको सुनुवाइ र सम्बोधन गर्नुको साटो झन दमन र जमिनदारहरूको पक्ष लियो। सरकारी दमन र जमिनदारको पक्षपोषणले नेपाली किसानहरूको आन्दोलन झन् सशक्त रूपमा नेपालका विभिन्न भूभागमा उठ्नथाल्यो। सुदूरपश्चिममा भीमदत्त पन्तले हलिया प्रथा, कमैया र जमिनदारविरुद्धको आन्दोलन अगाडि बढाए। सशक्त किसान आन्दोलन अगाडि बढेको हुनाले सरकारले उनलाई किसान नेताको रूपमा देख्न नसकी विसं ०१० मा गोली हानी हत्या गऱ्यो। उनको 'कित जोत हलो, कि त छोड थलो' भन्ने नारा अहिले पनि उत्तिकै रूपमा चर्चित र परिचित रहेको छ।

'रे नही जी कहो !' भन्दै रौतहटका गरिब किसानहरूले जमिनदारविरुद्ध ठूलो आन्दोलन चलाए, जुन आन्दोलन किसानहरूको मानमर्यादा र अधिकारका लागि गरिएको थियो। यस्तै प्युठानको किसान आन्दोलन, तराईको जिल्लाहरूमा भएको 'खमार रोक' दाङको किसान आन्दोलन, झोडा, झापा र धनुषाको भकारी भोड, छिन्ताङ, पिस्कर आदि धेरैमध्येका केही आन्दोलनहरू हुन्, जसमा किसानहरूले आफ्नो ज्यान गुमाएका छन्, ज्यानको बलिदान गरेका छन् र किसान

आन्दोलनलाई उचाइमा पुऱ्याएका छन् । हरेक प्रजातान्त्रिक आन्दोलनमा किसान आन्दोलनको ठूलो योगदान छ, राजनीतिक परिवर्तनका आधार नै किसान आन्दोलनलाई लिन सकिन्छ किनभने जब किसान सडकमा आउँछन् तब मात्र राजनीतिक आन्दोलनहरू सफल भएका छन् र राजनीतिक परिवर्तनहरू भएका छन् । विं.सं. ०४६ सालको आन्दोलनमा पनि विभिन्न किसान सङ्गठनहरू विशेषगरी अखिल नेपाल किसान सङ्घको महत्वपूर्ण योगदान रहेको थियो । तर, जब प्रजातान्त्रिक सरकारहरू बन्छन्, तब किसानहरू फेरि पनि जमिनदारको चर्को शोषण, दमन र भूमिअधिकारबाट बेदखली हुने गरेका छन् । ०४६ सालपछि किसानहरूले ठूलो आशा गरेका थिए तर त्यसपछिका सरकारले भूमिसुधारका एजेन्डालाई कहिल्यै पनि प्राथमिकतामा राखेनन् बरु जोतिरहेको जमिनबाट उनीहरू बेदखली हुनुपऱ्यो र बसिरहेको स्थानबाट लखेटिनुपऱ्यो । किसान सङ्गठनहरू आफ्नो पार्टीको नीति र निर्देशनअनुसार अगाडि बढ्नुपर्ने भएकाले उनीहरूको पनि आन्दोलनको ताकत घट्दै जानथाल्यो । भूमिसुधारको सवालभन्दा पनि कृषिसुधारको सवाल अगाडि आउन थाल्यो । त्यसबाट विशेषगरी मोही तथा भूमिहीन किसानहरू स्वतन्त्र आन्दोलनहरूको खोजी र विकासतिर लागे र ०४८ सालपछि नागरिक समूहहरूको सहजीकरणमा भएका भूमिअधिकारका आन्दोलन सुरु भए । त्यसका साथै राजनीतिक पार्टीहरूका आफ्ना भ्रातृ सङ्गठनहरूका आन्दोलनहरू पनि जारी रहे ।

**भूमि अधिकारबाट बञ्चितहरूका स्वतन्त्र आन्दोलनहरू**

०४६ को राजनीतिक परिवर्तनपछि किसानहरूले एकपटक गरिब जनताको पक्षमा भूमिसुधार हुन्छ भन्ने आशा राखेका थिए । किनभने भूमिसुधारका पक्षमा वकालत गर्नेहरू नै सरकार र सत्तामा पुगेका थिए । तर, त्यसपछि राजनीतिक पार्टीहरू नै जमिनदारहरूसँगको समन्वयमा पुगे र आन्दोलन गर्ने किसान सङ्घसङ्गठनहरू मध्यमवर्गको नियन्त्रणमा फसे । त्यसले भूमिसुधारको सवाल चुनावी मुद्दा मात्र बन्न पुग्यो । व्यावहारिक भूमिसुधारको अभ्यास र वास्तविक भूमिहीनहरूको पीडा पछाडि पर्दै गयो । राजनीतिक पार्टीहरूको भूमिसुधारको बेवास्ताका कारण नै छरपष्ट भूमि आन्दोलनहरूको जन्म भयो । वि.सं. ०४९ सालमा बर्दिया कनाराका थारूहरू भूमिमाथिको हक र जीविकाको ग्यारेन्टी गर्नुपर्ने माग राखी आन्दोलन सुरु गरे तर प्रजातान्त्रिक सरकारले आन्दोलनमा दमन गऱ्यो । तर पनि, किसानहरू लडिरहे । विसं ०५१ सालमा रसुवाका किसानहरूले बिर्ता उन्मूलन भएर पनि बिर्ताको कुत तिरिरहनुपरेको भनी बिर्ताको कुत नतिर्ने आन्दोलन सुरु गरे । वि.सं. ०५२ सालमा आत्मनिर्भर केन्द्र, सिन्धुपाल्चोकको सहजीकरणमा मोही तथा गुठी जमिनको हक प्राप्तिको आन्दोलन सुरु भयो । आज यो आन्दोलन भूमिअधिकारको आन्दोलनका नामले देशव्यापी फैलिएको छ । वि.सं. ०५३ सालमा बाँके र बर्दियाका किसानहरूले 'बागदारी र पितमरी' आन्दोलन गरे यसमा पनि प्रजातान्त्रिक सरकारले दमनको प्रयास गऱ्यो । वि.सं. ०५४ सालमा बाँके गिजरा फारमका किसानहरूले आफूले जमिन पाउनुपर्ने माग राखी गिजरा फारमको जमिन कब्जा शुरु गरे तर सरकारले यसमा पनि दमन गऱ्यो । ०५७ सालमा कमैयाहरूले मुक्तिको आन्दोलन सुरु गरे र मुक्त भए तर जमिनको हकका लागि भने आज पनि लडिरहेका छन् । आज यो मुक्त कमैया आन्दोलनका नामले पश्चिमका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा चलिरहेको छ । वि.सं. ०६० सालमा नेपालका ९० हजारभन्दा बढी सुकुम्बासीहरूले जमिन पाउनुपर्ने माग राखी मालपोत तथा जिल्ला प्रशासन कार्यालयहरूमा निवेदन दर्ता गरे र सरकारलाई दबाब दिए । निवेदन दर्ताका क्रममा धेरै स्थानमा सरकारले गरिब भूमिहीनहरूमाथि दमन गर्ने प्रयाससमेत गऱ्यो । वादी महिलाहरूले आफ्नो भूमिमाथिको अधिकार सुनिश्चित गरियोस् भनी ०६४ मा करिब २ महिना काठमाडौंमा धर्ना दिए र सरकारसँग सहमति भयो । तर, त्यसको कार्यान्वयन भने अझै हुन सकेको छैन । यसैगरी ०६५ मा हलियाहरूले काठमाडौंमा धर्ना दिए सरकारले हलियाका मागहरू पूरा गर्ने सहमति जनायो तर हालसम्म पनि तिनले भूमि पाउन सकेका छैनन् । यसैगरी विभिन्न सुकुम्बासी समूहहरूले पनि भूमिहकका लागि आन्दोलन गरिरहेका छन् । कसैले सङ्गठित रूपमा गरेका छन् भने कसैले असङ्गठित रूपमा पनि गरेका छन् । तीमध्येको सशक्त आन्दोलनका रूपमा स्थानीयदेखि राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा स्थापित राष्ट्रिय भूमिअधिकार मञ्चको नेतृत्वमा संचालित भूमिअधिकारको आन्दोलन नेपालका ५० भन्दा बढी जिल्लाहरूमा फैलिएको छ । यो आन्दोलनले मूलतः तीनवटा मुख्य विषयलाई अगाडि सारेको छ । पहिलो, भूमिको पुनःवितरण (जसले भूमिमा श्रम गर्छ वा खेतीमा काम गर्छ उसलाई मात्र खेतीयोग्य जमिनको स्वामित्व, जसले खेतीमा काम गर्दैन उसलाई घरबासका लागि मात्र जमिनको स्वामित्व) वा 'घरबास सबैलाई खेतीयोग्य जमिन जोत्नेलाई' दोस्रो कृषि सहयोग तथा अनुदान र तेस्रो भूमिको प्रशासनमा आमूल परिवर्तन, स्वयत्तता सहितको स्थानीय तहमा नै भूमिसुधारको जिम्मेवारी) । यसको सुरुआत सिन्धुपाल्चोक जिल्लाको किउल र हेलम्बु दुईवटा गाविसबाट मोहीयानी हक प्राप्तिको आन्दोलनबाट सुरु भएको थियो भने आज ५० भन्दा बढी जिल्लाहरूमा सङ्गठित र राजनीतिक रूपमा सचेत रूपमा फैलिरहेको छ । यसले विसं ०५७ सालमा सिन्धुपाल्चोक जिल्लाका मालपोत, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला भूमिसुधार कार्यालय ठप्प बनाई आफ्नो आन्दोलनलाई जिल्लाभन्दा बाहिर विस्तार गर्न उत्साहित गरेको थियो । राष्ट्रिय भूमि अधिकार मञ्चकै नेतृत्वमा ०६० सालमा ९० हजारभन्दा बढी भूमिहीनहरूको मुद्दा जिल्ला मालपोत तथा जिल्ला प्रशासन कार्यलयमा दर्ता गराएको थियो भने करिब ५ सय भूमिहीन तथा भूमिअधिकारबाट बञ्चितहरू राजविराजमा ४८ घन्टे आम भोक हड्तालमा बसेका थिए । राजाले शासन लिएपछि सबभन्दा ठूलो जुलुस र पैदलयात्रा यसले दाङको घोराहीदेखि बर्दियासम्म सम्पन्न गऱ्यो, जसलाई धेरै पत्रपत्रिकाहरूले राजाको शासनमा पहिलो र ठूलो किसानहरूको विरोध जुलुस भनेर छापेका थिए । वि.सं. ०६२ सालमा सुनसरी जिल्लामा मोहीयानी हक प्राप्तिका लागि एकहप्ते रिले अनसन र १५ भन्दा बढी जिल्लाहरूमा मालपोत कार्यालयमा धर्ना गरी सरकारसँग ७ बुँदे सहमति गरिएको थियो । ०६३ सालमा सरकारको सहमति कार्यन्वयन र

राजनीतिक दलहरूले गरेका वाचा पूरा गर भन्दै काठमाडौंमा ७ दिने राजनीतिक पार्टीका कार्यलयहरूमा धर्ना गरिएको थियो । जसका कारण सात दलको बैठकमा भूमिसुधारका विषयलाई छिट्टै सम्बोधन गर्न नेपाल सरकारलाई निर्देश गरेको थियो । यसैगरी, ०६५ मंसिरमा मञ्चले राष्ट्रिय स्तरको धर्ना टुँडिखेलमा गऱ्यो जसमा सबै राजनीतिक दलका प्रतिनीधि र प्रमुख नेताहरू, मानवअधिकारमीं, नागरिक समाजका अगुवालगायतका अधिकारकर्मीहरूको ऐक्यबद्धता र सहयोग थियो । सरकारले मञ्चद्वारा प्रस्तुत मागहरू सम्बोधन हुनेगरी सहमति त गऱ्यो तर आजसम्म पनि कार्यन्वयन गरेको छैन । संविधानमा गरिबका पक्षमा भूमिसुधारका विषयवस्तु राख्न र जनताको पक्षमा भूमिसधार गर्न मञ्चले विभिन्न जिल्लामा तालाबन्दी, घेराउ, धर्ना, जुलुस, सभा, पदयात्रा, साइकल यात्रा, राँके जुलुस, अन्तर्कियालगायत विभिन्न आन्दोलनका कार्यक्रमहरू ५० भन्दा बढी जिल्लाहरूमा गरिरहेको छ र राजनीतिक पार्टीहरूको आन्दोलनमा ऐक्यबद्धता र उधारो प्रतिबद्धता मात्रै रहेको पाइन्छ । यो आन्दोलन राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा समेत चर्चा पाएको, गरिबहरू मात्र सङ्गठित रहेको र स्वतन्त्र रूपमा अगाडि बढेको आन्दोलनका रूपमा चिनिन्छ । यस आन्दोलनमा ९६ हजारभन्दा बढी मोही, भूमिहीन, हरूवा, चरुवा, हलिया, कमैया, गुठीपीडत, उखडा पीडित, चुरेपीडितलागयत भूमिको अधिकारबाट बञ्चितहरू सङ्गठित छन् । आफ्नै स्वतन्त्र आन्दोलनका रूपमा यसले विकास गरेको छ । आजसम्म राष्ट्रिय भूमिअधिकार मञ्चलाई एउटा गरिबहरूको स्वतन्त्र सङ्गठन र स्वतन्त्र आन्दोलनका रूपमा चिनाउन सफल भएका छन् । सायद नेपालकै सशक्त र स्वतन्त्र भूमिअधिकार आन्दोलन यही नै होला ।

यसरी सन् १८६२ बाट सुरु भएको किसान आन्दोलनको माग जमिन जोत्नेको हुनुपर्ने, मोहीयानी हकको ग्यारेन्टी गरिनुपर्ने, कृषि सहयोग तथा अनुदान दिनुपर्ने, भूमि प्रशासन जनताको पक्षमा हुनुपर्ने, किसानहरूमाथि गरिएका शोषणको अन्त्य हुनुपर्ने, हलिया, हरूवा, चरुवा, कमैया, कमलरी आदि भूमिमा आधारित बँधुवा मजदुर प्रथाको अन्त्य हुनुपर्ने आदि आज पनि पूरा भएका छैनन् । तिनै मागका साथ उनीहरूले आन्दोलन गरिरहेका छन् । हिजो राजनीतिक रूपमा आन्दोलन सङ्गठित थियो तर आज राजनीतिक पार्टीहरूको आफ्नै बेवास्ताका कारण भूमि आन्दोलनहरू छरिएका छन । प्रायः सबै पार्टीहरू जसको जोत, उसको पोतको नारा वा किसानको भूमिमाथिको हकलाई स्थापित गर्ने नाराले स्थापित हुनु तर दुई शताब्दी लड्दा पनि किसानहरूले न्याय नपाउनु राजनीतिक पार्टीहरूका लागि लाजमर्दो कुरा हो । देशमा ठूला-ठूला राजनीतिक परिवर्तन भए सबैको जीवनमा परिवर्तन आयो तर किसानको जीवन आज पनि उस्तै रहेको छ । भूमि र कृषिको रूपान्तरणको सवाल आज पनि ओझेलमा छ । वर्गीय आन्दोलनका नाममा फेरि पनि धनीहरू नै सत्तामा जाने र किसानका मागहरूको बेवास्ता गर्ने गरेको पाइन्छ । अहिले उठेका स्वतन्त्र आन्दोलन पनि राजनीतिक रूपमा सचेत र सङ्गठित भएर उठेको पाइँदैन । भूमिसुधारको मामला फेरि पनि राजनीतिक र संरचनागत सवाल भएको हुनाले राजनीतिक निर्णय र प्रतिबद्धताबिना किसानको हित अनुकूल र सफल हुन सक्दैन । राजनीतिक पार्टी र किसान सङ्गठनहरूले आफ्नो स्थापना कालको नारा र प्रतिबद्धता एकपटक फेरि सम्झेर यी छरिएका किसान आन्दोलनलाई सङ्गठित गरी किसान र भूमिहीनको माग पूरा गर्दा मात्रै नयाँ नेपाल सम्भव हुन्छ । ❒

# घरेलु श्रमको राष्ट्रिय आयमा गणनाको औचित्य

## ❒ बिन्दा पाण्डे

मानव समाजको मूल्य, मान्यता र सभ्यतालाई विकास गर्दै लैजाने क्रममा घरभित्र गरिने श्रम अति आवश्यक श्रमभित्र पर्दछ । समाज जतिसुकै आधुनिक किन नहोस्, यस किसिमको श्रमको प्रयोग भएकै हुन्छ । त्यसैले 'जेन्डर' दृष्टिकोणवाट व्याख्या गर्दा श्रमलाई तीन भागमा बाड्ने गरिन्छ– **उत्पादनमूलक श्रम**, जुन प्रत्यक्ष आर्थिक गतिविधिसँग जोडिएको हुन्छ । **पुनःउत्पादनमूलक श्रम**, जसको प्रत्यक्ष सम्बन्ध आर्थिक उपार्जनसँग हुँदैन, तर मानवीय मूल्य र मान्यताका लागि अतिआवश्यक हुन्छ र **सामाजिक वा सामुदायिक श्रम**, जसमा मानिसको सामाजिक दायित्व अन्तर्गत गरिने श्रम पर्दछ ।

यहाँ चर्चा गर्न खोजिएको विषय पुनःउत्पादनमूलक श्रम वा घरभित्र गरिने कामको गणना हो । घर र परिवारको सरसफाइ, हेरचाह, इन्धन-पानीको व्यवस्थादेखि प्रत्यक्ष पारिश्रमिकबिना गरिने कृषिको कामदेखि जति पनि घरेलु उपभोगका लागि गरिने उत्पादनका कामहरू छन्, ती सबै यस कोटीमा पर्ने श्रम हुन्, जसलाई आज पनि दुनियाँका धेरै देशमा राष्ट्रिय आम्दानीका रूपमा गणना गरिँदैन । यस क्षेत्रमा लगानी हुने श्रमको ठूलो हिस्सा महिलाहरूको रहने गरेको र उनीहरूको श्रमको यथोचित पहिचान, गणना र सम्मानको अभावमा निरन्तर श्रम गरेर पनि सामजिक र पारिवारिक

रूपमा समेत परनिर्भर नागरिकको पहिचानमा बाँच्नुपरेको यथार्थ छ । यही कारणले पनि हुनसक्छ, घरेलु श्रमको आर्थिक गणना विश्वभर महिला आन्दोलनको एजेन्डाको रूपमा स्थापित हुँदै आएको छ ।

**पृष्ठभूमि**

घरेलु कामको गणना हुनुपर्ने विषयको पहिलो उठान न्युजिल्यान्डका महिलाहरूले गरेका थिए । सन् १८९० तिर नै न्युजिल्यान्डका महिलाहरूको सङ्गठन 'नेसनल विमेन काउन्सिल'ले महिलाले घरमा गर्ने श्रमका लागि श्रीमान्ले पारिश्रमिक दिनुपर्ने र श्रीमान्को कमाइमा श्रीमतीको पनि समान हक स्थापित हुनुपर्ने कुरा उठाए । तर, त्यस विषयमा पछि तर्क-वितर्क हुदै जाँदा आमाले आफ्नो बच्चालाई जन्म दिनेदेखि स्तनपान गराउने र हेरचाह गर्ने लगायतका पवित्र दायित्वका लागि श्रीमान्सँग पारिश्रमिक लिने कुरा मानव मूल्य र मान्यताविपरीत हुने तर्क बलियो रूपमा पेस भयो । त्यस आधारमा घरेलु श्रमका लागि पारिश्रमिक होइन, सम्मान दिनुपर्ने तर्क अगाडि सारियो । यो संवेदनशील तर्क घरेलु श्रमको पहिचानसँग जोडेर महिला आन्दोलनले उठान गरेको यस विषयलाई झण्डै एक शताव्दी अल्मल्याउन सफल भयो ।

केही समयको अन्तरालपछि २०औँ शताब्दीको सुरुतिर न्युजिल्यान्डका महिलाहरूले फेरि यस विषयमा सङ्गठित रूपमा छलफल गर्नथाले । उनीहरूले १९१२ मा 'हाउसवाइफ युनियन' र १९३९ मा 'न्युजिल्यान्ड हाउस वाइफ एसोसियसन' गठन गरे । १९५७ मा आइपुग्दा ती दुवै संस्थाबीच एकीकरण गरेर 'फेडेरेसन अफ न्युजिल्यान्ड हाउस वाइफ' गठन गरे र घरमा काम गरेबापत् अब श्रीमतीलाई पारिश्रमिक दिने होइन, उनीहरूले घरमा गर्ने काम र उत्पादन गरिने वस्तुको उच्च मूल्याङ्कन गरी राष्ट्रिय आयमा गणना गरिनुपर्दछ भन्ने माग अगाडि सारे । घरेलु कामको आर्थिक गणनाको मागको इतिहास यसरी न्युजिल्यान्डका महिलाहरूले स्थापित गराएको पाइन्छ ।

त्यसपछि यो विषय विश्व महिला आन्दोलनको एउटा प्रमुख एजेन्डा बन्दै समयक्रममा संयुक्त राष्ट्र सङ्घमा औपचारिक एजेन्डाको रूपमा प्रवेश गरी सकारात्मक निष्कर्षमा पुग्न सफल भयो ।

**अन्तर्राष्ट्रिय मञ्चमा विषय प्रवेश**

घरेलु श्रमको गणना हुनुपर्दछ भन्ने विषय अन्तर्राष्ट्रिय रूपमा महिला आन्दोलनको एजेन्डा बनिरहेको अवस्थामा सन् १९८८ मा न्युजिल्यान्डका एक अर्थशास्त्री मारिलिन वरिङको चुनौतीपूर्ण भनाइ आयो- राष्ट्रिय आम्दानीको दृष्टिकोणबाट हेर्दा महिला र बालबालिकाको योगदानको कुनै अर्थ छैन, किनभने उनीहरूको श्रमको अधिकांश भाग राष्ट्रिय आयमा समावेश नै गरिँदैन । उहाँको तर्क थियो घरेलु श्रमका कारण परिवारले खरिद गर्नुपर्ने वस्तु र सेवालाई बिनापैसा प्राप्त गर्दछन् । यही श्रम र शक्ति परिवारभन्दा बाहिर लगाउने हो भने यसबाट आर्थिक उपार्जन गर्न सकिन्छ । अनि त्यही श्रमलाई राष्ट्रिय आयको रूपमा गणना गर्न किन नसकिने ?

यही चर्चा र विवाद चल्दै जाने क्रममा सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घले घरेलु श्रमलाई राष्ट्रिय आम्दानीको दायराभित्र ल्याउन सकिने गरी ढोका खोल्यो, जसमा घरेलु रूपमा प्रयोग हुने श्रम, वस्तु, सेवा र पुँजी समेतलाई समावेश गरिएको थियो । यस विषयको परीक्षणका रूपमा संयुक्त राष्ट्रसङ्घले १९९५ मा १४ वटा देशमा घरेलु श्रमको गणनासम्बन्धी सर्वेक्षण गर्‍यो, जसअनुसार ती राष्ट्रहरूको सिङ्गो राष्ट्रिय आयको ३५ देखि ५५ प्रतिशत भाग घरभित्र गरिने श्रमबाट हुने कुरा पाइयो । त्यसपछि विभिन्न देशमा घरेलु श्रमको गणना प्रक्रियाको विस्तार हुन थाल्यो ।

**ठाउँ–ठाउँका अनुभव**

न्युजिल्यान्डमा गरिएको एक अध्ययनअनुसार सन् १९९९ मा घरयासी श्रमको मूल्य ४० खर्ब डलर अथवा राष्ट्रिय आयको ३९ प्रतिशत रहेको पाइयो । यस अध्ययनमा १५ वर्ष उमेर पार गरेका सबै नागरिकले हरेक हप्ता गर्ने साढे २७ घण्टाको श्रम समावेश गरिएको थियो । यसमा पनि महिला र पुरुषको भूमिका भने फरक पाइयो, जस्तो कि महिलाको लामो समय भान्सासँग सम्बन्धित काममा बित्थ्यो भने पुरुषको अन्य घरेलु व्यवस्थापनको काममा ।

आफ्नो अध्ययनको आधारमा न्युजिल्यान्डको मासे विश्वविद्यालयका प्रा. मारिलिन वारिङको भनाइ छ- एउटै पशुबाट उत्पादन हुने दूध, छाला, मासु र अरू पशुजन्य उत्पादन चाहिँ राष्ट्रिय आयमा गणना हुने, तर गोबर किन नहुने, जुन इन्धनका रूपमा प्रयोग गरिन्छ । अर्को एउटा प्रसङ्गमा वारिङले भनेका छन्- सन् १९९४ मा एसियाली देशहरूमा गरिएको एउटा सर्वेक्षणअनुसार १० वर्षमाथिका ९२ प्रतिशत महिला आर्थिक रूपमा निस्क्रिय छन् । आधा (०.५) प्रतिशत महिला मात्र कृषिमा संलग्न छन् । के यसलाई सत्य मान्न सकिन्छ ? के एसियाली महिलाहरू काम नै नगरी बसेका छन् ?

विश्व बैङ्कको एक प्रतिवेदन अनुसार नेपालमा मात्रै वर्षेनी ८० लाख टन गोबर इन्धनको रूपमा प्रयोग गरिन्छ, जसले विदेशबाट आयात गरिने इन्धनलाई समेत कम गराएर राष्ट्रिय ढुकुटीलाई बाहिरिनबाट जोगाएको छ । अनि यस किसिमको श्रम र शक्ति किन आर्थिक उपार्जनमा गणना नहुने ? त्यसैगरी घरका लागि दाउरा-पानी सङ्कलन, परिवारको हेरचाह, सरसफाइदेखि घरेलु व्यवस्थापनमा खर्च हुने सबै किसिमको श्रमले परिवारलाई आवश्यक वस्तु र सेवाको उत्पादन गरी नगद खर्च हुनबाट जोगाएको छ भने यस किसिमको श्रम र समयको आर्थिक गणना हुनु जरुरी छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)को भनाइ अनुसार, दुनियाँमा १० करोडभन्दा बढी श्रमिकहरू घरेलु श्रमिकका रूपमा काम गर्दैछन् । यसमध्ये, ठूलो सङ्ख्या विकासशील मुलुकका महिला छन् । घरेलु श्रममा उनीहरूको सहभागिताको

कारण परिवारका अरू करोडौं मानिसहरू घरबाहिरको प्रत्यक्ष आर्थिक उपार्जनको काममा संलग्न हुन पाएका छन् । तर, धेरै देशमा अझै पनि घरमा गरिने यस किसिमको श्रमलाई राष्ट्रिय आयमा समावेश गरेको पाइँदैन।

दुनियाँका विभिन्न देशमा गरिएको अध्ययनपछि सन् २००४ मा अर्थशास्त्री इरोनमोङ्गरले भनेका छन्, 'अर्थतन्त्रका दुई खुट्टाका रूपमा 'घरेलु उत्पादन' र 'बजारजन्य उत्पादन' रहेका छन् । यसैले हरेक देशको अर्थतन्त्रलाई उभिन, हिँड्न र दौडिन यी दुईबीचको समन्वय र सन्तुलन आवश्यक छ ।'

विभिन्न मुलुकमा भएका यी अध्ययनपछि आज दुनियाँको धेरै देशमा 'टाइम युज सर्वे'का आधारमा घरेलु श्रमको गणना सुरु गरिएको छ । यस विधिमा घरेलु कामका लागि प्रयोग हुने समयको आधारमा त्यसको आर्थिक मूल्याङ्कन गरी आयमा गणना गरिन्छ । तर, यो विधि पूर्णतः सन्तोषजनक नभइसकेको कारण नयाँ विधि र प्रक्रियाको बारेमा भने अझै खोजी प्रयास जारी छ ।

**आफ्नै सन्दर्भ**

नेपालको सन्दर्भमा पनि घरेलु श्रम अझै पनि मूलतः महिलाको कामका रूपमा विद्यमान छ । यसैले पनि घरेलु श्रमको गणना हाम्रो महिला आन्दोलनको विषय बन्दै आएको छ । विगत केही समययता यस क्षेत्रमा थोरै भए पनि कामको सुरुआत भएको छ । तर, अझै पूर्ण रूपमा घरमा गरिने सबै कामलाई कसरी समेट्ने भन्ने विषयमा अध्ययन र प्रयत्न जारी छ । ०६८ मा हुन गइरहेको जनगणनामा घरेलु श्रमको पनि गणना हुनुपर्ने कुरामा सिद्धान्ततः सम्बन्धित निकायहरू सहमत रहेको पाइन्छ । तर, यस विषयलाई समेट्ने विषयमा बढी उपयुक्त तरिका र विधिका बारेमा तथ्याङ्क विभाग अझै प्रयत्नरत रहेको र योजना आयोगलगायत अन्य सम्बन्धित निकायहरूसँग छलफल जारी रहेको कुरा संविधानसभाभित्र समितिको एउटा बैठकमा समेत बताइएको विषयलाई महत्वपूर्ण नै मान्नुपर्दछ ।

यता नयाँ बन्ने संविधानमा यस विषयले स्थान पाउनुपर्दछ भन्ने मागका बारेमा पर्याप्त छलफल भएको छ । घरेलु श्रमको गणना गरेर मात्र महिला श्रममाथि न्याय हुँदैन, बरु समानता र सहकार्यको मान्यताका आधारमा घरायसी काममा परिवारका पुरुष लगायत सबै सदस्यहरूले साझेदारीपूर्ण संस्कार र सहभागिता विकासमा समेत जोड दिनुपर्दछ भन्ने निचोडमा संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति पुग्यो । जस अनुसार समितिको प्रारम्भिक प्रतिवेदनमा राज्यको नीतिअन्तर्गत 'घरयासी काममा परिवारका सबै सदस्यहरूबीच साझेदारीको संस्कार विकास गर्दै बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्दै त्यस्तो कामको आर्थिक मूल्य राष्ट्रिय आयमा गणना गर्ने' कुरा समावेश गरिएको छ ।

**अन्त्यमा,**

'जबसम्म महिला श्रमको उपयुक्त ढङ्गले गणना हुँदैन, तबसम्म उनीहरूको पहिचानसमेत सङ्कटमा पर्दछ' भन्ने भावनाका साथ यो विषय महिला आन्दोलनको पाटो बन्नपुग्यो । यसको प्रमुख उद्देश्य भनेको घरमा बसेर मानवीय आवश्यकता र सेवाका लागि श्रम गर्ने हरेक नागरिकको स्वतन्त्र पहिचानसहित सम्मान र स्वाभिमानको विकास गर्नु हो ।

युरोपमा औद्योगिक क्रान्तिपछि धेरै मानिसहरू घरबाहिरको रोजगारीमा जान थाले । त्यसका कारण, प्रत्यक्ष पारिश्रमिकसँग जोडिएको श्रमलाई मात्र महत्व दिन थालिएपछि मानवीय मूल्य र मान्यतासँग जोडिएको तर प्रत्यक्ष नगद हातमा नपर्ने श्रममाथि पुँजीवादले गरेको अन्यायमाथि न्याय प्रदान गर्नु यस अभियानको अर्को उद्देश्य हो ।

त्यसैगरी, अर्को महत्वपूर्ण विषय प्रत्यक्ष पारिश्रमिकसँग जोडिएर काम गर्ने व्यक्तिहरू मात्र सामाजिक सुरक्षा सञ्जालसँग जोडिने पुँजीवादी व्यवहारका कारण घरमा बसेर मानवीय श्रम गर्ने बहुसङ्ख्यक महिलाहरू सामाजिक सुरक्षा सञ्जालबाट बाहिर रहँदा बुढ्यौली वा अशक्ततताको अवस्थामा गरिबी र अभावको महिलाकरण अझै विकराल बन्ने अवस्थाबाट जोगाउनु पनि यसको उद्देश्य हो ।

यसर्थ पनि, घरेलु श्रमको गणनाका बारेमा सबैभन्दा उपयुक्त मापदण्ड, विधि र प्रक्रियाको विकास र प्रयोग अहिलेको आवश्यकता र चुनौती हो । यसका बारेमा नेपाल सरकारको सम्बन्धित निकाय आफ्नो ठाउँमा क्रियाशील छ भने नागरिक र सङ्घ-संस्थाको तहमा हामी सबैको योगदानले यसलाई बढी प्रभावकारी बनाउनेछ । यसको नेपालीकरण गरौं न ! ❐

# अर्थतन्त्र सञ्चालनका आधारभूत सिद्धान्तहरू

## ❒ डा. विजयकुमार पौडेल

गन्तव्यको हिसाबले अर्थतन्त्रका दुई मोडल छन्- समाजवादी र पुँजीवादी। यस हिसाबले *मिश्रित* नामको अर्थतन्त्र हुँदैन। जुन अर्थतन्त्रलाई हामी *मिश्रित* भनेर बुझ्छौं, त्यो या त समाजवादउन्मुख हुन्छ या त पुँजीवादलाई सुदृढ गर्ने दिशामा दृढताका साथ केन्द्रित हुन्छ। मिश्रित अर्थतन्त्र एकप्रकारले अस्थायी वा सङ्क्रमणकालीन व्यवस्था हो। मिश्रित अर्थतन्त्र पुँजीवादलाई सुदृढ गर्नका लागि लागू गरिएको छ भने त्यसले घुमिफिरी कठोर पुँजीवादमै फर्किने बाटोको खोजी गरिरहेको हुन्छ। कुनै पनि देशको अर्थतन्त्र अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग अभिन्न रूपले जोडिएको हुन्छ। अहिलेको यातायात र सञ्चारले ज्यादै साँघुरिएको संसारमा मात्रै होइन, आजभन्दा २ सय वर्षअघि पनि  विकसित पुँजीवादी देशको आर्थिक विकास वा सङ्कटले अरूलाई प्रभाव पार्थ्यो। यसबारेमा कार्ल मार्क्सले *पुँजी*मा सविस्तार चर्चा गर्नुभएको छ। संसारका मुलुकहरूमा र समग्र विश्व अर्थतन्त्रको आयतन (Volume) मा कुन अर्थतन्त्रको पकड छ, सानातिना अर्थतन्त्रहरू नचाहेरै पनि त्यतैतिर लतारिनुपर्ने हुन्छ। यदि साना अर्थतन्त्रहरूले समाजवादी लक्ष्य निर्धारण गरेर मिश्रित अर्थतन्त्र सञ्चालन गरेका छन् भने बाहिरी विश्वको पुँजीवादी दबाबका कारण उनीहरूलाई आफ्नो दिशा कायम राख्न ज्यादै मुस्किल हुन्छ र अन्ततः पुँजीवादी बाटोमा बाध्यताबस पतन हुनुपर्ने हुन्छ, त्यस्तै भएको छ। पुँजीवादले अर्थतन्त्रलाई नियमित समयसारणी अनुसारको काम (Routine Work) ठान्छ- पुँजीवादमा जब सङ्कट पर्छ-तब सार्वजनिक काम र लगानीमार्फत् *लोककल्याणकारी* राज्य स्थापना गर्ने झुटो नारा देऊ र जनतामा उठ्नसक्ने विरोधलाई मत्थर पार, जब सङ्कट समाधान हुन्छ तब पुरानै निरपेक्ष निजीकरणमा फर्क र नाफालाई ज्यामितीय अनुपातमा अगाडि बढाऊ। समाजवादको काम संसारलाई परिवर्तन गर्नु हो। यसका अगाडि पुँजीवादमाजस्तो सङ्कट पर्दा मिश्रित अर्थतन्त्रमा फर्किने र सङ्कट समाप्त भएपछि पुनः सामूहिक अर्थतन्त्र निर्माणको काममा जुट्ने समयसारणीको विकल्प हुँदैन। यसर्थ ठूलो आयतनको पुँजीवादी दबाबका अगाडि समाजवादी वा समाजवादोन्मुख मिश्रित अर्थतन्त्रहरूले सङ्कट बेहोर्नुपर्दछ। कुन-कुन पुँजीवादी अर्थतन्त्र कतिकति समयमा समयसारणी परिवर्तनको खेलमा लाग्छन् वा सङ्कट समाधानका लागि आन्तरिक रूपमा जनतालाई के कति सुविधा दिइन्छ भन्ने कुरा सम्भवतः त्यति महत्वपूर्ण कुरा होइन। महत्वपूर्ण कुरा त गन्तव्यको हो। पुँजीवादको आफ्नो समयसारणी छ भन्ने कुरा प्रमाणित भइसकेको विषय हो। बरु समाजवादी अर्थतन्त्रका चिन्तक वा अनुसन्धानकर्ताहरूले समाजवादको केकस्तो समयसारणी हुनसक्ला, जसबाट पुँजीवादमा नफर्किकन समाजवादी अर्थतन्त्रको पनि चक्र बनाउन सकिएला भनेर मनन गर्नु आजको आवश्यकता हो।

मिश्रित अर्थतन्त्रका सफल प्रयोगकर्ता जेएम किन्सले समाज परिवर्तनका लागि वा संसारका तमाम शोषित-उत्पीडित जनताको हितलाई ध्यानमा राखेर यत्तिकै पुँजीवादभित्र सार्वजनिक लगानीको सिद्धान्त निरूपण गरेको होइन। उत्पादन वा आपूर्तिमा देखिएको अराजकताका कारणले उत्पन्न हुने सङ्कट (अति उत्पादनको सङ्कट)लाई के कसरी माग बढाएर वा अप्रभावकारी भइरहेको माग, जसबाट माल गोदाममा थन्किने र बिक्री नहुने समस्या देखिन्छ, लाई समाधान गर्न मागको प्रभावकारिता (Effective Demand) कसरी बढाउन सकिन्छ र पुँजीवादी पुनरुत्पादनको चक्रलाई दुरुस्त कायम गर्न सकिन्छ भन्ने कुरा समाधान गर्नु नै किन्सको ध्येय थियो। आज हाम्रो अगाडि रहेका संसारका प्राकृतिक साधन-स्रोतहरू भविष्यका सन्ततिको लागि पनि बाँकी राख्नुपर्छ भन्ने कुरा समाजवादको एजेन्डा हो। यो कुरा एडम स्मिथ, किन्स वा नोबल पुरस्कार विजेता तमाम पुँजीवादी अर्थशास्त्रीहरूको एजेन्डा होइन। शास्त्रीय उदारवादी, नवउदारवादी वा अहिलेका दिगो विकासवादी तमामका तमाम पुँजीवादी अर्थशास्त्रीहरूको काम भनेको पुँजीवादको समयसारणीलाई व्यवस्थित गर्नु मात्र हो। *दिगो विकासको अवधारणा* यदि इमानदारीका साथ लागू गरिन्छ भने त्यसले अन्ततः पुँजीवादसँग अन्तरविरोध राख्नैपर्ने हुन्छ तर यसलाई गरिब राष्ट्रहरूमा थोपर्ने हिसाबले मात्र ल्याइएको देखिन्छ। पुँजीवाद र यसका विद्वान्हरू नाफा कमाउन मात्र केन्द्रित छैनन्, उनीहरू वर्तमान संसारका समस्या समाधानमा पनि चिन्तित छन् भन्ने कुरा देखाउनका लागि यस्ता विभिन्न बकम्फुसे भ्रमजालहरूको विस्तार गरिन्छ। भ्रम विस्तारको निरन्तरताका लागि नयाँ-नयाँ अवधारणाहरूको आवश्यकता पर्दछ। पुँजीवादले यसै गरेको छ र यो समाप्त नहुन्जेल यसै गरिरहनेछ। वर्गीय असमानता कायम राखेर गरिबी निबारणको कुरा गर्नु, प्राकृतिक साधन-स्रोतको ब्रह्मलुट गरेर दिगो विकासको कुरा गर्नु, सापेक्ष अतिरिक्त मूल्यको शोषणलाई ज्यामितीय अनुपातमा बढाउँदै समन्यायिक वितरणको कुरा गर्नु, हतियारको व्यापार गरेर निशस्त्रीकरणका कुरा गर्नु र गरिब राष्ट्रहरूलाई विश्व व्यापार सङ्गठनको जालोमा कस्दै स्वतन्त्र व्यापारको कुरा गर्नु सबै बकवास मात्रै हुन। मार्क्सको भनाइ छ- उत्पादनको प्रविधिमा निरन्तर परिमार्जन पुँजीवादको अस्तित्वका लागि अत्यावश्यक शर्त हो। माल बिक्रीका लागि बजार चाहिन्छ र त्यसका लागि पुँजीवाद शान्ति, मानवता र परस्पर सहअस्तित्वका लागि चिन्तित छ भन्ने देखाउनुपर्ने हुन्छ। अमेरिकी राष्ट्रपति बाराक ओबामाले ह्वाइट हाउसमा भारतीय मूलका नागरिकहरूलाई बोलाएर दीपावली मनाउनु वा पुनःनिमाण हुँदै गरेको ट्विन टावरको भुइँतल्लामा मस्जिद बनाउने प्रस्ताव अगाडि बढाउनु र बिल गेट्स दम्पतीले गरिबहरूको स्वास्थ्य उपचारका लागि आधा सम्पत्ति दान गर्नुले अमेरिका र त्यहाँका धनीहरूप्रति संसारका आम मानिसहरूको सहानुभूति खरिद गर्ने उद्देश्य रहेको प्रष्टै देखिन्छ। यस्ता कामहरूबाट शोषण दमनमा पिल्सिएका करोडौंकरोड गरिब तथा सर्वहाराहरू र कङ्गाल राष्ट्रहरूको आधारभूत समस्याको कुनै

समाधान हुँदैन । ठीक यसैगरी समाजवादको उद्देश्यबिना लागू गरिने मिश्रित अर्थतन्त्रले केही समयका लागि लोककल्याणकारी राज्यको भ्रम दिनसक्छ तर त्यसबाट दीर्घकालमा कुनै *लोककल्याण* हुँदैन । यस कुरालाई पुष्टि गर्न अमेरिकी अर्थतन्त्रको उदाहरण नै सर्वोत्तम होला ।

अमेरिकी अर्थतन्त्र पुँजीवादको नमुना हो भन्ने कुरामा कसैमा भ्रम नहोला । अहिलेको विश्व साम्राज्यवादको नेता अमेरिका नै हो । अमेरिकाले आफ्नो अर्थतन्त्रलाई मिश्रित नै भन्दछ । उदाहरणका लागि अमेरिकामा- (१) सबै बाणिज्य बैङ्कहरूलाई नियन्त्रण र नियमन गर्ने केन्द्रीय बैङ्क छ, (२) मूल्य नियन्त्रणका लागि सरकारी लगानीका पसलहरू छन्, (३) प्रभावकारी सरकारी हुलाक सेवा छ, (४) अधिकांश सडकहरूको निर्माण र रेखदेख सरकारले गर्दछ यद्यपि निजी कम्पनी वा व्यक्तिलाई पनि सडकमा लगानी गर्ने र नाफा कमाउने छुट छ, (५) बालबालिकाका लागि सर्वसुलभरूपमा सरकारी विद्यालयहरू उपलब्ध छन्, यद्यपि निजी लगानीका विद्यालयहरू पनि छन्, (६) फोहर सङ्कलन, व्यवस्थापन र प्रशोधन स्थानीय सरकारहरूद्वारा गरिन्छ यद्यपि यो काम स्थानीय सरकारहरूले निजी कम्पनीहरूलाई ठेक्कामा दिएर पनि गराइरहेका छन्, (७) सम्पूर्ण रेलसेवा सरकारी छ, (८) सम्पूर्ण हवाइ मैदानहरू सरकारद्वारा सञ्चालित छन् तर धेरैजसो हवाइजहाज कम्पनीहरू भने निजी क्षेत्रबाट सञ्चालित छन् (८) सरकारी निकायबाट परीक्षण गराएर मात्र कुनै पनि माल बजारमा पठाउन सकिन्छ, (९) सरकारले सामाजिक सुरक्षा सञ्जाल सञ्चालन गरेको छ, (१०) अमेरिकाको कृषिक्षेत्रले बजेटको ठूलो राशी अनुदान प्राप्त गर्दछ, (११) कुनै औद्योगिक वा व्यापारिक कम्पनी घाटामा गयो भने *बेलआउट प्लान*को माध्यमबााट अनुदान दिएर उसलाई उकासिन्छ, इत्यादि । सार्वजनिक क्षेत्रमा गरिएको लगानीको आयतनलाई हिसाब गर्ने हो भने अमेरिकी अर्थतन्त्र संसारको सबभन्दा ठूलो मिश्रित अर्थतन्त्र हो । तर के अमेरिकी अर्थतन्त्र साँच्चिकै मिश्रित हो वा पुँजीवादी हो ? यस प्रश्नको उत्तर दोहोऱ्याएर दिइरहनु नपर्ला । संयुक्त राज्य अमेरिकाको सरकारले आफ्ना नागरिकहरूका लागि उच्चस्तरको सामाजिक सुरक्षाको व्यवस्था गरेको कुरालाई मित्रराष्ट्र भारतका कतिपय जङ्गली इलाकामा रहेका डाँकु वस्तीसँग तुलना गर्न सकिन्छ । भनिन्छ- भारतका दूरदराजका कतिपय स्थानमा यस्ता बस्ती छन्, जहाँ डाँकुहरूले आफूले लुटेको माल अरू गाउँलेहरूलाई पनि भाग लगाउँछन् । गाउँका विवादहरू डाँकुहरूकै अगुवाइमा बडो न्यायपूर्ण ढङ्गले समाधान गरिन्छ । गाउँलेहरूले डाँकाहरूबाट पाउने यही सहयोग र आडभरोसाका कारणले प्रहरीमा खबर नगर्नेमात्र होइन कि बडो होसियारीपूर्वक डाँकाहरूको संरक्षण गर्दछन् ।

यसैले अर्थतन्त्र सञ्चालन गर्दा वा आर्थिक योजना बनाउँदा कुन गन्तव्यका लागि के काम गरिँदैछ भन्ने स्पष्टता हुनुपर्दछ । त्यसको अभावमा कुनै पनि मोडल स्थापना गर्न वा पछ्याउन सकिन्न । स्पष्टता नहुँदा भद्रगोल मात्रै हुन्छ, जस्तो अहिले नेपालमा भैरहेको छ । नेपालमा पहिलो पञ्चवर्षीय योजनादेखि नै मिश्रित अर्थतन्त्र निर्माण गर्ने अवधारणालाई अगाडि बढाइयो तर कुन दिशाका लागि भन्ने कुरा स्पष्ट गरिएन । ००७ सालबाटै स्थापना गर्न खोजिएको पुँजीवादी परिवर्तनको दिशालाई क्रमशः निस्तेज पार्दै ०१७ सालमा बलात् रोक्ने काम नै गरियो । त्यसपछि सामन्ती नेतृत्वमा न त पुँजीवादको निर्माण हुन्थ्यो, न त अर्थतन्त्रले कुनै दिशा नै समात्न सक्यो । अर्थतन्त्र दिशाहीन भएपछि व्यक्तिको कार्यकुशलताले दिशा निर्धारण गर्न वा दीर्घकालीन प्रभाव दिन सक्दैनन् । राजा महेन्द्रको नेतृत्वमा पञ्चायती तानाशाही लागू गर्दा संसारमा समाजवादी आन्दोलनको जबरजस्त प्रभाव थियो । संसारका तमाम तानाशाहहरूले पनि *समाजवादउन्मुख* वा *प्रजातान्त्रिक समाजवादी* अर्थतन्त्र निर्माण गर्ने कुरा गरिरहेका थिए । त्यसै प्रसङ्गमा राजा महेन्द्रले पनि *शोषणरहित समाजको स्थापना गर्ने* कुरा अगाडि सारेका थिए । व्यक्तिगत रूपमा राजा महेन्द्र अत्यन्त चतुर, महत्वाकाङ्क्षी र राष्ट्रवादी थिए । उनका शासनकालमा देशको अर्थतन्त्रका लागि रणनीतिक महत्व राख्नसक्ने थुप्रै भौतिक पूर्वाधारहरू निर्माण गरिए । भौतिक पूर्वाधारकै कुरा गर्ने हो भने जेजति पञ्चायतकालमा निर्माण भए, तिनको तुलनामा २०४७ साल यताको २० वर्षे कार्यकालमा अत्यन्त न्यून काम भएका छन् । जस्तोकि पूर्व-पश्चिम राजमार्गजस्तै रणनीतिक महत्वका भौतिक संरचना त केही पनि बनेका छैनन् । तर, राजा महेन्द्रको कदमबाट नेपाली अर्थतन्त्रले कुनै दिशा पाउन सकेन । विश्वमा समाजवादको दबदबा छन्जेल नेपालले सार्वजनिक क्षेत्रको लगानीलाई बढाउँदै लग्यो, जब नेपाललाई प्रत्यक्ष भौतिक तथा आर्थिक सहयोग गर्ने समाजवादी राष्ट्र सोभियत रुसले अन्तर्राष्ट्रिय सहयोगमा कटौती गर्न थाल्यो र मित्रराष्ट्र चीनले पनि आन्तरिक व्यवस्थापनलाई प्रमुखता दिन थाल्यो तथा समाजवादी क्रान्तिका क्रमहरू रोकिनथाले । तब ०४२ सालमा *संरचनागत समायोजन कार्यक्रम* (Structural Adjustment Programme) मार्फत सार्वजनिक क्षेत्रलाई धराशायी बनाउने उपक्रम शुरु गरियो । एकप्रकारले विश्व पुँजीवादको रुटिनलाई संसारका तमाम विकासशील राष्ट्रहरूमा थोपरिएजस्तै नेपालमा पनि लादियो । सन् १९८० को दशकमा सुरु गरिएको निजीकरणको अभियान यता ३० वर्षहरू बितेका छन् । सन् १९१७ को रुसी समाजवादी क्रान्ति र त्यसले पारेको विश्वव्यापी प्रभाव, योजनाबद्ध विकासको समाजवादी अवधारणाको विश्वव्यापीकरण (स्मरणीय छ : योजनाबद्ध आर्थिक विकास र पञ्चवर्षीय विकास योजनाहरू यस संसारमा सबैभन्दा पहिले स्टालिनको पालामा सोभियत रुसबाट गरिएको हो), समाजवादी बाटो अँगाल्ने राष्ट्रहरूको एक समय द्रुततर विकास, समाजवादी आन्दोलनमा धक्का, विश्वव्यापी निजीकरणको साम्राज्यवादी योजना र विगत तीन वर्षयता संयुक्त राज्य अमेरिका र अन्य विकसित पुँजीवादी मुलुकहरूमा देखिएको आर्थिक सङ्कट र यसलाई चिर्न सुरु

गरिएका विभिन्न योजनाहरूको अनुभवबाट केही निष्कर्ष र सारांश निकाल्न सकिन्छ । यसलाई निम्नअनुसार प्रस्तुत गर्न उपयुक्त हुने देखिन्छ :

जुनसुकै दिशा निर्धारित भए पनि अर्थतन्त्रका केही पक्षहरू सर्वव्यापी भएका छन् । अर्थतन्त्र निर्माणमा आजसम्म भएका विविध प्रयोगहरूले अर्थतन्त्रका केही ढाँचागत र संरचनात्मक पक्षहरू (क्तचगअतगचबा बलम क्ष्लकतचगभलतबा ब्कउभअतक) साझा हुन्छन् भन्ने अनुभव सिकाएका छन् । सार्वजनिक क्षेत्रमा सरकारी लगानी बढाउँदैमा समाजवादको निर्माण हुने होइन । यसैगरी, पुँजीवादी अर्थतन्त्रभित्र सार्वजनिक क्षेत्रमा लगानी बढाउँदैमा त्यो क्रमिकरूपमा समाजवादमा सङ्क्रमण हुने वा पुँजीवादको स्वतः विघटन हुने पनि हुँदैन । कुनै पनि पुँजीवादी अर्थतन्त्रले शतप्रतिशत निजीकरण गर्न वा सार्वजनिक क्षेत्रको पूर्ण विलोपन गर्न सम्भव छैन । यसैगरी विश्वको अर्थतन्त्रमा पुँजीवादी आयतनको बहुमत छउन्जेल कुनै पनि समाजवादी निर्माणका क्रममा एकैपटक निजी क्षेत्रको विलोपन पनि सम्भव छैन । यसर्थ भन्न सकिन्छ-संसारमा धेरै लामो समयसम्म हरेक देशको अर्थतन्त्रमा निजी र सार्वजनिक गरी दुईवटा क्षेत्र रहनेछन् । पुँजीवादी अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको आवश्यकतालाई बाध्यकारी रूपमा बुझिएला वा समाजवादउन्मूख अर्थतन्त्रमा निरन्तर सार्वजनिक क्षेत्रको विस्तार गर्ने लक्ष्य पनि लिइए वा लामो समयसम्म निजी क्षेत्रको प्रभावकारी उपस्थिति हुने कुरा स्विकार गरिएला । जेसुकै गरिए पनि र अर्थतन्त्रको दिशा जता फर्किएको भए पनि फरक उद्देश्य र मात्राका साथ हरेक अर्थव्यवस्थामा सार्वजनिक र निजी गरी दुवै क्षेत्र रहने नै भए । यसैगरी यी दुवैका बीचको सहकारी क्षेत्र छ । सहकारी क्षेत्र न त पूर्ण निजी हो न पूर्ण सार्वजनिक । निकटताको हिसाबले सहकारी क्षेत्र सार्वजनिक क्षेत्रको नजिक छ । सहकारीको माध्यमबाट छरिएर रहेको पुँजी र सीपलाई एकीकृत गरिन्छ । यसैले यो विकासशील राष्ट्रहरूलाई अत्यावश्यक छ । विकसित पुँजीवादी देशहरूमा पनि केही क्षेत्र पछाडि परेका हुन्छन् तथा विकसित शहरबजारमा पनि सानो मात्राको पुँजी र सीप छरिएर रहेको हुन्छ, जसलाई एकीकृत गर्नसक्दा ठूलो परिमाणमा पुँजी र जनशक्ति जुटाउन सकिन्छ । अहिले भारत, डेनमार्क, जर्मनी, इजरायल, बेलायत र अरू थुप्रै विकसित राष्ट्रका कतिपय सहकारीहरूले बहुराष्ट्रिय कम्पनीहरूसँग प्रतिस्पर्धा गर्नसक्ने हैसियत बनाएका छन् । सहकारीका सिद्धान्तहरू विश्वव्यापीरूपमा स्वीकृत छन् । यसैले जुनसुकै देशका भए पनि सहकारीले काम गर्ने तरिकामा समानता हुन्छ । यसैले यो अन्तर्राष्ट्रिय चरित्रको आर्थिक आन्दोलन हो । आफ्नो नाफाको निश्चित हिस्सा सामाजिक काममा खर्च गर्नैपर्ने व्यवस्था रहेका कारण सहकारीले आफ्ना सदस्यहरूको सेवा गर्नुका साथै समाजको पनि सेवा गरिरहेको हुन्छ । यसर्थ भन्न सकिन्छ सहकारी क्षेत्र पनि अबको संसारका हरेक अर्थतन्त्रको अभिन्न अंग नै भएको छ । यतिन्जेल गरिएको छलफलको निष्कर्ष हो- वर्तमान विश्व परिस्थितिमा आआफ्नो गन्तव्य निर्धारणका साथ हरेक अर्थतन्त्रमा विभिन्न मात्रामा सार्वजनिक, निजी र सहकारी क्षेत्रको संयुक्त उपस्थिति अनिवार्य छ । कसैले यस निष्कर्षमा फरक मत देखाउने हिम्मत गर्नु सम्भव छैन ।

अनुभवहरूबाट प्राप्त निष्कर्षहरूलाई पूर्ण इमानदारीका साथ लागू गर्नु नै बुद्धिमानी हुन्छ । लामो बहसपछि नेपाली अर्थतन्त्र तीन खम्बे-सार्वजनिक, सहकारी र निजी हुने स्वीकार गरिएको छ । यसबारेमा एक प्रकारले *राष्ट्रिय सहमति* निर्माण भइसकेको छ तर त्यसअनुरुप व्यवहारमा उत्रिने काम गरिएको छैन । अर्थतन्त्रको प्रमुख खम्बा मानिएको सहकारी क्षेत्रका लागि छुट्टै मन्त्रालयसमेत गठन गरिएको छैन । बरु त्यसलाई अत्यन्त साँघुरो दृष्टिकोणका साथ कृषि मन्त्रालयमा गाभेर राखिएको छ । बुझ्नु के पर्छ भने सहकारी क्षेत्र सञ्चालनका लागि कुनै राजनीतिक पार्टी सरकारमा हुनु अनिवार्य छैन । अन्य क्षेत्रका आर्थिक योजना निर्माण र सञ्चालनका लागि सरकारको जिम्मेवारी लिनु अनिवार्य हुन्छ तर सहकारी क्षेत्रबाट अर्थतन्त्रमा योगदान दिनका लागि सरकारमा नरहेर पनि सकिन्छ । तर, नेपालका राजनीतिक पार्टीहरूले यसतर्फ पनि ध्यान दिएको देखिँदैन ।

हाम्रो देशका सार्वजनिक लगानीका संस्थान वा कम्पनीहरूमा विविध समस्या छन् । कतै व्यवस्थापनको समस्या छ त कतै समस्या सिर्जनाका अन्य कारकहरू पनि रहेका होलान् । तर नेपालका लागि कुनकुन सार्वजनिक संस्थान नभई नहुने अवयव हुन् र तिनलाई हरहालतमा सुदृढ गर्नुपर्छ भन्ने विषयमा सरकार र त्यसमा पालैपालो पुग्ने राजनीतिक पार्टीहरूमा कुनै छलफल र चिन्ता देखिँदैन । सार्वजनिक क्षेत्रको उपस्थितिबिनाको अर्थतन्त्रको कल्पना गर्न सकिँदैन भने त्यसतर्फ तदर्थ रहनु र खोलो जता बग्छ, त्यतै बग्नु वा सार्वजनिक क्षेत्रको आवश्यकतालाई दस्तावेजमा लेखेर सन्तोष मान्नु चरम गैरजिम्मेवारपन हो । हाम्रो देशका राजनीतिक पार्टीहरूले भएका सार्वजनिक संस्थान धराशायी पारिसकेपछि नयाँ गठन गर्ने सोचाइ पो राखेका हुन् कि ! अर्थतन्त्र सञ्चालनका केही सार्वभौम र आधारभूत सिद्धान्त र मान्यता स्थापित भइसकेका छन् । तिनको बारेमा गम्भीरताका साथ मनन गरी हामीले आफ्नो नीति निर्माण गर्नुपर्नेतर्फ ध्यान दिनुपर्छ । ❐

# विश्व अर्थतन्त्रका प्रवृत्ति र नेपाली अर्थतन्त्र

❑ डा. गोविन्दबहादुर थापा

**विविधता**

विश्व अर्थतन्त्रको अवस्थामा एकरूपता छैन । यहाँ ४० हजार अमेरिकी डलर भन्दा बढी प्रतिव्यक्ति आय भएका नर्वे, स्वीट्जरल्यान्ड, स्विडेन, अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, हल्यान्ड, डेनमार्क, क्यानडा, फिनल्यान्ड, आयरल्यान्ड, बेल्जियम, अस्ट्रिया, अस्ट्रेलिया जस्ता अति विकसित र अति सम्पन्न मुलुक पनि छन् भने २ सय अमेरिकी डलरभन्दा कम प्रतिव्यक्ति आय भएका बुरुण्डी, कङ्गो, लाइबेरिया जस्ता अति गरिब र अतिकम विकसित मुलुक पनि छन् । तीव्र दरमा आर्थिक विकास गरिरहेका चीन, भारत, भियतनाम, ब्राजिल, इन्डोनेसिया, मध्य एसियाली मुलुकहरू जस्ता मुलुक पनि छन् भने द्वन्द्व तथा अन्य कारणले विकास अवरुद्ध भएका पाकिस्तान, इराक, श्रीलङ्का, नेपाल, फिलिपिन्स, इथियोपिया, सोमालिया, अफगानिस्तान जस्ता मुलुकहरू पनि छन् । पेट्रोलियम पदार्थ जस्तो अति महत्वपूर्ण प्रकृतिक सम्पदाका धनी अरेबियन राष्ट्रहरू तथा ब्रुनाइ, नाइजेरिया, रुसी महासङ्घ जस्ता मुलुक पनि छन् । कुनै पनि किसिमको प्राकृतिक सम्पदा नभएका सिङ्गापुर, चीनको हङकङ जस्ता मुलुक पनि छन् । यहाँ चारैतिर समुद्रले घेरिएका श्रीलङ्का, माल्दिभ्स, फिलिपिन्स, जापान, अस्ट्रेलिया, न्युजिल्याण्ड जस्ता मुलुक पनि छन् भने नेपाल, अफगानिस्तान, भुटान, मङ्गोलिया, लाओस, स्वीट्जरल्यान्ड जस्ता भूपरिवेष्ठित मुलुक पनि छन् ।

बजार नियन्त्रित उदार अर्थतन्त्र पनि छन् भने क्युबा, उत्तर कोरिया जस्ता राज्य नियन्त्रित अर्थतन्त्र पनि छन् । राजनीति र अर्थतन्त्र दुवै खुला र उदार भएका मुलुक पनि छन् भने नियन्त्रित राजनीति र उदार अर्थतन्त्र भएका चीन, भियतनाम, क्याम्बोडया, लाओस जस्ता मुलुक पनि छन् । त्यसैले विश्व अर्थतन्त्रको विकासको अवस्था, संरचना र प्रणालीमा पर्याप्त विविधता छ । तर, प्रगति र समृद्धि सबैको चाहना भएकाले विकसित र सम्पन्न तथा विकास र समृद्धि उन्मुख अर्थतन्त्रलाई नै विश्व अर्थतन्त्र मान्नुपर्दछ । अर्थात् यस्तै-यस्तै अर्थतन्त्रले विश्व अर्थतन्त्रको प्रतिनिधित्व गरेको देखिन्छ । आखिर विकास र समृद्धि सबैको चाहना हो र प्रयास पनि त्यसैका लागि हो । विभिन्न कारणले कुनै मुलुक अगाडि र कुनै मुलुक पछाडि परेका मात्र हुन् । साथै, विकास अर्थशास्त्रीहरूको मत र यथार्थले के देखाउँछ भने कुनै विशेष भौगोलिक अवस्थितिको मुलुकको मात्र विकास हुन सक्दछ र अन्यको हुन सक्दैन भन्ने हुँदैन । विश्वमा कुनै प्राकृतिक सम्पदा नभएका मुलुकले पनि विकास गरेका छन् भने प्राकृतिक सम्पदाले भरिपूर्ण कतिपय मुलुक पनि विकासमा पछि परेका छन् । त्यसैगरी युरोपका कतिपय भूपरिवेष्ठित मुलुकहरूले प्रगति गरेका छन् भने कतिपय समुद्रले घेरिएका मुलुकहरूले पनि प्रगति गर्न सकेका छैनन् । त्यसैले मुख्य कुरा मुलुकमा विकासको निमित्त अनुकूल वातावरण बनेको छ कि छैन भन्ने हो । सबै दृष्टिले अनुकूल वातावरण बनेमा जस्तोसुकै भौगोलिक अवस्थिति भएको मुलुकले पनि विकास गर्न सक्दछ । विकासको इतिहासले यही कुरा सिद्ध गरेको छ ।

**आर्थिक प्रणाली**

तर, इतिहासले एउटा के कुरा पनि सिद्ध गरेको छ भने मुलुकले कम्तीमा पनि आर्थिक प्रगति गर्नका लागि बजारका आधारभूत मान्यता (Maket fundamentals) ले प्रश्रय पाउनै पर्दछ । मुलुकका प्रत्येक नागरिकले आफ्नो हितका लागि आर्थिक विषयमा निर्णय गर्ने स्वतन्त्रता पाउनै पर्दछ । मुलुकको निजी क्षेत्रले पूर्ण क्षमतामा काम गर्ने अवसर पाउनै पर्दछ । यिनै तथ्य मनन गरेर नै चीन १९७८ देखि पूर्ण राज्य नियन्त्रणको बाटो छोडेर उदारीकरणको बाटोमा लागेको हो । सन् १९९० को दशकको आरम्भदेखि भियतनाम, क्यम्बोडिया र लाओस जस्ता समाजवादी मुलुकहरू पनि त्यही बाटोमा लागे । त्यसपछि विगत तीन दशकको अवधिमा चीनले आर्थिक क्षेत्रमा मात्र होइन, अन्य सबै क्षेत्रमा दुनियाँलाई नै अचम्मित पार्ने गरी प्रगति गऱ्यो र त्यस्तो प्रगति अहिले पनि जारी नै छ । बेलायत, फ्रान्स, जर्मनी र जापानलाई उछिनेर विश्वमा अमेरिकापछिको दोस्रो सबैभन्दा ठूलो अर्थतन्त्र बन्न सफल भयो । यसले आर्थिक प्रगति र समृद्धि हासिल गर्नका निमित्त बजारका आधारभूत मान्यताहरूको महत्व दर्शाउँछ । वर्तमान समयमा भियतनाम पनि त्यही किसिमको प्रगति हासिल गर्न अग्रसर देखिएको छ र उपलब्धि पनि त्यही बमोजिमको हासिल गरिरहेको छ ।

तर, बजार सिद्धान्तमा आधारित अर्थतन्त्र पनि खोटरहित भने छैन । खुला अर्थतन्त्रमा पटक-पटक घटेका गम्भीर प्रकृतिका दुर्घटनाबाट अर्थतन्त्रको संचालन बजार र निजी क्षेत्रको जिम्मामा छोड्दा बजारको असक्षमता तथा निजी क्षेत्रको असीमित लालचको कारणले अर्थतन्त्र कुनै पनि बेला गम्भीर सङ्कटमा फँस्न जाने कुरा पुष्टि भएको छ । सन् २००७ मा अमेरिकाबाट सुरु भएर विश्वभरि फैलिएको विश्व आर्थिक सङ्कट नै यो निष्कर्ष पुष्टि गर्न पर्याप्त छ । यो सङ्कटबाट मात्र अमेरिकामा मात्र करोडौं नागरिक बेरोजगार भए, कैयौं विश्व स्तरका कम्पनीहरू टाट पल्टे र त्यहाँको केन्द्रीय बैङ्क तथा सरकारले हस्तक्षेप गरी खर्बौं डलरको खोलो बगाएर अर्थतन्त्रलाई पूर्णतः धराशायी हुनबाट त बचायो । तर त्यहाँ अझै पनि बेरोजगारी घट्न सकेको छैन र अर्थतन्त्र पनि उँभो लाग्न सकेको छैन । त्यस घटनाबाट अमेरिका मात्र होइन विश्वभरिका जनता नराम्रोसँग प्रभावित भएका छन् । विश्वभरि गरिबी बढ्यो । सहश्राब्दी विकास लक्ष्य (Milleneum Development Goals, MDG)

ले ठूलो धक्का खायो । यो मात्र होइन यस अघि पनि लगभग प्रत्येक दशक स्वतन्त्र अर्थतन्त्रमा यस्ता घटना घट्ने गरेका छन् । बिशेषगरी सन् १९९० पछि विश्वमा जब आर्थिक उदारीकरणले जोर पक्र्यो तब यस्ता घटना छिटोछिटो र गम्भीर खाल्का घट्ने गरेका छन् । केन्द्रीय बैङ्क र सरकारले अर्थतन्त्रलाई कुनै नियमन र निगरानी नगरी छाडा छोडिएकोले बजारको असक्षमता र निजी क्षेत्रको लापरबाहीको कारणले यसो हुने गरेको जी–२० का सरकार प्रमुखहरूको ठम्याइ रहेको छ । त्यसैले बैङ्किङ तथा वित्तीय क्षेत्रलाई कडाइका साथ नियमन गर्नु पर्ने निर्णय जी–२० का सरकार प्रमुखहरूले गरेका छन् । अमेरिकाले त त्यसका लागि हालै एउटा छुट्टै ऐन समेत पारित गरेको छ । त्यसैले अहिले केन्द्रीय बैङ्क र सरकारको उपयुक्त किसिमको नियमन र निगरानी सहितको खुला र उदार अर्थतन्त्रको पक्षमा विश्व रहेको छ ।

यतिमात्र होइन स्वतन्त्र अर्थतन्त्रका अरू पनि गम्भीर प्रकृतिका दुष्परिणामहरू देखापरे । सोभियत सङ्घको पतन, विश्व व्यापार सङ्गठनको स्थापना र चीनको बजार अर्थतन्त्रमा प्रवेशपछि जब विश्वभरि बजार अर्थतन्त्र हावी भएर आयो तब त्यसबाट विश्वमा कायम रहेको सन्तुलन नै डग्मगाउन थाल्यो । किनभने त्यस नीतिबाट मुलुकका ठूला र टाठाबाठा उद्यमी, व्यवसायी, व्यापारीहरू र विकसित मुलुकहरू अर्थात आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्नेहरूले मात्र लाभ उठाए तर साना, सिधासाधा, असक्षम अर्थात् बजारमा प्रतिस्पर्धा गर्न नसक्ने कमजोर वर्ग र मुलुकहरू क्रमशः किनारा लाग्दै गए । फलस्वरूप मुलुकभित्र र मुलुकहरूबीच आर्थिक असमानता फराकिलो हुँदै गयो ।

आर्थिक उदारीकरण कार्यक्रमअन्तर्गत सरकारले मुलुकका कमजोर वर्गलाई दिई आएका सबैजसो सुविधा र राहतहरू खारेज गरिए । त्यसको साथै सरकारहरूलाई त्यस्तो वर्गप्रति निरपेक्ष रहन बाध्य तुल्याइयो । फलस्वरूप एकातिर वस्तुहरूको मूल्य र सेवाहरूको महसुल बढ्दै गयो भने अर्कोतिर जनताले पाई आएका सुविधा र राहतहरू खारेज गरिए । त्यसबाट मुलुकको कमजोर वर्ग थप मर्कामा गर्‍यो । उनीहरूलाई सुविधा र राहत पुग्ने कुनै पनि नयाँ कार्यक्रम ल्याइएन । यस नीतिको निरपेक्ष कार्यान्वयनबाट कमजोर वर्गलाई ठूलो घाटा, नोक्सानी वा बेफाइदा भयो भने सहजोर वर्गलाई अझ ठूलो, धनी र प्रभावशाली बन्ने अवसर प्राप्त भयो । त्यसले समाजमा असन्तोष, वैमनस्यता, आक्रोश र घृणा बढायो । त्यसबाट कतिपय मुलुकमा हिंसात्मक द्वन्द्व र आतङ्ककारी गतिविधि समेत देखापरे । यस्ता गतिविधि व्यापक बन्दै गएपछि विश्वभरि असुरक्षाको वातावरण सिर्जना भयो । यस कुरालाई अन्तर्राष्ट्रिय स्तरमा नै अनुभूत गरियो । परिणामस्वरूप गरिबी न्युनीकरण गर्ने समावेशी नीति र कार्यक्रम बनाउनमा जोड दिन थालियो । साथै समाजका कमजोर वर्गलाई केही सुविधा र राहत दिन नै आपत्ति जनाउन छोडियो ।

हिजोसम्म यस्ता सुविधा र राहत खारेज गर्न दबाब दिने अन्तर्राष्ट्रिय वित्तीय सङ्घ-संस्थाहरू पुनः यस्ता कुरा लागू गर्ने प्रस्ताव आउँदा मौन बस्न थाले वा कतिपय सन्दर्भमा सकारात्मक समेत देखिन थाले । फलस्वरूप सामाजिक सुरक्षाको नाममा विकासशील मुलुकहरूमा कमजोर वर्गको हितको निमित्त एकपछि अर्को सुविधा र राहतका कार्यक्रम लागू गर्न थालियो । यसरी विकासशील मुलुकहरूमा शान्ति, स्थिरता र सन्तुलनको स्थिति बहाल गर्न गरिबी न्यूनीकरण, समावेशी र कुनै किसिमको सामाजिक सुरक्षाको कार्यक्रम पनि वर्तमानमा अन्तर्राष्ट्रिय मुल प्रवाहको आर्थिक नीतिको रूपमा स्थापित हुन लागेको छ भन्दा अत्युक्ति हुँदैन । तर, यसको अर्थ स्वतन्त्र अर्थतन्त्रमा संशोधन वा परिवर्तन गरिएको छ भन्ने होइन । अन्तर्राष्ट्रिय वित्तीय सङ्घ-संस्थाहरू र पश्चिमा राष्ट्रहरू उदार र खुला अर्थतन्त्रप्रति अविचल रूपमा प्रतिबद्ध छन् । आर्थिक विकास र समृद्धिका निमित्त उदार अर्थतन्त्रको कुनै विकल्प छैन भन्ने उनीहरूको मान्यतामा कुनै संशोधन र परिवर्तन आएको छैन । नयाँ कुरा केवल समावेशीकरण र केही सामाजिक सुरक्षाका कार्यक्रम थपिएको मात्र हो ।

**समष्टिगत आर्थिक नीति–निर्माणको केन्द्रीकरण**

समष्टिगत आर्थिक नीति निर्माण र त्यसअन्तर्गतका कार्यक्रम तर्जुमा र कार्यान्वयनका कार्यहरूको 'जी–२०'[१] को उदयपछि अरू केन्द्रीकरण गरिएको छ । आज विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठन, एशियाली विकास बैङ्क तथा अन्य क्षेत्रीय विकास बैङ्कहरू तथा 'जी- २०' आदि अन्तर्राष्ट्रिय वित्तीय तथा अन्य सङ्घ-संस्थाको सक्रिय सदस्य रहेका कुनै पनि मुलुक आफ्नो मुलुकको समष्टिगत आर्थिक नीति तर्जुमा गर्न स्वतन्त्र छैनन् । उपरोक्त अन्तर्राष्ट्रिय वित्तीय सङ्घ, संस्थाहरूको भूमिकाको सम्बन्धमा त सदस्य राष्ट्रहरू पहिलेदेखि नै चिर-परिचित रहँदै आएका थिए । त्यसमा सन् १९९७ दक्षिणपूर्व एसियाली आर्थिक सङ्कट पछि 'जी- २०' थपिएको छ । 'जी- २०' ले प्राविधिक तथा राजनीतिक तहबाट नियमित रूपमा विश्व अर्थतन्त्रको स्थिति मूल्याङ्कन गर्ने र त्यसको आधारमा अन्तर्राष्ट्रिय वित्तीय सङ्घ, संस्था तथा सदस्य राष्ट्रहरूले अबलम्बन गर्नुपर्ने समष्टिगत आर्थिक नीति सम्बन्धी निर्णय वा निर्देशन वा सुझाव दिने गर्दछ । त्यही बमोजिम अन्तर्राष्ट्रिय वित्तीय तथा अन्य सङ्घ-संस्था तथा सदस्य र अन्य राष्ट्रहरूले आआफ्नो संस्था र मुलुकको नीति परिवर्तन गर्ने परम्परा बसेको छ ।

यी नीति मुख्य रूपमा मौद्रिक नीति, वित्त नीति तथा बाह्य क्षेत्र नीति अन्तर्गत पर्दछन् । त्यसअन्तर्गत पनि विशेषगरी बैङ्क तथा वित्तीय संस्थाहरूको नियमन तथा निगरानी, ब्याज तथा विनिमय दर, कर, भन्सारका दर र छुट, सरकारी खर्च, बजेट घाटा, कम्पनी तथा औद्योगिक व्यवसाय ऐन, वैदेशिक व्यापारको क्षेत्र अन्तर्गत भन्सार तथा गैरभन्सार अवरोधहरू, वैदेशिक लगानी र पुँजी परिचालन आदि पर्दछन् । हालैको विश्व आर्थिक सङ्कट समाधान गर्ने क्रममा 'जी–२०' का अर्थमन्त्री तथा सरकार प्रमुखहरूले पटक-पटक बैठक गरी सङ्कट समाधानका सम्बन्धमा विभिन्न निर्णयहरू गरेका थिए । त्यस्ता निर्णयमा बैङ्क तथा वित्तीय संस्थाहरूको उपयुक्त किसिमको नियमन र निगरानी गर्नुपर्ने, स्वतन्त्र अन्तर्राष्ट्रिय व्यापार नीति यथावत कायम राख्ने, महत्वूर्ण नीतिहरू आपसी छलफल र समन्वयको आधारमा सुधार वा संशोधन गर्ने आदि पर्दछन् । यसरी समष्टिगत आर्थिक नीति निर्माण, सुधार तथा संशोधनको केन्द्रीकरण 'जी–२०' को उदयपछि अरू कसिलो र व्यापक हुँदै गएको छ ।

**विश्व अर्थतन्त्र**

विश्व अर्थतन्त्र भर्खरैको सङ्कटबाट अझै पनि पूर्ण रूपमा मुक्त हुनसकेको छैन । बेरोजगारी घट्ने स्थिति लिएको छैन भने बजारमा उपभोक्ताको माग कमजोर रहेको छ । अहिले बेरोजगारी अमेरिकामा ९.५ प्रतिशत, युरोपेली क्षेत्रमा १० प्रतिशत, बेल्जियममा ११.३ प्रतिशत, फ्रान्समा १० प्रतिशत, ग्रीसमा ११.९ प्रतिशत, स्पेनमा २० प्रतिशत, हङ्गेरीमा ११.१ प्रतिशत, पोल्याण्डमा ११.६ प्रतिशत, टर्कीमा १२ प्रतिशत र आयरल्याण्डमा १३.४ प्रतिशत रहेको छ । खर्बौं डलर खन्याएर अरू तल जानबाट रोकिएको विशेषगरी विकसित मुलुकहरूको अर्थतन्त्रले उँभो लाग्न गाह्रो मानिरहेको छ । विश्वको सबैभन्दा ठूलो अमेरिकी अर्थतन्त्र ०१० को दोस्रो तीन महिनामा अपेक्षा गरिए अनुरूप माथि नगएपछि त्यहाँ चिन्ता व्याप्त भएको छ । र, समाधानका उपायको खोजीमा अमेरिका सोचमा डुबेको छ । त्यसैगरी जर्मनी, फ्रान्स, इटाली, स्पेन र बेलायत आदि युरोपका ठूला अर्थतन्त्रहरूको अवस्था पनि सन्तोषजनक छैन । वास्तवमा सन् ०१० मा विश्वअर्थतन्त्र जुन ४.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ, त्यो अधिकतम मात्रामा चीन र भारतको अर्थतन्त्रको कारणले हो । किनभने सन् ०१० मा चीनको अर्थतन्त्र १०.५ प्रतिशतले र भारतको अर्थतन्त्र ९.४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । सन् ००९ मा पनि चीन र भारतकै अर्थतन्त्रको कारणले विश्व अर्थतन्त्र ०.६ प्रतिशतले मात्र तल झरेको थियो । किनभने त्यो वर्ष चीनको अर्थतन्त्र ९.१ प्रतिशतले र भारतको अर्थतन्त्र ५.७ प्रतिशतले वृद्धि नभएको भए विश्वअर्थतन्त्र ०.६ प्रतिशतभन्दा निकै बढी दरले तल जाने निश्चित थियो । त्यसैले यो सङ्कटबाट विश्वलाई चीन र भारतले नै जोगाएको देखिएको छ ।

सन् ०१० मा विश्वअर्थतन्त्र ४.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको भए तापनि सन् ०११ मा विश्व अर्थतन्त्र पुनः खस्कने अनुमान छ । सरकार र केन्द्रीय बैङ्कले खर्बौं डलर खन्याएर जबर्जस्ती माथि उठाउन खोजिएको खासगरी विकसित मुलुकहरूको अर्थतन्त्र सरकार र केन्द्रीय बैङ्कले त्यस्तो उत्प्रेरक लगानी (Stimulous) फिर्ता लिएपछि फेरि लड्खडाउने स्वाभाविक अनुमान गरिएको छ । किनभने खस्कँदै गएको अर्थतन्त्र जोगाउन सरकारहरूले अत्यधिक मात्रामा ऋण लिएर खर्च गरेकाले ती सरकारहरू ऋणमा डुबेका थिए । र, त्यस अवस्थामा ती मुलुकहरू त्यो ऋणको भार बोकेर लामो समयसम्म अड्नसक्ने अवस्था थिएन । त्यसैले उनीहरूले उत्प्रेरणाका लागि गरेको लगानी फिर्ता लिनु अनिवार्य भएको छ । यो रकम फिर्ता लिएपछि अर्थतन्त्रमा पुनः मन्दी आउनु स्वाभाविक हुन्छ ।

यता चीनको अर्थतन्त्र भने लगातार उच्च दरमा वृद्धि भइरहेको छ । सन् २००९ मा सम्पूर्ण विकसित मुलुकहरूको अर्थतन्त्रमा ह्रास आयो । अर्थात् त्यस वर्ष उनीहरूको आर्थिक वृद्धिदर ऋणात्मक रह्यो । तर, चीनको अर्थतन्त्र भने ९.१ प्रतिशतको उच्च दरमा वृद्धि भयो । र, सन् ०१० मा उसको अर्थतन्त्र १०.५ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रक्षेपण गरेको छ । सन् ०१० को दोस्रो तीन महिना चीनको अर्थतन्त्र ११ प्रतिशतभन्दा बढी दरले वृद्धि भएपछि चीन अब जापानलाई उछिनेर विश्वमा अमेरिकापछिको दोस्रो सबैभन्दा ठूलो अर्थतन्त्र भएको छ । फ्रान्स, बेलायत र जर्मनीलाई उसले पहिले नै उछिनिसकेको छ । चीनको पछि पछि भारत, इन्डोनेसिया, ब्राजिल र भियतनामका अर्थतन्त्रहरू पनि उच्च दरमा वृद्धि भइरहेका छन् । यसरी विश्वमा एसियाको आर्थिक उपलब्धि सबैभन्दा उत्साहवर्द्धक रहेको छ । एसियाली मुलुकहरू हालैको विश्व आर्थिक सङ्कटबाट सबैभन्दा कम प्रभावित भएका छन् । र, त्यो सङ्कटबाट विश्व अर्थतन्त्रलाई जोगाउन पनि एसियाली अर्थतन्त्रहरूले प्रमुख भूमिका खेलेको सर्वत्र स्वीकार गरिएको छ । तर, एसियाका ठूला मुलुकहरूको आर्थिक उपलब्धिको कारणले मात्र यो सम्भव भएको हो । एसियाका अन्य मुलुकहरूको अर्थतन्त्रको अवस्था चीन र भारतमा जस्तो छैन । अफगानिस्तान, नेपाल, श्रीलङ्का, थाइल्याण्ड आदि मुलुकको अर्थतन्त्र आन्तरिक तथा बाह्य युद्धको कारणले शिथिल भएका छन् भने फिलिपिन्स, पाकिस्तान, बङ्गलादेश आदि मुलुकका अर्थतन्त्रहरू अन्य आन्तरिक कारणले कमजोर रहेका छन् ।

**नेपालको अर्थतन्त्र**

नेपालको अर्थतन्त्रको अवस्थालाई अत्यन्त नाजुक भन्नुपर्दछ । किनभने नेपालको प्रतिव्यक्ति आय अहिलेसम्म पनि ५ सय अमेरिकी डलर पनि पुग्न सकेको छैन । र, यो गतिको प्रतिव्यक्ति आय विश्वमा नै सबैभन्दा कम आय मध्येमा पर्दछ । आर्थिक वृद्धिदर जनसंख्या वृद्धिदरभन्दा सामान्य रूपमा मात्र बढी भएकाले नेपालको प्रतिव्यक्ति आयमा सुधार आउन नसकेको हो । त्यसैले यस्तो अर्थतन्त्रलाई गतिहीन अर्थतन्त्र भन्नुपर्दछ । यसबाट नेपाल दक्षिण एशियामा नै सबैभन्दा गरिब मुलुक भएको छ । केही वर्ष अघिसम्म गरिबी र पछाडि परेको हिसाबले नेपाललाई बङ्गलादेशसँग तुलना गरिन्थ्यो । १६ करोड जनसंख्या भएको र वर्षेनी गम्भीर प्राकृतिक विपत्ति झेल्दै आएको बङ्गलादेश समेत अहिले नेपाललाई उछिनेर अगाडि बढिसकेको छ । अहिले उसको प्रतिव्यक्ति आय ६ सय अमेरिकी डलर नाघिसकेको छ । स्वतन्त्रता प्राप्तिपछिको ४५ वर्षसम्म अहिलेको नेपाल जस्तै गतिहीन अवस्थामा रहेको एक अर्ब १२ करोड जनसंख्या भएको भारत समेतको प्रतिव्यक्ति आय अहिले १ हजार १ सय अमेरिकी डलर पुगिसक्यो । चीनको त झन् कुरै गर्नुपरेन । तर, नेपाल भने जहाँको त्यहीँ छ । नेपाल अहिले विश्वमै सबैभन्दा गरिब र अत्यधिक आर्थिक गतिहीनता भएको मुलुकको रूपमा दर्ता भएको छ । प्राकृतिक, वित्तीय वा अरू कुनै साधनको अभावको कारणले नेपाल यो अवस्थामा रहनुपरेको होइन । सम्भावना नै नभएर नेपाल विकासमा यति पछि परेको पनि होइन । जल, जङ्गल तथा उबरा जमिनको दृष्टिले नेपाल अति सम्पन्न छ । पर्यटकीय आकर्षणको दृष्टिले नेपाल अनुपम छ । मानवीय र प्राकृतिक विविधताको दृष्टिले नेपाल बेनजिर छ । धार्मिक र सांस्कृतिक महत्वको दृष्टिले नेपाल समृद्ध छ । त्यसैगरी विश्व समुदायको सद्भावको दृष्टिले पनि नेपाल अत्यन्तै भाग्यशाली छ । तर, राजनीति नै समयमा सुध्रिन नसकेको कारणले नेपालका यो दुर्गति भएको छ ।

नेपालको अर्थतन्त्रको वृद्धिदर लगातार दुई वर्ष ५ प्रतिशतभन्दा बढी कहिल्यै हुन सकेन । नेपालको अर्थतन्त्रमा जुनसुकै र जस्तोसुकै नयाँ योजना, नयाँ नीति र कार्यक्रम, नयाँ रणनीति लागू गरे पनि आर्थिक वृद्धिदरमा कुनै स्थायी सुधार आउन सकेन । सधैंभरि २, ३, ४ वा ५ प्रतिशतभन्दा कम दरमा नै रुमल्लिइरह्यो । सन् १९९० को दशकदेखि विश्वले आर्थिक

उदारीकरणको नीति अबलम्बन गर्न सुरु गरेदेखि विश्वका धेरै मुलुकका अर्थतन्त्रले गति लिए । त्यस बेलादेखि भारत, इन्डोनेसिया, भियतनाम, मलेशिया, थाइल्याण्ड, क्याम्बोडिया आदि मुलुकहरू अगाडि बढे । चीन त पहिलेदेखि नै धेरै अगाडि बढिसकेको थियो । त्यतिखेर नेपालले पनि केही वर्ष अघि बढ्ने सङ्केत देखाएको थियो । तर, नेपाललाई फेरि पनि राजनीतिले नै धोका दियो । र, त्यो गति अवरुद्ध भयो, जुन स्थिति र अवरोध अझै कायमै छ । नेपाल नयाँ-नयाँ राजनीतिक विवादमा झन्-झन् फस्दै गएको छ । त्यसबाट पूर्ण रूपमा नउत्री अर्थतन्त्रमा कुनै सुधारको अपेक्षा गर्न नसकिने भएको छ । त्यसैले कामना गरौं, नेपाल यो राजनीतिक भुमरीबाट छिट्टै मुक्त हुन सकोस् र प्रगतिको मार्गमा तीव्र रफ्तारका साथ अगाडि बढोस् ।

**विश्व अर्थतन्त्रको बर्तमान अवस्था**

| देश | यथार्थ | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | २००८ | २००९ | २०१० | २०११ |
| विश्व | ३.० | -०.६ | ४.६ | ४.३ |
| अमेरिका | ०.४ | -२.४ | ३.३ | २.९ |
| जर्मनी | १.२ | -४.९ | १.४ | १.६ |
| फ्रान्स | ०.१ | -२.५ | १.४ | १.६ |
| इटाली | -१.३ | -५.० | ०.९ | १.१ |
| स्पेन | ०.९ | -३.६ | -०.४ | ०.६ |
| जापान | -१.२ | -५.२ | २.४ | १.८ |
| बेलायत | ०.५ | -४.९ | १.२ | २.१ |
| क्यानाडा | ०.५ | -२.५ | ३.६ | २.८ |
| रुस | ५.६ | -७.९ | ४.३ | ४.१ |
| चीन | ९.६ | ९.१ | १०.५ | ९.६ |
| भारत | ६.४ | ५.७ | ९.४ | ८.४ |
| ब्राजिल | ५.१ | -०.२ | ७.१ | ४.२ |
| मेक्सिको | १.५ | -६.५ | ४.५ | ४.४ |

*स्रोतः–अन्तर्राष्ट्रिय मुद्रा कोष ।*

**सन्दर्भ सामग्रीहरू**

*१. अन्तर्राष्ट्रिय मुद्राकोषका विभिन्न प्रकाशनहरू ।*
*२. एशियाली विकास बैङ्कका विभिन्न प्रकाशनहरू ।*
*३. 'दि ईकोनोमिस्ट' पत्रिकाका विभिन्न अङ्कहरू ।*

# गरिबी, यसका आयामहरू र मापन विधि : नेपालको सन्दर्भमा

❒ डा. युवराज खतिवडा

**पृष्ठभूमि**

विगत केही दशकमा विश्व अर्थतन्त्रमा भएको द्रुत विकासले धेरैजसो मुलुकहरूमा गरिबीको दर घटेको छ भने निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या पनि घट्दै गइरहेको छ । तर, यस बीच गरिबीको परिभाषामा भएका परिवर्तनहरू, विश्व आर्थिक सङ्कटले ल्याएको मन्दी र खाद्यान्नको अप्रत्याशित मूल्यवृद्धिले सन् २००८ यता गरिबहरूको सङ्ख्यामा वृद्धि भएको अनुमान गरिन्छ । नेपालमा भने पछिल्लो चरणमा गरिबीको अवस्थाबारे सर्वेक्षण नभएकाले सन् ००४ को सर्वेक्षणअनुसार करिब ३१ प्रतिशत नेपाली निरपेक्ष गरिबीको रेखामुनि रहेको देखिन्छ । उक्त सर्वेक्षणका परिसूचकहरूलाई आधार मानी गरिएको पछिल्लो अनुमानले करिब २५ प्रतिशत जनता हाल गरिबीको रेखामुनि रहेको देखाएको छ । यसैबेला अक्सफोर्ड विश्वविद्यालयले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा गरिरहेको गरिबीको मापन कार्यले धेरै देशको गरिबीको तथ्याङ्क बारे नयाँ बहस सिर्जना गरेको छ । यस आलेखमा नेपालको गरिबीको अवस्था र यसमा उत्पन्न विवादहरू बारे सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

**गरिबीको मापन**

गरिबीको परिभाषा आफैँमा सदैव विवादको विषय बन्ने गरेको पाइन्छ । सामान्य अर्थमा अभाव, भोक, रोग, बेरोजगारी र पीडाग्रस्तता तथा सामाजिक न्याय, अधिकार र शक्तिबिहीनताले मानव उपेक्षा र सम्भाव्यता कुण्ठित रहेको अवस्था नै गरिबी हो भन्ने बुझिन्छ । तथापि, यसको परिभाषा गर्ने क्रममा निरपेक्षता र सापेक्षतामा छुट्ट्याएर हेर्नु सान्दर्भिक हुन आउँदछ । निरपेक्ष गरिबी भनेको कुनै व्यक्तिका लागि आवश्यक पर्ने क्यालोरी (उर्जा)का लागि न्यूनतम आवश्यकताका खाद्यवस्तुहरूका अतिरिक्त आवास, स्वास्थ्य, शिक्षा एवम् अन्य न्यूनतम आवश्यक वस्तुहरू परिपूर्ति गर्न नसक्ने अवस्था हो । सापेक्षिक गरिबी भनेको यी न्यूनतम आवश्यकता पूरा भएर पनि गुणस्तरयुक्त जीवन बाँच्नका लागि औसत जीवन निर्वाह गर्नेहरूको तुलनामा साधन स्रोतको कमी भएको अवस्था हो ।

सामान्यतया गरिबीको आयामलाई आय गरिबी, मानवीय गरिबी र सामाजिक बञ्चितीकरण गरी तीन वर्गमा विश्लेषण गरिन्छ । आयमूलक गरिबीमा न्यूनतम आवश्यकता पूरा गर्न चाहिने आयको न्यूनतालाई आधार मानिन्छ । यस आधारमा सर्वप्रथम सन १९७६/७७ मा नेपालमा गरिबीको अनुमान गरिएको थियो । त्यस्तै अन्य अनुमानहरू सन् १९८४/८५, १९९५/९६ र ००३/०४ मा गरिएका थिए । तर, पछिल्ला समयमा आय गरिबी मापनबाट गरिबीको अवस्थाको यथार्थ चित्रण नभएको कुरा स्वीकारिएको छ । नोबेल पुरस्कार विजेता भारतीय मूलका अर्थशास्त्री अमर्त्य सेनले आयलाई मात्र गरिबी मापनको आधार बनाउनु गलत हुनसक्ने तर्क दिएका छन् । यसलाई अन्य आधारमा समेत विश्लेषण गर्नुपर्ने उनको तर्क छ । समग्रमा गरिबीलाई आयसँगै आधारभूत मानव अधिकार हासिल गर्न चाहिने क्षमता वा वस्तु, सेवा र अवसरको कमीको रूपमा चित्रण गर्न थालिएको छ ।

मानवीय गरिबीमा मानव विकासका प्रमुख पक्षहरू जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ आदिलाई यस मापनमा समावेश गर्ने गरिएको छ । यसले आय गरिबीले समेट्न नसकेका क्षेत्रहरू समेट्ने र जीवनको मानवीय पाटोलाई आफ्नो दायरामा ल्याएको छ ।

सामाजिक बञ्चितीकरण अन्तर्गत मानिसहरूको विकासका नयाँ अवसरहरूबाट बञ्चित रहनुपर्ने अवस्था, निर्णय प्रक्रियामा निजहरूको न्यून सहभागिता र साधनमा न्यून पहुँच नै सामाजिक बञ्चितीकरण हो । आर्थिक–सामाजिक सशक्तीकरणको अभावको रूपमा यो गरिबीलाई मापन गर्न सकिन्छ ।

निरपेक्ष गरिबीको परिभाषाले गरिबीका सम्पूर्ण आयामहरू समेट्न नसक्ने भएकाले नै मानव गरिबी (Human poverty) लाई अहिले गरिबी मापनमा बढी मात्रामा उपयोग गरिन्छ । मानव गरिबी अन्तर्गत (क) बालबालिकामा दीर्घ कुपोषण (जसले केही हदसम्म क्यालोरी उपभोगका प्रतिनिधित्व गर्छ), (ख) प्रौढ साक्षरता दर (जसले शिक्षामा पहुँचको प्रतिनिधित्व गर्छ), (ग) ४० वर्षमुनिको जनसंख्याको अपेक्षित आयुसँगको अनुपात (जसले स्वास्थ्य स्थितिको प्रतिनिधित्व गर्छ) र (घ) शुद्ध खानेपानीको पहुँचबाहिरको जनसंख्या (जसले आधारभूत सेवामा पहुँचको प्रतिनिधित्व गर्छ) जस्तो अवस्थाको आँकलन गरिन्छ । यी परिसूचकहरूले बञ्चिति (Deprivation) मार्फत गरिबीको अवस्थाको चित्रण गरिरहेका हुन्छन् । संयुक्त राष्ट्रसङ्घले विश्वको मानव विकास प्रतिवेदन प्रकाशित गर्ने क्रममा झण्डै दुई दशकयता मानव गरिबीको तथ्याङ्क प्रकाशित गर्न थालेको छ, जसले विश्व बैङ्कको प्रतिदिन एक डलर वा दुई डलर आय नहुनेहरू गरिब हुन भन्ने अवधारणालाई सोझै स्वीकार गर्दैन । पछिल्ला वर्षहरूमा मानव विकास प्रतिवेदनहरू गरिबी र बञ्चितीकरण बुझ्ने बढी यथार्थवादी विश्लेषण हुन पुगेका छन् । यसै सन्दर्भमा २००९ को विश्व मानव विकास प्रतिवेदन हेर्दा मानवीय गरिबीमा नेपालभन्दा ३६ वटा मुलुकहरू तल हुन आउँछन् । त्यस्तै मानव विकास सूचकाङ्क जसले (क) आय गरिबी (जीवनस्तर) (ख) औषत आयु (स्वास्थ्य स्थिति) र (ग) प्रौढ साक्षरता (शिक्षा) लाई प्रतिनिधित्व गर्छ र लगभग गरिबीका कारकहरूको प्रतिनिधित्व गर्छ । यसका आधारमा समेत नेपाल भन्दा ३३ मुलुकहरू मानव विकासमा तल छन् । मानव विकास सूचकाङ्ककै कुरा गर्ने हो भने पछिल्लो कालमा नेपाल मध्यम मानव विकास भएका मुलुकहरूमा पर्न आउँछ । त्यसैले पनि पछिल्ला चरणमा बहसमा आएका कतिपय विवरणहरूलाई गरिबी मापनका विधि, समय र त्यसमा अन्तरनिहित उद्देश्यलाई मनन नगरी हचुवाका भरमा मानव गरिबीमा नेपाल गरिवतम मुलुक भयो भन्नु युक्तिसङ्गत हुँदैन ।

निरपेक्ष गरिबी अहिलेसम्म प्रचलित सबैभन्दा सरल, स्पष्ट र वस्तुगत रूपमा तुलना गर्न सकिने गरिबीको अवस्था हो । यस अवस्थाले मानिसले आफ्नो जीवन धान्नका लागि उपभोग गर्नुपर्ने न्यूनतम क्यालोरी र अन्य अत्यावश्यक वस्तु र सेवाको उपभोग गर्न सके/नसकेको स्थितिको चित्रण गर्दछ । न्यूनतम क्यालोरी कति चाहिन्छ भने कुरा आफैं विवादित विषय छ । मान्छेको उमेर, श्रम गर्नुपर्ने अवस्था, भौगोलिक स्थिति आदिले न्यूनतम क्यालोरी निर्धारण गर्दछन् भने त्यही क्यालोरी प्राप्त गर्न उपभोग गरिने वस्तुहरूको प्रकार र तिनको मूल्यसमेत निरपेक्ष गरिबीको स्तर निर्धारणमा निर्णायक बन्न पुग्दछन् । त्यस्तै खाद्यान्नबाहेक उपभोग गरिने अन्य वस्तु र सेवाको सूची

पनि निरपेक्ष गरिबीको स्तर निर्धारणमा महत्वपूर्ण कारक बन्दछन्। न्यूनतम क्यालोरीकै कुरा गर्दा सामान्य मानिसलाई औषत दैनिक करिब २ हजार २ सय क्यालोरी उपभोग गर्नुपर्ने र यसका लागि गरिने खर्च निरपेक्ष गरिबीको रेखामुनि रहेका व्यक्तिका हकमा झण्डै ७० प्रतिशतसम्म रहन सक्नेहुन्छ। निरपेक्ष गरिबी व्यक्तिगत (Head count) र परिवार (Household) को तहमा गणना गर्दा केही थप कुराहरू महत्वपूर्ण हुन्छन्। परिवारको तहमा क्यालोरीको आवश्यकताको गणनामा परिवारको सदस्यको सङ्ख्या, उमेर र श्रम गर्नेहरूको सङ्ख्या निर्णायक हुन्छ। यसैकारण समेत व्यक्तिगत र पारिवारिक तहमा गरिबीको रेखामुनि रहेको सङ्ख्या र परिवारको अनुपात आपसमा फरक पर्दछन्।

नेपालकै सन्दर्भमा समेत निरपेक्ष गरिबीको मापनमा विभिन्न समयमा अपनाइएका विधिहरू फरक छन्। त्यसैले ०३३/३४, ०४१/४२ र ०५२/५३ का सर्वेक्षणले देखाएका गरिबीका तथ्याङ्कहरू सौफै तुलनायोग्य छैनन्। २०५२/५३ र ०६०/६१ का गरिबीका सर्वेक्षणहरू एकै विधिबाट गरिएकाले ती परिणामहरू भने तुलनायोग्य छन्। तथापि, दैनिक क्यालोरीको आवश्यकता घटबढ भएमा, उपभोग गर्ने वस्तुको सूची फरक भएमा, गरिबीको रेखामुनिको आय गणना गर्दा कुल उपभोगमा खाद्यवस्तु र अन्य सेवाको भार (Weight) वा सन्दर्भ मूल्य (Reference price) फरक परेमा एकै विधिबाट भएका सर्वेक्षणका परिणामहरू पनि तुलनायोग्य हुँदैनन्। त्यसैले एउटै मुलुकको त निरपेक्ष गरिबीकै मापन पनि पूर्ण वस्तुबादी र शतप्रतिशत तुलनायोग्य हुन सक्दैन भने अन्तरमुलुकको तुलना अझ जटिल हुन्छ। यसै कारण समेत अन्तर्राष्ट्रिय तुलना गर्न सजिलो होस् भनी कतिपय मुलुकहरूमा दैनिक १ डलर वा २ डलरसम्मको आयलाई गरिबीको रेखामुनिको आयको परिसूचकको रूपमा लिइएको हो।

गरिबीको स्थिति (Poverty incidence) ले कुल जनसङ्ख्यामा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कति छ भनेर जनाउँदछ भने गरिबीको विषमता ९एयखभचतथ नबउ० ले गरीब मानिएकाहरूमध्ये कति प्रतिशत गरीबहरू गरिबी रेखाभन्दा टाढा छन् भन्ने जनाउँदछ। साथै, गरिबीको गहनता (Squared poverty gap) को सूचकले गरिबहरूमध्ये पनि कति गहिरो असमानता छ भन्ने देखाउँदछ।

**३. नेपालमा निरपेक्ष गरिबीको अवस्था**

आर्थिक वर्ष २०५२/५३ मा गरिबीको रेखामुनिको सहरी जनसङ्ख्या २१.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा करिब ९.६ प्रतिशतमा झरेको देखिन्छ। त्यसैगरी, सोही अवधिमा ग्रामीण क्षेत्रमा रहेको गरिबीको रेखामुनिको जनसङ्ख्या ४३.३ प्रतिशतबाट ३४.६ प्रतिशतमा झरेको छ।

नेपाल जीवनस्तर मापन सर्भेक्षण ०६०/६१ अनुसार विगत आठ वर्षको दौरानमा गरिबीको रेखामुनि रहेको निरपेक्ष गरिबीको जनसङ्ख्या ४२ प्रतिशतबाट घटेर ३१ प्रतिशतमा पुगेको छ। यस अवधिमा सहरी गरिबीमा १२ प्रतिशत बिन्दुले र ग्रामीण गरिबीमा ८ प्रतिशत बिन्दुले कमी आएको छ। देशमा बढ्दो सहरीकरण तथा सहरी क्षेत्रको अवसरहरूमा भएको वृद्धिका कारणले सहरी गरिबीमा उल्लेखनीय कमी आएको छ। भौगालिक क्षेत्रका आधारमा हिमाली क्षेत्रको गरिबीमा झण्डै २५ प्रतिशत विन्दुले कमी आएको देखिन्छ भने पहाडी क्षेत्रको गरिबीमा भने कमै मात्र परिवर्तन आएको छ। त्यसैगरी, तराई क्षेत्रको गरिबीमा करिब १३ प्रतिशत बिन्दुले कमी आएको देखिन्छ।

विश्व बैङ्कले अन्तर्राष्ट्रिय स्तरमा सन् १९९० देखि अवलम्बन गर्दै आएको मापदण्ड अनुसार दैनिक एक अमेरिकी डलरलाई आधार मान्दा क्रयशक्ति समता (Purchasing Power Parity: PPP) अनुसार कुल जनसंख्याको २४.१ प्रतिशत गरिबीको उक्त रेखाभन्दा तल रहेको पाइन्छ। सन् २००५ देखि विश्व बैङ्कले दैनिक १.२५ अमेरिकी डलरलाई गरिबीको रेखा निर्धारणको आधार मानेको छ र यस अनुसार नेपालको स्थिति तुलना गर्दा अझै कमजोर देखिने प्रस्ट छ। हालसम्म नेपालले पुरानै मापदण्डलाई अपनाएको छ।

नेपालको गरिबीको स्थिति हेर्दा सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीचको भिन्नता अझ पनि निकै ठूलो रूपमा देखिएको छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण ००३/०४ अनुसार सन् १९९५/९६ र सन् ००३/०४ को अवधिमा समग्रमा ११ प्रतिशत बिन्दुले गरिबी घटेको छ। यसका कारणहरूमा विप्रेषण आय, तीव्र रूपमा बढिरहेको सहरीकरण, कृषि ज्यालामा भएको वृद्धि तथा आर्थिक रूपमा सक्रिय उमेरका जनसङ्ख्याको अनुपातमा भएको वृद्धि मुख्य रहेका छन्। यद्यपि, यस अवधिमा बढेको आय असमानताले देशमा गरिब र धनीबीचको खाडल बढेको देखाएको छ। आय असमानतालाई दर्शाउने गिनी सूचकाङ्क (Gini Coefficient) ०५२/५३ मा ०.३४ रहेकोमा २०६०/६१ मा ०.४१ पुगेकाले गरीबको आयस्तर भन्दा धनीको आयस्तर उच्च दरले बढेको देखिन्छ। यो स्थितिलाई सुधार गर्न नीतिगत, संरचनागत र कार्यक्रमगत रूपले गरिबमुखी पहलकदमी लिनुपर्ने एवम् आयमूलक रोजगारी तथा आर्थिक हस्तान्तरणमुखी कार्यक्रमलाई तत्कालिक र दीर्घकालिक ढङ्गले प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लैजानु जरुरी छ।

हालैको अनुमान अनुसार २००४ देखि २००८ को बीचमा गरिबी ६.० प्रतिशत बिन्दुले घटी २५.४ प्रतिशतमा झरेको छ । गरिबीको स्थिति (Poverty Incidence) मापनका लागि आर्थिक वर्ष २०५२/५३ र २०६०/६१ मा सम्पन्न गरिएको नेपाल जीवनस्तर मापन सर्वेक्षणहरूको आधारमा नेपालमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्यामा कमी आउनुका प्रमुख कारणहरूमा विप्रेषण आय तथा कृषि क्षेत्रको ज्यालादरमा वृद्धि जस्ता कारणहरू रहेका छन् ।

विगत एक दशकदेखि नै गरिबी केन्द्रित योजनाहरू तर्जुमा हुँदै आएका छन् भने गरिबी विरुद्धको विश्वव्यापी अभियानमा नेपाल सहभागी हुँदै आएको पनि छ । संसारका १ सय ८९ राष्ट्रले प्रतिबद्धता जनाएको सहस्राब्दी विकास लक्ष्यहरू (Millennium Development Goals -MDGs) ले निर्दिष्ट गरे अनुरूप दशौं योजना र तीनवर्षीय अन्तरिम योजनाले सहस्राब्दी विकास लक्ष्यका गरिबी निवारण सहितका उद्देश्यहरू समेतलाई आफ्ना योजना, नीति र कार्यक्रममा अङ्गीकार गर्‍यो । सार्क विकास लक्ष्य (SAARC Development Goals ( SDGs) अनुसार प्रगति स्थिति विवरण अद्यावधिक गर्ने कार्य जारी रहेको र प्रारम्भिक प्रगति सकारात्मक रहेको देखिन्छ । यी सबै प्रगतिका बावजुद नेपालको झण्डै १२ लाख ५० हजार घरपरिवार अथवा करिब ७० लाख व्यक्ति अझै गरिबीको रेखामुनि रहेको अनुमान गरिएको छ । विभेद र असमानता, अर्थतन्त्रको संरचनागत कमजोरी, साँघुरो उत्पादन आधार, न्यून उत्पादनशीलता, कमजोर सुशासन, बञ्चितीकरण एवम् विभेद, नीतिगत विसङ्गति एवम् कमजोर पुनःवितरण प्रणाली तथा फितला लक्षित कार्यक्रम जस्ता समस्याहरूले मुलुकमा गरिबी निवारणको घोषित लक्ष्य हासिल हुन नसकेको पाइन्छ ।

**गरिबीबारे पछिल्लो बहस र यथार्थ**

अक्सफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले हालै सम्पन्न गरेको अध्ययन प्रतिवेदनले नेपालको गरिबीको गम्भीर अवस्थाको चित्रण गरेको छ । त्यसअनुसार, बहुआयामिक गरिबी सूचकाङ्क (Multidimensional poverty index) ०.३५०, गरिबीको स्थिति (Incidence of poverty) ६४.७ प्रतिशत र गरिबीको औषत गहनता (Average intensity of deprivation across the poor) ५४ प्रतिशत रहेको औंल्याइएको छ । हालका दिनमा यो अध्ययन सर्वाधिक चर्चाको विषय बन्न पुगेको छ । त्यसैगरी, विश्व बैङ्कले पछिल्लो पटक कायम गरेको दैनिक १.२५ डलरभन्दा कम आय भएको आधारमा गरिबीको मापन गर्दा नेपालमा गरिबीको रेखामुनि रहेका जनताको प्रतिशत ५५ हुने अनुमान गरेको छ । नेपालका आधिकारिक निकायबाट जारी गरिएका दस्तावेजमा उल्लेखित विवरण र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्रकाशित हुने विवरणबीचमा उल्लेख्य अन्तर पर्नु भनेको नवीन अनुसन्धानका क्रममा देखापर्ने परिणाम र त्यसले वातावरणमा हलचल ल्याउन खोज्ने प्रवृत्ति जिम्मेवार छन् भने नवीन प्रविधि एवम् पद्धतिका सम्बन्धमा सम्बन्धित सरकारी निकायले समेत गतिशील तवरबाट चासो दिएर उपयुक्तताको आधारमा नवीन अवधारणालाई अँगाल्न भने सकिने हुन्छ ।

मानव विकास प्रतिवेदनको २० औं वर्ष प्रवेशको उपलक्ष्यमा अक्सफोर्ड विश्वविद्यालय र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदन कार्यालयले संयुक्त रूपमा गरिबीको बहुआयामिक मापन कार्य थालेकोमा यो नयाँ मापनले १९९७ देखि मापन गर्दै आएको मानव गरिबी सूचकाङ्कलाई विस्थापित गर्नेछ । यो सूचकाङ्क ( मानव विकास प्रतिवेदन ०१०) आगामी अक्टोबर अन्त्यसम्ममा प्रकाशित हुने भए तापनि यसको प्रारम्भिक नतिजा अक्सफोर्डको वेभसाइटमा राखिसकिएको र यसमा नेपालको मानवीय गरिबीको अवस्था निकै चरम देखिइएको हुँदा यसमा राष्ट्रिय बहस सुरु भएको छ( । बहुआयामिक गरिबीका निर्धारक तत्वहरूमध्ये आय (उपभोग)का अतिरिक्त स्वास्थ्य, शिक्षाको अभाव आवासको अव्यवस्था, अशक्तीकरण, हिंसाको त्रास, निम्न स्तरको काम समेतको मापन सुरु भएको छ र हालै बहसमा आएको बहुआयामिक गरिबी सूचकाङ्क (Multidimensional Poverty Index) ले घरपरिवारका तहको बञ्चितीकरणका परिसूचकहरू (शिक्षा, स्वास्थ्य, सम्पत्ति र सेवा) लाई समेटेकाले नेपालले परम्परागत रूमपा अपनाएको गरिबीको मापन गर्ने विधिभन्दा यो ज्यादै बृहत छ र यसको नतिजा नेपालको हालको विधिबाट मापन गरिएको गरिबीको अनुपातसँग दाँज्न पटक्कै  मिल्दैन । त्यसैले बहुआयामिक गरिबीको सूचकलाई आय गरिबीको सूचकसँग तुलना गरी नेपालको गरिबी नेपाल सरकारको अनुमानको २५ प्रतिशत नभएर अक्सफोर्डको अनुमानको ६५ प्रतिशतले भन्न मिल्दैन । यी दुईमध्ये एक बेठीक र अर्को ठीक भन्ने कुरा नै सही होइनन् । बरु बृहत रूपमा गरिबीको कुरा गर्दा आय गरिबीका भन्दा पनि अन्य प्रकारका (सामाजिक, आर्थिक) गरिबीका परिसूचकहरू बढी कमजोर रहेछन् भन्ने मात्र अर्थ निस्कन सक्छ । फेरि यो नयाँ परिभाषाका कारणले गरिबीको अङ्कमा नेपालमा मात्र फरक परेको पनि होइन, विश्वकै करिब एक अर्ब जनता गरिबीको रेखामुनि रहेको अनुमान रहेकोमा नयाँ परिभाषाले १ अर्ब ७० करोड मानिसलाई बहुआयामिक गरिबीमा रहेको देखाएको छ । यो परिभाषा अनुसार इथियोपियामा गरिबीका रेखामुनिका जनता ३९ प्रतिशतबाट बढेर ९० प्रतिशत पुगेका छन् । भारतका आठ वटा प्रान्तमा मात्रै ४२ करोड यस्ता गरिब रहेको देखाइएको  छ ।

बहुआयामिक गरिबी सूचकाङ्कमा १० वटा परिसूचकहरूलाई तीन वटा समूह (शिक्षा, स्वास्थ्य र जीवन निर्वाहस्तर) मा समावेश गरिएको छ। शिक्षाभित्र विद्यार्थी भर्ना र स्कुलमा बिताएका वर्षहरू, स्वास्थ्यभित्र बाल मृत्युदर र कुपोषण तथा जीवन निर्वाह स्तरभित्र पानी, बिजुली, घरको भुइँ सफाइ, पकाउने उर्जा र सम्पत्तिलाई समेटिएको छ। त्यसैले यो सूचकाङ्क मानव विकास सूचकाङ्क, मानव गरिबी सूचकाङ्क वा बञ्चितीकरण सूचकाङ्कभन्दा बृहत छ भने यसले देखाएको गरिबी आय गरिबी भन्दा त स्वतः धेरै हुने नै भयो। त्यसैले गरिबी मापनको यो विधिबाट नेपालमा निरपेक्ष गरिबी बढेको अर्थ लगाउन पटक्कै मिल्दैन। यसै पनि विगत करिब एक दशकमा नेपालमा प्रतिव्यक्ति आय रु. २२ हजार रुपियाँबाट बढेर ५२ हजार रुपियाँ भएको छ।

विद्यालय भर्ना दर ८१ प्रतिशतबाट ९४ प्रतिशत भएको छ, औषत आयु ६२ बाट ६६ वर्ष पुगेको छ। पिउने पानीमा पहुँच ७२ प्रतिशतबाट ८४ पुगेको छ, विद्युतीकरण ४० प्रतिशतबाट ५६ प्रतिशत भएको छ, वाल (Infant) मृत्युदर प्रतिहजार जन्म ६४ बाट ४१ मा झरेको छ भने मातृ मृत्युदर प्रतिलाख जन्म ४ सय १५ बाट २ सय २९ मा झरेको छ। यसबीच ठोस प्रगति नभएको क्षेत्र भनेको पोषण, सफाइ र पिउने पानीको गुणस्तरको हो। अर्कातिर यसबीच यातायात र सञ्चार सुविधामा व्यापक विस्तार भएको छ । २ वर्षअघि नै प्रति सय ४० ले टेलिफोन वा मोबाइल, ५८ प्रतिशत जनसङ्ख्याले रेडियो र ३३ प्रतिशत जनसङ्ख्याले टेलिभिजन सुविधा पाएका छन्। पछिल्लो वर्षहरूमा यी सेवामा अझ द्रूत विस्तार भइसकेको छ।

नेपालले सहस्राब्दी विकास लक्ष्यअन्तर्गत सन् १९९० को स्तरबाट ०१५ सम्ममा गरिबी र भोकमरी आधा पार्ने, प्राथमिक शिक्षामा भर्नादर शतप्रतिशत गर्ने, लैङ्गिक समानता हासिल गर्ने, बालमृत्युदर दुई तिहाइले घटाउने, मातृ मृत्युदर तीन चौथाइले घटाउने, सङ्क्रामक रोगहरूको प्रकोप न्यून गर्दै जाने, पिउने पानीको सुविधाबाट बञ्चित जनसङ्ख्यालाई आधामा झार्ने र वातावरण सन्तुलन हासिल गर्ने अपेक्षा गरिएको छ। हालसालै राष्ट्रिय योजना आयोगले गरेको सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षामा नेपाल यीमध्ये अधिकांश लक्ष्य प्राप्तिको नजिक रहेको उल्लेख गरेको छ। यस पृष्ठभूमिमा सहस्राब्दी विकास लक्ष्यका परिसूचकहरू र बहुआयामिक गरिबी सूचकाङ्कका परिसूचकहरू मिल्दाजुल्दा भएकाले एउटामा भएको प्रगतिले अर्को परिसूचकलाई पनि प्रगतिपथमा स्वतः देखाउँछ। त्यसैले पनि नेपालमा गरिबीको अवस्थामा भइरहेको क्रमिक सुधारलाई नकार्ने आधार देखिँदैन। हो, दक्षिण एसियामा गरिबीको दृष्टिकोणले नेपाल सबैभन्दा तल छ र यो मुख्यतया आयसँग सम्बन्धित छ। यदि आर्थिक वृद्धिदर उच्च भएको भए यसमा उल्लेख्य सुधार हुने थियो। अन्यथा कतिपय सामाजिक परिसूचकहरूमा नेपाल दक्षिण एसियाली मुलुकहरू सरह नै रहेको छ।

**उपसंहार**

नेपालमा गरिबी सम्पत्तिमा पहुँच, शिक्षामा पहुँच, भौतिक पूर्वाधारमा पहुँच, परिवारको आकार, सामाजिक/ भौगोलिक/ जातीय बहिस्करण तथा नीति-निर्माणमा सहभागिता र पहुँचबाट निर्धारित छ। आर्थिक-सामाजिक रूपान्तरणका मुलभूत विषय पनि यिनै हुन्। त्यसैले राजनीतिक परिवर्तनले आर्थिक-सामाजिक रूपान्तरणका लागि सिर्जना गरेको अवसरको उपयोग गर्दै आर्थिक-सामाजिक पुनःनिर्माणमा सरकार, सहकारी तथा अन्य गैरसरकारी क्षेत्र र निजी क्षेत्र सहभागितात्मक रूपमा अघि बढ्नुपर्ने अवस्था छ। अन्यथा, मुलुक गरिबीबाट माथि नउठ्ने र राजनीतिक परिवर्तनले खोजेको दिगो शान्ति र आर्थिक समृद्धि हासिल गर्न नसकिने अवस्था रहेको छ। गरिबीको अङ्क र मापन विधिमा गरिने विवादभन्दा गरिबी निवारणमा गरिने सानातिना प्रयाससमेत बढी सार्थक हुने कुरामा दुईमत हुने छैन।

❐

# वैदेशिक सहयोगमा शर्त र त्यसको प्रभाव

## ❐ डा. दीपेन्द्रबहादुर क्षेत्री

अल्पविकसित देशहरू साधन र स्रोतको सही परिचालनको अभाव वा सर्वथा अभावकै कारण अन्य विकसित मुलुकको सहयोगको अपेक्षा राख्दछन्। हुन पनि विकसित देशहरू अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गर्न होस् वा व्यापारबाट लाभ लिन

होस्, आफ्नो कुल राष्ट्रिय आयको एक प्रतिशत विकासोन्मुख देशहरूलाई सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका हुन्छन् । उक्त सहायता अन्तर्राष्ट्रिय भाइचारा कायम गर्ने कडीका अतिरिक्त सम्पन्न र विपन्न राष्ट्रबीचको तनाव कम गर्ने आधार पनि हो । त्यसैले कतिपय अफ्रिकी मुलुक विकसित देशको उक्त छुट्याइएको आर्थिक सहायताबापत्को कोटा अल्पविकसित देशको अधिकारको कुरा हो भन्ने गर्दछन् । तर, एसियाली, ल्याटिन अमेरिकी देशहरू भने अफ्रिकी मुलुकहरूकै दाँजोमा स्पष्टोक्तिमा पछि छन् तापनि 'ऋण हैन अनुदान' भन्ने तर्क भने राख्ने गरेका छन् । द्विपक्षीय यस्तो सहयोग भन्दा थोरैमात्र अन्तरबहुपक्षीय सहायता निकायहरू अर्थात् ब्रेटन उड संस्थाहरू- विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष तथा क्षेत्रीय बैङ्क- एसियाली विकास बैङ्कका ऋण तथा अनुदान सहयोगमा पाइन्छ ।

मुलुकको राजनीतिक व्यवस्था र सो व्यवस्थाको उपजका रूपमा क्रियाशील राजनीतिज्ञहरूको सोचमा पनि नीति निर्माण, कार्यान्वयन र दातासंस्थाहरूसँगको समन्वय र सहकार्य निर्भर गर्दछ । वित्तीय साधनको उपलब्धताको महत्व सो साधनको प्रयोगबाट राष्ट्र र जनताले प्राप्त गर्ने तत्कालिक र दीर्घकालीन लाभमा निर्भर गर्दछ । तर, राजनेताहरू यदाकदा आफ्नो लुघताभाष प्रदर्शन गर्दै आफ्नो शासनकाल वा पदावधिमा वैदेशिक सहयोग परिचालनमा उल्लेख्य सफलता हासिल भएको सार्वजनिक गर्न गौरव ठान्दछन् । सो वैदेशिक सहयोगसँग गाँसिएका बन्देज, शर्तहरू, सम्झौता गर्ने बेला कमै मात्र ध्यानमा राखिने गरिन्छ । कार्यान्वयनका बखत मात्र शर्तहरू पालना गर्न हम्मे पर्दा नीति निर्माताले गरेका गल्तीहरूबाट कार्यान्वयन गर्ने तहका पदाधिकारीले अनुभूत गरेका असजिला र यदाकदा राष्ट्रहित प्रतिकूल हुने सम्झौताका शर्तहरू पनि नतमस्तक भई स्वीकार्नुपर्ने अवस्था आउँछ ।

यस आलेखमा द्विपक्षीय र बहुपक्षीय सम्झौताअन्तर्गत प्राप्त ऋण वा अनुदानमा जोडिएर आउने शर्तहरू वा दाताका अनौपचारिक आशयबाट नेपाली आर्थिक, सामाजिक र प्रशासनिक निकायमा पर्ने प्रभावबारे चर्चा गरिएको छ । साथै, यस्ता शर्तहरूलाई किन ग्रहण गरिन्छ र विकल्प छ/छैन भन्ने विषयमा पनि बहस गरिएको छ ।

द्रुत आर्थिक विकासको आकाङ्क्षालाई सहयोग पुऱ्याउन मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय बैङ्क वित्तीय संस्थाहरूको वित्तीय सहयोगको अपेक्षा गर्नु स्वाभाविकै हो । बाह्य मुलुकको सहयोग देशका लागि उपयोगी नै ठहर्छ । तर, सहयोग लिने मुलुक र दाताहरूबीचको अपेक्षा स्वभावतः अन्तर रहन्छ । दाता सङ्घ/संस्था/राष्ट्रले अनुभूत गरेको सहयोगको क्षेत्रको आवश्यकता आफ्नो मुलुकको विशिष्टताको क्षेत्रतर्फ उन्मुख गराउने प्रयत्न हुन्छ, जसले गर्दा परियोजना सञ्चालनमा चुस्तता र कालान्तरमा आफ्ना उत्पादन वा उपकरणहरू नियमित रूपले खपत हुन सकून् । बहुपक्षीय संस्थाहरूले प्रदान गर्ने ऋण/अनुदान सहयोगको राशीको व्यवस्था खास सदस्य राष्ट्रबाट गरेको हुनसक्ने र यस्तो साधनको उपयोगमा सम्बन्धित राष्ट्रका उत्पादनहरू अनिवार्य रूपले स्वीकार्नुपर्ने व्यवस्था गरिएको हुन्छ । एशियाली मुलुकमा एशियाली विकास बैङ्कबाट होस् वा ब्रेटनउड संस्थाहरूबाट प्रायोजन गरिएको ऋण/अनुदान यदि जापानबाट जोहो गरिएको छ भने सवारी साधनहरू, यान्त्रिक उपकरणहरू सो सहयोगको अभिन्न भागकै रूपमा वस्तुगत रूपमा उपलब्ध गराइएको हुन्छ । सहायता प्राप्त गर्ने मुलुकका हिसाबले हेर्दा उक्त उपकरणहरू स्वतन्त्र बजारमा घटिघटाऊ व्यवस्था वा प्रतिस्पर्धात्मक पद्धतिअनुसार खरिद गर्ने अवसर मिलेमा वित्तीय स्रोतको बचत एवम् ऋण दायित्व न्यून हुने अवस्था रहन्थ्यो । अर्कोतर्फ दाताले अनुभूत गरेको क्षेत्र र सहयोग प्राप्त गर्ने मुलुकको आर्थिक विकासको प्राथमिकतामा सर्वथा अर्को क्षेत्र हुन सक्तछ । दाताद्वारा उत्प्रेरित परियोजनाभन्दा मुलुकको वस्तुगत अवस्थाअनुसार बढी सामाजिक, आर्थिक प्रतिफल दिनसक्ने परियोजना, जुन आर्थिक विकासको प्राथमिकतामा परेको पनि हुनसक्तथ्यो, ओझेलमा पर्न पुग्दछ । सहयोग दाता र स्वीकार्ने दुई पक्षहरूका प्राथमिकताबीचको बेमेलबाट उत्पन्न मनोवैज्ञानिक असहजताको समाधान वित्तीय स्रोतको आवश्यकता, दाता संस्थासँगको सम्बन्धको प्राथमिकता र सो परियोजनाबाट मुलुकलाई प्राप्त हुने प्रत्यक्ष फाइदामा निर्भर गर्दछ । यदाकदा सहयोग सम्झौतामा योगदान पुऱ्याउने पदाधिकारीको मनोगत निर्णयमा पनि वैदेशिक वा बाह्य सहयोग निर्धारण गरिएको हुन्छ ।

दाताद्वारा स्वीकृत गरिएको रकम खर्च गर्ने पद्धतिबारे पनि सहयोग प्राप्त गर्ने सरकारको क्षमतामा शङ्का गरी गैरसरकारी संस्था वा अन्य निकायबाट उपयोग गराउने नीति अनुशरण गर्न दाताको रणनीति रहने गर्दछ । सरकारी संयन्त्र सामान्यतः परियोजना सञ्चालन गर्न हुने ढिलासुस्ती र पद्धतिगत जटिलतालाई ध्यानमा राखी गैरसरकारी संस्थाद्वारा परिचालित गर्ने प्रचलन बढेको छ । 'नतिजा सम्प्रेषित गर्नुपर्ने भएकाले दाताहरू प्रबुद्ध वर्गले नेतृत्व गरेको संस्था रोज्दछन् किनभने उनीहरूले विकासको अवधारणा छिटो बुझ्ने मात्र होइन कि पद्धति बसाल्ने, नतिजा निकाल्ने र दाताको इच्छा मुताबिक सो व्यवसायको प्रतीक्षा पनि गर्दछन्' (पोखरेल-२०१०, हि.टा.) । यस भनाइले दाताहरूले के चाहन्छन् र कस्तो कार्यपद्धतिले खुसी हुन्छन् भन्ने कुरा परियोजना सञ्चालकले ख्याल राख्नुपर्दछ भन्ने जाहेर हुन्छ ।

आर्थिक विकासको चाहना, वेग र त्यसलाई कार्यरूपमा ल्याउने पद्धति, वित्तीय साधन, जनशक्तिको आपूर्तिको आश्वस्तताले बाह्य सहयोगको प्रभावकारिता झल्काउँछ । द्विपक्षीय सहयोग दाताराष्ट्रका करदाताको रकम हो र यस्तो रकमको लेखाजाँच त्यहाँका जनताका प्रतिनिधिहरूबाट हुने गर्दछ । यस अर्थमा वैदेशिक सहयोग भनी छुट्याइएको रकम

करदाताको रकम भएकाले सदुपयोगिता, नतिजामूलक क्षेत्र र लक्षित क्षेत्रमा प्रतिफलको अनुकूल प्रभावको अपेक्षा दातामा हुनु स्वाभाविक हो । सहयोग पाउने मुलुकमा राखिने चिन्तन भने बिल्कुल फरक पाइन्छ । बाह्य सहयोग सम्पन्न मुलुक वा संस्थाबाट प्राप्त हुने रकम भएकाले मागेअनुसारको धनराशी दिने दायित्व सम्बन्धित निकायको हो भन्ने अवधारणा गलत हो । यो सोचले सर्वथा अलभ्य वित्तीय साधनको दुरूपयोगमा प्रोत्साहित हुने मात्र होइन, प्रतिफल प्राप्त गर्न कठिन पर्ने भएकाले स्रोत नै सुक्ने सम्भावना पनि रहन्छ । दाता र ग्रहणकर्ताबीचको चिन्तनको उक्त दूरीलाई न्यूनीकरण गर्न दातामा पद्धतिको पारदर्शिता र नतिजाका निम्ति प्रतिबद्धता आवश्यक पर्दछ भने ग्रहणकर्ताले सहयोग रकमको प्रतिइकाई लाभबारे सजग रहने वातावरण बन्नुपर्दछ ।

सन् १९९० को दशक नेपालको आर्थिक, राजनीतिक हिसाबले महत्वको रह्यो । भारतद्वारा आर्थिक नाकाबन्दीको फलस्वरूप अर्थतन्त्र प्रभावित थियो, यतिसम्म कि इन्धन (मट्टितेल)को आपूर्तिसमेत सिङ्गापुरबाट हवाई जहाजमा ल्याएर गरिएको थियो । यद्यपि अपवादकै रूपमा यस परिघटनालाई लिइनुपर्दछ तापनि मुलुकले आफ्ना कमजोरी र सबल पक्ष पहिचान गरी आत्मिक रूपले दिगो विकास गर्ने क्षेत्र पहिचान गरी अठोटका साथ अघि बढ्ने अवसर मिलेको थियो । यस्तो हुनका लागि राजनीतिक परिपक्वता र राष्ट्रप्रतिको बफादारिता निःतान्त आवश्यक हुन्थ्यो । उक्त दुवै तत्वको अभाव खट्किदो रूपमा रहेकाले मुलुक आत्मनिर्भरताको आन्तरिक मनोआकाङ्क्षा र बाह्य रूपमा व्यवहार चलाउनका लागि विश्वले चल्तेचलाते निकायहरूको अनुशरण गर्दै आर्थिक, सामाजिक पूर्वाधार बलियो बनाउनुपर्ने अवसरबाट पनि बञ्चित हुनपुग्यो । त्यसै कमजोर स्थितिमा विश्व बैङ्क र मुद्राकोषबाट क्रमशः संरचनागत समायोजन कार्यक्रम र समायोजन सुविधा कार्यक्रम ल्याइयो जसअन्तर्गत अर्थतन्त्रमा वैदेशिक मुद्रा ऋणस्वरूप थपिने भयो तर शर्तहरू पालना गर्नुपर्ने भयो ।

संरचनागत समायोजन कार्यक्रम अन्तर्गत आर्थिक विकास दर ४.२ प्रतिशत प्रतिवर्ष हासिल गर्नुपर्ने, वित्तीय घाटा कुल गार्हस्थ उत्पादनको ग.१ प्रतिशतभन्दा बढी हुन नहुने, वैदेशिक सहयोग कुल गार्हस्थ उत्पादनको १० प्रतिशत पुऱ्याउने लक्ष्यहरू किटान गरिए । त्यस्तै आन्तरिक कर्जा, राजस्व, विकास खर्च, साधारण खर्च, क्रमशः कुल गार्हस्थ उत्पादनको १.५ प्रतिशत, १२ प्रतिशत, १६ प्रतिशत, ७ प्रतिशत तोकिए । यसो गर्नुमा समष्टि आर्थिक चरहरूलाई दह्रो बनाउनु एकातिर थियो भने अर्कोतर्फ अर्थतन्त्रलाई बजारमुखी अर्थात् नवउदारवादी शैलीमा ढाल्दै लैजानु पनि थियो । सार्वजनिक संस्थानहरूको अति आवश्यकीय वस्तुहरूको मूल्यमा हेरफेर गर्ने आंशिक स्वतन्त्रता प्रदान गरियो । कृषि सामग्री संस्थानले कृषि मलको मूल्य भारतीय बजार मूल्यसँग तादाम्यता राख्ने गरी १० प्रतिशत तलमाथि गर्ने अख्तियारी प्रदान गरियो । व्यापारिक क्षेत्रमा अनुमतिपत्र (लाइसेन्सिङ) पद्धतिलाई खुकुल्याउँदै सीमित वस्तुहरूमा खुला आयात नीति (ओपन जेनेरल लाइसेन्सिङ) अपनाइयो । वित्तीय क्षेत्रमा बाणिज्य बैङ्कहरूलाई व्याजदर तोक्ने हक प्रदान गरियो भने सरकारको जमानतमा गएका सार्वजनिक संस्थानको ऋण सरकारी बजेटबाट चुक्ता गर्ने व्यवस्था भयो । उक्त सबै व्यवस्था नियन्त्रण खुकुल्याउने पद्धति अर्थात् बजार अर्थतन्त्रतर्फ उन्मुख गराउने नै हो (खनाल आदि २००५) । अर्थतन्त्रको सुधारकै चक्करमा सार्वजनिक संस्थानहरू निजीकरण गर्ने पहल पनि गरियो ।

सन् १९८९ मा अर्थ मन्त्रालयमा 'निजीकरण इकाई' खडा गरियो । यसअघि युएसएडद्वारा नेपालमा निजीकरण सम्भाव्यता अध्ययन गराइएको थियो । 'दाताहरू खासगरी विश्व बैङ्क, युएनडीपी र युएसएडजस्ता दाता संस्थाहरूको नेपालमा १९८८ देखि चलाइएको निजीकरण कार्यक्रममा महत्वपूर्ण भूमिका छ' (राष्ट्रसेवक १९९५, पाना ११) । नेपाली काङ्ग्रेसको सरकारले पहिलो चरणमा भृकुटी कागज कारखाना, हरिसिद्धि इटाटायल कारखाना र बासबारी छालाजुत्ता कारखानाको सार्वजनिक सूचनामार्फत ती संस्थानका सम्पत्ति बेचेर नबेम्बर १९९२ भित्रै निजीकृत गरेको थियो । उक्त तीन उद्योगहरू निजीकरणका लागि तयार पारिएका अन्य पाँच उद्योगसहित हिसाब गर्दा बिक्री कारोबारका हिसाबले ८५ प्रतिशत, रोजगारीका हिसाबले ५६ प्रतिशत हुनजान्थ्यो । कागज कारखाना सामान्य नाफामा चलेको अवस्थामा, इँटाटायल कारखाना नाफा नोक्सान बराबरीको अवस्था र बाँसबारी छालाजुत्ता कारखाना रुग्ण र क्षयीकरणको अवस्थामा निजीकरण भएको जनाइएको थियो । जबकि छाला जुत्ता कारखानाको लिलामी मूल्य ६ करोड ५० लाख तोकिएकोमा खुद सम्पत्तिको मूल्य ७ करोड ५० लाख र नगद प्रवाहको आधारमा मूल्य ८ करोड ८० लाख भएकोमा केवल २ करोड २४ लाखमा बिक्री गरियो । चारथरिले निजीकरणका लागि आवेदन दिएकामा केवल दुईथरिले मात्र प्रतिस्पर्धामा भाग लिएका थिए (राष्ट्रसेवक- १९९५, पाना २४) । यस प्रकार नाफामा रहेका उद्योग र नोक्सानमा रहेको भनिएको छालाजुत्ता कारखानाको बिक्री निःतान्त मनोगत ढङ्गले भएको अनुभूति विश्लेषकहरूमा हाल पनि विद्यमान छ ।

पहिलो चरणमा निजीकृत उक्त तीन उद्योगहरूको वर्तमान स्थिति र नेपाली जनमानसको मानसपटलमा निम्न बमोजिम छ । भृकुटी कागज कारखाना निजीकृत गर्ने बखत नै बैङ्कहरूको रकम प्रयोग गरिएको थियो । सो कारखाना निजीकरण गरिएको मूल्यभन्दा सयौं गुना बढी मूल्य बैङ्कहरूबाट कर्जा लिइएको र उत्पादनमा पनि खासै योगदान नपुऱ्याएको चर्चा विश्लेषकहरूका बीच सुनिन्छ । त्यस्तै, हरिसिद्धि इटा टायलको हकमा निजीकरण गरिएको दोस्रो वर्ष नै

उत्पादन दोब्बर गर्ने शर्त तुहेर गयो । यद्यपि, निजीकरणपश्चात् उत्पादनको तथ्याङ्क केही बढेको देखाइएको थियो । हाल आएर उक्त कारखानाको जग्गा बिक्री गरी बैङ्कको ऋण चुक्ता गरेको चर्चा एकातर्फ छ भने अर्कोतर्फ आंशिक जग्गा मेडिकल कलेज स्थापनार्थ हस्तान्तरण गरिएको पनि सञ्चार जगत्मा देखिन्छ । तेस्रो कारखाना छालाजुत्ता जसको उत्पादन वृद्धि गर्ने मात्र होइन, १० प्रतिशत उत्पादित वस्तु स्वदेशमा बिक्री गर्नुपर्ने शर्त सुरुदेखि नै पालना भएन । बरु कारखानाका यन्त्रहरू नेपाल सरदह बाहिर लगिएको जनाइएको छ । उक्त तीनवटै कारखाना चिनियाँ जनताको सद्भावना स्वरूप नेपाली जनता आर्थिक रूपले आत्मनिर्भर बन्न र उन्नति गर्दै जीवनस्तर उठाउन दिइएका सौगत थिए । तिनलाई तत्कालीन सरकारले अवमूल्यन गरी निजीकृत गरेको र राष्ट्रलाई ठगेको अनुभूति हरेक नेपालीले गरेको प्रतीत हुन्छ । कुनै पनि उक्त कारखाना देश र जनताका लागि उपयोगी बनेनन् तर निजीकरणबाट स्याहार्ने व्यक्ति र चाँजो मिलाउने निर्णयकर्ता पोसिएको अनुभूति विचारणीय छ ।

बजार अर्थतन्त्रलाई जोड दिनेक्रममा नै कृषि सामग्रीमा अनुदान दिने कुरामा एशियाली विकास बैङ्कले असहमति जनाउँदै आयो । छिमेकी देश भारतको अति सहुलियतपूर्ण व्यवस्था- सिंचाइका लागि विद्युतमा, रासायनिक मलमा अनुदान र खाद्यान्न भण्डार कायम राख्न सरकारी खरिद नीतिअन्तर्गत कृषि उत्पादन र बेचविखनमा उल्लेख्य प्रगति गरेको छ । किसानहरू लाभान्वित भएका छन् । खुला सिमानाका कारण भारतीय उत्पादनसँग नेपाली कृषि उत्पादन अप्रतिस्पर्धी भएकाले बजारमा टिक्नसक्ने स्थिति रहेन । विगतमा नेपाली किसानहरूका कृषि उत्पादनले बजार नपाएर विरोधमा उत्रनुपर्ने स्थिति रह्यो भने भारतीय कृषि उत्पादनले नेपालको बजार ढाक्यो । नेपाल राष्ट्रबैङ्कको तथ्याङ्कअनुसार आर्थिक वर्ष ०६६/०६७ को पहिलो ११ महिनामा ११५.७५ करोड रुपियाँ बराबरको चामेड, १४४.७६ करोड रुपियाँ बराबरको तरकारी भारतबाट आयात भएको छ । हालै प्रकाशित सूचनाअनुसार भारतले १ लाख मेट्रिक टन चामल नेपालमा र २ लाख मेट्रिक टन बङ्गलादेशलाई निर्यात गर्ने घोषणा गरेलगत्तै नेपाल सरकारले ३० हजार मेट्रिक टन चामल भारतबाट आयात गर्ने घोषणा गरेको छ । भारतीय पक्षले मौसमको अनुकूलताले फसल राम्रो हुने भएकाले खाद्यान्न निर्यातमा बन्देज लगाएको भए पनि खुकुल्याउने प्रस्ताव ल्याएको हो । तर, वास्तविकता विगतमा राखिएको मौज्दात नवीकरण गरी पुरानो मौज्दात छिमेकी देशमा पठाउने हो । यता नेपालमा भने गत वर्षको मौसमको प्रतिकूलता जनाउँदै ३ लाख मेट्रिक टन खाद्यान्न अभाव हुने र तिहारका लागि आपूर्ति सहज बनाउन भनी भारतबाट चामल आयत गर्ने निर्णय गरिएको जनाइएको छ । भारत र नेपाली पदाधिकारीको तालमेल एउटा पक्षको पोषण गर्न उद्यत् भएको प्रतीत हुन्छ जबकि नाम जनताको हित दिइएको हुन्छ ।

रासायनिक मलमा अनुदान नदिन सरकारलाई दबाब दिइएपछिको उक्त परिघटनालाई खुकुल्याउन गत वर्षदेखि अनुदानयुक्त मल आयात गरिए पनि आपूर्तिको अव्यवस्थाले गर्दा कृषकबीच असन्तोष छाएको छ । मूलतः सरकारी बन्दोबस्तीमा गुणस्तर र मूल्य किसानको पक्षमा हुने भएको र आवश्यकताअनुसार अनुदानको व्यवस्था गर्न वित्तीय क्षमताको अभावमा सम्भव नहुने देखिएको छ । खुला बजारमा महँगो पर्ने र गुणस्तरको पनि प्रत्याभूति नभएकाले संस्थागत व्यवस्थामा रासायनिक मलको मागमा चाप बढेको हो । यस्तो व्यवस्थाले उत्पादन वृद्धिमा योगदान दिनेभन्दा अनुदानको रकम दुरूपयोगको सम्भावना बढ्छ । अतः कृषिलाई दिइने प्राथमिकताका आधारमा पर्याप्त व्यवस्था गरिनुपर्ने अनुभूति गरिएको छ ।

शिक्षाको क्षेत्रमा विश्व बैङ्कको कर्जा लगानीमा उच्च शिक्षामा सुधार ल्याउने क्रममा प्रवीणता प्रमाणपत्र तह (पीसीएल) हटाई उच्च माध्यमिक तहमा लैजान झन्डै डेढ दशक लागेको छ । शिक्षण संस्थालाई विश्वविद्यालयसँगको सम्बन्धन टुटाई सामुदायिक दायित्वमा सार्न सुरुको अवस्थामा १ लाख अनुदान र आवश्यकताअनुसार कर्जा प्रदान गर्ने व्यवस्था गरियो । तर, कालान्तरमा त्यस पद्धतिअन्तर्गत नियुक्ति पाएका शिक्षकहरूको तलबभत्ता र सुविधा समुदायले व्यहोर्नुपर्ने भएबाट शिक्षकहरूबीच विभेद उत्पन्न हुने र समुदाय ठूलो आर्थिक भार व्यहोर्न अनिच्छुक पनि देखिएकाले कार्यक्रम सफल हुन सकेको थिएन । यसै शैक्षिक सत्रबाट भने प्रमुख विद्यार्थी सङ्गठनसँग त्रिवि सहमतिमा पुगी पीसीएल हटाउन सफल भएको छ । उक्त विषय पनि विश्वबैङ्कको नीति लागू गर्न कर्जाको आशाले नीति निर्माता र लागू गर्ने पदाधिकारीले सम्झौता गर्नुपर्ने अवस्था आएको हो । अन्ततः शैक्षिक भार समुदायमा लैजाने आशय भए पनि विद्यमान अन्तरिम संविधानले परिकल्पना गरेको शिक्षा मौलिक हकभित्र पर्ने विषयसँग मेल खाँदैन ।

एसियाली विकास बैङ्क एवम् विश्व बैङ्कले वित्तीय साधन प्रदान गर्ने मेलम्ची खानेपानी आयोजना अघि बढाउन खानेपानी संस्थानलाई पाखा लगाई काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) नामको कम्पनी खडा गर्न दाताहरूले दबाब दिएकै हुन् । साथै, मेलम्ची सार्थक बनाउन खानेपानीको महसुल प्रत्येक वर्ष बढाउँदै जानुपर्ने शर्त पनि कायमै छ, जसअनुसार क्रमिक रूपले महसुल बढाउँदै लगिएको छ । पानीको आपूर्ति नहुने तर महसुल बढाउने वर्तमान नीति विरोधाभाषी र उपभोक्ताबीच मेलम्चीप्रति नै वितृष्णा बढाउने खालको हुनपुगेको छ ।

दाता बहुपक्षीय संस्थाहरू नेपालको आर्थिक अवस्था सुधार्न लगानी बढाउनुपर्‍यो भने राख्ने प्रचलित शर्तहरूमा सार्वजनिक संस्थानहरूको निजीकरण, पेट्रोलियम पदार्थ- तेलको मूल्य बजारले निर्धारण गर्नुपर्ने, श्रमबजारमा देखिएको कठोरतालाई सम्बोधन गर्ने, बैङ्क वित्तीय क्षेत्रको थप अनुमतिपत्र नदिने आदि पर्दछन् । तर, उक्त बुँदाहरू स्वतन्त्र अर्थतन्त्रका पक्षमा वकालत गरिएको भए पनि व्यावहारिक रूपमा लागू गर्न सजिलो नभएको अनुभव छ ।

दाताहरूको वित्तीय सहयोग ऋण वा अनुदान जे होस्, सार्वभौम मुलुकका नाताले नेपालको सरकारको जानकारीमा र सरकारी योजनाअनुसार खर्च भएको हुनुपर्ने हो । दाताहरू गैरसरकारी संस्थाहरूमार्फत बजेट उपयोग गर्न इच्छुक रहने भएकाले सन् १९९८ को अनुमानअनुसार ३ अर्बदेखि १० अर्बसम्म खर्च हुने गरेको छ (मास्के १९९९८: १०३) । उक्त अनुमानमध्ये १० अर्ब रुपियाँको अङ्क सत्यको नजिक रहेकाले यसको अर्थराजनीतिक दृष्टिले असर जे भए पनि बजेट निर्माण र विकास कार्यको तर्जुमामा अनिश्चितता ल्याउने कुरामा विवाद रहन्न (पाण्डे १९९९: ६३) सरकारी संयन्त्र भद्दा हुने र दातासंस्थाको रकम समयमा खर्च हुनुपर्ने भएकाले गैरसरकारी संस्था रोज्ने सामान्य प्रचलनभन्दा फरक स्वरूप छिमेकी भारतको कुटनीतिक नियोगले प्रदर्शन गरेको छ । ३ करोड नेपाली रुपियाँसम्मको एउटा परियोजनाका निम्ति नेपाल सरकारलाई जानकारीसम्म दिन नपर्ने गरी भारतीय दूतावासले आफ्नै बन्दोबस्तीका संचालन गर्ने छुट सरकारले दिएको छ । वीरगञ्ज (सीमाबाट २ किलोमिटरभित्र) भारतीय कन्सुलर कार्यालय स्थापना गरिनु, प्रत्यक्ष लगानी त्यो पनि ठूलो धनराशी लाग्ने परियोजना असीमित संख्यामा संचालन गरिनुले एकातिर भारतसँगको दौत्य सम्बन्धको निकटता देखाउँछ भने अर्कोतिर त्यसबाट सार्वभौमिक मुलुकको आफ्ना स्वत्वहरूमा पकड खुकुलो हुँदै जान सक्तछ । विकासको योजना र बजेट संचालनमा जानकारीसम्म नभएपछि समष्टि आर्थिक चरहरूमा पनि यथार्थपरक तथ्यहरू उपलब्ध हुन सक्तैनन् ।

बाह्य सहयोगको उपयोग एकद्वार प्रणालीबाट हुनु आर्थिक योजना र बजेट व्यवस्थापन र पारदर्शिताका हिसाबले राम्रो हो । सरकारद्वारा गरिएको उक्त प्रयास सफल हुनसकेको छैन । गैरसरकारी संस्थाहरूबाट सङ्कलित वैदेशिक सहयोगवाला परियोजनाहरू पनि लक्षित वर्गसम्म सार्थक रूपले पहुँचमा छन्/छैनन् भन्ने यकिन छैन । किनभने बजेटको प्रयोग लेखामानका आधारमा दुरुस्त भए र समयसीमाभित्रै कार्यक्रम समापन भएपछि वैदेशिक लगानीका परियोजना सम्पन्न भएको मानिन्छ । तर, दाता संस्थाको आफ्नै कार्यक्रम र बन्दोबस्तीमा परियोजना सञ्चालन हुन्छन् भने सो अवस्थामा मुलुकले परिकल्पना गरेको विकास रणनीति, क्षेत्रीय सन्तुलन र मौद्रिक नीतिका लक्ष्यहरू समेतका दायरा बाहिर रहन सक्तछन् । नेपालभित्र धार्मिक सम्प्रदायबीच पनि आफ्नो मत प्रचारप्रसारका लागि रकम खर्च गर्ने गरिएको अनुमान छ । हिन्दूहरूका मन्दिर निर्माण हुन् कि मुस्लिमको मस्जिद निर्माण वा मदरसा संचालन, बौद्ध धर्मावलम्बी खासगरी तिब्बती मूलका लामाहरूको गुम्बा सञ्चालनमा ठूलो धनराशी लाग्ने गरेको छ । वैदेशिक मुद्रा प्राप्त हुने र संस्थागत तहबाट परिचालित हुने भएमा मौद्रिक समस्या नरहे पनि सामुदायिक तहमा समस्या उठ्नसक्ने देखिन्छ । यो वा त्यो कुटनीतिक दबाब वा सरकारको हस्तक्षेपका कारण संचालनमा तुलनात्मक स्वतन्त्रता अनुभूत गर्ने प्रवृत्ति भविष्यका लागि घातक बन्न सक्तछ ।

मुलुकको आर्थिक, सामाजिक हितका निम्ति दाता राष्ट्र वा सङ्घ संस्थाले दिने वित्तीय ऋण/अनुदान सहयोग प्राप्त गर्ने मुलुककै चाहनाअनुसार परिचालित हुन नसके पनि अनुचित शर्तहरू नस्वीकार्ने क्षमता विकसित गर्न नसकिएमा मुलुक दिशाहीन हुनसक्तछ । अल्पविकसित देशका जनताको जीवनस्तर उठाउने नाउँमा आउने आर्थिक सहयोग प्राविधिक सल्लाहका नाममा होस् वा सहायताका नाममा होस्- औद्योगिक मुलुकका महँगा उत्पादनको बजार बन्नुपर्ने बाध्यतासँग पनि सजग हुनैपर्छ । ज्यादै महँगा सवारी साधनहरू- प्रसङ्गबस हरेक नयाँ प्रधानमन्त्रीलाई विद्युत प्राधिकरणकै नयाँ गाडी- गरीब नेपाली सहायताको खातामा चढने गरी भित्र्याउनुपर्ने अवस्था पनि शर्तहरूकै उपजहरू परियोजनालाई काम चल्ने गरी सवारी साधनको व्यवस्था गर्ने र खर्च भएको रकमको यथार्थ विवरण सरकारी निकायमा बुझाउनुपर्ने बाध्यात्मक अवस्था नल्याइएमा मुलुक ऋण भारबाट ग्रस्त भई उम्कनै नसक्ने अवस्था आउने कुरामा सतर्क बन्न सक्नुपर्दछ ।

**सन्दर्भसूची**

*१. खनाल, डिल्ली आदि (२००५), अन्डरस्टान्डिङ रिफर्म इन नेपाल, पोलिटिकिल इकोनोमी एण्ड इन्स्टिच्युसनल पर्सपेक्टिभ, इप्राद ।*

*२. पाण्डे, देवेन्द्रराज (१९९९) : नेपाल्स फेल्ड डेभलपमेन्ट: रिफ्लेक्सन्स अन द मिसन एण्ड दी मालाईज, नेपाल साथ एशिया सेन्टर, काठमाडौँ: ६३ ।*

*३. पोखरेल, वसन्त, के. (२०१०), एड इफेक्टिभनेस एण्ड डोनर्स एन्जाईटी: मच टु वी ग्लीन्ड, द हिमालय टाईम्स, अप्रिल ८, २०१० ।*

*४. मास्के, विश्वेश्वर (१९९८) : नन-गभर्नमेन्टल अर्गनाइजेसन्साईन डेभलपमेन्ट, पाण्डे देवेन्द्रराजद्वारा उद्धरण गरिएको ।*

*५. राष्ट्रसेवक, (१९९५)- प्राइवेटाईजेसन अफ पब्लिक इन्टरप्राइजेज इन नेपाल, लेसन्स अफ एक्सपेरियन्स, वर्ष १, अङ्क ३, १९९५, पाना ११*

# समाजवादमा जाने कल्पनाको हवाईजहाज चढेर होइन

## चैतन्य मिश्र

*चैतन्य मिश्र वरिष्ठ समाजशास्त्री हुनुहुन्छ । वि.सं. २००८ सालमा काठमाडौंमा जन्मिनुभएका उहाँले नेपाल, भारत र अमेरिकामा पढेर आफ्नो अध्ययन पूरा गर्नुभयो । त्यसै सिलसिलामा ०३४ मा अमेरिकाको युनिभर्सिटी अफ फ्लोरिडाबाट विद्यावारिधि उपाधि हासिल गर्नुभयो । उहाँको विद्यावारिधि शोधको शीर्षक थियो, 'अमेरिकामा काला-गोरा र महिला-पुरुषको पेसामा भेद ।'*

*२०३५ सालदेखि त्रिभुवन विश्वविद्यालयमा अध्यापन गर्दै आउनुभएका डा. मिश्र ०५० सालमा प्राध्यापक हुनुभएको थियो । नेकपा (एमाले)ले ०५१ सालमा गठन गरेको अल्पमतको पहिलो निर्वाचित कम्युनिस्ट सरकारका बखत उहाँ राष्ट्रिय योजना आयोगका सदस्य हुनुहुन्थ्यो ।*

*'डेभलपमेन्ट एन्ड अन्डरडेभलपमेन्ट (सन् १९८६) मार्फत नेपाली समाजको चरित्र विश्लेषणमा मौलिक तर्क र निष्कर्षका साथ प्रस्तुत हुनुभएका उहाँले डा. देवेन्द्रराज पाण्डेका साथ संयुक्त रूपमा युएनडीपीको मानव विकास प्रतिवेदन (सन् १९९८) को अङ्ग्रेजी रनेपाली संस्करणहरू तयार गर्नुभएको थियो । सन् २००७ मा उहाँको 'एस्सेज अन सोसियोलजी अफ नेपाल' पुस्तक प्रकाशित भएको छ । नेपालीमा 'पुँजीवाद र नेपाल' उहाँको चर्चित कृति हो भने 'बदलिँदो नेपाली समाज' छिट्टै बजारमा आउँदैछ । उहाँका सातवटा पुस्तक रएकसयभन्दा बढी लेखहरू प्रकाशित भएका छन् ।*

*नेपाली समाज आधारभूत रूपमा पुँजीवादीकरण भइसकेको चिन्तनधाराको उहाँ प्रमुख विश्लेषक र चिन्तनकर्ता हुनुहुन्छ । यससम्बन्धी उहाँको भिन्न र मौलिक प्रस्तुति रहँदै आएको छ । खासगरी नेपाली समाज 'अर्धसामन्ती' र 'अर्धऔपनिवेशिक' रहेको भनी कमरेड पुष्पलालले गर्नुभएको विश्लेषणपश्चात् कसैले पनि मौलिक रूपमा अध्ययन-चिन्तन नगरिरहेको परिप्रेक्ष्यमा उहाँको निचोड नौलो रहेको छ । साथै, क्रान्तिको प्रक्रिया र बाटोका सम्बन्धमा पनि उहाँ अरू धेरैभन्दा भिन्न रहनुभएको छ र 'सामाजिक लोकतन्त्र'का पक्षमा उहाँले गर्ने तर्क-बहसको पनि बेग्लै मौलिकता र विशेषता रहेको छ । मूलतः विचारधारात्मक बहस-विमर्शको प्रक्रियामा उहाँको बेग्लै 'स्कुल अफ थट' रहेको छ भन्दा अत्युक्ति हुँदैन ।*

*यसपालि नवयुगका लागि* **प्रदीप ज्ञवाली र सूर्य थापा** *सँग लामो र विचारोत्तेजक अन्तर्वार्ता दिइरहँदा उहाँले नेपाली समाजको चरित्र, क्रान्तिको स्वरुप, सामाजिक-आर्थिक रुपान्तरणको दिशा, आधुनिकीकरणका प्रभाव आदि विषयमा कतिपय नयाँ मान्यताहरु प्रस्तुत गर्नुभएको छ । उहाँका तर्कहरुले हामीलाई नेपाली समाजको अध्ययन र विश्लेषणको बारेमा अझ गहिरिएर खोज-अनुसन्धान गर्न उत्प्रेरित गर्छन् ।*

**० यहाँले लामो समयदेखि नेपाली समाजमा सामन्तवादको विघटन र पुँजीवादको विकास भएको विश्लेषण गर्दै आउनुभएको छ । पछिल्लो विकासक्रमले त्यसकै पुनःपुष्टि गरिरहेको छ कि भिन्न अवस्था रहेको छ त ?**

- पहिलेदेखि नै मैले लेख्दै र भन्दै आएको कुरा हो- नेपालमा पुँजीवादको प्रवेश भएको लामो समय भइसक्यो । झन्डै १७५०-१८०० देखि प्रागपुँजीवादी अर्थराजनीतिको विघटन हुँदै गरेको मैले देखेको छु । पृथ्वीनारायण शाहले गरेको नेपालको एकीकरण नै पुँजीवादी राज्यसत्ताको सुरुवाती मोड थियो । खासगरी प्रागपुँजीवाद र सामन्तवादको क्षयीकरण हुँदै गरेको समयमा भारतीय महाद्वीपमा अङ्ग्रेजी पुँजीवाद प्रवेश गऱ्यो । त्यसले ल्याएको ठूलो हाहाकारको क्रममा उत्पादनको अपेक्षाकृत धेरै ठूलो सङ्गठन निर्माणको प्रक्रियामा आधुनिक नेपाल बनेको हो ।ससानो छरिएको सामन्तवादी सङ्गठनको सट्टा विशाल सङ्गठन बन्नेक्रममा भारतमा पनि अरू राज्यहरू बने र पछि एकछत्र रूपमा अङ्ग्रेजको शासन चल्यो । यो बेला संसारको सबभन्दा शक्तिशाली पुँजीवादी मुलुक बेलायत थियो, जो हाम्रो सिमानामा आएर बसेको छ, हामी तीनतिर बेलायती भारतबाट घेरिएका छौं । तर, त्यसले हामीलाई केही असर गरेन र हामी सामन्तवादमै बस्यौं वा अर्धसामन्तवादी नै रह्यौं - यसो भन्नु र यसमा राजनीतिक संक्रमणको कार्यभार देख्नु कतिसम्म जायज निचोड र रणनीति हो ? यसप्रकारको सोंच देखेर म चकित पर्दछु । हामीलगायत भारतका विभिन्न प्रान्तको पुँजीवादीकरणबिना पुँजीवादी र विश्व ढाक्ने साम्राज्यवादी बेलायतले कसरी प्रगति गऱ्यो होला ? हाम्रो समाजलाई पुँजीवादीकरण नगरीकन बेलायत रह्यो भन्ने म ठान्दिनँ । यसरी हामीकहाँ पुँजीवादीकरण त्यसबेलादेखि सुरु भयो, जुनबेला बेलायत भारतमा पस्यो र बस्यो । हामी

ऊसँग करिब २ सय वर्ष जोडिएर र नारिएर नै बस्यौं । हामी पुँजीवादी नभएर अरू हुनु त्यस स्थितिमा अनर्थ हुन्थ्यो । तसर्थ, स्वाभाविक रूपमा हामी पुँजीवादी बन्दै अघि बढ्यौं । तर, त्यसको अर्थ नेपालको अर्थराजनीतिका सबै पाटोहरू पुँजीवादी भए भन्ने होइन । सामन्तवाद राजतन्त्रमै रह्यो, गाउँ-गाउँका पुस्तैनी मुखियाहरूमा रह्यो । आश्रित श्रममा जस्तो कि कमैया, नोकर, हलिप्रथा आदिमा रह्यो । कतिपय दलितहरू त्यस किसिमको आश्रित श्रममा बाँधिएका पनि थिए । तर, क्रमशः ती सबै सम्बन्धका जालोहरू कमजोर हुँदै गए र नयाँ खासगरी ज्यालादारी सम्बन्ध बन्दै गयो । ज्यालादारी सम्बन्ध सामन्तवादी नभएर पक्कै पनि पुँजीवादी चरित्रको श्रमसम्बन्ध हो । यसरी लामो कालदेखि हाम्रो समाज पुँजीवादमा प्रवेश गरेको मलाई लाग्छ । विगत २० वर्षदेखि यो प्रक्रिया अझ घनीभूत भएको छ । यसको चक्रले आयतन बोक्दै गएको र द्रुत हुँदै गएको छ । फलतः अब गाउँ गाउँका रूपमा छैनन् । संसारमा पहिले भनिएका जस्ता गाउँहरू छैनन् । नेपालमा पनि गाउँ र सहरलाई पहिलेजस्तो विभाजन गर्न सकिँदैन । तिनीहरूको पुँजीवादीकरण छिटोछिटो हुँदैछ । आर्थिक-राजनीतिक सम्बन्धका कारण पारम्परिक शासन स्वरूप, जसअन्तर्गत राजाका छोरा राजा र अझ राष्ट्रपति वा प्रधानमन्त्रीको छोरा राष्ट्रपति प्रधानमन्त्री हुनेसम्मको अवस्था अब रहेन । भारतमा जवाहरलाल नेहरू लगत्तैपछि जस्तो अवस्था छैन । सांस्कृतिक रूपमा पनि हामीले एउटा जात-जातीको बर्चस्व नाघिसकेका छौं । बहुसांस्कृतिक, बहुलवादी सहरी किसिमका संस्कृतिको विकास भइरहेको छ । अखबार वा साहित्य पढेर होस् वा यहाँको सिनेमा त्यहाँ र त्यहाँको सिनेमा यहाँ हेरेर होस्, पहिलेजस्तो सामाजिक परिपाटीले छेकबार गरेर राखेका संस्कृति-प्रचलन छिटोछिटो भत्किँदैछन् । गाउँको नेपाली जिल्ला सदरमुकाम जाने, त्यहाँबाट तराई, काठमाडौं वा भारत र खाडी मुलुक वा अन्य देशहरूमा जाने जुन स्थिति छ, यसले ठूलो परिवर्तन गरिरहेको छ । यसरी बाहिर जानेबित्तिकै घर-छिमेकसँगको सम्बन्ध, पर्माजस्ता स्थानीय श्रम सम्बन्धहरू विघटन भइरहेका छन् । यो विघटन पुँजीवादीकरणतर्फ कै विघटन हो । यस प्रकारको विघटनको प्रक्रिया एकदमै छिटोछिटो भइरहेको जस्तो मलाई लाग्छ । मैले आर्थिक पाटो र श्रम सम्बन्धको चर्चा गरें । तर, राजनीतिक-सांस्कृतिक रूपमा पनि यो क्रम जारी छ ।

**० त्यसो भए मुलुकको वामपन्थी वृत्तमा भनिँदै आएको 'अर्धसामन्ती र अर्धऔपनिवेशिक' भन्ने थेगोमा धेरै अगाडि पुनः विचार गर्नुपर्दथ्यो वा त्यसको औचित्यमाथि प्रश्न उठेको थियो ?**

- एकदमै हो । हाम्रो धेरै स्थिति बाहिरी संसारसँगको सम्बन्धले निर्धारण गर्दछ । यो नेपालको सन्दर्भमा मात्र होइन, अमेरिकाले चीनसँग यति धेरै ऋण लिइसकेको छ, उसको स्थिति पनि चीनसँगको सम्बन्धले निर्धारण गर्दछ । जापान, युरोप वा अरू देशबिना यही स्थितिमा ऊ एक्लै रहन सक्दैन । विश्व पुँजीवादको घेरा वा वृत्तभित्र सबै छन् । तीमध्ये कोही बढी शक्तिशाली, कोही एकदमै कम शक्तिशाली र कोही बीचबीचमा रहेको स्थिति छ । पक्कै पनि ००७ सालपछि त्यसमा पुनःविचार हुनैपर्दथ्यो । तर, हामीकहाँ कम्युनिस्ट पार्टी वा वाम वृत्तभित्र पनि आलोचनात्मक दृष्टिकोण नभएको तथा लामो कालसम्म रुसी वा चिनियाँ नेतालाई पछ्याउनुपर्ने बाध्यता बनेको र केही हदसम्म अहिले पनि रहेको अवस्था छ । यसरी यो ठोस परिस्थितिको ठोस विश्लेषण भनिएको तर नगरिएको कथा हो जस्तो मलाई लाग्छ । यो आश्रित बौद्धिकताको स्थिति हो जस्तो लाग्छ ।

**० यहाँको विश्लेषणबाट त हामीले भन्ने गरेको जनवादी क्रान्तिको अन्तर्वस्तुमा पनि प्रभाव पर्ने भयो । विश्व पुँजीवादकै घेराभित्र सबै देश रहेको स्थितिमा एउटा-एउटा देशमा क्रान्तिको सम्भावनाको सम्भावना पनि कमजोर भयो, होइन ?**

- नेपालको मार्क्सवादी अध्ययन पद्धतिमा उत्पादन प्रणालीका दुईवटा पक्ष छन् भनेर हेरिन्छः एउटा भौतिक र अर्को सामाजिक सम्बन्धको पक्ष । नेपालको सामाजिक सम्बन्धको पक्षमा हामी धेरै अगाडि आइसक्यौं । अब पुँजीवादी प्रकृतिको उत्पादन प्रणाली नेपाली श्रमशक्तिले धान्नसक्छ । नत्र भने ६० प्रतिशतभन्दा बढी साक्षर भएको, यत्रो पढेको किन ? जबकि ००७ सालमा साक्षरता केवल ३ प्रतिशत रहेको थियो । उत्पादन प्रणालीमा साक्षरता, पढाइ र यो सीप हासिल गर्ने कुराको केही अर्थ लाग्दैन र ? हामीले पुराना श्रमसम्बन्धहरू भत्किसकेको कुरा गर्‍यौं । ती सबै स्थितिले हामीलाई के देखाउँछ ? तराई, सहर, भारत र अरूअरू देशमा पुगेर काम गर्ने श्रमशक्तिले के देखाउँछ ? यसले मुलुकभित्रै पुँजीवाद धान्न सक्ने श्रमसम्बन्धको निर्माण भएको हुनसक्ने देखाउँदैन र ? बरु यहाँको समस्या उत्पादनको भौतिक पाटो विकसित नभएको र समग्र समाजको अवरोध बनेको देखियो । यसरी यहाँ विकसित पुँजीवाद नहुनुमा श्रमसम्बन्धको कमजोरी भन्दा सापेक्षित रूपमा भौतिक पाटोको समस्या हो । अनि त्यसलाई अघि बढाउने भनेको लगानी खोलेरै हो । जुन केही सरकारी हुनसक्छ भने धेरै हदसम्म निजी लगानी नै हुन्छ । र, कानुनी राज्य खडा गरेर नै हो ।

जहाँसम्म परम्परागत जनवादी क्रान्तिको सन्दर्भमा कुरा गर्नुभयो, त्यो धेरै हदसम्म भइसकेको छ भन्ने म ठान्दछु । पुँजीवादी उत्पादन प्रणाली धान्नसक्ने समुदाय धेरै हदसम्म तयार भइसकेको छ भनेको जनवादी क्रान्ति निकै अगाडि बढिसकेको छ भन्ने नै हो । राजनीतिक रूपमा पनि हामी ००७ सालदेखि ०४६ हुँदै ०६२/६३ को आन्दोलनलाई सारतत्वमा हेर्छौं भने राजनीतिक रूपमा समेत लोकतन्त्र, पुँजीवाद धान्नसक्ने अवस्था छ नै भनिएको हो । केवल शुद्ध राजनीतिक र अझ दलीय कुरा मात्रै होइन, उद्यमशील आम जनसमुदायको अग्रसरताले गर्दा नै जनआन्दोलन सफल भएको देखिन्छ । जनआन्दोलनले पुरानो होइन, हामी नयाँ श्रम सम्बन्ध र राजनीतिक सम्बन्ध धान्नसक्छौं भनेकै हो । जनआन्दोलनको वास्तविक र सबैभन्दा महत्वपूर्ण आशय यही नै हो । अर्थात्, पुरानो राजतन्त्र र गाउँको मुखिया चाहिँदैन,

पुराना मूल्य-मान्यतामा पनि धेरै फेरबदल हुनुपर्छ भनिएको हो । यो सबैको अर्थ जनवादी क्रान्तिका कतिपय पक्षहरू धेरै अगाडि पुगिसकेका छन् भन्ने नै हो ।

तर, जनवादी क्रान्ति पूरा नभएको भनेर तर्क गर्ने गरिन्छ । वास्तवमा पुँजीवादका तीनवटा अन्तरंग पाटा हुन्छन् । पहिलो- स्वामित्व, जुन नेपालमा छरिएको छ । प्रागपुँजीवाद वा सामन्तवादी प्रणालीमा स्वामित्व साह्रै सीमित व्यक्ति र समूहमा रहेको हुन्छ । मानौं, एउटा सामन्तको दरबार हुन्छ, उसका वरिपरी २ सय जना रैतीहरू छाप्रो हालेर बसेका हुन्छन् । तर नेपालमा ८०-९० प्रतिशतको थोरै होला, बराबरी नहोला तर आफ्नो जग्गा छ । दोस्रो- श्रम सम्बन्ध मूलतः आश्रित छैन । ज्यालादारी श्रमको ज्यादै ठूलो प्रभुत्व रहेको छ । पाँच प्रतिशतको हाराहारी मात्र आश्रित श्रम होला । यसमा पुँजीवादको तेस्रो पाटोको कमजोरी लुकेको छ । तर, यति भएर पनि जनवादी क्रान्ति किन पूरा भएन भन्ने लाग्नसक्छ । वास्तवमा देशभित्रै पुनः लगानी हुने र विस्तारित पुनरुत्पादनको चक्र जसरी घनीभूत हुनुपर्ने हो, त्यसो चाहिँ हुनसकेन । फलतः नागरिक, पुँजीपति श्रमिक आदि पुँजीवादको वृत्तभित्र प्रवेश गर्न नपाएको र पुँजीवादी मनोवृत्तिको यथेष्ट विकास हुन नसकेको हो । त्यसखाले संस्कृति विकास हुन नसकेको चाहिँ सही हो । हामीले व्यापार घाटाकै कुरा गरौं । त्यसले भनिरहेको छ- हामी विदेशी सेवा र सामान उपभोग गरिरहेका छौं । त्यसको अर्थ हुन्छ- हामीले विदेशी श्रमिकलाई तलब खुवाइरहेका छौं । अर्थात्, हामीले विदेशी सामान किन्दा त्यो पैसा केही यहाँका व्यापारीकहाँ नाफाको रूपमा, केही विदेशी पुँजीपति र केही विदेशी श्रमिकहरूकहाँ जान्छ । यसरी विदेशी पुँजीपति र श्रमिकमा जाने हाम्रो पैसा यहीँ आन्तरिक रूपमा पुनःलगानी गर्न सक्ने हो भने बल्ल यहाँका मानिसहरूले काम पाउँछन्, नाफा पनि यहीं रहन्छ र यहीं विस्तारित पुनरुत्पादनको चक्र सघन र विस्तारित हुने स्थिति हुन्थ्यो । अनि, अहिलेजस्तो होइन, विकसित पुँजीवादीकरण घनिभूत हुन्थ्यो । मलाई लाग्छ- समस्या त्यहाँनेर छ । तर, यसको अर्थ हामी पुँजीवादी वृत्तभित्र छैनौं, जनवादी क्रान्तिभन्दा धेरै पछाडि छौं भन्ने चाहिँ फजुल निचोड हो ।

**० यदि क्रान्तिको प्रक्रियालाई गरिबीबाट समृद्धितर्फको यात्राका रूपमा बुझ्ने हो भने पुँजीवादले जनजीवनलाई झन् जटिल बनाएको छैन र ? नेपाली जनजीवनले झन् ठूलो दुस्चक्र र सङ्कट भोगिरहेको छ, होइन र ?**

- झन् सङ्कट बढेको छ भन्नुको मतलव यसले केही हदसम्म राजनीतिक सङ्कट अवश्य ल्याएको छ । वास्तवमा ०४६ वा ०६२/६३ मा नेपालमा जुन राजनीतिक परिवर्तन आयो, त्यसको श्रेय कतिपयले राजनीतिक दलहरूलाई दिने गरेका छन् । संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेस वा सात दल, माओवादी र नागरिक समाजले आन्दोलन गरेर राजनीतिक परिवर्तन ल्याए भन्ने गर्दछन् । मैले चाहिँ के भनिरहेको छु भने सात दल, माओवादी, नागरिक समाज आदि स्वयम् अरू अत्यन्त सघन सामाजिक परिवर्तनका उपज हुन् । हामीले माथि समाजमा जुन परिवर्तनको कुरा गर्‍यौं, त्यसका उपज हुन् । वास्तवमा जुन राजनीतिक परिवर्तन भयो, त्यसको जग सामाजिक परिवर्तनसँग सम्बन्धित छ । यस हिसाबले राजनीतिक दलहरू राजनीतिक परिवर्तनका निमित्त-नायक मात्रै हुन् । तिनले बृहत्तर सामाजिक परिवर्तनलाई दिशा दिने काम गरिरहेका छन् । त्यसमै आधारित भएर केही परिवर्तन अवश्य ल्याएका छन् । तर, त्यसको आधारशीला भने छुट्टै छ । त्यो आधारशीला हामीले भोग्दै गरेका सामाजिक परिवर्तनहरूमा छ ।

**० तर, मुलुकका राजनीतिक दलहरूको वर्ग आधार एकदमै धुमिल रहेको छ । फलतः तिनीहरूले आफ्नै भनिएको वर्गको पनि समुचित राजनीतिक प्रतिनिधित्व गर्न नसकिरहेको देखिन्छ । यसरी नेपाली काङ्ग्रेस पुँजीपति वर्गको र कम्युनिस्ट पार्टी सर्वहारा वर्गको जस्तो पार्टी बन्न नसक्नुका सामाजिक-आर्थिक कारणहरूको अर्थराजनीतिक विश्लेषण के हुनसक्छ ?**

- हामीले अघि चर्चा गर्‍यौं- पुँजीवादीकरण नभएको वा विस्तारित पुनःरुत्थानवादको चक्र छिटोछिटो घुम्न सकेन वा व्यापक भएन भन्यौं । यो मूलतः त्यसैसँग सम्बन्धित रहेको छ जस्तो लाग्छ । यदि पुनरुत्पादनको चक्र छिटोछिटो घुम्न सकेको भए पुँजीवाद आन्तरिक रूपमा पनि चाँडो फस्टाउने थियो । हामीकहाँ बाह्य रूपले पुँजीवाद धेरै फस्टाइरहेको छ । खासगरी बाहिर जाने मानिसहरूको माध्यमबाट त्यसलाई भरथेग गरिरहेका छौं । यदि आन्तरिक रूपमा त्यसो भइदिएको भए यहाँ वर्गआधारित ध्रुवीकरण हुन्थ्यो र यसक्रममा दलहरू निकै हदमा एकापट्टि लाग्न बाध्य हुन्थे । अनि शत्रुको भाषा प्रयोग नगरे पनि प्रस्ट हुनैपर्दथ्यो- हामी कसका नेता हौं, हामीले कसलाई जिताउने र कसलाई हराउने हो । अर्थात् हामी त्यतापट्टिका पक्षपाती हौं र यतापट्टिका कम हौं भन्ने हुन्थ्यो । भोट लिनुपरेपछि कुनै राजनीतिक पार्टीले कसैको भोट चाहिँदैन त भन्न सक्दैन । तर, हामी यतापट्टिका पक्षपाती हौं भन्नैपर्दथ्यो । तर अहिले त्यस किसिमको स्थिति छैन र धुमिल अवस्था रहेको छ । त्यसकै प्रतिबिम्ब हो- एउटै परिवारमा बाबुले खेती गरिरहेको छ, दाजु स्कुलमा पढाउँछ र भाइले सउदी अरब पुगेर काम गरिरहेको छ । फलतः यस स्थितिले त्यस संयुक्त परिवारको वर्गीय आधार र स्थिति बुझ्न गाह्रो हुनपुगेको छ । अझ एउटै व्यक्तिको आम्दानीका विभिन्न स्रोतहरू हुन्छन् । कुनै श्रमिकले एउटा मात्रै पेसा गर्दैन । जस्तो कि असार-साउनमा आफ्नै खेती गर्छ, कात्तिक-मंसिरमा भारततिर जान्छ । त्यसले गर्दा कुन चाहिँ वर्गको भन्ने ठेगान नहुने र त्यसबापत कुन पार्टीलाई भोट हाल्नुपर्छ भन्ने कुरा पनि ठेगान हुन नसक्ने अवस्था छ । फलस्वरूप राजनीतिक दलहरूलाई आफ्नो वर्गीय आधार यो हो भन्ने छुट्याउन स्वाभाविक रूपमा गाह्रो नै भयो । यो स्थिति हामीकहाँ मात्रै होइन, संसारभरि नै देख्न सकिन्छ । यतिसम्म कि अमेरिकाजस्तो विकसित समाजमा पनि एउटा श्रमिक छ,

उसले शेयर लगानी पनि गरेको हुन्छ । अब ऊ पुँजीपति हो कि श्रमिक ? छुट्याउन गाह्रो छ । तीमध्येका केहीले हामी श्रमिक हौं भनेको र केहीले 'बीचबीचमा हो' पनि भनेको पाइन्छ ।

**० सामान्यतयाः पुँजीवादले सँगसँगै उद्यमशीलता, श्रमप्रतिको सम्मान र गौरवबोध, रचनात्मक सोच र तर्कशील बन्न प्रेरित गर्नुपर्दथ्यो, जसले गर्दा हरेकलाई स्वयम् बाँच्नसक्ने स्वाभिमानको भावना पैदा हुनसक्दथ्यो । तर, नेपालमा त्यसभन्दा निकै भिन्न तस्बिर देखिन्छ । पछिल्लो समयमा मानिसहरू रातारात धनी हुन खोज्ने, त्यस निम्ति श्रम होइन, बरु अपराध र लुटपाट गर्नसमेत उद्यत रहेको देखिन्छ । बढ्दो पुँजीवादसँगै उद्यमशीलता होइन, बरु लेनिनले भनेजस्तै कताकता 'लम्पट सर्वहाराहरू'को जमात बढेको जस्तो देखिन्छ । यसको पछाडि के कारण हुनसक्छन् ?**

० नेपाली समाजको मूल प्रवृत्ति त गरिखाने वर्ग-समुदायको उदय नै हो । तैपनि कुनखाले गरिखाने वर्ग त भन्ने प्रश्न रहेको छ । कोदो रोप्नेबाट तरकारी रोप्ने, तरकारी रोप्नेबाट सहरसँगै जोडिएको व्यापारिकतासहितको खेती गर्ने, गाउँमा पनि दुई तीनवटा काम अंश-अंशकालीन भएर गर्ने, त्यसपछि सदरमुकाम, क्षेत्रीय सदरमुकाम, तराई र काठमाडौं आउने अनि भारत र अरू-अरू देशमा रोजगारका लागि जाने जुन प्रवृत्ति देखिन्छ । यो सबै हाम्रो समाजमा बढिरहेको उद्यमशीलताको नमुना हो । अझ महत्वपूर्ण पक्ष- दुई छाक हातमुख जोर्नेबाहेक नेपाली परिवारहरूले सबभन्दा बढी जोड दिने गरेको छोराछोरीको पढाइमा देखिन्छ । यसले बढ्दो उद्यमशीलताकै बारे केही बोलिरहेको छ । यसले वयस्कहरू आफ्ना छोराछोरी कता जाऊन् भन्ने चाहन्छन् भन्ने पनि बोलिरहेको छ । जतिसुकै दुःखकष्ट गरेर भए पनि छोराछोरीलाई आफ्नो क्षमताअनुसार पढाउने क्रम मैले नेपालभरि नै देखिरहेको छु । मान्छेहरू कति साक्षर भए वा कतिले पढे भन्ने मात्र नभएर समाजको मुख्य जोड केमा छ भन्ने कुरा यसबाट देखिन्छ । मानिसहरूले पढ्दैमा उद्यमी भइहाल्ने त होइन तर शिक्षाले उद्यमशीलतातिर धकेलिरहेको अवश्य देखाउँछ ।

तर, तपाईंले सोध्नुभएजस्तो रातारात धनी हुने, ठगी खाने, चोरी खानेजस्ता प्रवृत्ति पनि बलियो छ । यस्तो प्रवृत्ति गाउँगाउँमा राजनीतिमा लागेका, टाठाबाठा भनिनेहरू र सहरमा बढी देख्न सकिन्छ । पहिलो राजनीतिक पार्टीहरू स्वयम्ले यो प्रवृत्तिलाई बढाइरहेका छन् । राजनीतिक पार्टीहरू कमाइ गर्ने संस्था बनेका पनि देखिन्छन् । राजनीतिक पार्टी र कर्मचारीतन्त्रमा यो प्रवृत्ति भरिभराउजस्तै बन्दै गएको छ । माओवादीका ३० हजार र एमालेका ६ हजार पूर्णकालीन कार्यकर्ता छन् भन्ने सुनिन्छ । अरूको पनि होलान् । तिनलाई खुवाउनै पर्‍यो । अनि हरेक नेताले सकेसम्म ठूलो मोटर चढ्नै पर्‍यो । यो उपभोक्तावाद भन्दा बढी अरूमाथि आफ्नो प्रभुत्व बढाउन वा धाक जमाउनका लागि बढी भइरहेको छ । यसनिम्ति नै मन्त्री र कर्मचारीबीच साँठगाँठ चलेको हुन्छ । यो ठगी खाने वा रातारात धनी हुने मूल प्रवृत्ति हो । यो प्रवृत्ति नफेरिईकन अरू कसैलाई नियन्त्रण गर्नु सम्भव छैन । किनभने राजनीतिज्ञहरूले पहिले आफ्नो घर र आफूलाई संयमित र सफल गर्न जरुरी छ । हामीकहाँ व्यापारीले मिसावट गरेर वा कालोबजारी गरेर बढी नाफा खाएको भन्दा बढी चिन्ता राजनीतिक तहको यो प्रवृत्ति बढिरहेको अवस्थाले ल्याएको छ ।

सार्वजनिक जग्गालाई निजी बनाउने होड चलिरहेको छ । देशभरि जङ्गल फडानी गरेर होस् वा उद्यान-पार्क वा गुठीको जग्गा होस्, सार्वजनिक जग्गा निजी बनाउने होड नै छ । खासगरी सहरी जग्गाको मूल्य एकदमै बढी छ । सार्वजनिक सम्पत्तिलाई निजी बनाउन मन्त्री र कर्मचारीतन्त्रको मिलेमतो नभई हुँदैन । निजी क्षेत्रमा बरु यो किसिमको भ्रष्टिकरण छैन । रातारात धनी हुन मिलेमतो, ठगी र साँठगाँठको यो क्रम चलिरहेकै छ ।

दोस्रो, व्यापारीहरूको समूह छ, जसले मिसावट गरेर वा सूचना लुकाएर बढी नाफा खाइरहेको पाइन्छ । एक समय सूचनापाटीमा मूल्य सूची लेख्नैपर्ने नीति र चलन थियो । म त नाफाको सीमा तोक्नुहुँदैन भन्छु । तर, सूचनाको हक भने हुनैपर्छ । प्रतिस्पर्धा हुनैपर्छ । हरेक पसलेले मूल्यसूचीको पाटी राख्नुपर्छ । उपभोक्तालाई त्यो सूचना पाटी हेरेर कुन पसलमा कति मूल्य रहेछ भन्ने थाहा हुन्छ । यसप्रकार सिद्धान्ततः नाफाको सीमा तोक्नुहुँदैन । तर, सूचना त सबै क्रेताहरूमा पुग्नुपर्छ । मूल्य नियन्त्रणको तरिका यो हो जस्तो लाग्छ । तर, सबै जागिरेहरू भन्सारमा जान खोज्ने, मन्त्री हुँदा अर्थमन्त्री वा वनमन्त्री वा निर्माण मन्त्री नै हुनुपर्छ भन्ने प्रवृत्ति देखिन्छ ।

तेस्रो- अपराधको प्रवृत्ति रहेको छ । अपराध हुनु फेरि पनि राजनीतिसँग सम्बन्धित छ । आफ्नो साथीले अरब गएर कमायो, तर मैले यहीँ चोरी वा अपहरण गरेर कमाउँछु भन्ने खालको प्रवृत्ति पनि छ । नथिग्रिएको र परिवर्तनशील राजनीतिअन्तर्गत अपराधलाई भारतसँगको निकटता र 'जनयुद्ध'ले पनि भित्र्याए होलान् । न्यायालयमा र प्रहरीमा भ्रष्टपना बढेको हुनाले पनि अपराधको प्रवृत्ति मौलाउन पाएको छ । रातारात धनी हुनका निम्ति अपराधको आयतन बढेको छ । कानुनविहीनताको कारणले पनि यो प्रवृत्ति बढेको छ । जस्तो कि- सहरमा पार्किङ गर्दा तिरिने शुल्क अधिकांशतः स्थानीय सरकारको हातमा पर्दैन । त्यसलाई कसैले नियन्त्रण गर्न पनि सक्दैन । सायद शुल्क लिनेहरूको हप्तावारी उठाउने दादासँग मिलेमतो हुन्छ । कानुनतः नियन्त्रण नभएपछि सामान्य नागरिकले त्यहाँ कोसँग झगडा गर्ने ? अनि बेथितीसँग बोल्ने आँट हुँदैन ।

मूलतः गैरइमानदार र अनैतिक राजनीति, त्यससँग कर्मचारीतन्त्रको साँठगाँठ र अपराधी समूहका कारणले रातारात धनी बन्ने मनोवृत्तिलाई सघाइरहेको छ । यस्तो प्रवृत्तिमाथि नियन्त्रण गर्न नसक्ने हो भने अन्ततः परिवर्तनको वाञ्छित प्रक्रिया नै रोकिन जान्छ । सरकार, राजनीतिक दलहरू र समग्र राजनीतिले यसमा विचार पुर्‍याउनुपर्छ ।

**० यी समस्या त मूलतः उत्पादकत्व बढाउन ध्यान दिन नसकेकै परिणाम होइन र ? मान्छेलाई उत्पादन प्रक्रियासँग जोड्नसक्दा यस्ता प्रवृत्ति क्रमशः हराउँदै जान्छन्, होइन र ?**

- हो । देशभित्र पुनरुत्पादनको चक्र जति छिटो चलाउन र विस्तारित तुल्याउन सकिन्छ, त्यति उद्यमशील प्रवृत्ति बढ्दै जान्छ । देशले त्यसप्रकारको चक्र चलाउने भनेको मुलुकलाई पर्खालभित्र सीमित गर्ने कुरा होइन । अरू-अरू देशसँग लेनदेन गर्नैपर्छ । तर आफ्नो देशभित्र उत्पादनको चक्र बढाउनैपर्छ । पानी, बिजुली होइन, बिजुलीबाट उत्पादित सामान बेच्न केन्द्रित हुनुपर्छ । पानी र बिजुली बेच्ने हो भने त अर्कैले सामान बनाएर बेच्छ र उसका मान्छेले काम पाउँछन् । हाम्रा मान्छे पनि काम पाउन उहीं जानुपर्ने हुन्छ । यसरी नेपालको सरहदभित्र कसरी उत्पादन बढाउने र नेपालीहरूलाई कसरी रोजगारी दिने भन्ने कुरासँगै यो सम्बन्धित छ । होइन भने त अपराध बढ्छ । उत्पादन नबढ्दा अधिकांशतः खान नपाउने, अवसर नपाउने र सरकारको निगरानी नपुग्ने हुनाले अपराधी मनोवृत्ति बढ्न सक्छ ।

**० अहिले हाम्रो २८ लाख जनशक्ति वैदेशिक रोजगारीमा पुगेको छ । त्यत्तिकै संख्या भारतमा छ । हामीलाई पुँजीवादले के दियो त ? राष्ट्रिय पुँजी, उत्पादनशील अर्थतन्त्र र देशभित्रै रोजगारी बढाउने काम किन हुन सकेन ?**

- विश्व पुँजीवादी व्यवस्था वा साम्राज्यवादी व्यवस्था जेसुकै नाम दिऊँ, त्यसले सिर्जना गरेका प्रक्रिया अन्तर्गत २८ लाख नेपालीहरू रोजगारीमा बाहिर पुगेका छन् । यसका कतिपय नकारात्मक पाटा छन् तर म यसलाई स्वागत गर्दछु । विश्व पुँजीवादबाट हामीलाई नराम्रो असर पर्ने धेरै कुरा छन् । तर वैदेशिक रोजगारीमा पहुँच बढ्नु मूलतः राम्रो प्रक्रिया हो । नेपालमा आमरूपमा यसलाई 'पलायन' भन्ने गरेको पाइन्छ । यो शब्द मलाई पटक्कै चित्त बुझ्दैन । के नेपालीहरू रोजगारीका निम्ति कहीँ नजाने त ? नराम्रा असर जति सबै भोगून्, तर नयाँ अवसर सिर्जना भएको दुई पैसा कमाउने ठाउँमा नजाऊन् ? त्यसो होइन, रोजगारी गर्नुपर्छ । बरु यहाँभित्र पनि त्यस्ता अवसर सिर्जना गर्ने हो । यहाँभित्र उत्पादन प्रक्रिया बढाएर विदेश जाने क्रमलाई कम गर्दै जाने हो । जहाँ बढी कमाइन्छ त्यहाँ जाने हो । वैदेशिक रोजगारीमा जानेहरूलाई पलायन भए, देशबाट भागे, देशद्रोही भएजस्ता नकारात्मक दृष्टिले हेर्नुहुँदैन । हामीले आफ्ना श्रमिकहरूलाई तालिम-सीप दिएर दक्ष र बढी कमाउन सक्षम बनाउन ध्यान दिनुपर्छ । वैदेशिक रोजगारीबाट प्राप्त रेमिटान्सलाई कसरी यहाँ उत्पादनको क्षेत्रहरूमा लगाउने भन्नेतिर हाम्रो ध्यान केन्द्रित हुनुपर्छ । पाखुरा बजाएर खानु, कमाइ गर्नु पलायन हो ? 'पलायन'को ठहरको पछाडि कुन वर्गीयता लुकेको छ ?

जहाँसम्म राष्ट्रिय पुँजीवादको कुरा हो, एक जमानामा हामीले राष्ट्रिय पुँजीपतिको कुरा गर्थ्यौं, अब त्यो जमाना गयो । सन् १९७० को दशकमा हुनुपर्छ, होण्डा भारत पसेर हिरोहोण्डा निस्केको, पछि मारुती, सुजुकी आदि निस्किए । त्यसबेला वाम वा कम्युनिस्ट पक्षबाट सरकारले 'साम्राज्यवाद' भित्र्याएको भन्ने वकालत पक्कै पनि भएको थियो होला । अहिले हामी हिरो-होण्डा र मारुती-सुजुकीलाई भारतको राष्ट्रिय पुँजीवाद अन्तर्गतका उद्योग भनेर हेर्छौं कि जापानी भन्छौं ? तिनले भारतीयहरूलाई काम र माम दिएका छन् कि जापानीहरूलाई ? त्यसको थोरै रोयल्टी पक्कै पनि जापान पुग्ला । तर तिनले मूलतः भारतीय पुँजीवादलाई नै प्रश्रय दिएका छन् र भारतीय कामदारहरूलाई ज्याला र तलब । यसको अर्थ हुन्छः हामीले हरकुरालाई तत्कालका हिसाबले मात्रै सोच्नुहुँदैन । २०, ५० वा १ सय वर्षपछि के हुन्छ भनेर विचार पुऱ्याउनुपर्छ । जसरी चीनले सोच्छ भन्ने गरिन्छ, त्यसरी नै हामीले अलिक पछि र धेरै पछि सम्मको सोचेर अघि बढ्नुपर्छ ।

**० नेपालका गाउँहरू बालगृह, अस्पताल र वृद्धाश्रमजस्ता भइरहेका छन् । पौरख गर्नसक्ने बलिया पाखुरा भएका युवायुवतीहरू गाउँमा पाउनै मुस्किल छ । यस्तो परिवेशमा मानिसहरूलाई आफ्नो ठाउँ र देश बनाउन केन्द्रित गर्ने कसरी ? पुँजीवादको विकासलाई समाजवादी दिशा दिन गाउँको यो तस्बिर बदल्नुपर्छ भन्ने लाग्दैन ?**

- म समाजवादी दिशा दिने भन्दिनँ । पुँजीवादभित्र लोकतन्त्र र सामाजिक न्यायको दिशा दिने हो । केही अवधिसम्म हामी सामाजिक जनवाद वा सामाजिक लोकतन्त्रको दिशा दिएर अघि बढ्नुपर्छ । यो अवस्थालाई म समाजवादउन्मुख पनि भन्दिनँ । किनकि म समाजवाद भन्नाले निजी सम्पत्तिको समाप्ती र उत्पादनको सामाजिकीकरण भन्ने नै बुझ्छु । यो विकसित पुँजीवाद (सोसियल डेमोक्रेसी) उन्मुख दिशा नै हुनुपर्छ ।

त्यसो गर्नका लागि साँच्चिकै सरकारले बृहद् प्रयत्न गर्नुपर्छ । त्यसो गर्ने भनेको फेरि जनताबाट कर लिएरै हो । अहिले तिर्नुपर्ने मान्छेले कर तिरेकै छैनन् । त्यस हिसाबले अहिलेभन्दा २-३ गुणा बढी राजस्व उठाउन सकिन्छ । सायद अझ बढी सकिन्छ । अहिलेभन्दा धेरै बढी मितव्ययी बन्न पनि सकिन्छ ।

पुँजीवाद एकदमै निर्दयी सामाजिक प्रक्रिया हो, जो यस प्रतिस्पर्धाको प्रक्रियामा जुध्न सक्छ, ऊ सप्रिन सक्छ । जुध्न नसक्ने हार्छ, कतिपय अवस्था उठ्नै नसक्ने गरी ढल्छ । त्यसलाई राजनीतिक व्यवस्थाले आत्मसात् गर्नुपर्छ । त्यसरी हारेका व्यक्तिहरूलाई कसरी खुवाउने, लाउने र उपचार गर्ने भन्ने हाम्रो सधैं र सर्वथा चिन्ताको विषय हुनुपर्छ । यो काम विशेषतः राज्यले गर्नुपर्छ । हार्ने, ढल्नेहरूसँग पहिलेजस्तो जग्गा हुँदैन, काम पनि पाउँदैनन । अमेरिकामा १६-१८ वर्ष पुग्नासाथ मानिसहरूले बाबुको घर छाड्थे । तर अहिले अर्थतन्त्र ओरालो लागेकाले हार्ने धेरै बन्दै छन् । स्नातक गरेपछि समेत बाबुकै घरमा बसेका अर्थात् अन्तिम खुवाउने भनेको बाबुआमा नै हुन्जस्तो देखिन्छ । केही कालको लागि । त्यसैकारण सामाजिक लोकतन्त्र हुनुपर्छ भनिएको हो ।

पुँजीवाद फस्टाउन पनि सामाजिक लोकतन्त्र चाहिन्छ । किनभने पुँजीवाद अन्तर्गतको श्रमिक पढेको र स्वस्थ हुनुपर्छ । तर, जो साँच्चिकै बालगृह, अस्पताल र वृद्धाश्रममा रहनुपर्ने स्थितिमा हुन्छन्, तिनीहरूलाई नहेरी हुँदैन । त्यस्तो नगर्ने हो भने हाम्रो मानवीयलगायत राजनीतिक आस्था नै समाप्त हुन्छ र हामी अराजक हुन्छौं । हार्ने, ढल्नेहरूप्रतिको दया, माया र सहानुभूति र जिम्मेवारीबोध जित्ने र नहार्नेहरूमा हुनुपर्छ नै । त्यसका निम्ति आन्तरिक स्रोत परिचालन गर्ने- कर उठाउने र सामाजिक दायित्व निर्वाह गर्ने प्रक्रिया पूरा गर्नैपर्छ । युवाहरूले संस्थागत स्वयम् सेवा गर्न ध्यान दिनुपर्छ, संसारमा गरिरहेका छन् । तपाईंले एकदमै ज्वलन्त कुरा उठाउनुभयो, पढाइमा असफल र काममा असफल हुने, स्वास्थ्य राम्रो नहुनेजस्ता समस्यालाई मानवीय र राजनीतिक हिसाबले सम्बोधन गर्ने काम गर्नुपर्छ ।

**० वर्तमान भूमण्डलीकरणको अवस्था र बहुराष्ट्रिय कम्पनीहरू विश्वव्यापी भइरहेको यो बेला हामीले स्वाधीन अर्थतन्त्रको विकास र प्रतिस्पर्धी क्षमता कसरी बढाउन सम्भव हुन्छ त ?**

- त्यसनिम्ति नेपालको गरिबी घटाएर नेपालीहरूको आम्दानी बढाउन सक्नुपर्छ । खासगरी देशभित्रै पुँजीवादी वृत्तभित्र युवाहरूको संलग्नता बढाएर त्यसो गर्न सक्नुपर्छ । फलस्वरूप उनीहरूले काम पाउँछन्, त्यसबापत ज्याला र तलब बुझ्छन् र त्यसले पसलबाट केही समान किन्छन् । पसलेबाट त्यो पैसा धान किन्नुपर्ने किसानकहाँ जान्छ । यसप्रकार उत्पादन-पुनरुत्पादनको चक्रलाई छिटोछिटो घुमाउँदै अझ विस्तारित गर्ने काम गरेर नै सबल अर्थतन्त्र निर्माण गर्न सकिन्छ । यसरी नेपाली-नेपालीबीच अन्तरनिर्भरताको वृत्त पनि बढ्दै जान्छ । यसैकारण मैले भन्दै आएको छु- दार्चुला र ताप्लेजुङ तथा झापा र कञ्चनपुरलाई जोडेर अघि यीबीच लेनदेन बढाएर बढ्नुपर्छ । हाम्रो मुख्य चुनौती पनि मान्छे, स्थान, भाषाभाषी, लगानी र उत्पादन प्रक्रियालाई जोड्नु हो भन्ने मलाई लाग्छ । त्यस्ता केही नमुनाहरू अहिले पनि छन्, जस्तो हामी स्कुल स्थापनाको हिसाबले अगाडि बढ्दैछौं, तराईभरि बिहार र उत्तर प्रदेशका मानिसहरू हाम्रो अस्पतालमा आउँछन् । शिक्षामा पनि राम्रा शिक्षण संस्था पक्कै छन् र हुनसक्छन् । भारतका विकसित क्षेत्र जति विकसित हुनु हामीलाई धेरै समय लाग्छ । तर, उत्तरी भारतभन्दा हामी केही समय पछि नै राम्रो हुन सक्छौं । भारत र चीन सबै कुरामा राम्रो हामी मात्रै नराम्रो भन्ने होइन । 'वाईवाई' चाउचाउलाई नै हेरौं, पहिले थाइल्याण्डबाट आयो र अहिले भारतमा बिक्री भइरहेको छ । बिउबिजन उत्पादनको यहाँ व्यापक सम्भावना छ, त्यसलाई विस्तारित गरेर अन्य मुलुकमा बेच्न सक्छौं । जलस्रोत, पर्यटनजस्ता क्षेत्रको हामीकहाँ व्यापक विकासको सम्भाव्यता छ । जापानमा यस हिसाबले हेर्दा त केही छैन । हामीले आफ्नो सामर्थ्य र स्रोत देख्न नसकेको मात्रै हो । धार्मिक पर्यटनका हिसाबले चिनियाँहरूलाई थाहा मात्रै होस् कि बुद्ध भारतमा होइन, नेपालमा जन्मेका हुन् । त्यसपछि  चिनियाँहरूको ओइरो लाग्छ । चीनमा नेपालका राजदूत टङ्क कार्कीजीले आफ्नो सबभन्दा ठूलो मिसन नै यही हो भन्ने गर्नुहुन्छ । समग्रमा अहिलेसम्म ९५ प्रतिशत चिनियाँहरूले बुद्ध भारतमा जन्मेको भन्ने ठानिरहेका छन् । यस हिसाबले म निकै आशावादी छु ।

०६२/६३ सालमा राजनीतिक दलहरूले हामीलाई अगाडि घचेटे । त्यहाँदेखि यता उनीहरूले नेपाली समाजलाई लगाम लगाइरहेका छन् । चार वर्ष भइसक्यो, समाजलाई अगाडि जानबाट रोकिरहेका छन् । मूलतः तिनले गर्दा बिग्रिएको छ । यो अवस्थाको छिटोभन्दा छिटो अन्त्य गर्नुपर्छ । राजनीतिक दलहरूले यो वृहत सम्भावनालाई आत्मसात् गर्दै जिम्मेवार बन्नुपर्छ । गैरऐतिहासिक र छलाङवादी कल्पनाको घोडाबाट ओर्लेर विश्व र क्षेत्रीय परिप्रेक्ष्यमा नेपाल र नेपालमा भइरहेका परिवर्तनलाई सही, वास्तविक र मूर्तरूपमा चिनारी गर्नुपर्छ ।

**० ०४६ पछि र अहिले पनि राजनीतिक क्रान्ति पूरा भयो, अब आर्थिक क्रान्ति गर्नुपर्छ भन्ने बहस गर्न खोजेको पाइन्छ । राजनीतिक क्रान्ति र आर्थिक क्रान्तिको बीचमा कस्तो अन्तर्सम्बन्ध हुन्छ भन्ने तपाईंलाई लाग्छ ? आर्थिक क्रान्तिलाई छुट्टै रूपमा अगाडि बढाउन सकिने हुन्छ कि हुँदैन ?**

- छुट्याएर होइन, जोडेर नै अगाडि बढाउनुपर्छ । दुवैलाई जोडेर नै अघि बढ्नुपर्छ । तर, ती दुवैलाई चेतनशील ढङ्गले जोडेर लैजान सक्नुपर्छ । हामीले लोकतन्त्र र विकसित पुँजीवादी अर्थतन्त्रको जुन कुरा गरिरहेका छौं, यी दुवैलाई जोडेर लैजानुपर्छ । त्यसका निम्ति अन्तरिम संविधानमा रहेको व्यवस्थाहरू पर्याप्त छन् । तदनुरूपको कानुनी व्यवस्था गर्न ध्यान दिनुपर्ने हुनसक्छ । जस्तो, व्यक्तिगत स्वतन्त्रता भनेको राजनीति मात्र होइन, आर्थिक कुरा पनि हो । मैले आफ्ना बाबु-बराजुले गरेको पेसा नै गर्नुपर्दैन, जुनसुकै पेसा अपनाउन सक्छु । त्यो मेरो इच्छाको कुरा हो । सम्पत्ति आर्जन गर्न पाउने स्वतन्त्रता छँदैछ । त्यसमा कति कर लगाउने भन्ने अलग विषय हो । कर लगाउनहुन्न, निःतान्त निजी सम्पत्ति हो भन्ने फजुल कुरा हो । संसारभरि कर लगाएरै राज्य चलेका छन् । यसरी संविधानको व्यवस्थालाई कानुन र कार्यान्वयनमा जोडेर अघि बढ्न सक्नुपर्छ । कार्यान्वयन भन्नाले सरकार, अदालत र पुलिस आदिलाई जोड्नुपर्छ । अनि नियमन र अनुगमनमा राज्य र सरकार तल्लिन रहँदै व्यापारीहरूलाई कानुनतः स्वतन्त्र छाडिदिनुपर्छ । निजी उद्यमशीलतालाई प्रोत्साहित गर्ने भनेको निजी पुँजी र उद्यमलाई प्रशस्तै ठाउँ दिने कुरा नै हो । श्रमिकका दृष्टिकोणबाट न्यूनतम तलब दिने, निश्चित अवधिपछि स्थायी गर्ने, नियुक्ति पत्र नदिई काम लगाउन नपाउनेजस्ता स्थितिको अनुगमन गरेर कार्यान्वयन गर्नैपर्छ । त्यसो गर्नसक्दा मात्रै संसारभरि प्रगति भएको देखिन्छ । जहाँजहाँ यी पक्षलाई जोड्न सकेको पाइँदैन, त्यहाँ-त्यहाँ अनकन्टारको स्थिति, गरिबीको स्थिति नै रहेको छ । तर, यस प्रक्रियालाई चेतनशील ढङ्गले जोड्दै अगाडि बढ्न उद्यत् हुनुपर्छ ।

**० समग्र रूपमा आर्थिक-सामाजिक रूपान्तरण, विशेषगरी आर्थिक विकासको सन्दर्भमा राजनीतिक दलहरूको भूमिका चाहिँ कस्तो हुनुपर्छ ? अहिले उनीहरूले आफ्नो भूमिकालाई कसरी प्रभावकारी बनाउन सक्छन् ?**

- राजनीतिक दलहरूले संसद्बाट नीति निर्माण गरेर भूमिका खेल्ने हो । अर्को, यतिबेला त संविधान निर्माणकै प्रक्रिया चलिरहेको छ । संविधान बनाउँदा दलहरूले निर्वाह गर्ने प्रभावकारी भूमिकाको प्रशस्तै ठाउँ छन् । उद्यमशीलतालाई कसरी प्रोत्साहित गर्ने, देशभित्रको पुँजीवादी प्रक्रियालाई कसरी सघन बनाउने भन्ने प्रश्नमा धेरै भूमिका हुनसक्छ । यद्यपि, अहिलेको संसारमा देश र विदेशको भनेर साह्रै धेरै छुट्याउन मलाई सम्भव लाग्दैन । यसबाहेक फेरि पनि अस्तित्व सङ्घर्ष गरेरै कायम हुने हो । सडक त सधैं खुला छ ।

सडकमा शान्तिपूर्ण जुलुस निकाल्ने, सरकारी कार्यालयहरूले नीति र बजेट अनुसार प्रभावकारी काम गरे/नगरेको अनुगमन पनि दलहरूले गरिरहनुपर्छ । त्यसो गर्न सक्दामात्र राजनीतिक दलहरूको राम्रो प्रभाव र भूमिका हुनसक्दछ भन्ने मलाई लाग्छ । तर, काङ्ग्रेसमा अलिक पहिलेदेखि र एमालेमा ०५१ देखि पार्टीभित्रको लडाकु र जुझारूपन समाप्त भयो । मैले एमालेभित्र देखेको छु- पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई कार्यकर्ताले ठाडैठाडै प्रश्न सोधेको । त्यो अवस्था एकदमै स्खलित भएको पनि मैले देखेको छु । दलहरूमा नेता विशेषको फेर समाएर जिल्ला तह र केन्द्रीय कमिटीमा पुगिने अवस्था हुन थालेपछि स्थानीय सङ्घर्षमा भाग लिएको वा भूमिका खेलेको तथ्य पार्टी कार्यकर्ता वा नेताको चयनको आधार नै बन्न छाड्यो । वैचारिक र संघर्षको पक्षमा योगदान गरेको आधारमा नभएर नेताको फेर समाएको भरमा केन्द्रीय समितिमा पुग्न थालेपछि कुनै पनि पार्टी आमजनताको आकाङ्क्षा र समस्यालाई उजागर गर्नेतिर लाग्न सक्दैन । जनवादी केन्द्रीयताको सिद्धान्त भनेको तलबाटै उठेर आउने, तलका मुद्दा र सङ्घर्षमा आधारित भएर उठेको नेतृत्वको कुरा हो । तर, त्यसमा स्खलन भइरहेको पाइन्छ । मेरो विचारमा सडक सधैं खुला छ । अखबारहरू पनि सडककै पाटो हुन् । संसद्मा मात्र सीमित नभएर जनजीवनमा भिजेको राजनीतिलाई अगाडि बढाउनुपर्छ र सकिन्छ भन्ने मलाई लाग्छ । राजनीतिक पार्टीहरूले यही प्रक्रियालाई घनिभूत बनाउनुपर्छ । तर संसद राजनीतिको मूलथलो भने हो ।

**० हामी कम्युनिस्टहरू साम्यवादी समाज निर्माणको शिक्षा दिइरहेका छौं तर पुँजीवादले हामीलाई निर्दयी बन्न बाध्य गरिरहेको छ । हाम्रो शिक्षादिक्षा र दशाबीच सङ्गति भयो त ?**

- हो । हामी यही बाटो हुँदै त्यो बाटोमा जाने हो । यो बाटोलाई नाघेर वा उफ्रेर अगाडि जाने होइन । इतिहासमाथि हाइजम्प गर्न सकिन्न । अण्डा कोरल्न २१ दिन लाग्छ । र, उपयुक्त तापक्रम र अन्य अवस्थाहरू समेतमा मात्रै यो सम्भव हुन्छ । यो बाटोबाहेक त्यहाँ पुग्ने अर्को बाटो छैन । हामी कल्पनाको हवाइजहाज चढेर समाजवादमा पुग्दैनौं, त्यसका लागि जमीन तह र वास्तविकताको तहमा नै छ लेनको राजमार्ग बनाएरै जानुपर्छ । यसरी जाँदा धेरै दुःख हुन्छ, तर खोजेको भविष्य बढी सम्भव बन्छ । सुख नपाउनेहरू पनि हुन्छन्, जसले हारेका हुन्छन् । तिनीहरूको हेरविचार राज्यले गर्नुपर्छ । पुरानो सामाजिक सम्बन्ध विघटन हुने क्रममा कतिपय 'राम्रा' मूल्य-मान्यताहरू पनि विघटन हुँदै जान्छन् । यसो गर्नेक्रममा नै पुँजीवाद अगाडि बढ्छ ।

**० नयाँ संविधान बनाउने सन्दर्भमा संविधानसभामा दुईवटा विषयमा बहस भइरहेको छ । पहिलो, भूमिसुधार गर्दा जमिनदारहरूलाई जग्गा लिएवापत मुआब्जा दिने कि नदिने र दोस्रो, प्राकृतिक स्रोतमा स्थानीय बासीहरूको अधिकारको कुरा गर्दा कुनै जनजाति विशेषको अधिकार हो या राज्यको ? यी दुईवटा मुद्दामा राजनीतिक दलहरू कसरी अघि बढ्नुपर्छ भन्ने यहाँलाई लाग्छ ?**

- 'आदिवासी' पहिचानसँग म सहमति राख्दिनँ । आधुनिक राज्य, पुँजीवाद, लोकतन्त्रमा नागरिक, श्रमिक आदि हुन्छन् आदिवासी र अन्त्यवासी हुँदैनन् । जहाँसम्म विभिन्न जातिहरू छन्, तिनीहरूमध्ये केही धेरै पछाडि परेका छन्, सकारात्मक विभेदमार्फत उनीहरूलाई अगाडि बढाउनुपर्छ भन्ने कुरामा म पुरै सहमत छु । तर, कुनै 'आदिवासी'को कुनै निश्चित थातथलो ठाउँ हुनुपर्छ भन्ने मलाई लाग्दैन । सङ्घीयताको बहसका क्रममा समेत भइरहेको यो बहसबाटट म धेरै टाढा छु । यो गैरलोकतान्त्रिक बाटोमा जाने वकालत हो । सीमान्तकृत जाति, जनजाति, दलित, हुम्ला-डोल्पाजस्ता क्षेत्रलाई अरूसरह अघि बढाउन जे गर्नुपर्ने हो, त्यो चाहिँ गर्नुपर्छ । तर यो आदिवासीको जमिन, यो चाहिँ अरूको भनेर जानुहुँदैन । स्थानीय हक सुरक्षित गर्नुपर्छ, तर अरू देशले के गरेका छन् भन्ने पनि हेर्नुपर्दछ । जस्तो मेलम्चीको पानी ल्याउन लाग्दा त्यहाँका ह्योल्मो वा कुनै जाति भनेर होइन, त्यहाँका स्थानीय बासिन्दाहरूले पाउनुपर्ने अधिकार पाउनुपर्छ । स्थानीयताको कदर गर्नुपर्छ ।

जहाँसम्म भूमिसुधारको प्रश्न छ, त्यस क्रममा मुआब्जा नदिने पनि होइन र पूरा दिने पनि होइन । हदबन्दी घटाउने र बढाउने कुरामा म नघटाए हुन्छ भन्ने ठान्दछु । तर, सिद्धान्ततः जग्गा जोत्नेकै हुनुपर्छ । उमेरले ५५ वर्ष पुगिसकेको विधवा छ भने उनका लागि जीवनपर्यन्त खाने व्यवस्थाको ग्यारेन्टी गर्दै जोत्ने मान्छेको जमिनमाथि अधिकार स्थापित हुनुपर्छ । त्यसक्रममा बजारको मुआब्जा दिने होइन, अनि मुआब्जा दिँदै नदिने पनि होइन । कति वर्षको उत्पादन (बाली) बराबरको मुआब्जा दिने भनेर टुङ्गो गर्न र बीचको बाटो अपनाउन सकिन्छ ।

**० पुँजीवादको यो प्रक्रियासँगै हामी बलपूर्वक क्रान्तिको शास्त्रीय 'कम्युनिज्म'बाट टाढा भइरहेका छौं । त्यसो भए हिंसालाई पूर्णतः परित्याग गर्नु अब सम्भव छैन ?**

- जहाँ लोकतन्त्र छ, त्यहाँ बलपूर्वक क्रान्ति हुँदैन भन्ने निष्कर्षमा पुऱ्याएको छ । तर, जहाँ लोकतन्त्र हुँदैन, त्यहाँ अझ पनि हिंसाको ठाउँ हुनसक्छ । जहाँ आवधिक जनमतद्वारा सरकार परिवर्तन गर्न, राज्यको संरचना फेर्न, राज्य भत्काउन र नयाँ राज्य स्थापना गरेर अघि बढ्न सकिन्छ, त्यहाँ हिंसाको कुनै स्थान हुनुहुँदैन भन्ने निचोडमा हामी पुगेका छौं । तर, जहाँ निष्पक्ष र स्वतन्त्र चुनावको बाटो अवरुद्ध छ, त्यहाँ अझै हिंसाको प्रयोग हुने र गर्नुपर्ने हुनसक्छ ।

**० नेपाली समाजको नयाँ वर्गविश्लेषण गर्दा समाजवादी र कम्युनिस्टहरूले मूलतः के कुरामा ध्यान दिनुपर्छ ? को माथि निर्भर हुनुपर्छ ?**

- पहिले त वर्ग छुट्याउन गाह्रो छ । हामीले लामो समयदेखि माओले परिभाषित गरेको सङ्ख्यात्मक (Quantitative) विश्लेषण अङ्गीकार गर्दै आयौं । अब यसभन्दा भिन्न परिभाषामा जानुपर्छ । अपेक्षाकृत स्थिर समाजमा मात्रै स्थिरवर्गको विभाजन उपयुक्त हुन्छ र ठ्याक्कै त्यसो गर्न सकिने हो । तर, हाम्रो समाज स्थिर नभएर परिवर्तनशील छ । सिंगो उत्पादन, स्वामित्व र जीविकोपार्जनको प्रणाली सङ्क्रमणको दौरानमा छ । कुल, परिवार, धर्म, जात-जाती, आदिवासित्व आदि सबै परम्परावादी धारणा हुन् । त्यस्ता मान्यता र संरचनाबाट माथि उठेका, आफ्नो भौतिक र सांस्कृतिक थातथलोबाट बाहिर निस्केका, बाबुबाजेको चकलाबाट निस्केर बेग्लै पेसा समात्दै गरिरहेका नागरिक, श्रमिक र पुँजीपतिहरूमाथि प्रगतिशील राजनीतिक शक्तिहरू आधारित हुन सक्नुपर्छ । कुल, धर्म, जात-जाती, स्थानीयता, आदिवासित्व आदिमा बाँधिनु र प्रगतिशीलता, समाजवादको संरचना र मूल्य-मान्यताबीच धेरै फराकिलो रगहिरो खाडल रहेको छ । ❒

# जनताको बहुदलीय जनवाद र सामाजिक-आर्थिक रूपान्तरण

## ❒ घनश्याम भूसाल

प्रतिक्रियावादी राज्यसत्तालाई 'बलपूर्वक ध्वस्त गरेर' सर्वहारा वर्गको नेतृत्व तथा किसान र मजदुर वर्गको एकतामा आधारित जनवादी राज्यको स्थापना गर्ने र राज्यकै योजना अनुसार उत्पादक शक्तिको विकास गर्दै समाजवादका आधार तयार गर्ने आम कार्यदिशालाई हामीले नयाँ जनवाद वा राष्ट्रिय प्रजातन्त्र भन्दै आएका हौं । नेकपा (एमाले)ले २०४९ सालमा 'जनताको बहुदलीय जनवाद'लाई क्रान्तिको कार्यक्रमका रूपमा स्वीकार गऱ्यो । त्यसअनुसार शान्तिपूर्ण सङ्घर्षद्वारा क्रान्तिकारी शक्ति-सञ्चयको कार्यनीतिक कार्यदिशाअन्तर्गत एउटा बिन्दुमा पुगेपछि 'बलपूर्वक' क्रान्तिकारी फड्को मारेर राज्यसत्तामा क्रान्तिकारी शक्तिको नेतृत्व स्थापित गर्ने, जनताको बहुदलीय जनवादी कार्यक्रम लागू गर्दै जाने र समाजवादको आधार तयार गर्ने आम कार्यदिशा थियो । यस हिसाबले शान्तिपूर्ण सङ्घर्ष हाम्रा लागि कार्यनीतिक प्रश्न थियो । किनकि जनताको बहुदलीय जनवादी राज्यसत्ताको स्थापनाका लागि 'बलप्रयोग अनिवार्य छ' भन्ने पाँचौं महाधिवेशनको मूल्याङ्कन थियो । तर, छैटौं महाधिवेशनमा हाम्रो पार्टीले एकातिर शान्तिपूर्ण सङ्घर्षलाई कार्यदिशाका रूपमा व्याख्या गऱ्यो, अर्कोतिर सत्ताकब्जाको राजनीतिलाई पनि कायमै राख्यो । क्रान्तिको सिद्धान्त सम्बन्धी कार्यदिशा र रणनीतिका अन्तरविरोधलाई समाधान गरेन । अर्थात्, पार्टीले राज्यसत्तालाई कब्जा गर्ने रणनीति र राज्यसत्तालाई जनवादीकरण गर्ने वा रूपान्तरण गर्दै जाने रणनीतिलाई एकसाथ अवलम्बन गरेजस्तो हुनगयो । अर्को हिसाबले भन्ने हो भने राज्यसत्तालाई जनवादीकरण गर्दै जाने वा रूपान्तरण गर्दै जाने भनेर स्पष्टरूपमा किटान गर्न पनि सकेन र 'सत्ताकब्जा' गर्ने सैद्धान्तिक दृष्टिकोणलाई छोड्न पनि सकेन ।

०५१ सालसम्म पार्टी सामान्यतः पाँचौं महाधिवेशनले निर्धारित गरेअनुसार शान्तिपूर्ण सङ्घर्ष र क्रान्तिकारी शक्ति-सञ्चयको कार्यनीति अनुसार क्रियाशील रह्यो । त्यसपछि पार्टीको घोषित कार्यनीति 'सरकारमा जाने र प्रगतिशील सुधार गर्ने' भए पनि 'प्रगतिशील सुधार' ओझेलमा पर्दै गयो र 'सरकारमा जाने' कार्यनीति नै कार्यकारी रह्यो । वस्तुतः हाम्रो पार्टी क्रमशः प्रतिबद्ध सुधारवादी भन्दा ओरालो लाग्नथाल्यो । पार्टीको राजनीति नेतृत्वमा रहेका व्यक्तिहरूका लागि सरकारमा जाने सजिलो भऱ्याङजस्तो बन्दै गयो । सरकारमा जाने-आउने क्रममा कार्यकर्ताको एउटा पंक्तिको वर्गोन्नति हुँदै गयो । यो नवधनाढ्य कार्यकर्ता पङ्क्तिले नेतृत्वका कमजोरीहरूलाई ढाकछोप गर्नथाल्यो । यसरी पार्टी ओरालो लाग्दै गए पनि नवधनाढ्य वर्गमा रूपान्तरित नेता-कार्यकर्ताको गठबन्धनले पार्टीको वैचारिक-सैद्धान्तिक दिशाका बारेमा कुनै ठोस प्रश्न उठाएन वा कहीँकतै उठी नै हाले पनि ती प्रश्नहरूलाई दबाउन थाल्यो ।

१२/१४ वर्षसम्म गरिएको उपरोक्त अभ्यासले पार्टीमा तल्लो वर्गबाट आएका कार्यकर्तालाई या त किनारा लगायो या त केही थोरैलाई नयाँ आर्थिक गतिविधिमा सामेल गराएर उनीहरूको वर्गोन्नति गरायो । यसरी पार्टीमा तल्लो वर्गका कार्यकर्ताहरू पलायन हुनथाले । नयाँ कार्यकर्ताको भर्ना प्रक्रिया एकदमै औपचारिक बन्दै गयो । हुँदै जाँदा पार्टीमा सामाजिक रूपान्तरणको सिद्धान्त र राजनीति हराउँदै गयो । सङ्गठनहरू पनि सदस्यहरूका निजी हितको व्यवस्थापन गर्ने मञ्च बन्दै गए । सामाजिक रूपान्तरणको मुद्दा औपचारिक बन्दै गयो । पार्टी-भावना ओठे प्रतिबद्धतामा रूपान्तरित हुँदै गयो । पार्टी कमिटीहरू आफ्नो तहका अधिवेशनहरू र निर्वाचनको टिकट वितरणका बेलामा बाहेक अरू काम नगर्ने हुँदै गए । आन्दोलन वा राजनीतिक अभियानहरू आयोजित हुनछाडे, त्यसको ठाउँ विभिन्न पर्वहरूमा चिया-पान, कोठे गोष्ठी, बढीमा वृक्षारोपणहरूले लिए । ती कार्यक्रमहरूको सफलता अन्य पार्टीका मानिसहरूको सहभागिताले निर्धारण गर्ने भयो ।

राजा ज्ञानेन्द्रले सत्ता हत्याएपछि नेतृत्वको असफलता टाल्नै नसकिने गरी बाहिर आयो । राजा ज्ञानेन्द्रका विरुद्धको आन्दोलनमा पार्टी नेतृत्व त्यसबेला मात्रै प्रतिबद्ध देखियो जब उसले राज्यमा नेताहरूको सहभागितालाई असम्भव बनाइदियो । कार्यकर्ताको आक्रोशलाई 'पार्टीको व्यापक पुनःगठन'को नाराले मत्थर पार्‍यो । ज्ञानेन्द्रका विरुद्ध बढ्दै गएको आन्दोलनमा सहभागी भएर नेतृत्वले कार्यकर्ताबाट आफूलाई केही हदसम्म सुरक्षित बनायो र पार्टीको पुनःगठनको लोकप्रिय नारालाई क्रमशः औचित्यहीन देखायो । गत संविधानसभाको निर्वाचनमा पार्टीको पराजय विगत १२/१४ वर्षको अभ्यासको अभिव्यक्ति थियो । त्यस परिणामले कार्यकर्तामा फेरि नेतृत्वका विरुद्ध आक्रोश उत्पन्न गर्‍यो । तर, फेरि पार्टीमा पुनःगठनको नाराले कार्यकर्तालाई अल्मल्यायो । महाधिवेशनबाट जुन आशा पार्टीपङ्क्तिले गरेको थियो, त्यो पनि अहिले क्रमशः हराउँदै गएको छ । स्मरणीय छ, आठौँ महाधिवेशनपछि पनि पार्टी राजनीतिको केन्द्रीय प्रश्न सामाजिक-आर्थिक रूपान्तरण हो भनेर किटान गर्न सकिएको छैन ।

**नेपाली क्रान्तिको वर्तमान चरण**

ठूला मैदानी फाँटहरू नभएको पहाडी मुलुक भएको हुँदा नेपाली समाजको विकास अन्य युरोपेली मुलुकहरूको जस्तो ठूलो संरचनामा विकसित दास तथा सामन्ती व्यवस्थाबाट गुज्रिएन । एकीकरणले आरम्भिक पुँजी सञ्चयका लागि केही अनुकूल अवस्था तयार गर्नुपर्थ्यो तर आन्तरिक एकीकरण, नेपाल-बेलायत युद्ध र त्यसपछि पनि युद्धको तयारीले गर्दा करिब १ सय वर्षसम्म नेपाली श्रमको बचत भएन । त्यसपछि पनि एकातिर राणाशाहीको भोगविलासमा उत्पादनको ठूलो हिस्सा खर्च हुँदै गर्‍यो भने अर्कोतिर बेलायती पुँजीसँग नेपाली श्रम जोडिँदै जाँदा यहाँका रैथाने कुटीर उद्योगसमेत नष्ट हुँदै गए । नेपाली समाज पुँजीवादी बजारसँग जोडिए पनि हाम्रो उत्पादनको स्वरूप साधारण उत्पादन-पुनरुत्पादन मात्रै भयो । उत्पादनले उत्पादन बढाउने विस्तारित पुनरुत्पादन सुरु भएन ।

त्यसक्रममा पूर्वदेखि पश्चिमसम्म साना व्यापारिक केन्द्रहरू बन्दै गए । ती व्यापारिक केन्द्र पुँजीवादी व्यापारका केन्द्र थिए । राजधानी सबैभन्दा ठूलो केन्द्र बन्नु स्वाभाविक थियो । यसक्रममा ती बजारहरू यातायात, शिक्षा, स्वास्थ्य र रोजगारीका केन्द्रका रूपमा समेत देखापरे । यसले असमान विकासको प्रवृत्ति बढ्दै गयो । परम्परागत सामन्ती शोषणलाई पुँजीवादी शोषणले विस्थापित गर्ने क्रम बढ्यो । साथै, राज्यसत्तामा रहेको शाह, राणा, बाहुन, क्षेत्री र उद्योग-व्यापारमा रहेका नेवारहरूको एउटा सङ्ख्याबाहेक अन्य जातजातिहरू क्षेत्रीय र जातीय रूपमा समेत पछाडि पर्दै गए । यसरी नेपाली अर्थतन्त्रको पराधीन अर्थराजनीतिक प्रवृत्तिले वर्गीय र क्षेत्रीय तथा जातीय असमानता, भेदभाव र शोषणलाई समेत बढाउँदै गयो । त्यही क्रम अहिलेसम्म पनि जारी छ । अहिले हामीकहाँ देखापरेका सामाजिक तनावका क्षेत्र र राजनीतिक मुद्दाहरूलाई यही ऐतिहासिक सन्दर्भ हेर्नुपर्छ ।

अहिले उत्पादन व्यवस्थाको मुख्य प्रवृत्ति पुँजीवादी छ । तर, उद्यमशील पुँजीको विस्तारित पुनरुत्पादनले खुट्टा टेक्न नसकेको हुँदा नेपालको उत्पादन पद्धतिमा दलाल पुँजीको नियन्त्रण बढ्दैछ । त्यसको अर्थ के हो भने नेपाली समाजका अहिलेका तमाम अन्तरविरोधहरूको मुख्य कारण उत्पादन व्यवस्थामा दलाल पुँजीको नियन्त्रण हो । यसले श्रमको उद्यमशीलतालाई अवरुद्ध पारेको छ । परम्परागत कृषि श्रमलाई उद्यमशील रूपमा रूपान्तरित हुन दिएको छैन । यदि हाम्रो पुँजीको चरित्र उद्यमशील हुन्थ्यो भने त्यसले सबै क्षेत्र र जातको अन्तरघुलनलाई बढाउँथ्यो र नेपाली समाजको वर्गीय अन्तरविरोधलाई विशुद्ध रूपमा अगाडि ल्याउँथ्यो । त्यसो नहुँदा परम्परागत रूपमा रहेका जातीय वा क्षेत्रीय विभेदहरूसमेत कायमै रहन गएका छन् ।

पुँजीवादले परम्परागत सामन्ती समाजमा कुण्ठित रहेको उत्पादक शक्तिलाई मुक्त गरिदिन्छ र श्रमको उत्पादकत्वलाई असाधारण रूपले बढाउँछ । उत्पादनमा पुँजीवादले गर्ने सबैभन्दा प्रगतिशील भूमिका यही हो । यही क्रममा मानिस धर्ममा आधारित परम्परागत सामाजिक-सांस्कृतिक दुनियाँबाट ऐहिक (पार्थिव वा सेक्युलर) दुनियाँमा प्रवेश गर्दै जान्छ । तर, साम्राज्यवादको उदयपछि पुँजीको औद्योगिक चरित्रमात्रै रहेन । त्यसले पछौटे समाजहरूमा दलाल पुँजीलाई विस्तार गर्दै गयो । त्यस पुँजीले परम्परागत कृषि श्रमको सम्बन्धलाई विनास त गर्‍यो तर उद्यमसँग जोडेर निरन्तर उद्यमशील श्रमको पुनरुत्पादन गरेन । जसले गर्दा ती मुलुकको राष्ट्रिय पुँजीको विकास अवरुद्ध हुन गयो । अर्थतन्त्रमा त्यस्तो साम्राज्यवादी पकडले गर्दा ती राष्ट्रहरूको राजनीतिक-सामाजिक र सांस्कृतिक विकाससमेत अवरुद्ध भयो । यसरी ती मुलुकहरूमा क्रान्तिको कार्यभार राष्ट्रिय तथा उद्यमशील पुँजीको विकास हुनगयो । नेपाली समाज अहिले त्यही अवस्थामा भएको हुँदा नेपाली क्रान्तिको तात्कालिक कार्यभार पनि राष्ट्रिय तथा उद्यमशील पुँजीको विकास गर्नु हो ।

नेपाली समाज अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको र त्यसको राजनीति सामन्त तथा साम्राज्यवादीहरूको प्रत्यक्ष अधीनमा रहेको निरङ्कुशतन्त्र हुन्थ्यो भने श्रमजीवी वर्गको रणनीतिक कार्यभार निरङ्कुशतन्त्रको विरुद्ध राजनीतिक स्वतन्त्रता प्राप्तिका लागि आन्दोलनलाई सङ्गठित गर्नुहुन्थ्यो । क्रान्तिको यो बाटो चीन, हिन्द र अन्य कतिपय मुलुकले हिँडेका थिए । तर, नेपाली समाज मूलतः पुँजीवादमा सङ्क्रमण भइसकेको हुनाले, यहाँको राजनीति पनि सामन्यतः प्रजातान्त्रिक भएको हुनाले र अन्य धेरै कारणहरूले अबको नेपाली प्रगतिशील राजनीति 'राज्यसत्ता कब्जा गर्ने' नीतिको आधारमा अगाडि बढ्नेछैन । त्यसैले शान्तिपूर्ण र प्रजातान्त्रिक विधिभित्र अन्य राजनीतिक पार्टीसँग प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्दै र राष्ट्रिय पुँजीको विकासद्वारा उत्पादक शक्तिको पर्याप्त विकास गर्दै समाजवादको तयारी गर्ने दिशामा अगाडि जानु नै हाम्रोजस्ता मुलुकको कार्यभार हो । त्यसैले जनताको बहुदलीय जनवाद हाम्रो मुलुकको क्रान्तिको बाटो हो ।

**बुझाइको समस्या**

माथि भनिएझैं, कम्युनिस्ट पार्टीको कार्यभार प्रतिक्रियावादी राज्यसत्ता ध्वस्त पारेर वा कब्जा गरेर सर्वहारा वर्गको नेतृत्वमा (वस्तुतः कम्युनिस्ट पार्टीको नेतृत्वमा) स्थापित हुने जनवादी राज्यले उत्पादक शक्तिको योजनाबद्ध विकास गर्ने मान्यतामा हामी हुर्केका हौं । राज्यसत्तालाई ध्वस्त पार्ने वा कब्जा गर्ने बाटो जनताको बहुदलीय जनवादको बाटो होइन । अर्थात्, राज्यसत्तालाई ध्वस्त पार्ने वा कब्जा गर्ने बाटो समाउने हो भने त्यो जनताको बहुदलीय जनवादको बाटो हुन सक्दैन । अर्कोतर्फ, प्रजातान्त्रिक विधिद्वारा समाजको प्रगतिशील रूपान्तरण हुन्छ भन्ने कुराको पुष्टि नगर्ने हो भने जनताको बहुदलीय जनवाद क्रान्तिकारी सिद्धान्त हुन सक्दैन । कस्तो सङ्गठन, कस्तो प्रक्रिया र कस्तो कार्यपद्धतिले जनताको बहुदलीय जनवादी सिद्धान्तले समाजलाई प्रगतिशील दिशामा रूपान्तरण गर्दै लैजान्छ भन्ने कुराको वस्तुगत रूपले पुष्टि गरेपछि मात्रै जबजको वैज्ञानिकताको पुष्टि हुन्छ । अर्थात्, जबज वैज्ञानिक सिद्धान्त हो भनेर दाबी गर्नु मात्रै पर्याप्त छैन बरु प्रमाणित गर्नुपर्छ ।

पार्टीको निर्माण कसरी गरिन्छ अर्थात् पार्टीमा कस्ता व्यक्तिले सदस्यता लिन्छन् वा कस्ता व्यक्तिलाई सदस्यता दिइन्छ र उनीहरूका कस्ता-कस्ता गतिविधिले उत्पादक शक्तिलाई पुरानो उत्पादन सम्बन्धबाट मुक्त गर्छ र विकसित गर्दै लैजान्छ भन्नेजस्ता सामान्य प्रश्नमा हामीले कहिल्यै छलफल गर्दैनौं । पार्टीको केन्द्रीय कमिटीमा समेत यस्तो छलफल हुँदैन । यस्तो छलफल पार्टी जीवनको अभिन्न अङ्ग नबन्ने हुँदा पाँच-पाँच वर्षमा आयोजना हुने महाधिवेशनमा पेस गरिने दस्तावेजहरू पनि केवल औपचारिक बन्न जान्छन् । पार्टी कमिटीहरू दैनन्दिन राजनीतिक घटना र दोउपेचमा संलग्न हुँदै जाँदा पार्टी जीवन नै वास्तविक क्रान्तिकारी प्रक्रियाबाट अलिग्गँदै जान्छ र भ्रान्त विचारधारा वा भ्रान्त सिद्धान्तबाट निर्देशित हुँदै जान्छ । यसरी एउटा समयको क्रान्तिकारी पार्टी क्रमशः यथास्थितिवादी बन्दै जान्छ । अनि, नारा क्रान्तिकारी देखिन्छ तर अन्तरवस्तु यथास्थितिवादी हुन्छ । यो अन्तरविरोधले पार्टीमा विचार, सिद्धान्त, सङ्गठन, कार्यशैली र पार्टी सदस्यहरूका व्यक्तिगत व्यवहारमा समेत एकैसाथ अनेकौं समस्याहरू देखापर्छन् ।

उपरोक्त अन्तरविरोधले गर्दा पार्टीमा स्वार्थसमूहहरू खडा हुन्छन् । समाजको वस्तुगत रूपान्तरणको प्रक्रियामा लाग्दा देखापर्ने समस्याहरू क्रान्तिकारी व्यवहारको दौरानमा समाधान हुँदै जान्छन् । तर, पार्टी क्रान्तिकारी रूपान्तरणको प्रक्रियाबाट टाढिँदै जाँदा देखापर्ने समस्याहरू नेता वा कार्यकर्ताका निजी स्वार्थसँग जोडिएका हुन्छन् । ती समस्याको समाधान सबैका निजी स्वार्थहरूलाई पूरा गरेर मात्रै हुन्छ जुन काम पार्टीले गर्न सम्भव हुँदैन । त्यसैले यस्तो अवस्थामा देखापर्ने गुटहरू स्थायी हुन्छन् । स्वभावैले ती गुटहरू क्रान्तिकारी प्रक्रियामा रहन्नन् त्यसैले ती गुटहरू पनि स्वार्थको व्यवस्थापन गर्नसक्दा मात्रै टिक्छन् नत्र भत्किन्छन् । अर्थात्, निजी स्वार्थहरूको व्यवस्थापन गर्नसक्ने गुटहरू व्यवस्थित, प्रभावकारी र बलिया हुन्छन् । सङ्क्षेपमा, समाजको प्रगगतिशील रूपान्तरणसँग प्रत्यक्षरूपले जोडिएको पार्टीका समस्याले क्रान्तिकारी व्यवहारको दौरानमा समाधान फेला पार्छन् भने नजोडिएको पार्टीका समस्याले व्यक्तिहरूको स्वार्थको भागबण्डामा समाधान फेला पार्छन् ।

त्यसैले नेकपा (एमाले) का लागि आर्थिक-सामाजिक रूपान्तरण भविष्यको विषय होइन बरु अहिलेको तात्कालिक कार्यभार पनि हुनुपर्छ । किनकि, हामीले आर्थिक-सामाजिक रूपान्तरणका क्षेत्रमा खेलेको भूमिका अनुसार नै हाम्रो राजनीतिक र साङ्गठनिक क्षेत्र पनि साँघुरो वा फराकिलो बन्दै जान्छ । आर्थिक-सामाजिक क्षेत्रमा क्रान्तिकारी भूमिका भनेको मूलतः उत्पादक शक्तिको विकास गर्ने भनेको हो । हाम्रो जस्तो मुलुकमा उत्पादक शक्तिको विकासको निरन्तरता क्रान्तिकारी राजनीतिमा मात्रै प्रत्याभूत हुनसक्ने भएकाले हाम्रो पार्टीले समाजको प्रगतिशील रूपान्तरणको व्यवहारसँग विचार, सिद्धान्त, सङ्गठन र कार्यपद्धतिलाई जोड्नुपर्छ ।

हाम्रो पार्टी धेरै लामो समयदेखि सङ्कटग्रस्त बन्दै गएको छ । तर सङ्कटको कारण पार्टी सरकारमा नहुनु हो, नेतृत्वको निजी कमजोरी हो, गुटबन्दी हो वा यस्तै अरू केही हो भनेर हामी उम्किँदै आएका छौं । यी कारणहरू जिम्मेवार छैनन् भन्ने होइन तर यी कमजोरीहरूको आधार पनि उपरोक्त सैद्धान्तिक अस्पष्टता नै हो । सिद्धान्तको प्रश्न समाधान भइसक्यो भनेर वा पुराना सिद्धान्तमा उभिएर वस्तुगत यथार्थलाई नदेखेझैं गर्दा क्रान्तिको प्रश्न गोलमाल बन्दै गएको छ ।

**जबजको अन्तरवस्तु**

जनताको बहुदलीय जनवादलाई प्रजातान्त्रिक राजनीति र समाजको प्रगतिशील रूपान्तरणको अन्तरवस्तु भएको सिद्धान्तको रूपमा व्याख्या नगर्ने हो भने जनताको बहुदलीय जनवाद र नेकपा (एमाले)ले नेपाली राजनीतिमा आफ्नो औचित्य स्थापित गर्न सक्दैनन् । अर्थात् हामीले एकातिर प्रजातान्त्रिक विधिको अभ्यासमा श्रेष्ठता हासिल गर्नुपर्छ, अर्कातिर समाजको प्रगतिशील रूपान्तरणमा पनि अगुवाइ गर्नुपर्छ । ती दुईलाई अलग-अलग बुझ्ने तरिकाले जबजको प्रयोग र विकास हुन सक्दैन । सरल तरिकाले के भन्न सकिन्छ भने हाम्रो राजनीतिक जीवनको मुख्य निर्देशक तत्व प्रजातान्त्रिक विधि हो भने प्रजातान्त्रिक अभ्यासको उद्देश्य समाजको प्रगतिशील रूपान्तरण हो । ती दुवैलाई एउटै प्रक्रियाका दुईवटा पक्षका रूपमा विकसित गर्दै जानु जनताको बहुदलीय जनवाद हो ।

प्रजातन्त्रको अभ्यास समाजको प्रगतिशील रूपान्तरणसँग आङ्गिक रूपमा जोडिएको हुनुपर्छ । त्यसो हुन सकेन भने हामी बुर्जुवा उदारवादमा फस्दै जानेछौं । प्रजातान्त्रीकरण भनेको हरेक कमिटी निर्वाचित हुने र हरेक कमिटी बहुपदीय हुने व्यवस्था हो भनेर मात्रै बुझियो या बुझाइयो भने हामी क्रमशः मार्क्सवादबाट टाढा हुँदै जानेछौं । अर्कातिर समाजको प्रगतिशील रूपान्तरणलाई मात्रै जोड दिने र प्रजातान्त्रिक विधिलाई वास्ता नगर्ने प्रवृत्तिले हामीलाई परम्परागत उग्रवादी राजनीतिको नजिक लैजानेछ । यी दुवैलाई एकसाथ बुझ्न र प्रयोग गर्न सकियो भने मात्रै सैद्धान्तिक र व्यावहारिक रूपले सही ठाउँमा उभिनेछौं । हामीले आफूलाई पर्याप्त प्रजातान्त्रिक बनाउनैपर्छ तर त्यो प्रजातान्त्रिक अभ्यासले हामीलाई व्यक्तिगत र सामूहिक रूपमा समाजको रूपान्तरणका लागि सबल र योग्य बनाउनुपर्छ । यदि यो सर्त पूरा गरिएन भने जबजको प्रयोग गलत हुन जानेछ । प्रजातान्त्रीकरणको नाममा गुटबन्दी र व्यक्ति केन्द्रित स्वच्छन्दता मौलाउँदै जानेछ । त्यसैले प्रजातान्त्रिक विधिद्वारा समाजको प्रगतिशील रूपान्तरण गर्ने सिद्धान्त जनताको बहुदलीय जनवाद हो ।

आर्थिक-सामाजिक रूपान्तरणको प्रतिस्पर्धात्मक प्रजातान्त्रिक राजनीतिमा श्रेष्ठता हासिल नगरीकन जनताको बहुदलीय जनवादले आफ्नो औचित्य सावित गर्न सक्दैन । त्यस्तो श्रेष्ठता हासिल गर्नु भनेको पार्टीले सामाजमा वैचारिक वर्चश्व हासिल गर्दै जानु हो । सङ्क्षेपमा, जनताको बहुदलीय जनवादले प्रजातान्त्रिक विधिद्वारा प्रतिस्पर्धा गर्दै, त्यसक्रममा सामाजिक वर्चश्व हासिल गर्दै, त्यसको बलमा अझ बढी आर्थिक-सामाजिक रूपान्तरण गर्दै र फेरि, अझ बढी बर्चश्व हासिल गर्दै अगाडि बढ्छ । यो जनताको बहुदलीय जनवादी क्रान्तिको प्रक्रिया हो । हाम्रो समाजको यो ऐतिहासिक चरणको वास्तविकतालाई बुझ्न सकिएन भने हामीले आफ्नो कार्यभारलाई पूरा गर्न सक्नेछैनौं ।

उत्पादनसँग जोडिएको सङ्गठन

सङ्गठन सामाजिक परिवर्तनको बाहक हो । हामीले उत्पादक शक्तिको निरन्तर विकासद्वारा राष्ट्रिय पुँजीको विकास गर्ने कामलाई क्रान्तिको तात्कालिक अभिभारा मान्छौं भने त्यस दिशाअनुरूपको सङ्गठन पनि हुनुपर्छ । अर्थात्, हाम्रो सङ्गठन उत्पादक शक्तिको विकाससँग कत्तिको जोडिएका छन् भन्ने कुराले त्यो क्रान्तिकारी हो कि होइन भन्ने निर्धारण गर्छ । अहिलेका हाम्रा सङ्गठन उत्पादनसँग भन्दा संसदीय निर्वाचनसँग जोडिएका छन् । त्यसैले पार्टीका प्रायः सदस्यको प्राथमिक जिम्मेवारी निर्वाचनका लागि भोट बढाउने उद्देश्यसँग जोडिएको छ । त्यसैले हाम्रो पार्टीमा सामाजिक रूपान्तरणको विचारधारात्मक तथा सैद्धान्तिक प्रश्न कमजोर हुँदै गएको छ । त्यसका जगमा अनेकौं समस्याहरू सिर्जना भएका छन् । सङ्गठनलाई वास्तविक क्रान्तिकारी व्यवहारसँग जोडेर आजका ती सबै समस्या समाधानको आरम्भ गर्नुपर्छ । यो काम निम्नानुसार गर्नुपर्छ :

१. पार्टीको केन्द्रीय नेतृत्व मुलुकको पूर्वाधारको विकास र सामाजिक न्यायको संवैधानिक तथा कानुनी व्यवस्थाका लागि जिम्मेवार हुनुपर्छ । त्यसका लागि संसद् र सरकारलाई दबाब सिर्जना गर्नुपर्छ । राष्ट्रियस्तरका अभियानहरू सञ्चालन गर्नुपर्छ । आवश्यक पर्दा उसले आन्दोलनहरू सङ्गठित गर्नुपर्छ । सम्पूर्ण पार्टीपङ्क्ति उत्पादनसँग जोडिएको छ वा छैन भन्ने कुराको मूल्याङ्कन गर्नुपर्छ, प्रशिक्षणहरू सञ्चालन गर्नुपर्छ । यस्तो जिम्मेवारी पूरा गरेको वा नगरेको आधारमा नेतृत्वको मूल्याङ्कन गर्नुपर्छ । अर्थात्, राजनीतिलाई उत्पादनसँग जोड्ने क्षमता र योग्यताका आधारमा नेतृत्वमा रहने व्यक्तिको मूल्याङ्कन गरिनुपर्छ । महाधिवेशनमा नेतृत्वले आफ्नो कार्यकालको सफलता वा असफलताको आधार पनि मुलुकको उत्पादक शक्तिको विकासमा उसले खेलेको भूमिकालाई बनाउनुपर्छ ।

२. स्थानीय तहका हरेक कमिटीले आआफ्नो क्षेत्रमा उत्पादनका साथसाथै सामाजिक न्याय तथा सुधारका क्षेत्रमा गरेका कामलाई पार्टी कामको मुख्य क्षेत्र बनाउनुपर्छ । राज्यलाई दबाब दिनु, निजी क्षेत्रलाई प्रोत्साहित गर्नु र मुख्यतः सहकारितालाई सुदृढ पार्नुपर्छ । आफ्नो क्षेत्रको शिक्षा, स्वास्थ्य, बाटो, खानेपानी, सञ्चार, प्रतिव्यक्ति आय, रोजगारीजस्ता क्षेत्रमा कमिटीले खेलेको भूमिकाका आधारमा तिनीहरूको मूल्याङ्कन गर्नुपर्छ । यसको अर्थ अबका हाम्रा स्थानीय कमिटी र नेताहरू पार्टीमा सङ्गठित भएको समयका आधारमा मात्रै होइन उत्पादन तथा सामाजिक न्यायका क्षेत्रमा उनीहरूले पूरा गरेको भूमिकाका आधारमा निर्वाचित हुनेछन् ।

३. पार्टीलाई उत्पादनसँग प्रत्यक्ष रूपमा जोड्नु भनेको यसका सदस्यहरू त्यस हिसाबले प्रशिक्षित र सक्रिय हुनु हो । त्यसैले हरेक पार्टी सदस्य उत्पादनशील कार्यमा लाग्नैपर्छ । उनीहरू कमिशन वा अनुत्पादक नाफामा लाग्नुहुँदैन । उत्पादनका जुनसुकै क्षेत्रमा लागे पनि उनीहरूले सकेसम्म बढी रोजगारी सिर्जना गर्ने र अरूलाई उद्यमसँग जोड्ने काम गर्नुपर्छ । राज्यलाई कर तिर्नुपर्छ । पार्टी सङ्गठनलाई उत्पादनसँग प्रत्यक्ष रूपमा जोड्दा हाम्रो पार्टीमा त्यो योग्यता भएका हजारौं पेशेवर कार्यकर्ता आवश्यक हुनेछ । ती पेशेवर कार्यकर्ताको जीवन निर्वाहका लागि पार्टीले आवश्यक योजना

बनाउन कुनै गाह्रो हुँदैन । आफ्नो क्षेत्रको उत्पादनसँग प्रत्यक्ष रूपले जोडिने हुँदा ती कार्यकर्ताहरू पार्टीको पेशेवर कार्यकर्ता नहरँदा पनि सामाजिक रूपले बेरोजगार वा सीमान्तीकृत हुनुपर्ने छैन ।

**कार्यपद्धति**

सङ्गठनले सिद्धान्तलाई व्यवहारमा लागू गर्छ र फेरि सिद्धान्तको विकास, परिस्कार गर्दै जान्छ । तर, सङ्गठनले सिद्धान्तको कार्यान्वयन गर्दा एउटा निश्चित पद्धति अवलम्बन गर्नुपर्छ ता कि कार्यान्वयनको ग्यारेन्टी गर्न सकियोस् र स्वयम् सिद्धान्तका कमजोरीहरूलाई पत्ता लगाउन सकियोस्, जसका आधारमा सिद्धान्तको विकास वा परिस्कार गर्न सकियोस् । यस हिसाबले जनताको बहुदलीय जनवादको पनि आफ्नो कार्यपद्धति हुनुपर्छ । अनि कार्यपद्धति मनमौजी बनाउने चीज होइन, किनकि त्यो त सिद्धान्तको अन्तरवस्तु र सिद्धान्त कार्यान्वयनको प्रक्रिया अनुसार बनाइनुपर्छ । यसरी हेर्दा, जबजको कार्यपद्धतिलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

जनताको बहुदलीय जनवाद मुलुकलाई राष्ट्रिय पुँजीको विकासद्वारा वर्तमान पराधीनता, वर्गीय शोषण, क्षेत्रीय तथा जातीय विभेदबाट मुक्त गर्ने र सबै नेपालीको प्रजातान्त्रिक तथा सम्पन्न मुलुक बनाउँदै भविष्यमा समाजवाद स्थापना गर्ने सिद्धान्त हो भन्ने कुरालाई व्यापक रूपमा प्रचार गर्नुपर्छ । पार्टीको राजनीति बुझ्नेकालाई पार्टी वा जनसङ्गठनहरूमा सङ्गठित गर्नुपर्छ । पार्टी वा जनसङ्गठनमा आबद्ध रहेका हरेक सदस्यले पार्टी राजनीतिको प्रचारद्वारा कति मानिसलाई पार्टीमा ल्यायो र सङ्गठित गऱ्यो भन्ने आधारमा उसको राजनीतिक तथा वैचारिक योग्यताको मापन गरिनुपर्छ । हरेक स्तरको पार्टी कमिटीले राजनीतिक प्रचार र उत्पादनका क्षेत्रमा त्यस्तो काम गर्नुपर्छ जसले सामाजका अरू व्यक्तिलाई पार्टीको नजिक ल्याउँछन्, पार्टी राजनीति बुझ्न सघाउँछन् । त्यसअन्तर्गत प्रत्यक्ष उत्पादनका कामदेखि प्रचार-प्रसार, सभा-गोष्ठी, जुलुस, अध्ययन-अनुसन्धान र सडक-सङ्घर्षसम्मका काम पर्छन् ।

यसरी राजनीतिक राजनीतिक रूपमा सचेत मानिसहरू सङ्गठित हुन्छन्, सङ्गठित सदस्यहरू प्रभावकारीरूपमा परिचालित हुन्छन् । त्यस्तो परिचालनले अझ धेरैलाई सचेत पार्छ, अझ ठूलो सङ्गठन बन्छ, अझ प्रभावकारी परिचालन सम्भव हुन्छ । एवम् तरिकाले पार्टीको विचारधारात्मक वर्चश्वको विस्तार हुँदै जान्छ । जबजले सामाजिक रूपान्तरणको प्रक्रियालाई ग्यारेन्टी गर्छ र त्यस्तो प्रक्रियाले जबजको सिद्धान्तको वैज्ञानिकतालाई पुष्टि गर्दै जान्छ ।

**अन्त्यमा**

- जनताको बहुदलीय जनवादलाई उत्पादनसँग जोड्ने प्रश्न अहिलेको पार्टी निर्माणको केन्द्रीय प्रश्न हो । अहिले हाम्रो पार्टी राज्यसत्तालाई ध्वंस गर्ने कार्यभार भएको पार्टी जस्तो निर्माण भएको छ तर जबजले राज्यलाई रूपान्तरण गर्ने मान्यता राख्छ । एकखालले बनेको पार्टीलाई अर्को खालको पार्टी बनाउँदा अन्य धेरै कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । त्यसका लागि एउटा गम्भीर अध्ययन र छलफलको आवश्यक हुन्छ । तर, हामी अझै पनि त्यस्तो अध्ययन र छलफलप्रति अपेक्षितरूपमा आकर्षित समेत भएका देखिदैनौं ।
- नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादको कार्यक्रमलाई स्थापित गरेर युगानुकूल सिद्धान्त निर्माणको ढोका खोलेको थियो । यसलाई इन्कार गरेर अब कुनै पनि पार्टी क्रान्तिकारी बन्न सम्भव छैन । अब हामीले जबजलाई हाम्रो व्यक्तिगत र पार्टी जीवनको मामिला बनाउनुपर्ने भएको छ ।
- हामीले यस हिसाबले जनताको बहुदलीय जनवादलाई व्याख्या गर्न थाल्यौं भने कम्युनिस्ट आन्दोलनमा वस्तुवादी सिद्धान्तको बहस आरम्भ हुनेछ र त्यसक्रममा हामीले अन्य उग्रपन्थी र दक्षिणपन्थी पार्टीहरूमा विचारधारात्मक तथा राजनीतिक दबाब सिर्जना गर्दै नेकपा (एमाले)को श्रेष्ठता स्थापित गर्नेछौं । ❐

# राजनीतिक शब्द परिचय

**अर्थवाद** (Economism) :

मान्छेको जीवनमा आर्थिक विषय वा अर्थलाई सबैभन्दा प्रमुख कुरा मान्नु र त्यसैका लागि हरप्रकारले समर्पित रहनु नै अर्थवाद हो । तर, मान्छेलाई आर्थिक सुखसुविधामै भुलाउने उद्देश्यका साथ 'अर्थवाद' शब्दको प्रयोग सुरु भएको पाइन्छ । रुसको मजदुर आन्दोलनबाट नै यो शब्दको प्रचलन सुरु भएको मानिन्छ ।

राजनीतिमा लाग्नेबाहेक अन्य पेसा-व्यवसायका मान्छेहरू, मजदुर, विद्यार्थी, शिक्षक, किसानलगायतका पेसाकर्मीहरू राजनीतिमा नलागून् वा लाग्नुहुन्न भन्ने मान्यता रुसी क्रान्तिभन्दा अगाडिका शासक वर्गहरूको थियो । शासकहरूको यही धारणाको पक्षपोषण गर्ने मजदुर नेताहरू पनि 'मजदुरहरूले राजनीति गर्ने होइन, आफ्नो ज्याला र सुविधामा ध्यान दिनुपर्छ' भन्ने गर्थे । सङ्घर्ष गर्दा नै पनि उनीहरू आर्थिक मागमा मात्र जोड दिन्थे, हकअधिकार र स्वतन्त्रताको कुरा गर्न चाहँदैनथे । उनीहरू शोषण-उत्पीडनका विरुद्धमा आवाज उठाएर राजनीति गर्नुहुन्न भन्दथे । तैपनि, मजदुरहरू पनि राजनीतिमा सक्रिय रहनुपर्ने मान्यता शक्तिशाली बन्नपुग्यो । लेनिनको नेतृत्वमा सामाजिक जनवादी पार्टीले आर्थिक मागहरू सँगसँगै शोषण-

उत्पीडनका विरुद्ध लड्दै मजदुर वर्ग आफैंले राज्यसत्ता कब्जा गर्नुपर्ने कुरा अगाडि सार्‍यो । त्यसैको प्रभावस्वरूप मजदुर वर्ग आफैं क्रान्तिमा होमियो । मजदुर वर्गलाई आर्थिक कुरामा मात्र सीमित राख्न चाहने 'अर्थवाद' निस्प्रभावी बन्नपुग्यो ।

**उदारवाद** (Liberalism) :

शाब्दिक अर्थमा उदार खालको विचार वा मतलाई नै उदारवाद भनिन्छ । तर अहिलेको विश्वमा खासगरी पुँजीवादी दृष्टिकोणबाट आधुनिक राजनीतिक तथा आर्थिक क्षेत्रमा यो शब्द बढी प्रचलित बनेको छ । सबै जनतामा सुविधा तथा स्वतन्त्रताको अधिकार रहनुपर्छ भन्ने सिद्धान्त उदारवादले अँगालेको देखिन्छ । शीतयुद्धपछि उदार प्रजातन्त्रको चर्चासँगै उदारवादको उपस्थिति विश्वभर देखापरेको थियो । पुँजीवादी विचारकै रूपमा राजनीतिक उदारवादको उदय भएको हो । तर अहिलेको विश्वमा उदारवादले राजनीतिसँगै अर्थ, व्यापार, वाणिज्यजस्ता क्षेत्रमा समेत चर्चा पाउन थालेको छ । उदारवादको उदय आमूल परिवर्तन र क्रान्तिको विपक्षमा भएको हो । यसले क्रमिक पुँजीवादी सुधारलाई मात्र महत्व दिन्छ । राजनीतिक र आर्थिक स्वतन्त्रताको वकलत गर्नु उदारवादको विशेषता हो । राजनीति र अर्थतन्त्रमा नागरिकको समान पहुँचको कुरा गरे पनि आर्थिक समानताको कुरालाई उदारवादले स्वीकार गर्दैन । यसले पुँजीको वा आर्थिक क्रियाकलापको प्रतिस्पर्धालाई महत्व दिन्छ । पुँजीवादी विचारलाई विश्वव्यापीरूपमा अझै बलियो र व्यापक बनाउने राजनीतिक र आर्थिक उद्देश्यका साथ उदारवादको उदय भएको हो ।

**आर्थिक प्रशासन** (Financial Administration) :

आर्थिक कारोबार वा क्रियाकलापलाई व्यवस्थित-नियमित गर्ने विधि-विधान र प्रक्रियाको माध्यम नै आर्थिक प्रशासन हो । आर्थिक प्रशासनको प्रमुख उद्देश्य आर्थिक नीतिको निर्धारण गर्नु हो । त्यसबाहेक आर्थिक नीति तथा आर्थिक क्रियाकलापको मूल्याङ्कन गर्नु पनि आर्थिक प्रशासनको लक्ष्य हो । आर्थिक प्रशासनलाई आधुनिक सरकारको महत्वपूर्ण अङ्गका रूपमा लिइन्छ । सरकारी सेवामा रकम सञ्चालन गर्ने  निकायलाई व्यवस्थित गर्ने र रकम सञ्चालन पद्धतिको व्यवस्थित विकास गर्ने काम पनि आर्थिक प्रशासनले गर्दछ । सरकारी यन्त्रको सञ्चालनमा आर्थिक प्रशासन अनिवार्य मानिन्छ । सरकारी आम्दानी र खर्चको कानुनी ढङ्गले प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि पनि आर्थिक प्रशासनबिना सम्भव छैन । आर्थिक विकास योजनामा पनि आर्थिक प्रशासनको भूमिका प्रभावकारी रहन्छ ।

**आर्थिक उदारीकरण** (Economic Liberalization) :

आर्थिक  क्रियाकलापलाई सरकारी नियन्त्रणबाट मुक्त गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीतिलाई नै आर्थिक उदारीकरणको नीति भनिन्छ । यो नीतिले आर्थिक क्रियाकलापहरूमा निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने कुरालाई महत्व दिन्छ । व्यावसायिक मात्र होइन विकासमूलक क्रियाकलापहरूमा समेत निजी क्षेत्रको सहभागिताका लागि महत्व दिने नीति आर्थिक उदारीकरणको हुन्छ । यो पुँजीवादी अर्थनीतिको विशेषताका रूपमा देखापरेको नीति हो । खुलापन, प्रतिस्पर्धा र मानव संशोधनको उच्चतम प्रयोग-उपयोगबाट आर्थिक विकास गर्नुपर्ने मान्यता आर्थिक उदारीकरणको छ । वैदेशिक लगानीको अभिवृद्धिबाट व्यापार-व्यवसायमा अन्तर्राष्ट्रिय पहुँच बढाउने नीति पनि यसको छ । प्रतिस्पर्धाबाट नयाँ-नयाँ प्रवर्तनमा बल पुग्ने र त्यसले आर्थिक विकास, उन्नति र समृद्धिलाई तीव्रता दिने मान्यता पनि आर्थिक उदारीकरणको छ । यो समाजवादी अर्थनीतिको विपक्षमा छ । समाजवादी अर्थनीतिका विरुद्ध पुँजीवादी अर्थनीतिको महत्वपूर्ण अङ्गको रूपमा आर्थिक उदारीकरणको नीतिलाई लिने गरिन्छ ।

**आर्थिक कुटनीति** (Economic Diplomacy) :

सरकार, निजी क्षेत्र र बाह्य (वैदेशिक) क्षेत्रसँग कुटनीतिक सम्बन्ध-समन्वय स्थापित गरी देशको हितमा औद्योगिक, व्यापारिकलगायत आर्थिक विकासका क्रियाकलापहरू सञ्चालन गर्नु नै आर्थिक कुटनीति हो । आर्थिक कुटनीतिअन्तर्गत निजी र बाह्य क्षेत्रसँगै आर्थिक कारोबारसँग सम्बद्ध सबै पक्षहरूको प्रभावकारी र परिणाममुखी ढङ्गले परिचालन गर्ने कुरा पनि जोडिएको छ । देशको निजी क्षेत्रबाहेक विदेशी कुटनीतिक नियोगहरूको परिचालनबाट पनि आर्थिक अभिवृद्धि गर्न आर्थिक कुटनीतिलाई गति दिने काम गरिन्छ । वैदेशिक ऋण, अनुदान, सहयोगजस्ता कुराहरू पनि आर्थिक कुटनीतिअन्तर्गत नै पर्दछन् । एक देशले अर्को देशसँग विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू गर्दा आफ्नो देशको आर्थिक हितमा ध्यान दिने कुरा पनि आर्थिक कुटनीतिअन्तर्गत नै पर्दछ ।

**निजीकरण** (Privatization) :

सरकारको वा सार्वजनिक स्वामित्वमा रहेको प्रतिष्ठान (संस्था) कुनै व्यक्ति अर्थात् निजी क्षेत्रलाई दिनु, बिक्री गर्नु वा हस्तान्तरण गर्नु नै निजीकरण हो । अर्को अर्थमा सरकारी स्वामित्वका संस्थाहरूमा निजी क्षेत्रलाई सहभागी गराउने कार्यलाई पनि निजीकरणकै रूपमा लिने गरिन्छ । आर्थिक उदारीकरणको नीतिअन्तर्गत नै निजीकरणको नीति देखापरेको हो । सरकारी स्वामित्वमा सञ्चालित संस्थाहरूको दक्षता वृद्धि गरी उत्पादकत्व बढाउने उद्देश्यले निजीकरणको नीति अवलम्बन गरिएको देखिन्छ । त्यस्तै, यस नीतिबाट प्रतिस्पर्धाको विकास भई प्रभावकारी सेवा र गुणस्तरमा समेत उल्लेख्य परिणाम आउने धारणा राख्ने गरिन्छ । निजीकरणबाट प्रतिस्पर्धात्मक वातावरणको निर्माण गरी गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने काममा सजिलै सफलता प्राप्त हुने प्रचार पनि गर्ने गरिएको छ । तर, नेपालमा सरकारी स्वामित्वका सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्ने नीति सफल भएको देखिँदैन । उदाहरणको रूपमा बाँसवारी छाला जुत्ता कारखानालाई लिन सकिन्छ । राम्रै सञ्चालनमा रहेको र उत्पादनको गुणस्तरमा पनि राम्रै मानिएको उक्त कारखानालाई ०४८ सालपछि निजीकरण गरियो । तर, निजीकरणपछि उक्त कारखानाको दक्षता वृद्धि भई उत्पादन, गुणस्तर र सेवामा वृद्धि हुनु त कता हो कता, उल्टै कारखाना नै

धराशायी बन्नपुग्यो । निजीकरण गरिएको एक वर्षसम्म पनि उक्त कारखाना सञ्चालनमा रहन सकेन । अन्ततः बन्दै हुनपुग्यो ।❒

# प्रथम महिला उपसभामुख रहनुभएन

**❒ प्रदीप भण्डारी**

पूर्वको दुर्गम र विकट पहाडी जिल्लाका रूपमा चिनिने ताप्लेजुङ सिकैचा गाविस- ९ मा २००५ साल कात्तिक ५ गते जन्मिनुभएको थियो- लीला सुब्बा । बुबा अम्बरबहादुर मेयाङ्बो र आमा शुकमती मेयाङ्बोका कोखबाट जन्मनुभएकी उहाँ आठ दाजुभाइ र चार दिदीबहिनीको संयुक्त परिवारमा हुर्किनुभएको थियो । उहाँको बाल्यकाल घाँस, दाउरा, ढिकी जाँतो र गाई-बाखासँग खेल्दै बितेका थिए ।

पहाडबाट धरान झरेपछि बालआदर्श विद्यालय (हालको सहिद स्मृति) बाट अध्ययन सुरु गरी श्री शिक्षा सदन माध्यमिक विद्यालय धरान- १५ मा कक्षा १० सम्म अध्ययन गर्नुभयो । उहाँ डिपोट स्कुलबाट एसएलसी उत्तीर्ण हुनुभएको थियो । साथै लीला प्राइभेट परीक्षा दिएर आईए र बीए पास गरी बनारसबाट स्नातकोत्तरसम्मको अध्ययन गर्न सफल हुनुभएको थियो । त्यसले उहाँलाई मेहनती र लगनशील नारीका रूपमा परिचित गराउँछ ।

पूर्वाञ्चल यातायात प्रालिमा दाजु अकलबहादुर मेयाङ्बोको सहायताले सामान्य रोजगारीमा कार्यरत रहँदा सोही कार्यलयमा कार्यरत धरान निवासी ध्रुवलाल श्रेष्ठसँग ०२८ सालमा प्रेमविवाहमा बाँधिनुभएकी सुब्बा त्यसपछि नै लीला श्रेष्ठ (सुब्बा) भनेर चिनिनुभएको थियो ।

०३७ सालदेखि वाम राजनीतितर्फ आकर्षित र प्रभावित हुनुभएकी उहाँ धरान-७ का राममोहन पालिखे, आठराईबाट आएका नरेश शाक्यलगायत तत्कालीन शोषण दमन-उत्पीडन र चिनियाँ तथा अन्य कम्युनिस्ट पत्रपत्रिका र लेखहरू आफ्नो राजनीतिमा प्रवेशका निमित्त प्रेरणाका स्रोतहरू रहेको बताउनुहुन्थ्यो ।

मानव अधिकार संरक्षण मञ्च सुनसरीको अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी सुनसरी र अनाथ बालआश्रम धरानको आजीवन सदस्य भई काम गर्नुभएकी उहाँ सामाजिक सेवामा रुचि राख्नुहुन्थ्यो । जापान, फिलिपिन्स, थाइल्यान्ड, हङकङ, जर्मनी, भारत, डेनमार्क, नर्वेलगायतका देशहरूको भ्रमणबाट प्राप्त अनुभवका आधारमा उहाँले रचनात्मक विकास कार्यमा अगाडि बढ्न सबैलाई झक्झक्याउनु हुन्थ्यो ।

०४५ सालमा मानव अधिकार संरक्षण मञ्चको नाममा भूकम्प पीडितहरूलाई राहत वितरण गरेको अभियोगमा उहाँ एक महिना थुनामा रहनुभयो । त्यसबेला पनि जनताका समस्यामा साथ दिनुपर्दछ, उनीहरूको आवाजलाई बुलन्द पार्नुपर्दछ भनी उर्जा थप्ने काम गर्नुहुन्थ्यो ।

०३८ सालमा अनेमसङ्घ धरान नगर तयारी समितिको अध्यक्षबाट साङ्गठनिक रूपमा राजनीतिक यात्रा शुरु गर्नुभएकी लीलाले अनेमसङ्घ जिल्ला समिति, अनेमसङ्घ जिल्ला सचिव (०४५) आदि जिम्मेवारी सम्हाल्दै ०४८ मा नेकपा (एमाले) जिल्ला कमिटीको सदस्य र क्षेत्रीय सचिव रहदै क्षेत्र नं.- १ मा सक्रिय रहनुभयो । त्यसैक्रममा उहाँले अनेमसङ्घ केन्द्रीय सदस्यसमेतको जिम्मेवारी बहन गरिसक्नु भएको देखिन्छ ।

जनपक्षीय उम्मेदवारलाई जिताई पञ्चायतमा हस्तक्षेप गर्ने रणनीतिअनुसार धरानका वामपन्थीहरूको साझा उम्मेदवार वम देवानलाई प्रधानपञ्चमा विजयी गराउन उहाँले जनपक्षीय प्रचार प्रसारमा ठूलो भूमिका खेल्नुभएको थियो । आफ्नै सन्तानको आमा बन्न नसक्नुभएकी लीला सबै कार्यकर्ताको अभिभावकजस्तै हुनुहुन्थ्यो । पार्टीको पाँचौं, छैटौं र सातौं महाधिवेशनमा निरन्तर सुनसरीबाट महाधिवेशन प्रतिनिधि निर्वाचित हुनुभएकी कमरेड लीला सुनसरी- २ मा ०४८ को प्रतिनिधिसभा सदस्यको प्रत्यासी बन्नुभयो । तर, सफलता प्राप्त गर्न सक्नुभएन । तैपनि निराश नहुने स्वभावका कारण पार्टी काममा निरन्तर सक्रिय रहनुभयो ।

०५१ को मध्यावधि निर्वाचनमा सुनसरी- १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि दक्षिण एशियाकै पहिलो महिला उपसभामुख बन्न पुग्नुभएकी लीला श्रेष्ठ सुब्बा आफ्नो कुशल कार्य सञ्चालनबाट देशभरि परिचित हुन पुग्नुभयो ।

पार्टीका संस्थागत निर्णयहरूमा सतिसालझैं उभिने इमानदार कार्यकर्ताका रूपमा उहाँ परिचित हुनुहुन्छ । उहाँको सादा जीवन, उच्च विचार, मिलनसार स्वभाव, कसैलाई चित्त नदुखाउने, साह्रो नबोल्ने, सहज पहुँच राख्न सकिने आदि

कारणले गर्दा सबैकी 'लीला दिदी' बन्नुभएको थियो । जननेता मदन भण्डारीको हत्यालाई सबभन्दा दुःखको क्षण र आफ्नो पार्टीले ९ महिने सरकार बनेको क्षण जीवनकै सबैभन्दा सुखको क्षणलाई बताउने गर्नुहुन्थ्यो ।

प्रगतिवादी साहित्यकारका रूपमा स्थापित कमरेड लीला श्रेष्ठ सुब्बाले विभिन्न कृतिहरू लेख्नुभएको छ । जो प्रकाशित रहेका छन् । 'फोकल्याण्डको कथा' उहाँको प्रमुख कृति हो भने दर्जनौं प्रगतिवादी कविताहरू प्रकाशित छन् । अध्ययन गर्न मन पराउने बानीले गर्दा उहाँले विभिन्न क्षेत्रका पुस्तकहरूको अध्ययन गरी आफ्नो ज्ञान हासिल गर्नुहुन्थ्यो । 'भुत्ते हतियारले काट्दैन कमरेडहरू !' भन्ने कमरेड लीला पार्टीको असल प्रशिक्षकका रूपमा पनि स्थापित हुनुहुन्थ्यो । पार्टीको छैटौं राष्ट्रिय महाधिवेशनपछि उहाँ दम, निमोनिया र घाँटीको रोगबाट पीडित हुनुभयो । करिब १० वर्षसम्म अस्वस्थ भई रोगसँग सङ्घर्ष गर्दै आउनुभएकी उहाँ केही वर्षयता ओछ्यानमै रहनुभयो । ओछ्यानमा रहे पनि पार्टी काम मुलुक र जनताकैबारे कुरा गर्नुहुन्थ्यो । मृत्युको दिनभन्दा ४-५ दिनअघि मात्रै उहाँले नयाँ संविधान बनेर मुलुकमा स्थायी शान्ति कायम हुन नसक्ने हो कि ? राष्ट्रिय सहमतिको सरकार नबन्ने पो हो कि ? भन्ने गहिरो चिन्ता व्यक्त गर्नुभएको थियो । मृत्युकै दिन पनि एक घण्टा अघिसम्म उहाँ देशकै बारेमा कुरा गर्न प्रयत्नशील रहनुभएको थियो । रोगसँग निकै लामो समय सङ्घर्ष गर्दै आए पनि उच्च मनोबलका साथ प्रस्तुत हुने उहाँमा केही दिन अगाडिदेखि भने अलिक निराशाजस्तो बढेको आभाष हुन्थ्यो ।

उहाँको निधनमा पार्टी अध्यक्ष झलनाथ खनालले असार २७ गते जारी गर्नुभएको शोक वक्तव्यमा भनिएको छ- 'कमरेड श्रीला श्रेष्ठ सुब्बा हाम्रो पार्टीकी एक कुशल नेतृ र क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो । उहाँले हाम्रो पार्टी र नेपाली कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन तथा नेपालको लोकतान्त्रिक आन्दोलन र संसदीय फाँटमा उहाँले सुयोग्य नेतृका रुपमा खेल्नुभएको भूमिका इतिहासमा स्वर्णिम अक्षरले लेखिनेछ । उहाँको निधनले पार्टीलाई र राष्ट्रय अपूरणीय क्षति भएको छ । सिंगो पार्टीको तर्फबाट म उहाँप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु र उहाँको शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।'

यस्तै, नेकपा (एमाले) केन्द्रीय सहल्लाहकार परिषद्का अध्यक्ष सिद्धिलाल सिंहद्वारा जारी गर्नुभएको वक्तव्यमा भनिएको छ- 'उहाँको निधनबाट केन्द्रीय सल्लाहकार परिषद्का हामी सम्पूर्ण कमरेडहरु स्तब्ध र दुःखी भएका छौं । उहाँ एउटा कम्युनिस्ट योद्धा हुनुको साथै नेपालको इतिहासमा संसदको पहिलो महिला उपसभामुख हुनुभयो । सिंगो जनताको आन्दोलन र महिला मुक्ति आन्दोलनमा उहाँको निधनबाट अपूरणीय क्षति भएको छ । नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषद् उहाँप्रति शब्द श्रद्धाञ्जलि व्यक्त गर्दछ र शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।'

पार्टी सरकारमा सामेल भएको बेला पार्टीकै पहलमा स्वास्थ्योपचार गर्न पटक-पटक गरी उहाँले ८ लाख रुपियाँ राज्यबाट सहयोग प्राप्त गर्नुभएको थियो । स्थानीय रूपमा पनि पार्टीबाट सहयोग प्राप्त गरी रहनुभएको थियो । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको थियो । हाल पार्टीको केन्द्रीय सल्लाहकार कमिटीका सदस्य रहनुभएकी कमरेड लीला सबैखाले प्रयासका बाबजुद ०६७ साल असार २७ गते बिहान ५ बजे आफ्नै निवास धरान-७ मा दिवङ्गत हुनुभयो । पार्टीका केन्द्रीय सदस्य एवम् शान्ति तथा पुनःनिर्माण मन्त्री रकम चेम्जोङले पार्टीको झण्डा ओढाई उहाँप्रति अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्नुभयो । सबैकी आदरणीय दिदी लीला श्रेष्ठ सुब्बा, तपाईंको आकाङ्क्षा पूरा गर्नका लागि पर्ने प्रतिबद्धताका साथ श्रद्धाञ्जलि ! लाल सलाम ! ❏

# सिद्धान्तनिष्ठ र समर्पित योद्धा

**नरेन्द्रराज पोखरेल**

सिरहा जिल्लामा सिद्धान्तनिष्ठ कम्युनिस्ट योद्धाका रूपमा रहनुभएका कमरेड पानवीर विश्वकर्माको जन्म वि.सं. २००२ सालमा विष्णुपुरकट्टी- २ मा भएको थियो । उहाँ पिता गजवीर विश्कर्मा र माता सन्तमाया विश्वकर्माको माइलो छोरा हुनुहुन्थ्यो । उहाँ सानैदेखि नम्र, विवेकी, मिलनसार र दयालु स्वभावको हुनुहुन्थ्यो । गरिब परिवारमा जन्मेर हुर्किनुभएकाले विद्यालयमा गएर पढ्न सक्नुभएन । यसैले, उहाँ सामान्य साक्षर मात्र हुनुहुन्थ्यो । सामन्ती सोच तथा उत्पीडनद्वारा बनाइएको तल्लो जात भनेर गाउँका ठालू भनिएका सामन्ती शोषकहरूको हेपाहा व्यवहारले उहाँलाई विद्रोही बनायो । सामन्तवादको अन्त्य नभई समानता नहुने देखेर उहाँ कम्युनिस्ट विचारप्रति आकर्षित हुनुभयो । उहाँले सुरुमा ०२५ सालतिर गाउँमा युवा विद्यार्थीहरूद्वारा चलाइएका आन्दोलनमा सहयोगीको भूमिका निर्वाह गर्नुभयो । ०२९ सालमा कम्युनिस्ट पार्टीको शाखा कमिटीमा सङ्गठित भई पार्टी कामको सङ्गठित रूपमा शुभारम्भ गर्नुभयो । ०३२ साल जेठमा अखिल नेपाल क्रान्तिकारीको अधिवेशन कमिटी (कोके) को गठन भएपश्चात् त्यसको कार्यकर्ताका रूपमा किसान जनताको बीचमा कार्यरत रहनुभयो । सिरहा जिल्लामा ०३२ असारमा कोअर्डिनेशन केन्द्रको जिल्ला कमिटी बन्यो । त्यसअन्तर्गत विभिन्न स्थानहरूमा कोकेको 'एक इलाका, एक युनिट, एक स्क्वाड एक एक्सन' भन्ने लाइनअनुसार पानवीर तात्कालीन ४ नं. इलाकामा बनेको युनिटको स्क्वाड कमान्डर रहनुभयो । र, एकजना इमान्दार कार्यकर्ताका रूपमा

जिल्लाका विभिन्न भागहरूमा भूमिगत भई कम्युनिस्ट विचारलाई फैलाउने र शोषितपीडित जनतालाई पार्टीमा आबद्ध गर्ने काममा लाग्नुभयो ।

अडिग आस्था, उच्च मनोबल, निडर, नम्र, विवेकी र मिलनसार स्वभावका कारण दिनानुदिन शोषितपीडित जनतामाझ उहाँ लोकप्रिय हुँदै जानुभयो भने शोषक तथा सामन्तीहरूको आँखाको तारोजस्तै बन्नुभयो । त्यसैक्रममा तात्कालीन पञ्चायती प्रशासनका पुलिस तथा सीआईडीहरूका गतिविधि बढ्न थाले । अझ यसै अवधिमा तात्कालीन कोकेको लाइनअनुसार सामन्तविरोधी कारवाहीमा जिल्लाको धनगढीमा विष्णुपुरकट्टीका एकजना व्यक्तिको ०३३ पुसमा मृत्यु भयो । उक्त घटनापश्चात प्रतिक्रियावादीहरूको दमनले चरम रूप लिन पुग्यो । इलाकाका प्रत्येक घरमा खानतलासी सुरु भयो । त्यस सिलसिलामा चन्द्र, भकुण्डे र बेचे विश्वकर्मालाई पक्राउ गरी जेलमा हालियो । कमरेड पानवीर विश्वकर्मालाई पनि वारेन्ट जारी गरियो । त्यसपछि उहाँ पूर्णरूपले भूमिगत हुनुभयो । प्रतिक्रियावादी दमनका कारण जिल्लाका नेताहरू मणिलाल राई, नरेन्द्र पोखरेल, ईश्वरी आचार्य, जया घिमिरे, विजया घिमिरे गिरफ्तारीमा पर्नुभयो भने केही नेताहरू जिल्ला छाडी बाहिर जानुभयो । पार्टी कार्य प्रायः शून्यताको अवस्थामा पुग्यो तर कमरेड पानवीर कडा भूमिगत रही जनतासँगको पार्टी सम्पर्कलाई जीवितै राखेर क्रियाशील रहनुभयो । उहाँलाई गिरफ्तार गर्न धेरै गुप्तचरहरू खटिरहेका थिए । सुराकीमार्फत पत्ता लगाई ०३४ साल फागुनमा राती घर आएका बखत सम्पूर्ण गाउँ घेरी अमानवीय ढङ्गले उहाँलाई पक्राउ गरियो । त्यसो गर्दा प्रहरी तथा चाटुकारहरूले धेरै यातना पनि दिए । उहाँमाथि झुटा ज्यान मुद्दा लगाइयो र सर्वस्वसहित जन्मकैदको सजाय तोकियो । सिरहा, राजविराज, भद्रगोल र केन्द्रीय कारागारमा उहाँले मोहनचन्द्र अधिकारी, केपी शर्मा ओली, राधाकृष्ण मैनालीका साथ १२ वर्ष कष्टपूर्ण जेल जीवन बिताउनुभयो । उहाँको गिरफ्तारीपछि गाउँका फटाहाहरूले उहाँको परिवारजन श्रीमती तथा साना छोराछोरीहरूलाई मानसिक तथा आर्थिक रूपले धेरै दुःख दिए । दुःखपूर्ण जीवन भए तापनि उहाँहरूको विचारमा कुनै विचलन आएन । दृढ मनोबलका साथ उहाँ कठिनाइहरूसँग जुधिरहनुभयो ।

०४६ सालको सुरुमा उहाँ जेलबाट रिहा हुनुभयो र पुनः पार्टी काममा लागिरहनुभयो । खासगरी ०४६ साल भदौमा भएको चौथो महाधिवेशनको व्यवस्थापन कार्यमा सक्रियतापूर्वक लाग्नुभयो । पार्टी केन्द्रले आह्वान गरेअनुसार संयुक्त जनआन्दोलन सञ्चालन गर्नका लागि माघ ०४६ माघ २५ गते उहाँसहितको ५ सदस्यीय जिल्ला सङ्घर्ष समिति गठन गरियो । उक्त सङ्घर्ष समितिमार्फत उहाँले ०४६/४७ को ऐतिहासिक जनआन्दोलनमा जिल्लामा नेतृत्वकारी एवम् महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । बहुदलीय व्यवस्थाको घोषणापछि पहिलोचोटि उहाँको अग्रसरतामा नै ०४७ जेठ १७ गते कमरेडहरू मोहनचन्द्र अधिकारी, केपी ओली र मोदनाथ प्रश्रितलगायतका नेताहरूको आतिथ्यमा लहानमा विशाल आमसभा सम्पन्न भएको थियो ।

उहाँ ०४७ जेठदेखि ०५५ कात्तिकसम्म पार्टीको सिरहा जिल्ला कमिटीको सदस्य रहनुभयो भने ०५६ देखि ०६३ सम्म वरिष्ठ सल्लाहकार रहनुभयो । उहाँ नेपाल उत्पीडित जातीय मुक्ति समाजको केन्द्रीय सल्लाहकार सदस्यका रूपमा समेत कार्यरत हुनुहुन्थ्यो ।

राजनीतिक रूपमा स्पष्ट, विचारमा दृढ र आस्थामा अडिग कमरेड पानवीर विश्वकर्मालाई कुनै पनि खालको हुरी र आँधीले डगमगाउन सकेन । चाहे त्यो आर्थिक कठिनाइका बखत होस् वा राजनीतिक विचलनको हावा चलेका बखत होस्, विभाजनको अवधिमा होस् वा राजाले शासन लिएका बखत केही व्यक्तिहरूमा आएको राजनीतिक विचलनको बेला उहाँले कहिल्यै हरेस खानुभएन र निराश पनि हुनुभएन । पार्टीपंक्तिभित्र देखिएका विकृति र गलत प्रवृत्तिहरूलाई उहाँ ऐंजेरुको संज्ञा दिनुहुन्थ्यो भने पार्टीलाई आफ्नो आस्थापुञ्ज ठान्नुहुन्थ्यो । जुनसुकै घडीमा पनि उहाँ पार्टीप्रतिको आस्था र विश्वासमा हिमालझैं अटल रहिरहनुभयो । आर्थिक तथा सामाजिक रूपले गरिब तथा कथित तल्लो जातको भनिए तापनि विचार र दृष्टिकोणले स्पष्ट र उच्च हुनुहुन्थ्यो । उहाँ गरिब, निमुखा र शोषितपीडितहरूका लागि सोझो गाई र अन्यायीहरूका लागि सधैं हान्ने गोरुका रूपमा रहनुहुन्थ्यो । अन्यायको सामुन्ने उहाँले शिर झुकाउनु भएन कहिल्यै ।

हिरासत तथा जेलको यातनाका कारण उत्पन्न भएको रोगले उमेर ढल्कदै जाँदा उहाँलाई च्यात्दै लग्यो । ०६७ साल साउनको पहिलो हप्ता सहिद हृदय केन्द्रमा उहाँ उपचारका लागि भर्ना हुनुभयो र मुटुसम्बन्धी रोगको शल्यक्रिया साउन ८ गते गरियो । उहाँको सीघ्र स्वास्थ्यलाभको कामना गर्दै नेकपा (एमाले)का अध्यक्ष कमरेड झलनाथ खनाल, महासचिव ईश्वर पोखरेल, सामान्य प्रशासन राज्यमन्त्री जीतु गौतम, सभासद्हरू जया घिमिरे, रामरति राम, दुर्गा परियार र सिरहा-काठमाडौं सम्पर्क मञ्चका पदाधिकारीलगायत पार्टीका अरू नेता-कार्यकर्ताहरू र परिवारजनहरू अस्पताल पुगी भेट गर्नुभयो । तर दुर्भाग्य ! चिकित्सकहरूको भरमग्दुर प्रयत्नका बाबजुद ०६७ साउन २२ गते राती १ बजे उहाँको दुःखद् निधन भयो । यसरी एक कम्युनिस्ट योद्धाको अवसान भयो । उहाँको पार्थिव शरीरलाई नेकपा (एमाले) केन्द्रीय कार्यालयको प्राङ्गणमा श्रद्धाञ्जलिका लागि राखियो । अध्यक्ष कमरेड झलनाथ खनालले पार्टीको झन्डा ओढाई सम्मान गर्दै श्रद्धाञ्जलि व्यक्त गर्नुभयो भने वरिष्ठ नेता तथा प्रधानमन्त्री माधवकुमार नेपाल, उपाध्यक्ष विद्यादेवी भण्डारी, महासचिव ईश्वर पोखरेल, स्थायी कमिटी सदस्यहरू केपी ओली, भरतमोहन अधिकारी, अमृतकुमार बोहरा, सभामुख सुवास नेम्वाङ, मन्त्रीहरू भीम रावल, रवीन्द्र श्रेष्ठ, जितु गौतमसहित सभासद्हरू र पार्टी नेता-कार्यकर्ता-शुभेच्छुक तथा परिवारजनहरूले

फूलमाला अबिर लगाउँदै श्रद्धाञ्जलि अर्पण गर्नुभयो । त्यसपछि उहाँको शवलाई सिरहा धनगढीको जिरो माइल पुर्‍याइयो । २३ गते बिहान जिल्लाका नेताहरू धर्मनाथ साह, रामचन्द्र यादव, लीलानाथ श्रेष्ठलगायत हजारौं कार्यकर्ताहरूले अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्नुभएपश्चात् बाबुराम खोलामा उहाँको अन्त्येष्टि गरियो ।

पार्टी अध्यक्ष कमरेड झलनाथ खनालद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'झापा किसान आन्दोलनका योद्धा, नेकपा (एमाले) का कर्मनिष्ठ, इमान्दार, सिद्धान्तनिष्ठ एवं जिम्मेवार कमरेड पानवीर विश्वकर्माको दुःखद् निधन भएको खबरले हाम्रो पार्टी नेकपा (एमाले) स्तब्ध भएको छ । उहाँ २०२५ सालदेखि नै कम्युनिस्ट पार्टीको निरन्तर सम्पर्कमा हुनुहुन्थ्यो । उहाँको निधनबाट नेपाली दलित मुक्ति आन्दोलन तथा नेकपा (एमाले) लाई अपुरणीय क्षति भएको छ ।

यस दुःखद घडीमा हाम्रो पार्टी कमरेड पानवीर विश्वकर्माप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछ । साथै, उहाँको शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।'

समुन्नत समाजको निर्माणका लागि कटिबद्ध रहनुहुने कमरेड पानवीर विश्वकर्माकी श्रीमती पूर्णमाया, छोरा नयन्द्र तथा यमकुमार र छोरीहरू यसोदा, मञ्जु र दिलमाया हुनुहुन्छ ।

नेपाली कम्युनिस्ट तथा जातीय मुक्ति आन्दोलनका अग्रणी र सङ्घर्षशील योद्धा कमरेड पानवीर विश्वकर्माप्रति भावपूर्ण श्रद्धाञ्जलि ! लालसलाम !! ❐

# क्रान्तिकारी किसान योद्धा : भीमदत्त पन्त

**❐ गोविन्दप्रसाद कलौनी**

सहिद भीमदत्त पन्तको जन्म नेपालको सुदूरपश्चिम पहाडी जिल्ला डडेल्धुराको सदरमुकाम खलङ्गा नजिकै रहेको कारीगाउँमा वि.सं. १९८३ साल मंसिर १० गते भएको थियो । उहाँ बुबा तारानाथ पन्त र आमा सरस्वतीदेवी पन्तका एक्ला छोरा हुनुहुन्थ्यो । बाल्यकालदेखि नै निडर, हठी र विद्रोही स्वभावका भीमदत्त पन्त तत्कालीन राणा शासकहरूको अत्याचार र स्थानीय ठालु, जाली फटाहाहरूको शोषण सहन नसकी शोषित-पीडित किसान जनताको मुक्ति आन्दोलनमा होमिनुभयो । कल्कलाउँदो युवा उमेरमा स्थानीय किसान जनताकै बीचबाट मुक्ति फौज तयार गरी त्यसको नेतृत्व गर्नुभयो । सुदूरपश्चिम कञ्चनपुर, डडेल्धुरा, बैतडी, कैलाली र डोटी जिल्लाभित्रका शोषित-पीडित किसानहरूलाई सङ्गठित गरी अन्याय-अत्याचारविरुद्ध, आर्थिक असमानताविरुद्ध, सामाजिक असमानता (छुवाछुत-जातिपातिबीचको भेदभाव) विरुद्ध जागरुक गरी विद्रोहमा उतार्नुभयो । शोषक, सामन्तीहरूले किसानहरूबाट लिएका जाली तमसुकहरू च्यात्ने, जमिनदारहरूका भकारी फोरेर गरिब किसानहरूलाई बाँड्ने, समाजमा अछुत भनेर छुट्याइएका पानी नचल्ने भनिएका जातिका मानिसहरूको हातबाट उपल्लो जातका भनिनेहरूलाई पानी खुवाउने, उनीहरूलाई खाना पकाउन लगाएर खुवाउने, हलो नजोत्नेहरू बाहुन-ठकुरीलाई हलो जोत्न लगाउनेजस्ता क्रियाकलापहरू गर्दै भीमदत्त पन्तले आफ्नो अभियान पनि अघि बढाउनुभयो ।

तत्कालीन समयमा देशमा क्रुर राणाशासन चलिरहेको थियो । गाउँठाउँमा विद्यालयहरू थिएनन् । यसकारण भीमदत्त पन्त सानै उमेरमा शिक्षा ग्रहण गर्न भारत उत्तरप्रदेश राज्यको लखिमपुर खिरी जिल्लाको सिङ्घाई भन्ने ठाउँमा जानुभयो । उहाँले सिङ्घाईमा अध्ययन गरिरहेको समयमा भारतमा अङ्ग्रेजविरोधी आन्दोलन चलिरहेको थियो । युवा जोस र जाँगरका साथै क्रान्तिकारी भावनाका भीमदत्त पन्त छिट्टै त्यस आन्दोलनप्रति आकर्षित हुनुभयो, खासगरी भारतमा सुवासचन्द्र बोसको नेतृत्व र कार्यशैलीले उहाँलाई बढी आकर्षित गर्‍यो । उहाँ त्यस आन्दोलनमा सामेल हुनुभयो । अङ्ग्रेजविरोधी आन्दोलनमा लागिरहेको बेला भारतीय आन्दोलनकारीहरूसँगै उहाँलाई पनि अङ्ग्रेज सरकारले गिरफ्तार गरी १८ महिनासम्म जेलमा राख्यो । जेलमा रहेको अवधिमा उहाँले थुप्रै भारतीय नेताहरूसँग भेटघाट, सम्पर्क गर्ने अवसर पाउनुभयो र राजनीतिक-साङ्गठनिक अनुभव प्राप्त गर्नुभयो । जेलबाट रिहा भएपछि उहाँ नेपाल फर्कनुभयो । नेपाल फर्केको बेला निरङ्कुश जहाँनिया राणा शासनविरोधी आन्दोलनमा नेपाल प्रजापरिषद्का युवाहरू दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीले सहादत प्राप्त गरेको घटनाले उहाँलाई क्रान्तिप्रति झन् उत्साहित पार्‍यो र राणाहरूप्रति घृणाको भाव जगायो । लगत्तै उहाँले नेपाल प्रजापरिषद्सँग सम्पर्क कायम गरी आफ्ना गतिविधि अघि बढाउनुभयो । तर, राणा शासनको चरम दमनले गर्दा नेपाल प्रजापरिषद्का नेता-कार्यकर्ताका साथै त्यो सङ्गठन

अस्तव्यस्त भएकाले सुरक्षित रहन सकेनन् । भीमदत्त पन्तले २००६ सालतिर नेपाली काङ्ग्रेससँग सम्पर्क गर्नुभयो । नेपाली काङ्ग्रेसले राणा शासन विरुद्धमा सशस्त्र सङ्घर्ष गर्ने निर्णय यसको बैरगनिया सम्मेलनले गरेको हुँदा उहाँ त्यो सङ्घर्षमा सामेल हुनुभयो । ००७ साल पुस २० गतेका दिन कञ्चनपुरको बेलौरी कब्जा गर्ने आन्दोलनमा भीमदत्त पन्तले महत्वपूर्ण भूमिका खेल्नुभयो । बेलौरीपछि कञ्चनपुरको ब्रह्मदेव कब्जा गर्दा त उहाँको भूमिका झनै महत्वपूर्ण रह्यो ।

ब्रह्मदेव कब्जा गरिसकेपछि भीमदत्त पन्तको क्रान्ति टोलीले नेतृत्व गर्दै डडेल्धुरा सदरमुकाममा धावा बोल्यो र ००७ साल पुस २६ गते कब्जा गर्‍यो । डडेल्धुरापछि माघ २ गते डोटी कब्जा भयो र माघ २३ गते बैतडी कब्जा भयो । बैतडी कब्जा गरिसकेपछि भीमदत्त पन्त डडेलधुरा फर्केर समानान्तर सरकार गठन गर्नुभयो । जसमा उहाँ डडेल्धुराका गभर्नर हुनुभयो भने मन्त्रिमण्डलमा टीकादत्त भट्ट (रक्षा) कीर्तिबहादुर विष्ट (न्याय), पहलवान कटुवाल (अर्थ), भवानसिंह बोगटी ( शिक्षा), जयराज जोशी (रक्षा सहायक), गुणाकर पन्त, डम्बरबहादुर बोगटी (अर्थ सहायक) र भक्तबहादुर मल्ल (न्याय सहायक) बनाइयो । डडेल्धुरा जिल्ला कब्जा गर्नुपूर्व कैलाली र कञ्चनपुरको क्रान्तिटोलीको नेतृत्व रूप सिंह र गौरीलालले गर्नुभएको थियो । पछि उहाँहरूको बीचमा मतभेद हुँदा क्रान्ति टोलीको नेतृत्व भीमदत्त पन्तले गर्नुभयो । भीमदत्त पन्तको नेतृत्वमा डडेल्धुरामा समानान्तर सरकार गठन हुँदा देशव्यापी रूपमै राणाविरोधी सङ्घर्ष उत्कर्षमा पुगिरहेको थियो । राजा त्रिभुवनले सपरिवार भारतीय राजदूतावासमा शरण लिइसकेका थिए । राणाहरूले महेन्द्रका माइला छोरा ज्ञानेन्द्रलाई राजसिंहासनमा राखेर समर्थन गर्न भारत सरकारलाई गुहारेका थिए । त्यतिबेला अङ्ग्रेजविरोधी आन्दोलन सफल भई भारत स्वतन्त्र भइसकेको थियो । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले मध्यस्थता गरी भारतको नयाँ दिल्लमा राणा प्रधानमन्त्री मोहनशमशेरको नेतृत्वमा पाँचजना राणाहरूको तर्फबाट र पाँच जना नेपाली काङ्ग्रेसको तर्फबाट मन्त्री बनाई सरकार गठन गर्ने र राणाविरोधी आन्दोलनको अन्त्य गर्ने सम्झौता भयो, त्यसै सम्झौताअनुसार काङ्ग्रेसका नेता विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री बनाइए । राजा त्रिभुवन पनि सपरिवार दिल्लीबाट नेपाल फर्केर २००७ साल फागुन ७ गते प्रजातन्त्रको घोषणा गरे ।

निरङ्कुश जहाँनिया राणा शासनविरुद्ध देशव्यापी रूपमा क्रान्ति उठेको अवस्थामा भारतको राजधानी दिल्लीमा सम्झौता गरी राणा सरकारकै बहालवाला प्रधानमन्त्री मोहन शमशेरको नेतृत्वमा काङ्ग्रेससहित सहभागी भई सरकार गठन गरेको घटनाले भीमदत्त पन्तलाई निकै आक्रोशित तुल्यायो र उहाँले दिल्ली सम्झौता धोका हो भन्दै काङ्ग्रेसप्रति आक्रोश पोख्नुभयो । भीमदत्त पन्तको यस व्यवहारबाट सशङ्कित हुँदै काङ्ग्रेसले उहाँलाई गभर्नरबाट हटायो र उहाँलाई पक्राउ गरी डोटी सिलगुडी जेलमा राख्यो । सिलगुडीको जेलबाट भीमदत्तलाई धनगढी चलान गरियो र धनगढीबाट काठमाडौं हनुमानढोका खेरमा राख्यो । हनुमानढोका खोरबाट उहाँ दोषी भनी केही प्रमाण नभेट्टाएर रिहा गरियो । रिहा भएपछि उहाँ भारततिर लागी भारतमा पहिले भेटेका नेताहरूसँग सम्पर्क गर्नुभयो । त्यसै सिलसिलामा उहाँका पुराना मित्र भारतीय कम्युनिस्ट पार्टीका कार्यकर्ता कृष्णास्वामी आयङ्गरसँगको उहाँको भेट र लामो छलफल र बहसपछि उहाँ कम्युनिस्ट पार्टीको सदस्य भई भारतीय कम्युनिस्ट पार्टीका नेताहरूसँग भेटघाट गर्नुभयो । भारतबाट फर्केर उहाँ काठमाडौं पुग्नुभयो । काठमाडौंमा सर्वप्रथम नेकपाका संस्थापक सदस्य निरञ्जनगोविन्द वैद्यसँग भेट गर्नुभयो । निरञ्जनगोविन्द वैद्यले उहाँलाई पश्चिम नेपालको किसान फाँटको जिम्मा दिन पार्टीलाई सहमत गराउनुभयो । पछि उहाँको भेट कमरेड पुष्पलाल र मनमोहन अधिकारीसँग पनि भयो ।

नेकपाको तर्फबाट भीमदत्त पन्तलाई किसान फाँटको जिम्मेवारी दिएपश्चात् उहाँ 'किसान राज जिन्दावाद' भन्दै सुदूरपश्चिमतिर लाग्नुभयो । डडेल्धुरा पुगेर उहाँले आफ्ना पुराना सहयोगीहरूलाई सङ्गठित गरी सर्वप्रथम तमसुक च्यात्ने अभियानको सुरुआत गर्नुभयो । उहाँले आफ्नै घरबाट त्यसको सुरुवात गर्नुभयो । घरमा रहेका उहाँको बुबाको पालामा तमसुकहरू सार्वजनिक ठाउँमा जलाएर नष्ट गर्ने, डडेल्धुराका शोषक-सामन्त जाली, फटाहाहरूका तमसुकहरू च्यात्ने अभियानमा उहाँले बैतडी, डोटी र बझाडसम्मका ठालुहरूको तमसुक च्यात्ने अभियानको नेतृत्व गर्नुभयो । प्रत्येक वर्षको भदौ संक्रान्तिमा गाउँका गरिब किसानहरूले मुखियालाई उपहार (ओल्को) दिने चलन पनि समाप्त गरियो । कञ्चनपुरको ब्रह्मदेवमा रहेको एकमात्र भन्सारबाट त्यस क्षेत्रका अछाम, बझाङ, डडेल्धुरा, डोटी, कञ्चनपुरका मानिसहरू नून र अन्य लत्ताकपडा भारतबाट ल्याउने गर्थे । ब्रह्मदेव भन्सारका कर्मचारीहरूले त्यहाँका स्थानीय मानिसहरूलाई नून र लत्ताकपडा ल्याउन रोक लगाएको कुरा सुनेर भीमदत्त पन्तले त्यहाँ धावा बोल्नुभयो । त्यस क्रममा भन्सारका सुब्बा जयदेव भट्ट, डिट्टा धर्मसिंह रावल र सुवेदार जोगराज ऐरलाई महाकालीमा बगाइदिएको भए पनि सुब्बा जयदेव र जोगराज ऐर पौडी खेली ज्यान जोगाउन सफल भए र भारततिर पसे । ब्रह्मदेव भन्सार कब्जा गरी व्यापारीहरूले लुकाइराखेको नून गुड, लत्ताकपडा सबै गोदामहरूबाट निकाली जनतालाई बाँडियो ।

ब्रह्मदेव भन्सार कब्जा गरी कर्मचारीहरूलाई महाकाली नदीमा बगाइदिएको र मालसामान लुटेको घटना देशभरि व्यापक फैलियो । त्यसबेला नेपालमा मातृकाप्रसाद कोइरालाको सरकार थियो । तत्काल यसले भीमदत्त पन्तलाई 'डाँका' घोषित गरी गिरफ्तार गर्ने उर्दी जारी गर्‍यो । उहाँलाई ज्यूँदो वा मरेको ल्याउनेलाई रु. ५ हजार  पुरस्कार दिने घोषणासमेत मातृका सरकारले गर्‍यो । भीमदत्त पन्तले ब्रह्मदेव भन्सार कब्जा गरेपछि कञ्चनपुरको बेलौरीसमेत कब्जा गरिसक्दा पनि उहाँलाई पक्रन नसकेकाले तत्कालीन मातृका सरकारले भारत सरकारसँग फौजी सहयोग माग गर्‍यो ।

नेपालको पश्चिमी सीमानामा डाँकाहरूले लुटपाट मच्चाएको र त्यसको नेतृत्व भीमदत्त पन्तले गरेको हुँदा निजलाई पक्रन भारत सरकारले नेपाललाई फौजी सहयोग दिनुपर्ने आग्रह नेपाल सरकारबाट भएको हुँदा भारत सरकारले स्वीकृति दियो । बेलौरी कब्जा गरिसकेपछि उहाँ लगभग आफ्नो ७ सय जवानको फौजसहित धनगढी कब्जा गर्न जाँदा भारतीय फौजले घेरा हालिसकेको थियो । पूर्व, पश्चिम र दक्षिण तीन दिशाबाट भीमदत्तको फौजलाई भारतीय फौजले घेरा हालिसकेको थाहा भएपछि केवल उत्तर दिशा (पहाडी भेक) बाट मात्र उम्कन सकिने देखेर भीमदत्तले आफ्नो फौजलाई उत्तर दिशामा अघि बढ्न निर्देशित गर्नुभयो । त्यसैक्रममा दोहोरो भीडन्त भयो, धेरै मारिए र समातिए । भीमदत्तको फौज तितरबितर भयो । भारतीय फौजसँग आधुनिक हतियारहरू थिए भने भीमदत्तको फौजसँग भरुवा बन्दुक मात्र थिए । भीमदत्तले त्यो हतियारसहितको भारतीय फौजसँग लडेर आफ्नो फौज जित्न नसक्ने र नोक्सानी मात्र हुने देखेर फौजलाई पछि हट्न ( भाग्न) निर्देशन दिनुभयो । र, आफू केही सहयोगीसहित डडेल्धुराको भित्री मधेस आलीतालको गल्लेक गाउँमा पुग्नभयो । त्यहाँ एकजना मगर साथीको घरमा खाना खाइरहेको बेला डडेल्धुरा जिल्ला सदरमुकामबाट आएको फौजले घेरा हाल्यो । तीमध्येको लालबहादुर थापा भन्ने व्यक्तिले भीमदत्तको छातीमा बन्दुक तेर्स्याए । (स्मरण रहोस्, लालबहादुर थापा भीमदत्त पन्तका मीत थिए तर पुरस्कार पाउने लोभमा मितलाई मार्न खोजेको भनिन्छ ।) भीमदत्तले आग्रह गर्नुभयो, मलाई खाना खान दिनोस्, पछि जे पनि गर्नुहोला । तर, लालबहादुरले भीमदत्तको आग्रह सुन्दै नसुनी बन्दुक पड्काए, बन्दूकको आवाजसँगै भीमदत्त ढल्नुभयो । ढल्दाढल्दै भीमदत्तले भन्नुभयो, 'इन्क्लाव- जिन्दावाद !' 'किसान राज- जिन्दावाद !', 'ठालू शाही- मूर्दावाद !' यी नाराहरूसँगै भीमदत्त पन्तको आवाज सधैं-सधैंका लागि बन्द भयो र एउटा क्रान्तिकारी किसान योद्धाको जीवन समाप्त पारियो । यो ०१० साल साउन १७ गतेको घटना थियो । भीमदत्त पन्तलाई मारिसकेपछि फौजको एउटा सिपाही (भम्वाँ दियाल)ले आफूसँग भएको खुकुरी झिकेर भीमदत्त पन्तको गर्दन छिनाल्यो र शरीरबाट टाउको अलग गऱ्यो । त्यसै फौजले भीमदत्तको शरीर त्यहीं छाडेर टाउको डडेल्धुरा सदरमुकाम लग्यो । भोलिपल्ट साउन १८ गते डडेल्धुराका तत्कालीन बडाहाकिम मोहनबहादुर सिंहले भीमदत्तको टाउकोलाई बाँसको लिङ्गोमा झुण्ड्याएर टुँडिखेलमा प्रदर्शन गर्न राखे र त्यहाँ सारा जनता भेला गरी 'राजद्रोह र देशद्रोह गर्नेलाई यस्तै सँजाय हुन्छ !' भन्ने कुरा लेख्न लगाए ।

भीमदत्त पन्तको शहादतबाट शोषित, पीडित जनता मर्माहत भए तर शोषक, फटाहाहरू खुशी भए । यसरी एक क्रान्तिकारी योद्धाले आफ्नो ज्यानको आहुति दिएर नेपालको रक्त इतिहासमा एउटा नयाँ अध्याय थप्ने काम भयो । कसैले डाँका भने कसैले लुटेरा भने तर हत्यापछि बल्ल सबैले थाहा पाए उहाँ सच्चा देशभक्त र सच्चा क्रान्तिकारी हुनुहुँदो रहेछ । ००७ सालको दिल्ली सम्झौताको विरोध गरेका कारण भीमदत्त पन्तको नामोनिशाना मेटाउन खोजे पनि इतिहासले सम्मानपूर्वक उहाँको नाम सुनौला अक्षरमा सुरक्षित गरिसकेको छ । भीमदत्त पन्तलाई नेपाल सरकारले 'अमर सहिद'को सम्मान दिएको छ । फलतः उहाँका कर्मथलोहरूमा अहिले उहाँका शालिक ठडिएका छन्, कञ्चनपुरको बेलौरी बजार, कञ्चनपुरको ब्रह्मदेव मण्डी र डडेल्धुराको सदरमुकामै खलङ्गा बजार, डडेल्धुराकै आलीताल बजार र डोटीको बुडेर बजारमा सहिद भीमदत्त पन्तका शालिक बनेका छन् । विभिन्न ठाउँका सडकहरूको नामकरण भीमदत्तको नामबाट गरिएका छन्, जस्तै धनगढी-डडेल्धुरा सडक । कञ्चनपुरको महेन्द्रनगर नगरपलिकाको नाम अहिले भीमदत्त नगरपालिका राखिएको छ, यो निर्णय औपचारिक रूपमा गणतन्त्र नेपालको सरकारले गरेको छ । भीमदत्त पन्तको जीवनको यथार्थ उद्घाटन गर्ने उद्देश्य तथा उहाँको जीवनीबाट प्रेरणा लिई नेपालको सुन्दर भविष्य निर्माण गर्न मद्दत मिलोस् भनी भीमदत्त पन्तको नाममा प्रतिष्ठान, छात्रवृत्ति कोष र अध्ययन-अनुसन्धान केन्द्र, विद्यालय-कलेजहरू स्थापना भइरहेका छन् । कञ्चनपुर जिल्ला-भीमदत्त नगरपालिकाको बीच बजारमा सहिद भीमदत्तको शालिक राख्ने र त्यसलाई सहिद चोक नामकरण गर्ने निर्णय जिविस कञ्चनपुरले गरेको छ । क्रान्तिकारी किसान योद्धा भीमदत्त पन्तको उचित सम्मान र उहाँका योगदानहरूको मूल्याङ्कन गर्न नेकपा (एमाले)ले लामो समयदेखि विभिन्न प्रयत्नहरू अघि बढाउँदै आएको छ । परिणामस्वरूप नेपाल सरकारले भीमदत्त पन्तलाई 'सहिद' घोषणा गरेको छ र विभिन्न ठाउँमा भीमदत्त पन्तको शालिक निर्माण गर्ने, बाटोघाटो र नगरपालिकाको नामकरण उहाँको नाममा गर्ने सफलता मिलेको छ, कञ्चनपुरमा 'अमर सहिद भीमदत्त पन्त स्मृति प्रतिष्ठान' स्थापना गरिएको छ । साथै, भीमदत्त पन्त छात्रवृत्ति कोष स्थापना गरिएको छ । विभिन्न व्यक्तिहरूले भीमदत्त पन्तको जीवनबारे खोज-अनुसन्धान गरिरहेका छन् । यी सबै प्रयत्नहरूबाट अहिले भीमदत्त पन्त हाम्रो बीचमा भौतिक रूपमा नरहनु भए पनि उहाँको योगदान र बलिदानले नेपाली युवा पिंढीलाई सधैं घच्घच्याइरहेको छ । तसर्थ, अमर सहिद भीमदत्त पन्त सुन्दर एवम् समुन्नत नेपाल निर्माणको स्रोत रहनुभएको छ ।

भीमदत्त पन्तले सहादत प्राप्त गर्नुभएको लामो समय अवधि पूरा भएको छ । ५७ औं स्मृति दिवसको अवसरमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलि !

# चक्रबहादुर पराजुली

# अध्यक्ष, नेकपा (एमाले), स्याङ्जा

नेपाली कम्युनिस्ट आन्दोलनको विशाल आकाशमुनि जन्मिएका कतिपय योद्धाहरू शिखरको चरमचुलीमा पुगेका छन् । तर, केही यस्ता योद्धाहरू पनि छन्, जो हिजो जुन ठाउँमा थिए, आज पनि त्यहीं कष्टसाध्य सङ्घर्ष र भावभूमिमा रहेका छन् । स्वाभाविक रूपमा राजनीतिलाई व्यक्तिगत स्वार्थमा उपभोग गर्नुपर्ने प्रवृत्तिका पात्रहरू छलकपट गर्दै धेरै अगाडि पुगेका देखिन सक्छन् । तर, यसलाई मार्क्सवादी विचार र दृष्टिकोणसँग गाँसेर बुझ्ने-बुझाउनेहरू भने सायद पछाडि पर्दै गएका पनि छन् । कम्युनिस्ट पार्टीको यस प्रकारको अतीतलाई नियाल्दा रत्नकुमार बान्तवादेखि यदु गौतमसम्मको रगतले लेखिएको गौरवपूर्ण इतिहासमा टेकेर धेरै व्यक्ति महत्वपूर्ण स्थानसम्म पुगेका पनि हुनसक्छन्, तर एउटा योद्धा, जसले कम्युनिस्ट पार्टीको सदस्यता पाएको ३ दशक मात्र नाघेको छैन, २७ वर्षदेखि पार्टीको जिल्लाको नेतृत्व सम्हालेर इमानदारीका साथ पार्टी काममा जुटिरहेको छ । तर पनि उसको चेहरामा कुनै थकान देखिंदैन, युवा जोस, जाँगर र सक्रियता देख्न सकिन्छ । यस्तै समर्पित योद्धा हुनुहुन्छ- कमरेड चक्रबहादुर पराजुली ।

मुलुकमा साम्यवाद स्थापनाको सपना बोकेर कम्युनिस्ट पार्टीमा लाग्नुभएका उहाँ यस आन्दोलनमा देखापरेका तमाम विकृति-विसङ्गतिहरूबाट टाढै रहनुभएको छ । सच्चा कम्युनिस्ट कार्यकर्ताजस्तै सरल, सौहार्द र आफ्नो कर्मप्रति निष्ठावान रहनुभएको छ । स्याङ्जाको कम्युनिस्ट आन्दोलनमा भूमिगत नेकपा (माले) कालदेखि अहिलेसम्मै उहाँले पार्टीको जिल्ला नेतृत्वमा रहेर काम गरिरहनुभएको छ । ०४० सालदेखि जिल्ला पार्टीको सङ्गठन कमिटीमा रहँदै आउनुभएका उहाँ २७ वर्षपछि सम्म पनि निरन्तर त्यही कमिटीको नेतृत्वमा हुनुहुन्छ । यस्तो निरन्तरको समर्पण ज्यादै कम, बिरलै र दुर्लभ रूपमा मात्र पाइने गर्छ ।

स्याङ्जाको थुमपोखरा- ६ गहते भञ्ज्याङको किसान परिवारमा जन्मिनुभएका चक्रबहादुर पराजुली पिता कर्णबहादुर र माता मनरूपादेवीका छोरा हुनुहुन्छ । पिता-माताका १२ सन्तानमध्ये उहाँ ९ औं सन्तान हुनुहुन्छ । विसं. २००९ साल मंसिर २९ गते जन्मिनुभएका उहाँको परिवार आर्थिक रूपले अत्यन्तै कष्टसाध्य अवस्थाबाट गुज्रिरहेको थियो । बुबाको बञ्चरोमा निर्भर ठूलो परिवारले गाउँमा मुखिया खलकको पगरी चाहिँ गुथेको थियो । तर, त्यही पगरीको इज्जत जोगाउनसमेत निकै गाह्रो थियो । 'हामीलाई समाजले मुखिया खलक भन्ने गरेकाले अर्काको काम गरेर ल्याउनुहुन्न भन्ने थियो', उहाँ विगत सम्झिँदै भन्नुहुन्छ, 'त्यसैले रातीराती लुकेर खानेकुरा किनेर ल्याउँथ्यौं ।' उहाँको परिवार अशिक्षित थियो तर पण्डितकहाँ गएर अक्षर चिनाउने काममा पिताले खुबै पहल गर्नुभयो । पछि भारतीय भूतपूर्व सैनिक खत्रपती कुँवरले 'माडसाब' भएर उहाँलाई अक्षर चिनाउने, गीत गाउने र शारीरिक व्यायम गर्न सिकाउने गर्नुभयो ।

उहाँले विस्तारै आफ्नो समाज बुझ्दै हुनुहुन्थ्यो । काम गरेर थकित हुनेहरू खान नपाउने अवस्थामा विचल्लीमा परेको उहाँले प्रत्यक्ष रूपमा देख्नुभयो । त्यसबेला भिनाजु समरबहादुर थापाको सङ्गतमा उहाँ पर्नुभयो । त्यसबेला समरबहादुर नेपाल कम्युनिस्ट पार्टी स्याङ्जा जिल्ला कमिटीका सदस्य हुनुहुन्थ्यो । एकदिन पराजुलीलाई 'चीनमा कम्युनिस्ट व्यवस्था छ, त्यसैले यहाँका मान्छे सुखी छन्, कोही पनि काम नगरी ठूलो नभएर बस्न पाउँदैनन्' भनेर भिनाजुले नै भनेपछि उहाँ त्यस भनाइबाट प्रभावित हुनुभयो र कम्युनिस्ट व्यवस्थाको राम्रो कामप्रति आकर्षित बन्नुभयो ।

आफ्नो घरपरिवार आर्थिक अभावमा गुज्रिरहेकाले पढाइको शुल्क तिर्नसमेत मुस्किल पऱ्यो । फलस्वरूप उहाँले सात कक्षामा पढ्दापढ्दै 'मास्टरी' काम पनि गर्नुपऱ्यो । भवानी हाइस्कुल फुलवारी, वालिङमा पढ्दाखेरि ०२६ सालमा केही विद्यार्थीहरूले प्रगतिशील र प्रजातान्त्रिक पक्ष भन्दै आफूलाई चिनाउने काम गरे । तर, आफूलाई नदेखाई-नचिनाई प्रगतिशील पक्षका विद्यार्थीहरूलाई शिक्षकहरू यज्ञप्रसाद गैरे र ओपी श्रेष्ठले आकर्षित गर्न थाल्नुभयो । ०२७ सालमा एसएलसी उत्तीर्ण गरेपछि उहाँलाई सम्मरबहादुर थापाले पहिलोपटक 'कम्युनिस्ट पार्टीबारे जान्ने भए सिकाउने मान्छे बोलाइदिन्छु' भन्नुभयो । गरिबहरूको पक्षमा काम गर्ने कम्युनिस्ट नै हुन्छन् भन्ने कुराले उहाँलाई विस्तारै आकर्षित गरिरहेकै थियो । त्यसबेला नातामा भिनाजु पर्ने थापाले मोहनविक्रम सिंहको बढाईचढाई चर्चा गरेर उहाँलाई आश्चर्यचकित पार्नुहुन्थ्यो । 'उनी आफ्नो बुबाको तमसुक च्यातेर हिँड्ने मान्छे हुन् भनेपछि म खुबै प्रभावित र आकर्षित भएँ', उहाँ सम्झिदै भन्नुहुन्छ । त्यही बेला नेकपा ( मसाल)को अञ्चल कमिटीका नेता विश्वम्भरनाथ पाण्डेसहित २ सदस्यीय टोली त्यहाँ पार्टी विस्तारको क्रममा आइपुगेको थियो । 'हामीले उहाँहरूबाट सोचेजस्तो सन्तुलित पाउन सकेनौं', उहाँको कथन छ, 'तर, भिनाजुकै कारण अर्को विकल्प नभएर मसालमा आबद्ध चाहिँ भयौं ।'

०३५ साल चैतमा क्याम्पसको परीक्षा दिन उहाँ काठमाडौं आउनुभएको थियो । पाकिस्तानमा जुल्फीकर अलि भुट्टोलाई फाँसी दिएको विरोधमा विद्यार्थी आन्दोलन सुरु भयो । 'कसैले नचिन्दा पनि त्यसबेला म आन्दोलनमा सहभागी भएँ', उहाँले विगत सम्झिनुभयो । आन्दोलनले गर्दा परीक्षा रोकिएपछि उहाँ स्याङ्जातिरै फर्किनुभयो । त्यसैबेला नारायण शर्मा लुइँटेलले उहाँलाई तत्कालीन नेकपा (माले)द्वारा प्रकाशित पुस्तिका पढ्न दिनुभयो । 'मैले त्यसलाई गम्भीरतापूर्वक अध्ययन गरें, त्यसले मेरो सोच र जीवनमै उथलपुथल गरिदियो', आफू नेकपा (माले)तर्फ लाग्नुको तथ्य पार्टी कस्तो हुनुपर्छ ? र क्रान्तिकारी शक्ति कुन हो ?' भन्नेबारे उहाँले तबमात्रै बुझ्नुभयो । मोहनविक्रम सिंहले भन्ने गर्नुभएको 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार'को मागलाई त्यसमा 'संशोधनवाद' उल्लेख गरिएको थियो । 'त्यसपछि मलाई क्रान्तिकारी ठानेका मोहनविक्रम नै संशोधनवादी भएका कारण माले नै क्रान्तिकारी शक्ति रहेछ भन्ने पऱ्यो', उहाँ भन्नुहुन्छ, 'त्यसपछि मैले मुठ्ठी मुठाएर नेकपा ( माले) लाई सलाम ! भनें र त्यसमै लाग्ने अठोटमा पुगें ।'

उहाँ र नारायण शर्मा लुइँटेल त्यसबेला सँगै जनसेवा निमाविमा पढाउनुहुन्थ्यो । अझ उहाँ विद्यालयको प्रधानाध्यापक नै हुनुहुन्थ्यो । दुवैजना मिलेर त्यसबेला फुटाहाविरुद्ध अभियान चलाउनुभयो । अनि त 'हामी तमसुक च्यात्ने, आर्थिक दण्ड गर्ने, कालोमोसो दल्ने र झैंझगडा मिलाउनेजस्ता गतिविधिमा दुवैजना सक्रिय भयौं', उहाँ स्मरण गर्नुहुन्छ । ०३६ माघमा नारायण

शर्मा लुइँटेललाई खोज्दै 'किरण'का नामले प्रेमनारायण पौडेल सम्पर्क गर्न पुग्नुभयो । 'त्यसबेला राजनीतिक रूपमा वर्गविश्लेषण कसरी गर्ने ? असल र क्रान्तिकारी मान्छेलाई कसरी चिन्ने ? आदि बारेमा छलफल गर्‍यौं', उहाँले भन्नुभयो । त्यसपछि नियमित रूपमा उहाँहरूको पार्टीसँग सम्पर्क हुनथाल्यो । त्यही वर्ष फागुनमा क्रान्तिकारी बुद्धिजीवी सङ्घ शाखा कमिटी गठन भयो । त्यसको सचिव पराजुली हुनुभयो भने सदस्यहरूमा नारायण शर्मा लुइँटेल, बालानन्द डुम्रे, सूर्यबहादुर पौडेल र खेमबहादुर पराजुली रहनुभयो । त्यसबेला पार्टीको युवा दस्ता योङ कम्युनिस्ट लिगको जिल्ला सदस्य पनि हुनुहुन्थ्यो । पार्टीको इलाका सचिव भएर उहाँले ०३७ फागुन १६ गते सङ्गठित जीवनको सपथ लिनुभयो । कमरेड वामदेव गौतमले उहाँलाई त्यसरी सपथ दिलाउनुभएको थियो । ०३८ मंसिरमा उहाँ नेकपा (माले) स्याङ्जाको जिल्ला सङ्गठन कमिटी सदस्य हुनुभयो । त्यसबेला पार्टीभित्र सामान्य अन्तरविरोध रहेछ, त्यही सिलसिलामा पार्टीको सचिव भएर कमरेड त्रिलोचन ढकाल आउनुभयो ।

सुरुमा उहाँलाई भूमिगत राजनीतिमा जाने प्रस्ताव त्रिलोचन ढकालले नै ल्याउनुभएको थियो । ०३८ साउनमा उहाँलाई 'सबै एकजुट नभए क्रान्ति पूरा हुँदैन, त्यसैले देश र जनताका लागि क्रान्ति पूरा गर्न भूमिगत नै जानुपर्छ' भनेर जिल्ला सचिव ढकालले प्रस्ताव राख्नुभयो ।  त्यस प्रस्तावले उहाँलाई गम्भीर बनायो । 'म स्कुलको प्रधानअध्यापक थिएँ, अझ त्यसमा पनि ठूलो परिवारलाई पाल्नुपर्ने बोझिलो दायित्व छँदैथियो । त्यसबाट मुक्त भएर भूमिगत राजनीतिमा जानुपर्ने कुराले अप्ठ्यारोमा परेँ', त्यस दिनलाई सम्झिँदै उहाँ भन्नुहुन्छ । उहाँले नेता ढकालसँग भूमिगत जाने-नजाने बारेमा तीन महिनाको समय माग्नुभयो । तर, कार्यकर्ता निर्माण गर्न सिपालु मानिनुहुने ढकालले समय-समयमा भेट्दै उहाँलाई भूमिगत लैजाने खुबै प्रयास गर्नुभयो । अन्ततः पारिवारिक समस्या र सङ्कटको बाबजुद ०३८ माघ २३ गतेदेखि उहाँ भूमिगत पार्टी कार्यकर्ता बन्नुभयो । त्यसपछि पार्टीले उहाँलाई जिल्ला उपसचिवको जिम्मेवारी प्रदान गर्‍यो, सचिव चाहिँ त्रिलोचन ढकाल नै हुनुहुन्थ्यो । स्याङ्जाको उत्तरी भेगमा उहाँलाई मुख्य कार्यक्षेत्र तोकिएको थियो । ०४० मंसिर १४ गते उहाँ जिल्ला सङ्गठन कमिटीको सचिव बन्नुभयो । त्यसपछि उहाँ निरन्तरजस्तै पार्टीको जिल्लास्तरीय प्रमुख नेतृत्वकर्ताको जिम्मेवारीमा प्रायः रहँदै आउनुभएको छ ।

०४१ असार पार्टीले उहाँलाई बाग्लुङ सरुवा गर्‍यो । धौलागिरिका चार जिल्लाको प्रमुख बनेर उहाँ ६ वर्ष त्यतै बस्नुभयो । ०४६ को जनआन्दोलनपश्चात् ०४७ सालमा पार्टी खुला भएपछि उहाँ ०४७ जेठ २५ गते पुनः स्याङ्जा फर्किनुभयो । त्यतिञ्जेलसम्म नेकपा (मार्क्सवादी) र मालेबीच पार्टी एकीकरण भइसकेको थियो । तैपनि उहाँ पार्टी प्रमुखकै रूपमा जिल्लामा रहनुभयो । अखिल नेपाल किसान सङ्घ (हाल महासंघ) को तेस्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य चुनिएर उहाँ सचिवालय सदस्यसमेत हुनुभयो । उहाँको नेतृत्वमा सम्पन्न भएको ०५१ को मध्यावधि चुनावमा पार्टीले जिल्लाका तीनवटै क्षेत्रमा विजय हासिल गर्‍यो । तत्पश्चात् पार्टीको ९ महिने लोकप्रिय शासन सम्भव भयो जसले पराजुलीलाई स्याङ्जा र पर्वतको अध्यक्ष  र सुकुम्वासी समस्या समाधान आयोगमा नियुक्त गर्‍यो ।

०५४ को पार्टी विभाजनताका उहाँ नेकपा (माले) तिर लाग्नुभयो । उहाँ नेकपा (माले) मा रहँदा स्याङ्जा जिल्ला सचिव र गण्डकी अञ्चल प्रमुख भएर काम गर्नुभयो । तर, पार्टी एकतापछि केही समय मात्रै अञ्चल कमिटीमा रहेर पुनः जिल्ला सचिव नै हुनुभयो । त्यसैबीचमा त्रिलोचन ढकाल कृषिमन्त्री रहनुभयो भने उहाँ कृषि अनुसन्धान परिषद् (नार्क) को सञ्चालक समितिको सदस्य पनि हुनुभएको थियो ।

तर, एउटा रोचक प्रसङ्ग, विभाजनताका कैयौं जिल्लामा मालेको साइनबोर्ड राख्न नेकपा (एमाले)बाट 'ए' मेटाउने होडबाजी चल्यो । तर उहाँले त्यसो गर्नुभएन । पार्टीको सारा सम्पत्ति र माइन्यूट नेकपा (एमाले)का नेता काशीनाथ अधिकारीलाई बुझ्न आग्रह गर्नुभयो । र, भविष्यमा पुनः एकै ठाउँ भए सँगसँगै काम गरौंला भन्दै उन्नत राजनीतिक संस्कार प्रदर्शन गर्नुभयो । उहाँको त्यस शैलीको कमरेड काशीनाथ अधिकारीले पटकपटक चर्चा एवम् मुक्तकण्ठले प्रशंसा गर्दै आउनुभएको छ ।

साम्यवादको सपना बोकेर राजनीतिमा लागेको योद्धा हुनाले उहाँलाई स्वाभाविक रूपमा कम्युनिस्ट आन्दोलनभित्र देखिएका विकृति-विसङ्गतिहरू देख्दा दुःख लाग्छ रे ! उहाँ भन्नुहुन्छ, 'पद प्राप्तिका लागि नै मान्छेहरू मरिहत्ते गरेर हिँडेको देख्दा विरक्त पनि लाग्छ ।' कुनै उच्च राजकीय जिम्मेवारीमा अहिलेसम्म नपुग्नुभएका पराजुलीलाई त्यसप्रति कुनै खास आशक्ति पनि छैन । 'मुख्य जिम्मेवारी बलियो पार्टी निर्माण गरेर क्रान्ति पूरा गर्नु हो । उहाँको विचारमा पदकै लागि मरिहत्ते गर्नेहरूले क्रान्तिको वास्तविक मर्मलाई राम्ररी बुझ्न र आत्मसात् गर्न सकेका छैनन् । यो कुरा बुझ्न जरुरी छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर भूमिगत कालदेखि अनेकौं दुःखकष्ट व्यहोर्दै अविचलित रूपमा काम गरिरहनुभएका उहाँले माओवादी जत्थाबाट निकै प्रताडना व्यहोर्नुभएको छ । खासगरी एक दशक लामो सशस्त्र द्वन्द्वताका नेकपा (एमाले)को राजनीतिक प्रभावलाई देख्न नसकी माओवादीहरूले उहाँलाई 'मृत्युदण्डको पुर्जी'समेत जारी गरे । 'मलाई सुराकी गरेको आरोप लगाए, जुन सोह्रैआना झुट र गलत मात्र थिएन, अकल्पनीय कुरा थियो', उहाँ भन्नुहुन्छ । तर, माओवादीले जतिसुकै ज्यादति गरे तापनि उहाँहरूकै खटनका कारण संविधानसभाको चुनावमा देशव्यापी रूपमा एमाले पराजित हुँदा पनि स्याङ्जाको एक क्षेत्रमा विजय हासिल गरेर पराजयको घाउमा धेरै मल्हमपट्टी लगाउने काम गरेको प्रष्टै छ । अझ पार्टीको आठौं राष्ट्रिय महाधिवेशनपछि नेकपा (एमाले) प्रतिको आकर्षण बढिरहेको उहाँले प्रत्यक्ष देख्नुभएको छ । 'महाधिवेशनमा जिल्लाको सङ्गठित सदस्य सङ्ख्या २ हजार ६ सय ५२ थियो अहिले ३ हजार ३ हजार २ सय छ' यसले पनि पार्टीको बढ्दो क्रममा रहेको लोकप्रियतालाई नै देखाउँछ', उहाँको दाबी छ ।

०३० सालमा टुकादेवी पराजुलीलाई जीवनसाथी रोज्नुभएका उहाँहरूका २ छोरा र १ छोरी हुनुहुन्छ । छोराछोरी पढाउने बेलामा आफू 'पार्टी र क्रान्ति'का लागि भूमिगत भएकै कारण दुई छोराहरूले खासै पढ्न लेख्न नपाएको उहाँ बताउनुहुन्छ । उनीहरू अहिले किसानी काम गरिरहेका छन्', उहाँ भन्नुहुन्छ, 'कहिलेकाहीँ रोजगारी खोज्न मुग्लानसमेत पस्छन् ।'

नेकपा (माले) भूमिगत हुँदा ०४६ अघि पछि गरेर त्यतिबेलै उहाँ दुईपटक विस्तारित बैठकमा समेत सहभागी हुनुहुन्थ्यो । सोभियत सङ्घलाई हेर्ने पार्टीको पछिल्लो दृष्टिकोण बनाउन झापामा आयोजित बैठक र पार्टी एकता गरी नेकपा (एमाले) गठन गर्न काठमाडौंमा आयोजित विस्तारित बैठकमा उहाँ सहभागी हुनुभएको थियो । चौथो महाधिवेशनदेखि निरन्तर

महाधिवेशन प्रतिनिधि हुँदै आउनुभएका उहाँ आठौं राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कमिटी सदस्यका निम्ति उम्मेदवार हुनुभयो तर पराजित हुनुभयो । पार्टीभित्र कहिलेकाहीं चल्ने 'जुँगाको लडाइँ' उहाँलाई अत्यन्तै पीडादायी लाग्छ । नेताहरूबीच अराजनीतिक घोचपेच चल्दा आफ्नो जीवन नै पार्टी भनेर लागेका आफूजस्ता कार्यकर्ताको मन अमिलो हुने उहाँ बताउनुहुन्छ । त्यसैले, उहाँको सुझाव छ, 'आफ्ना निजी विचार र दृष्टिकोण छन् भने तिनलाई निजी रूपमै राख्नुपर्छ र पार्टीको संस्थागत प्रक्रिया अन्तर्गत मात्रै बहस-छलफलमा लैजानुपर्छ । अन्यथा 'जनता र कार्यकर्तामा उत्रँदै गरेका मान्छे को पो बहादुर हुन्छन् र ?' उहाँ प्रश्न गर्नुहुन्छ, 'त्यसैले, पार्टी महाधिवेशनको नीति, नेतृत्व र फैसलालाई सबैले एकढिक्का भएर स्वीकार गर्दै कार्यान्वयन गर्नुपर्छ । नीति, नमान्ने, नेतृत्वलाई कमजोर पार्ने तर आफू चाहिँ बलियो हुन्छु भन्ने कल्पना कसैले गर्नुहुँदैन । त्यो कदापि हुनसक्दैन ।'

❒ **लोकेन्द्र केसी**

# पुष्पलालको 'हिस्टरिकल नोट्स': एक अध्ययन

## ❒ नारद भारद्वाज

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल एक सुपठित व्यक्तित्व र अध्येता हुनुहुन्थ्यो । उहाँको मृत्यु हुनुभन्दा पहिले उहाँले एक ऐतिहासिक सर्वेक्षण नामक किताब लेख्न सुरु गर्नुभएको थियो । यो पुस्तक लेख्नका निमित्त उहाँले दुई दर्जन भन्दा बढी पुस्तकहरू अध्ययन गरी टिपोट तयार गर्नुभएको थियो । दुर्भाग्यबस उहाँले उक्त कार्य पूरा गर्न सक्नुभएन । २०३५ सालमा उहाँको असामयिक निधन पछि ती टिपोटहरू उहाँका आफन्तहरूले सुरक्षित राखेर नष्ट हुनबाट जोगाउनुभयो । ती दुर्लभ हस्तलिखित टिपोटहरूलाई हामीले 'हिस्टरिकल नोट्स' शीर्षक दिएर जस्ताको तस्तै प्रकाशित गरेका छौं । अध्ययन अनुसन्धानमा संलग्न व्यक्तिहरूको निम्ति यो उपयोगी हुने हामीले आशा गरेका छौं । यस लेखमा आम पाठकहरूको जिज्ञासा मेटाउन त्यस पुस्तकमा पुष्पलालले उल्लेख गर्नुभएका केही प्रसङ्गहरू दिइएको छ :

१. 'लिङ्ग्विस्टिक सर्भे अफ इण्डिया' भन्ने अध्यायमा उहाँले टिबेटो बर्मेली र सियामिज चाइनिज भाषाको चर्चा गर्नुभएको छ । उहाँको टिपोटअनुसार टिबेटो बर्मन भाषीहरू याङसे र ह्वाङ्हो नदीको उत्तरमा अवस्थित आफ्नो मूल थलोबाट बसाइँ सरी विस्तारै ब्रह्मपुत्रको माथ्लो धार हुँदै हिमालयको उत्तरतर्फका भूभाग खासगरी तिब्वत आइपुगेका थिए । उनीहरूमध्ये केही हिमाली शिखर पार गरी दक्षिणतिर सर्दै आएर पूर्वमा आसामदेखि पश्चिममा पञ्जाबसम्म फैलेका थिए । उहाँले सियामिज चाइनिज भाषीहरूको बारेमा कुनै थप जानकारी दिनुभएको छैन । पछि मल्लकालमा आइपुग्दा नेवारी भाषा राजकीय भाषा भएको तर संस्कृत पनि सँगसँगै प्रचलित भएको कुरा लेख्नुभएको छ । नेवारी भाषाको सबभन्दा पुरानो ग्रन्थ चौधौं शताब्दीमा लेखिएको र यसमा १०५६ देखि १३८८ सम्मका मुख्य ऐतिहासिक घटनाहरूको अभिलेख रहेको कुरा उहाँले लेख्नुभएको छ ।

२. 'नोट्स फ्रम मार्क्स बिफोर मार्क्सिज्म' भन्ने ग्रन्थका आधारमा लिएको टिपोटमा उहाँले देश बाहिर बसेर काम गरिरहेका जर्मनहरू सबभन्दा धेरै वर्ग चेतनाले ओतप्रोत भएको चर्चा गर्नुभएको छ । 'फ्रयान्ज बादर' भन्ने दार्शनिकले पहिलोपटक सर्वहारा भन्ने शब्दको प्रयोग गरेको कुरा उल्लेख गर्नुभएको छ । सिद्धान्तका रूपमा समाजवाद र साम्यवाद १८३० देखि अस्तित्वमा रहेको र पहिलोपल्ट मोसेज हेस्टले यी विचारहरूलाई १८४२ मा प्रचारमा ल्याएको र उनैले एङ्गेल्स र बाकुनिनलाई साम्यवादतर्फ तानेको कुरा पनि उल्लेख गर्नुभएको छ ।

३. 'नोट्स फ्रम अर्ली हिस्ट्री अफ कामरूप' भन्ने पुस्तकबाट लिएको टिप्पणीमा उहाँ लेख्नुहुन्छ कि द्रबिडहरू बलुचिस्तानबाट आएका थिए र उनीहरू भारतका आदिवासी थिएनन् । सुदूर अतीतमा उनीहरू पूरै उत्तर भारतमा फैलेका थिए र उनीहरूले अस्ट्रिक जातिलाई विस्थापित गरेका थिए । उनीहरू आर्यहरूभन्दा सभ्य थिए, दक्षिण भारतमा मात्र नभई उत्तर भारतमा पनि फैलिएका थिए । विस्तारै आर्यहरूले द्रबिडहरूको धर्म र संस्कृतिलाई अपनाएका थिए । मोहन जोदरो र हरप्पाको सभ्यताले प्रस्तर स्वरूपमा प्रकट गरेका कुराहरूमा शैव धर्म चाल्कोलिथिक युग र त्यो भन्दा पनि पहिलेदेखि चलिआएको कुराको उद्घाटन गर्नु सबैभन्दा बढी महत्वपूर्ण छ र यसले शैव धर्मलाई विश्वकै सबभन्दा पुरानो जीवित धर्मको श्रेय प्राप्त गराएको छ । लिङ्ग र योनीको पूजा मङ्गोलियन उत्पत्तिको नभई द्रबिड उत्पत्तिको हुनसक्छ । त्यस्तै कोचेहरू द्रबिड होइनन्, मङ्गोल हुन् । आर्य र द्रबिडहरू दुवै ककेसियन नश्लबाट उत्पन्न भएका हुन् । समशीतोष्ण क्षेत्रमा बसोबास गर्ने आर्यहरू गोरा भए र उष्णप्रदेशीय क्षेत्रमा बसोबास गर्ने द्रबिडहरू काला भए ।

४. 'एमए स्टेइन'द्वारा लिखत 'मेम्वार अर मास इलस्ट्रेसन अफ दी एन्सेन्ट जिओग्राफी अफ कास्मिर' भन्ने ग्रन्थको टिपोटमा पुष्पलालले ११४८-४९ ईस्वी संवत्मा लेखिएको कल्हणको ग्रन्थ राजतरङ्गिणी नै प्राचीन समयदेखि कास्मिरमा शासन गर्ने शासकहरूको इतिहासका अभिलेखहरूमा सबभन्दा पुरानो भएको कुरा उल्लेख भएको टिपोट गर्नुभएको छ । यस अध्यायमा पुष्पलालले कास्मिरका महत्वपूर्ण भौगोलिक स्थानहरू, त्यहाँको समाजसित सम्बन्धित मिथकहरू, त्यहाँ बसोबास गर्ने जातिहरू

तथा भितास्ता र सिन्धु नदीको बारेमा टिपोट गर्नुभएको छ । कास्मिर पहिले काठमाडौं उपत्यका जस्तै एउटा ताल भएको र काचेल, कास्चत अथवा कास्यप भन्ने एकजना राजकुमार वा सन्तले बारामोन्ले भन्ने पर्वत चमत्कारिक ढङ्गले काटेर कास्मिर, उपत्यकालाई बसोबास लायक बनाएको कुरा ट्र्याभल्स इन द मगोल इम्पायर भन्ने ग्रन्थबाट टिपोट गरिएको छ ।

५. 'द लिङ्ग्विस्टिक सर्भे अफ इन्डिया' भन्ने ग्रन्थबाट उहाँले नेपाल र भारतमा बोलिने भाषाहरूको बारेमा टिपोट गर्नुभएको छ । त्यसमा पहाडी कुरा भनेर खस, कुकाओनी र गडवाली भाषाको चर्चा गर्नुभएको छ ।

६. ‘नोट्स फ्रम प्याजेन्ट अफ बर्मिज हिस्ट्री’ नामक ग्रन्थको अध्ययनपछि पुष्पलालले बर्माको भौगोलिक अवस्था, त्यहाँका आप्रवासीहरू, धर्म र राजनीति सम्बन्धित टिपोट गर्नुभएको छ । उहाँको टिपोटअनुसार बर्मामा दुई हजार वर्ष पहिले चाइनिज, खमेर र टिबिटो बर्मन जातिको प्रवेश सुरु भएको थियो । बर्मामा त्यतिबेला आएका आप्रवासीहरू पढ्न लेख्न सक्तैनथे र कला-साहित्यसित अपरिचित थिए । उनीहरूले आफू आएर बसोबास गरेका ठाउँलाई स्यान्मा पी नामकरण गरे जुनपछि अप्रभंश भएर बर्मा भनिन थालियो । बर्माको इतिहासको लिखित अभिलेखले एघारौं शताब्दीसम्म प्रमाणिकता पाएको थिएन । बर्मामा बुद्ध धर्म त्यहाँको संस्कृति र सभ्यतासित घनिष्ठ रूपले जोडिएको छ । बर्मामा आएका आप्रवासीहरू देवात्मा र दानव आत्मामा विश्वास गर्दथे । उनीहरूको धार्मिक जीवन तिनै आत्माहरूको तृप्तिमा  केन्द्रित रहेको थियो । उनीहरू जीवित निर्जीव सम्पूर्ण वस्तुमा आत्मा हुन्छ भन्ने विश्वास गर्दथे ।  गौतम बुद्ध कुनै सङ्गठित धर्मका संस्थापक थिएनन् । उनी एकजना महान् सुधारक, नैतिकतावादी र दार्शनिक थिए । उनी कुनै संस्कारगत विधि, पुरोहित्व र भौतिक कुराको सहायताबिनै जीवन मरणको दुःखबाट मोक्षको बाटो देखाउन चाहन्थे । उनले भिक्षु सम्प्रदायको स्थापना गरे तर उनको मृत्युपछि त्यसले धर्मको रूप लिन थालेको प्रसङ्ग उहाँले टिपोट गर्नुभएको छ ।

६. ह्वीदर एसिया (ए स्टडी अफ थ्री लिडर्स) भन्ने ग्रन्थबाट उहाँले चीन र भारतको दार्शनिक चिन्तनको तुलना गरिएको विषय टिपोट गर्नुभएको छ । उहाँको टिपोट अनुसार चीनले व्यावहारिक रूपले प्रभावकारी व्यक्तित्वहरूलाई आफ्नो आदर्श मानेको छ भने भारतले संसारभन्दा टाढा जङ्गलको कुनै विशाल रुखमुनि बसेर अथवा पहाडको गुफामा बसेर अनन्तताको चिन्तन गर्ने सन्तहरूलाई आदर्श बनाएको  छ ।  चीनको आदर्श त्यो सन्त हो जसको बुद्धिले मानव समाजलाई समृद्ध बनाएको छ ।  उनीहरूले शास्त्रीय शिक्षाको एउटा प्रणाली विकास गरे जुन एउटा गाउँले ठिटोका लागि उच्च ओहोदासम्म पुग्ने भऱ्याङ बन्नसक्यो । जबकि भारतमा अवलम्बन गरिएको जीवन दर्शनले कठोर जात प्रथाको सरुआत गऱ्यो, जसमा बौद्धिक र सांस्कृतिक जीवन दुईवटा उच्च जातहरूमा केन्द्रित हुनपुग्यो । त्यसमा पनि ब्राह्मणहरूले सम्पूर्ण आध्यात्मिक जीवनमा एकाधिकार जमाए भन्ने कुरा उल्लेख गर्नुभएको छ ।

७. कल्हनज राजतरिङ्गिनी : ए क्रोनिकल अफ किङ्गस अफ कास्मिर भन्ने अध्यायमा कास्मिरका राजवंश, तिनीहरूले अवलम्बन गरेको शासकीय सिद्धान्त, त्यहाँको समाजले अवलम्बन गरेका धार्मिक र आध्यात्मिक परम्परा र मिथकहरूबारे टिपोट गर्नुभएको छ । यस अध्यायका टिपोटहरूमाथि उल्लेख गरिएको कल्हणको प्रसिद्ध ग्रन्थ राजतरिङ्गिनीमा आधारित छन् । यस अध्यायमा कास्मिरका शासक जयापिडको नेपाल विरुद्धको विजय अभियान र नेपालको शासक अरमुडीले उनलाई सैनिक चातुर्य प्रयोग गरी नदीको बाढीमा बगाएर पराजित गरेको कुरा पनि उल्लेख छ ।

८. मुस्ताङ : ए लस्ट टिबेटन किङडम भन्ने अध्यायमा पुष्पलालले मुस्ताङको प्राचीन इतिहासको बारेमा महत्वपूर्ण सूचनाहरूको टिपोट गर्नुभएको छ । त्यसमा उहाँले मुस्ताङ नेपालभन्दा बढी तिब्बतसित सम्बन्धित रहेको र विदेशी विद्वान्हरूले यसलाई तिब्बतकै अङ्ग मानेको सन्दर्भ उद्धृत समेत गर्नुभएको छ ।  तर, मुस्ताङले तिब्बत र नेपाल दुवैलाई नजराना बुझाउँथ्यो भन्ने सन्दर्भ पनि उद्धृत गर्नुभएको छ । यसमा उहाँले तिब्बती युद्ध सरदारहरू र त्यहाँका खम्पा जातिका विषयका सूचनाहरू पनि सङ्कलन गर्नुभएको छ । यस अध्यायमा मुस्ताङसित जोडिएका अनेक किंवदन्ती र मिथकहरूको पनि चर्चा रहेको छ ।

९. ‘भ्याली अफ कास्मिर’ भन्ने अध्यायमा कास्मिरी समाजको उत्पादन सम्बन्ध खासगरी भूस्वामित्वको स्वरूप आदिको विषयको टिपोट गर्नुभएको छ । त्यतिबेला जनताले कस्ताकस्ता आर्थिक दायित्व निर्वाह गर्नुपर्दथ्यो । ‘बेगार’ भन्ने प्रथा कसरी त्यहाका जनताका निम्ति सही नसक्नु बोझ बनेको थियो आदि विषयको चर्चासमेत यस अध्यायमा गर्नुभएको छ ।

१०. ‘नेपाल हिस्टरिकल स्टडी अफ हिन्दु किङडम’ भन्ने अध्यायमा पुष्पलालले नेपालको भौगोलिक, सामाजिक, राजनीतिक र सांस्कृतिक इतिहासका बारेमा ‘सिल्भाँ लेभी’का विचारहरूको टिपोट गर्नुभएको छ । यसमा नेपाल, सिलोन र कास्मिर भारतभन्दा अलग्गै तर समान विशेषता भएका पहाडी मुलुक भएको कुरा उल्लेख छ । काठमाडौं उपत्यका पहिले एउटा तलाउ रहेको र मञ्जुश्रीले चीनबाट आई यहाँको पानी बाहिर पठाएर यसमा बस्ती बसाएको चर्चा रहेको छ । नेपालमा पहिलोपल्ट प्रवेश गर्ने अभीर र गोपालवंशी गोठालाहरू भइरहेको पनि यसमा उल्लेख छ । त्यसपछिका शासकहरूमा किराँत, लिच्छवी, मल्ल र शाह वंशका प्रमुख शासकहरू र उनीहरूको समयमा भएका उल्लेखनीय घटनाहरूको चर्चा छ । यस अध्यायमा उल्लेख भएका प्रायः सबै कुराहरू नेपालको इतिहासमा सामान्यरूपले पढिएका कुराहरू छन् । तर, केही नसुनिएका, रोचक र दुःखद् कुराहरू पनि छन् । उदाहरणका लागि काठमाडौं उपत्यका कब्जा गरिसकेपछि काठमाडौँका राजा जयप्रकाश मल्ल घाइते अवस्थामा गिरफ्तार गरिए । जयप्रकाशकी आमा, जो वृद्धावस्थाका कारण आँखा देख्तिनथिन्, ले काशी गएर बाँकी जीवन बिताउने इच्छा जाहेर गरिन् । तर, पृथ्वीनारायण शाहले उनको गलामा लगाएको एउटा बहुमूल्य हार खोसेर लिए र उनलाई काशी पठाए । ती वृद्धाले त्यहाँ अत्यन्त दारुण जीवन बिताएर अन्त्यमा प्राण त्यागिन् ।

राजा सुरेन्द्रविक्रम शाहले चीनका सम्राटलाई पठाएको एउटा पत्रमा लेखेका थिए : ‘म गोरखाको राजा सुरेन्द्रविक्रम शाह घुँडा टेकेर नौपल्ट बिन्ती गर्दछु कि हजुरको साम्राज्य स्वर्ग हो । यसले हामीलाई लालनपालन र हेरचाह गरेको छ । हजुरको बुद्धिमत्ताले हामीलाई सूर्य र चन्द्रमाले जस्तै प्रकाशित गरेको छ । हजुरको सद्भावना सबै राज्यहरूमा पुगेको छ, हजुरको आयु पहाड सिन मी सुनेरुजत्तिकै लामो छ ।

रणजित मल्लले तिब्बती भाडाका सैनिकहरू राखेका थिए । कालान्तरमा ती सैनिकहरूको बफादारितामा शङ्का पैदा भयो र उनले तिनीहरू सबैलाई ब्यारेकमै जलाएर मारेका थिए ।

११. ‘सिक्किम द हिडन किङडम’ भन्ने अध्यायमा किम्वदन्ती र मिथकहरूले भरिएको सिक्किमको इतिहासको बारेमा टिपोट गरिएको छ । यसमा लेखिएको छ कञ्चनजङ्घाको शिखरमा एकजना भगवान बस्तथे उनले हिउँले छोपिएको हरियो भिरालोबाट एक जना पुरुष र महिलाको सृष्टि गरे । तिनै पुरुष र महिला सिक्किमेली जनताका पूर्वज हुन् । तिनका सन्तान सिक्किमका लेप्चा जाति हुन् । दोस्रो चोग्यालको शासनकालमा सिक्किमले वर्तमान नाम पाएको हो । पहिले यसलाई मायाल्याङ

भनिन्थ्यो । ७०० ईस्वीभन्दा पहिलेको सिक्किमको इतिहासबारे केही जानकारी छैन । त्यतिबेलामात्र लेप्चाहरू मायाल्याङ उपत्यकामा बसोबास गरिरहेको कुरा पत्ता लागेको थियो । १७६८ पछि नेपालले सिक्किममाथि आक्रमण गरेको थियो । सिक्किमले १७८८-८९ मा बर्मासित पनि युद्ध गर्नुपर्‍यो । १८१५ मा अङ्ग्रेजहरू सिक्किमको सहयोगमा उत्रेपछि मात्र त्यहा नाम मात्रको भए पनि शान्ति स्थापना भएको थियो । १८१६ को एउटा सन्धिपछि नेपालीहरू सिक्किममा जान थालेका थिए । उनीहरू मङ्गोल जातिका थिए । आज पनि ६० प्रतिशत सिक्किमेलीहरू नेपाली मूलका छन् ।

१२. 'द ल्याण्ड अफ थन्डरबोल्ट, सिक्किम, चुम्बी एन्ड भुटान' भन्ने अध्यायमा सिक्किम र भुटानमा बुद्ध धर्मको प्रवेश र विस्तारको विषयमा टिपोट गरिएको छ । यस अध्यायमा ती देशहरूको जनसङ्ख्या, भूगोल, परम्परा, कानुन र इतिहास बारेका टिप्पणीहरू समावेश गरिएका छन् । यसमा युद्धका नियमहरू, पराजित र विजेता दुवैले पालन गर्नुपर्ने नियमहरू, गम्भीर अपराधको सजायका प्रकारहरू र उन्मुक्तिका अवस्था आदिका विषयमा पनि टिप्पणीहरू समावेस गरिएको छ ।

१३. 'द हिस्ट्री अफ नेपाल' भन्ने अध्यायमा नेपालका प्राचीन राजवंशको सङ्क्षेपमा पुनःवर्णन गरेपछि पृथ्वीनारायण शाह र उनीपछि राणाहरूको उदयसम्मको राजनीतिक अस्थिरता र त्यसबीचका प्रमुख घटनाहरूको टिपोट छ ।

१४. 'एन एकाउण्ट अफ नेपाल'मा नेपालको प्रागऐतिहासिक मिथक र किम्वदन्तीदेखि पृथ्वीनारायण शाहले काठमाडौं विजयपछि नेवार समुदायमाथि गरेको ज्यादती बारेका टिपोट समेटिएका छन् । यसमा लेखिएको छः काठमाडौं उपत्यका कब्जा गरिसकेपछि पृथ्वीनारायण शाहले युद्धमा गोर्खालीहरूको विरुद्ध प्रतिरोध गर्ने नेवार जातिका नेताहरूलाई दण्डित गर्ने आदेश दिए । त्यो काम सम्पन्न गर्न उनले दुईजना भोटेहरूको नियुक्ति गरेका थिए । उनीहरूले कीर्तिपुरेहरूको नाक कान काटी ज्यादै निर्दयता देखाएको प्रतिवेदन उनकोमा पुग्यो । त्यो सुनेर उनले ती भोटेहरूलाई गिरफ्तार गरी मृत्युदण्ड दिएका थिए भन्ने कुरा पुष्पलालले टिपोटमा उल्लेख गर्नुभएको छ ।

यस अध्यायमा नेपालका विभिन्न वंशावलीमा उल्लेखित प्रसङ्गहरूको साथसाथै नेपालको विदेश-सम्बन्ध, विभिन्न अङ्ग्रेज मिसनहरू, भीमसेन थापाको पतन, माथवरसिंहको हत्या, कोतपर्व र जङ्गबहादुरको उत्थान आदि विषयका टिपोटहरू समावेश गरिएका छन् ।

यो पुस्तक साधारण पाठकहरूका निम्ति त्यति सजिलो छैन, तर अध्येता, शोधकर्ता र इतिहास-अध्ययन र लेखनमा लागेका विद्वान्हरूका लागि भने एउटा अमूल्य सहयोगी सन्दर्भग्रन्थ हुनसक्छ ।

❐

# रूपन्देहीमा 'जनयुद्ध'को ध्वंस र क्षति

**❐ लीला गिरी**

रूपन्देही मुलुकका ७५ जिल्लामध्ये धेरै जनसङ्ख्या भएको र सुगम जिल्ला हो । यो लुम्बिनी अञ्चलका तराईमा पर्ने जिल्लाहरूमध्ये बीचमा पर्छ । यहाँका मूल बासिन्दा मधेसी समुदायका भए पनि तीव्र रूपमा भएको बसाइँसराइका कारण पहाडी मूलका समुदायको समेत जनघनत्व बढिरहेको छ । रूपन्देहीमा बुटवल र भैरहवा गरी दुईवटा नगरपालिका र ६९ गाविस रहेका छन् । रूपन्देही व्यापारिक, औद्योगिक, शैक्षिक र सञ्चारको तीव्र विकास भएको जिल्लामा पर्दछ ।

पञ्चायती कालमा मण्डलेहरूको गढ भनेर रूपन्देहीलाई चिनिन्थ्यो । तिनीहरूको दबदबाका कारण सर्वसाधारणको खासै राज्यसँग पहुँच थिएन ।

बहुदलीय व्यवस्था स्थापनाका लागि भएको २०४६ सालको जनआन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेको यस जिल्लामा ०३६ सालको जनमत सङ्ग्रहमा पनि बहुदलकै पक्षले विजय प्राप्त गरेको थियो । पञ्चायती व्यवस्थाको अन्त्य तथा बहुदलीय व्यवस्थाको स्थापनापछि ०४८ सालमा सम्पन्न पहिलो आम निर्वाचनमा नेपाली काङ्ग्रेसको पक्षमा बहुमत थियो ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेको सरकारले मुलुकभरि आफ्नो पक्षमा पूरा राज्यशक्ति दुरूपयोग गरी अन्य विपक्षीहरूलाई दबाउन अपनाएको हतकण्डाले रूपन्देहीमा पनि असर गर्‍यो । खासगरी नेपाली काङ्ग्रेसले देशव्यापी रूपमा शुरु गरेको वाम शक्ति विरोधी तीव्र दमनका कारण मण्डलेहरू जुरुक्क उठ्ने र सल्बलाउने मौका पाए । विशेषगरी नेकपा (एमाले)को कार्यनीतिलाई गलत सावित गर्न खोज्ने र नेता कार्यकतालाई झुट्टा मुद्दा लगाउने कुकृत्य बढी भए । सरकारी साधन, स्रोत, पद र शक्ति सबैको दुरुपयोग गरेर अन्य पार्टीका कार्यकर्ताहरूमाथि आक्रमण गर्ने र हरतरहले मण्डले

इतरकालाई हतोत्साहित गर्ने काम भयो । एक प्रकारले मण्डलेहरूले पञ्चायतको अन्त्यपछि पनि रूपन्देहीलाई आफ्नो गढकै रूपमा प्रयोग गर्ने काम गरे ।

**'जनयुद्ध'को तयारी काल**

०५० सालको मध्यावधि निर्वाचनमा चुनावी तालमेल हुन नसक्नु र तत्कालीन जनमोर्चा विभाजित भएलगत्तै एउटा पङ्क्तिले नेकपा (माओवादी) गठन गरी 'जनयुद्ध'को नाममा सशस्त्र युद्ध सुरु गर्‍यो । 'जनयुद्ध'का क्रममा यस जिल्लालाई माओवादीले अर्थ अर्थात् चन्दा सङ्कलनको केन्द्रका रूपमा प्रयोग गर्‍यो । पूर्व-पश्चिम आवतजावत् गर्ने मुख्य राजमार्ग तथा भारतसित सिमाना जोडिएको प्रमुख व्यापारिक नाका भएकाले यस जिल्लालाई माओवादीले बहुपक्षीय उपयोगका रूपमा लिएको देखिन्छ । भारततर्फ जान र राजधानीपछि बौद्धिक हिसाबले चलखेल गर्न पार्टीका शीर्षस्थ नेताहरूलाई सेल्टरमा राख्ने तथा पार्टीका आन्तरिक बैठकहरू सम्पन्न गर्ने काम गर्थे । माओवादीले आन्तरिक तयारीकै रूपमा रूपन्देहीलाई प्रयोग गर्दथे । यद्यपि माओवादी 'जनयुद्ध'ले रूपन्देहीमा दीर्घकालीन असर पार्ने थुप्रै घाउ छाडेको छ ।

**सङ्कटकालपछिको सङ्कट**

माओवादीका गतिविधि बढ्दै जाँदा सरकारका तर्फबाट सङ्कटकाल घोषणा गरिएलगत्तै सेनाद्वारा व्यापक घरपकड, गस्ती तथा सर्च अभियान र फौजी कारबाही सुरु भयो । माओवादीले सेनाको पहुँच नभएका ठाउँमा सर्वसाधारणका घरहरूलाई आश्रयस्थल अर्थात् सेल्टरका रूपमा प्रयोग गरे । त्यस क्षेत्रमा उनीहरूले आफ्नो पार्टी इतरका नेता, कार्यकर्ता र समर्थकलाई समेत राजनीतिक गतिविधि गर्न रोक लगाउने, आफ्नो विचारसँग फरक मत राख्नेहरूको हत्या गर्ने, कुटपिट गरी अङ्गभङ्ग पार्ने, घर निकाला गर्ने र सम्पत्ति कब्जा गरेको घोषणा गर्नेसम्मका काम गरे । सेनाले पनि माओवादी आरोपमा अन्य पार्टीका कार्यकर्ता तथा समर्थकलाई पनि निशाना बनायो । माओवादीलाई पालेको, खाना खुवाएको तथा छोराछोरी माओवादीमा लागेको आरोपमा थुप्रै सर्वसाधारणले सेनाबाट विभिन्न प्रकारका यातना पाए । सर्च र गस्तीका क्रममा निःशस्त्ररूपमा भेटिएका माओवादीका कार्यकर्तालाई सेनाले गैरन्यायिक तरिकाले हत्या पनि गरेको पाइयो ।

घरैदेखि नियन्त्रणमा लिएर लैजाने र आफैं खाल्डो खन्न लगाएर गोली हानी मारेपछि भिडन्तमा मारिएको भन्नेसम्मका काम भएको भनी अधिकारकर्मीहरूका भनाइ सार्वजनिक भए । यस अर्थमा तत्कालीन शाही नेपाली सेनाले माओवादी आरोपमा जोसुकैलाई पनि र माओवादीले सुराकी तथा माओवादीको विरोध गरेको नाममा जोसुकैलाई पनि निशाना बनाउने काम गरेको देखियो ।

**केही प्रतिनिधिमूलक घटनाको विवरण**

'जनयुद्ध'का समयमा रूपन्देहीमा स्थायी ठेगाना भएका तथा ड्युटीमा रहेका ३५ जना सुरक्षाकर्मीको हत्या भयो । तीमध्ये प्रहरी २८ जना, सशस्त्र प्रहरी ३ जना र नेपाली सेना ४ जना थिए । ५७ जना विभिन्न राजनीतिक पार्टीका कार्यकर्ता तथा सर्वसाधारणको हत्या भएको थियो । घाइते तथा अङ्गभङ्गमा ३५ जना प्रहरी, २ जना सशस्त्र प्रहरी र ९२ विभिन्न पार्टीका कार्यकर्ता तथा सर्वसाधारण परेका थिए । रूपन्देहीमा घर भई काम तथा जागिरको सिलसिलामा अन्यत्र पुगेरका बेला माओवादीले उनीहरूमाथि आक्रमण गरेको थियो ।

**माओवादीबाट भएका हत्या-हिंसा**

सरकारबाट लाइसेन्स लिएर सुरक्षाका लागि नागरिकको घरमा राखिएका ६५ थान हातहतियार माओवादीले कब्जा गर्‍यो । १७ वटा प्रहरी बिटमा आगजनी र विस्फोट गरायो । एक नगरपालिकासहित १६ वटा गाविस कार्यालयमा आगजनी र विस्फोट गरायो । अन्य ३६ वटा सरकारी कार्यालयमा आगजनी तथा तोडफोड गर्नुका साथै ४१ बटा बैङ्क तथा वित्तीय संस्थामा लुटपाट गर्‍यो । यस्तै, ५३ जना सर्वसाधारणका निजी घरमा विस्फोट र आगजनी गरायो । २९ वटा सरकारी सवारी साधन र ४१ वटा निजी सवारीसाधन तोडफोड तथा लुटपाट भए ।

माओवादी जनयुद्धकै कारण यहाँ ९७ जना सर्वसाधारण विस्थापित हुनपुगे । ५२ जनालाई माओवादीले अपहरण गर्‍यो । ३२ जना सर्वसाधारणको घरमा तालाबन्दी र ७९ जनाको व्यक्तिगत सम्पत्ति कब्जा गरेको घोषणा गरियो । माओवादीले अझै पनि ९ जना सर्वसाधारणको सम्पत्ति फिर्ता गर्न बाँकी रहेको छ भने शान्ति सम्झौतापछि समेत सर्वसाधारणको सम्पत्ति कब्जा गर्ने काम गरेको पाइन्छ । बुटवलमा रहेको राष्ट्रिय वाणिज्य कार्यालयको पश्चिमाञ्चल क्षेत्रीय सुपरीवेक्षण कार्यालय पनि माओवादीले कब्जा गरेर हाल विभिन्न जनवर्गीय सङ्गठनका कार्यालय सञ्चालन गरेको छ ।

**माओवादीको मानवीय क्षति**

युद्धका क्रममा राज्य पक्षबाट ३७ जना माओवादी कार्यकर्ता मारिए । प्रतिकार समूहका नाममा २ जना माओवादी कार्यकर्ता र २ जना सर्वसाधारण मारिएको देखिन्छ । आक्रामक नरहेको ठाउँमा तीन दर्जनभन्दा बढी कार्यकर्ता मारिनु माओवादीको ठूलै क्षति हो । 'जनयुद्ध'कालमा वभिन्न राजनीतिक पार्टीका कार्यकर्ता, समर्थक र सर्वसाधारण पनि मारिए । राज्य र विद्रोही दुवै पक्षबाट सर्वसाधारणलाई निकै सताइएको देखिन्छ ।

**एमालेका कार्यकर्तामाथिको आक्रमण**

**हत्या**

**प्रेमबहादुर शाही–** केरवानी गाविस- ६ स्थित आफ्नै घरबाट मिति ०६० असार २६ मा अपहरण गरी लगेर राती निर्घातरूपमा कुटपिट गरी गम्भीर अवस्थामा बिहान छाडियो। अत्यन्त नाजुक अवस्थामा उहाँलाई उपचारका लागि काठमाडौं लगियो। तर, २०६० असार ३० गते उहाँको निधन भयो। उहाँ अखिल नेपाल किसान सङ्घको जिल्ला कमिटीको सदस्य एवम् पार्टीको इलाका कमिटी सदस्य हुनुहुन्थ्यो। एमालेको पक्षमा वैचारिक हिसाबले उभिएको र माओवादीका गलत क्रियाकलापको विरोध गर्ने जुझारु स्वभावका कारणले उहाँले आफ्नो ज्यान गुमाउनुपरेको थियो।

उहाँको अन्तिम बिदाइका समयमा स्थानीय रोहिणी नदीको किनारामा भएको विशाल सभालाई तत्कालीन जिल्ला सचिव विजय पौडेल र उपसचिव लीला गिरी तथा जिल्ला कमिटी सदस्यहरू कविराम अर्याल र कृष्ण न्यौपानेलगायतले माओवादी ज्यादतीको भण्डाफोर गर्नुभएको थियो।

**अब्दुल बजीर खाँ** : उहाँलाई विष्णुपुरा- ४ स्थित आफ्नै घरबाट ०६१ भदौ २१ गते दिउँसो अपहरण गरी नजिकमा रहेको मिनमिनवा जङ्गलमा लगी निर्घातरूपमा कुटपिट गरी हत्या गरे। त्यसपछि घरपरिवारलाई दबाब दिएर जबर्जस्ती अन्तिम संस्कार गर्न बाध्य तुल्याए। माओवादीको हद दर्जाको अमानवीय चरित्र एकपटक पुनः उजागर भयो। उहाँ नेकपा (एमाले)को सङ्गठित सदस्य तथा स्थानीय गाउँ कमिटीमा सङ्गठित हुनुहुन्थ्यो।

**ब्रह्मानन्द बरुण–** ०६२ असोज २० गते राज्यद्वारा गठित प्रतिकार समूहले उहाँको आफ्नै घर रायपुर- ८ बाट अपहरण गरी सेमरा गाविसको हरिनगाठे बगैँचामा लगी गोली हानेर हत्या गर्‍यो। राज्यका विरुद्ध हतियार उठाएका र शान्तिपूर्ण राजनीतिमा अगाडि बढेका राजनीतिक पार्टीको बीचमा फरक नदेख्ने तत्कालीन राजा ज्ञानेन्द्र नेतृत्वको शाही सरकारको निरङ्कुशताले उहाँको ज्यान लिएको थियो। घटनामा स्थानीय स्तरको पार्टी राजनीतिको प्रतिरोधसमेत झल्किन्छ। उहाँ पार्टीको इलाका कमिटीका सदस्य हुनुहुन्थ्यो। उहाँको अन्तिम शवयात्रामा पार्टी जिल्ला कमिटीका तत्कालीन सचिव लीला गिरी र उपसचिव बाबुराम चौधरीसमेतको उपस्थिति रहेको थियो।

**रामउग्रह कुर्मी– उहाँ** एमालेको साधारण सदस्य हुनुहुन्थ्यो। उहाँलाई तत्कालीन शाही सेनाले बेतकुइया- ३ को बजारमा **०६१ असार ३१ गते** गोली हानी हत्या गरेको थियो।

**श्यामसुन्दर लोध–** उहाँ एमालेको साधारण सदस्य हुनुहुन्थ्यो। उहाँको स्थानीय रामपुर-६ मा गोली हानी ०६१ माघ १६ गते माओवादीद्वारा हत्या गरिएको थियो।

**कुटपिट र अपहरण**

**अङ्गभङ्ग र असैह्य यातना**

**वेदप्रकाश रेग्मी–** ०६१ वैशाखमा आफ्नै बारीमा ०६१ वैशाखमा करवानी-२ स्थित माओवादीको केही जत्था आई निर्घात कुटपिट गरी कोदालोले खुट्टा काम नलाग्ने गरी भाँचिदिए। उहाँको हालसम्म पनि खुट्टा काम लाग्ने अवस्थामा छैन। उहाँ अझै पनि उपचारको क्रममा आफ्नो परिवारसहित काठमाडौंमा हुनुहुन्छ।

**कविराम अर्याल–** मक्रहर गाविस- ४ स्थित आफ्नै घरबाट अपहरण गरी नजिकैको जमुहानी कलभर्टमा लगी निर्घात कुटपिट गरेर मरणासन्न अवस्थामा पुर्‍याए। उहाँलाई तत्काल लुम्बिनी अञ्चल अस्पतालमा भर्ना गरी उपचार गरिएको थियो र पछि महिनौंसम्म घरमै उपचार गरियो। उहाँ पार्टी जिल्ला कमिटीको सदस्य तथा हाल अनेकिमहासङ्घ रूपन्देहीको अध्यक्षसमेत हुनुहुन्छ।

यस घटनाको विरोधमा एमाले जिल्ला कमिटीका तर्फबाट मक्रहर गाविसको शिवपुर चोकमा पार्टी जिल्ला कमिटीका तत्कालीन सचिव विजय पौडेल र उपसचिव लीला गिरीलगायतले माओवादी ज्यादतीको विरोध र भण्डाफोर गर्नुभएको थियो।

**तुलसी चौधरी** (मानमेटेरिया गाविस- १) : आफ्नो घरमा रहेको अवस्थामा ०६१ असोज २० गते साँझ घरबाटै अपहरण गरी करिब ३ किलोमिटर टाढा रहेको दयानगर गाविसको गिदैयामा लगी उहाँलाई मरणासन्न हुने गरी पिटे र हातखुट्टा भाँचिदिए। उहाँको अवस्था अत्यन्त गम्भीर थियो। उहाँलाई लुम्बिनी अञ्चल अस्पतालमा भर्ना गरी उपचार गरिएको थियो। पछि उहाँको शल्यक्रियासमेत गर्नुपर्ने भएकाले काठमाडौं लगी उपचार गरिएको थियो। यस घटनाको विरोधमा २०६१ असोज २१ गते बिहान माओवादी गुण्डागर्दी मुर्दाबाद ! भन्ने मूल नाराका साथ पार्टी जिल्ला कमिटीका तत्कालीन सचिव लीला गिरीको नेतृत्वमा बुटवल बजारमा भण्डाफोर जुलुस निकालिएको थियो। उहाँ तत्कालीन जिल्ला कमिटीको सदस्य हुनुहुन्थ्यो। हाल अञ्चल समन्वय कमिटी सदस्यका निम्ति प्रस्तावित हुनुहुन्छ।

**संजय (रौनियार) गुप्ता–** छिपागढ गाविस–३ स्थित आफ्नै घरमा रहेको अवस्थामा साँझ ०६२ वैशाख २२ गते बाहिर बोलाई गोली प्रहार गरियो। गोली लागेर उहाँको उहाँको बायाँ खुट्टाको घुडा क्षतविक्षत भयो। लामो उपचारपछि पनि खुट्टा कमजोर र काम नलाग्नेजस्तै भएको छ। हाल उहाँ पार्टी जिल्ला कमिटीको सदस्य हुनुहुन्छ।

**बृहत शान्ति सम्झौतापछिका घटना**

संविधानसभाको निर्वाचनपछि पनि एनेकपा माओवादीका तर्फबाट अहङ्कार, उद्दण्डता र अराजकताको प्रवृत्ति देखाउने युद्धकालीन परम्परा यथावतै रह्यो। आफूभन्दा फरक विचार राख्ने अन्य पार्टीका व्यक्तिहरूलाई हिंसात्मक रूपमै ठेगान लगाउने सोंच उसले जारी राख्यो।

वैचारिक हिसाबले जनतालाई आफ्नो पक्षमा सहमत गराउने र शान्तिपूर्ण तरिकाबाट अगाडि बढ्न छाडेर हत्या-हिंसामै उसका कार्यकर्ताहरू रमाउन थाले । त्यही सिलसिलामा हाम्रो पार्टीका युवा कार्यकर्ता एवम् युवासङ्घ नेपाल जिल्ला कमिटीका सदस्य तथा युथफोर्सका जिल्ला सदस्य कमरेड प्रचण्ड थैवको बुटवल नगरपालिका-९, चाँदबारीमा ०६५ चैत १३ गते राती १० बजे माओवादीद्वारा गोली हानी हत्या भयो । आफ्नो घर बुटवल नगरपालिका- ९, दीपनगर गइरहेको समयमा मोटरसाइकलमा आएका वाईसीएल रूपन्देहीका जिल्ला इन्चार्ज सुजित विश्वकर्माले गोली हानी हत्या गरेको प्रत्यक्षदर्शीहरूले नै बताए । तर, एकीकृत माओवादीकै नेतृत्वमा रहेको सरकारले दोषीलाई कानुनी कठघरामा सुम्पिनुको साटो लुकाउने काम गऱ्यो । सुजित विक अझै पनि माओवादीकै संरक्षणमा रहेको तथ्य प्रस्टै छ ।

यस घटनाको विरोधमा लुम्बिनी अञ्चलभरि आन्दोलन भयो भने देशव्यापी प्रतिक्रियामूलक प्रदर्शन गरियो । यो घटना राष्ट्रिय चर्चाको विषय बनिरहँदा रूपन्देही जिल्ला ७ दिनसम्म पूर्णरूपमा बन्द रह्यो । हजारौं कार्यकर्ता तथा सर्वसाधारण प्रतिरोधमा सहभागी रहेको उहाँको शवयात्रामा पार्टी अध्यक्ष कमरेड झलनाथ खनाल, महासचिव कमरेड ईश्वर पोखरेललगायतका पार्टीका शीर्ष नेताहरूको उपस्थिति थियो । कमरेड थैवलाई सरकारले सहिद घोषण गरे पनि हत्यामा संलग्नलाई कारबाही नहुँदासम्म पीडित परिवारले न्यायको अनुभूति पटक्कै गर्ने अवस्था छैन ।

**दोहोरो भिडन्त : कसलाई कति फाइदा ?**

०६२ चैत २४ गते ऐतिहासिक जनआन्दोलन थालनी भएको भोलिपल्ट २५ गते बेलुका माओवादीले बुटवलका विभिन्न ठाउँमा एकैसाथ आक्रमण गऱ्यो । इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय र सेनाको गण तथा गुल्मलाई समेत लक्षित गरी माओवादीले उक्त आक्रमण गरेको थियो । रातभरिजसो चलेको दोहोरो भिडन्त बिहान ४–५ बजेतिर मात्रै रोकिएको थियो । जुन ढङ्गको त्रास, भय र रातभरको भिडन्त थियो, त्यसअनुरूप माओवादीले सफलता भने प्राप्त गर्न सकेन । सुरक्षा निकायतर्फ कुनै क्षति भएन तर माओवादीतर्फ चार जना लडाकुको मृत्यु भयो । दोहोरो भिडन्तको चेपुवामा परेर केही सर्वसाधारण घाइते भए । घाइतेमध्ये बुटवल-१२, रामनगरकी नयाँकुमारी मगरको उपचारका क्रममा मृत्यु भयो ।

बुटवल नगरपालिका-६, क्याम्पस पछाडिका युवा अशोक थापाको पनि दोहोरो भिडन्तका क्रममा ज्यान गयो । माओवादीले जुन योजनासाथ आक्रमण गरेको बताएको थियो, त्यस अनुरूप उसलाई सफलता प्राप्त भएन । जनआन्दोलनमा सहभागिताको जनलहर बढिरहेका बेला माओवादीले गरेको उक्त हिंसात्मक आक्रमणले जनता आतङ्कित हुनपुगे । तैपनि ऐतिहासिक जनआन्दोलन सफल बनाउने अभियानमा जुटेका जनतालाई आखिर कसैले रोक्न-छेक्न सकेन ।

अन्त्यमा, नयाँ जनवादी क्रान्तिमा माओले प्रस्तुत गरेको वर्गविश्लेषण, संयुक्त मोर्चा तथा सशस्त्र सङ्घर्षको नीति र योजना अनुरूप माओवादीको 'जनयुद्ध' सञ्चालित नै भएन । त्यसविपरीत माओवादीले ज्यादती बढाउँदै लग्यो । उसले भन्दै आएको 'महान् जनयुद्ध' बहुसङ्ख्यक जनताका निम्ति पीडा र महाध्वंसका रूपमा बल्झिरहेको छ । सशस्त्र सङ्घर्षमा असफल भएपछि शन्तिपूर्ण संयुक्त जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, ऐतिहासिक संविधानसभा, ९ महिना संयुक्त सरकारको नेतृत्व गर्दै यहाँसम्म आइपुगेको एकीकृत माओवादीमा अझै युद्ध र बन्दुकको धङधङी बाँकी नै रहेको देखिएको छ । उसले एक दशक लामो युद्धकालमा भएको मानवीय क्षति र भौतिक पूर्वाधारको नोक्सानीप्रति कुनै पश्चातापबोध नगरी शान्ति सम्झौतामार्फत युद्ध रोक्ने काम गऱ्यो । सत्य निरूपण र मेलमिलाप आयोग गठन गरी युद्धको क्षति र ज्यादतीको तथ्य व्यवस्थित गर्दा मात्रै 'जनयुद्ध'को वास्तविक क्षति र राहतको प्रयत्न सार्थक हुनेछ- । ❐

# जिल्ला र क्षेत्रीय अधिवेशन जारी

**नेकपा (एमाले) यतिबेला आठौं महाधिवेशनद्वारा पारित विधानअनुरूप जिल्ला-जिल्ला र निर्वाचन क्षेत्रहरूमा अधिवेशन आयोजना गरी पार्टीलाई तल्लो तहसम्म बहुपदीय संरचनामा रूपान्तरण गर्न जुटिरहेको छ । यस अभियानअन्तर्गत यसपालि मुस्ताङ जिल्ला अधिवेशन, एनडीएफ युरोप र इटालीको गठन तथा नारायणी अञ्चल अन्तर्गतका क्षेत्रीय अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्व एवं राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूको नामावली प्रस्तुत गरिएको छ :**

## मुस्ताङमा चन्द्रमोहन गौचन

नेकपा (एमाले) मुस्ताङको पाँचौं जिल्ला अधिवेशनले चन्द्रमोहन गौतमलाई सर्वसम्मतिले अध्यक्ष चयन गरेको छ । २०६७ साउन २८ र २९ गते सदरमुकाम जोमसोममा पार्टी केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड अमृतकुमार बोहराले उद्घाटन गर्नुभएको अधिवेशनलाई पोलिटब्युरो सदस्य एवम् केन्द्रीय प्रचार विभाग प्रमुख, वैकल्पिक पोलिटब्युरो सदस्य एवम् धौलागिरि अञ्चल संयोजक श्रीमाया थकाली, केन्द्रीय सदस्य एवम् धौलागिरि अञ्चल सहसंयोजक गणेश

तिमिल्सिना, वैकल्पिक केन्द्रीय सदस्य कल्पना चापागाईं, प्ररायुसंघका केन्द्रीय उपाध्यक्ष हिराबहादुर केसी र सम्पर्क मञ्चका तर्फबाट कृष्ण गौचनलगायतले सम्बोधन गर्नुभएको थियो ।

अधिवेशनले उपाध्यक्षमा पेमा छिरिङ गुरुङ, सचिव देवबहादुर गुरुङ र उपसचिवमा आशबहादुर थकालीलाई चयन गरेको छ । जिल्ला कमिटीका सदस्यहरुमा दिलकुमारी थकाली, जमुना थकाली, भीमकुमारी शेरचन, शर्मिला गुरुङ, छिरिङ पाल्साङ गुरुङ, सिजु गुरुङ, ढोका गुरुङ, सुमित्रा पाइजा, टासी स्याङवो गुरुङसेनी, आशमाया परियार, रत्ने विश्वकर्मा, रत्न गोतामे, टसी वाङदी गुरुङ, मिग्मर गुरुङ, आङजु गुरुङ, छिरिङ धोर्जे गुरुङ, नुरुओङचु गुरुङ, आङग्या गुरुङ, ताकला गुरुङ, छेप्तेन गुरुङ, छाङ रिञ्जिन गुरुङ, टेकबहादुर गुरुङ, भुपेन्द्र शेरचन, महेन्द्र थकाली, आइतप्रसाद थकाली, सुरज गौचन, तेजेन्द्र गौचन, नविन भट्टचन, डिमा डोल्टु गुरुङ, टसी फोन्जो गुरुङ, ताकला गुरुङ, टोर्पी गुरुङ, रिञ्जिन छवाङ गुरुङ, ताकला आङग्या गुरुङ, उत्तम गुरुङ, रमेश गुरुङ, विनोद थकाली, रमेश भट्टचन र हेमन्त शेरचन रहेका छन् । बाँकी छ जना पछि पदपूर्ति गरिने जनाइएको छ ।

राष्ट्रिय प्रतिनिधि परिषद्को सदस्यमा शंखलाल गुरुङलाई चयन गरिएको छ । १४७ प्रतिनिधि र ४० पर्यवेक्षक रहेको अधिवेशनको खुलासत्रमा पार्टीलाई सहयोग गर्ने पुराना कमरेडहरूलाई सम्मान गरिएको थियो भने बन्दसत्रमा प्रमुख अतिथिलगायतका अतिथिहरूले प्रशिक्षणसमेत दिनुभएको थियो ।

# एनडीएफ–युरोपमा योगेन्द्रबहादुर शाही

नेपाल लोकतान्त्रिक मञ्च युरोपको गठन नेकपा (एमाले)का महासचिव कमरेड ईश्वर पोखरेलको प्रमुख आतिथ्यमा बेल्जियमको अन्त्रोपेनमा २०६७ असार २८ गते सम्पन्न भएको छ ।

नेकपा (एमाले)का वैकल्पिक पोलिटब्युरो सदस्य तथा युरोप इन्चार्ज अरूण नेपालको सभापतित्वमा भएको उक्त कार्यक्रमको युरोपका सात देशबाट उद्घाटनमा बेल्जियमस्थित नेपाली राजदूत प्रमेश हमालले विशेष अतिथिका रूपमा शुभकामना मन्तव्य दिनुभएको थियो । भेलामा विभिन्न देशका प्रतिनिधिहरू तुलसीनाथ सुवेदी, नवराज रोश्यारा, पुष्प तिमिल्सिना, पुरण आचार्य, घनश्याम गौतम, सुवास अधिकारी, अर्जुन श्रेष्ठ, शिव बडुवाल आदिले आफ्नो देश र कार्यक्षेत्रको परिस्थितिबारे रिपोर्ट पेस गर्नुका साथै समसामयिक नेपालको राजनीति र पार्टी नीतिबारे जिज्ञासा राख्नुभएको थियो । ती जिज्ञासाको उत्तर महासचिव कमरेड ईश्वर पोखरेलले दिनुभएको थियो ।

भेलाले कमरेड योगेन्द्रबहादुर शाहीको संयोजकत्वमा १४ सदस्यीय नेपाल लोकतान्त्रिक मञ्च युरोपको तदर्थ समिति गठन गरेको छ। जसका सदस्यहरूमा इन्द्रप्रसाद ओली, शिवकुमार बडुवाल र सरस्वती चापागाईं (बेल्जियम), पुष्प तिमिल्सिना (स्पेन), नवराज रोश्यारा (जर्मनी), घनश्याम गौतम (डेनमार्क), ज्ञान लामिछाने (इटाली), सुवास अधिकारी, बलराम विक (पोर्चुगल), रमा लामिछाने (इटाली), दिनेश गुरुङ (स्पेन), राज थापा (जर्मनी), गङ्गादेवी शर्मा (स्पेन) रहनुभएको छ । भेलाले नेपाल लोकतान्त्रिक मञ्चको सङ्गठन बनिसकेका अन्य देशबाट सो कमिटीको सिफारिस अनुसार एक/एकजना एनडीएफ र पार्टी कमिटीका प्रमुखहरू गरी जम्मा दुईजना थप गर्ने निर्णय गरेको छ । कमिटीका प्रमुखहरू विशेष परिस्थितिले बस्न नसक्ने अवस्थामा कमिटीले सिफारिस गरेका अर्को व्यक्तिले जिम्मा लिनसक्ने पनि तय भएको छ। संयोजक योगेन्द्रबहादुर शाहीका अनुसार नवगठित समितिले युरोपमा रहेका नेपाल लोकतान्त्रिक फोरमहरूको संयोजन गर्नेछ ।

# पश्चिम उत्तर प्रदेशमा अशोक थापा

नेकपा (एमाले) भारत प्रवास समन्वय कमिटी अन्तर्गत पश्चिम उत्तर राज्य कमिटीको प्रथम अधिवेशन सन् २०१० जुलाई ९ तारिख तदनुरुप ०६७ असार ५ गते सम्पन्न भयो । हरियाणा राज्य कमिटीका अध्यक्ष कमरेड रामप्रसाद भट्टराईले उद्घाटन गर्नुभएको उक्त अधिवेशनमा दिल्ली राज्य कमिटीका अध्यक्ष रामबहादुर डीसी, अभानेस्वबियुका नवनिर्वाचित अध्यक्ष पदम भट्ट, भारत प्रवास कमिटीका सदस्यहरू क्रमशः विनमहादेव भट्टराई, दिलु शाही केसी र सीता अधिकारी, पूर्वसदस्य पूर्णकला भट्टराई र पूर्वसल्लाहकार मदन भारतीलगायतका अतिथिहरूको उपस्थिति थियो ।

अधिवेशनले अशोक थापाको अध्यक्षतामा १ स्थान रिक्त रहने गरी १४ सदस्यीय कमिटी सर्वसम्मतिले चयन गरेको छ । कमिटीका उपाध्यक्ष नरनारायण घिमिरे, सचिव प्रेम बस्नेत र उपसचिव विनोद थापा रहनुभएको छ । राज्य कमिटीका सदस्यहरूमा जीवन गौतम, शिव दाहाल, आशाराम चौधरी, तुलसी खनाल, मञ्जु नेपाली, तारा थापा, रामकृपाल चौधरी, रञ्जिता अधिकारी, विष्णुमाया केसी र तुलमाया पुन चयन हुनुभएको छ । राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यमा सूर्यबहादुर थापा निर्वाचित हुनुभएको छ ।

## नारायणी अञ्चलमा नयाँ क्षेत्रीय नेतृत्व

**चितवन**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : दावादोर्जे लामा (निर्विरोध निर्वाचित)

अध्यक्ष गोविन्द कँडेल, उपाध्यक्ष रामबहादुर सारु, सचिव प्रकाश रूपाखेती, उपसचिव अशोककुमार अधिकारी र सदस्यहरू भरत भण्डारी, भरतप्रसाद उप्रेती, टेकबहादुर थापाक्षेत्री, बुद्धिराज चौधरी, कमल न्यौपाने, हेमन्त कँडेल, हरि पौडेल, भीम पुन, गोपाल परियार, खड्गबहादुर तामाङ, चन्द्रदेवी तामाङ, ठण्डाराज खरेल, भीमप्रसाद महतो, कमल थपलिया, विक्रम चौधरी, जगन्नाथ श्रेष्ठ, जीवन पाठक, लोकराज सिलवाल, जेनी चौधरी, निशा थिङ, खिलबहादुर नेपाली, पुष्पराज ओली, शालिकराम पाठक, गोमनसिंह लामा, सूर्य प्रजा, पहलमान चेपाङ, दिपेन्द्र दराई, ध्रुव भट्ट, गोकर्ण सिटौला, मिरा खरेल, शिवराज डल्लाकोटी, रेशम सापकोटा, प्रेम केसी, लोकराज भुषाल, गोविन्दप्रसाद रिमाल र गीता श्रेष्ठ ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : जगन्नाथ थपलिया

अध्यक्ष यादवप्रसाद पाठक, उपाध्यक्ष शिवनारायण चौतारिया, सचिव रामशरण कुँवर, सहसचिव किशोरबाबु पुरी, सदस्यहरू ज्वाला हिमाली, हरि खनाल, बद्रीप्रसाद घिमिरे, गोपीप्रसाद नेपाल, होमनाथ लामिछाने, कृष्णप्रसाद डोटेल, कपिलदेव सेवेदी, केशव लामा, शिवराज उप्रेती, विमलादेवी दवाडी, निर्मला खड्का, हरिप्रसाद घिमिरे, टीकाराज रिजाल, हरिबहादुर प्रजा, भोजराम थपलिया, खोमबहादुर गुरुङ, खगेन्द्र पौडेल, गोविन्द भट्टराई, पूर्णबहादुर डल्लाकोटी, पुष्पराज महरट्टा, शान्ता आचार्य, बालसिंह चौधरी, नगेन्द्रप्रसाद खनाल, सागर पोखरेल, शशीकला ढकाल, राजेन्द्रकुमार बस्नेत, सीता नेपाल, सरस्वती सापकोटा, लक्ष्मी श्रेष्ठ, प्रेमप्रसाद रेग्मी, आशा लोप्चन (वाइबा), रमजन शेख, प्रताप डल्लाकोटी, सुनिता थपलिया, नगेन्द्रप्रसाद उप्रेती, मङ्गलीमाया नेपाली, सोमबहादुर गुरुङ, विमला तामाङ, प्रदीप डल्लाकोटी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : शैलेन्द्रकुमार पिया

अध्यक्ष कमलबहादुर मल्ल, उपाध्यक्ष पूर्णबहादुर श्रेष्ठ, सचिव मुक्तिनाथ ढकाल, उपसचिव सरस्वती शाह कतिला, सदस्यहरू रुक्मांगत पाण्डे, हरिगोपाल शर्मा, माया नेपाली, माधव शर्मा घिमिरे, तोलाकान्त तिवारी, रामलाल भट्टराई, भीष्मराज पौडेल, खेमराज भट्टराई, त्रिपुरासुन्दरी पौडेल, रुद्र सुवेदी, ऋषिकेश रेग्मी, ईश्वरी शर्मा ढकाल, रमा रेग्मी, नारायणी सापकोटा, राजकुमारी खड्का, विमला भट्टराई, पञ्चबहादुर चेपाङ, सुश्मा गुरुङ, सीमा गुरुङ, केपी खाती, रुद्रनाथ सुवेदी, नन्दलाल गिरी, बर्तबहादुर गुरुङ, श्रीप्रसाद कँडेल, कृष्णराज गुरुङ, सुकबहादुर गुरुङ, भानुभक्त सापकोटा, फूलसरिफ मिया ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : विजय सुवेदी (निर्विरोध निर्वाचित)

अध्यक्ष शंकर थपलिया, उपाध्यक्ष इन्द्रबहादुर बस्नेत, सचिव बच्चुराम भट्टराई, उपसचिव सूर्यप्रसाद भट्टराई, सदस्यहरू प्रकाश शर्मा (अनिल), धर्मबहादुर कार्की, देवीप्रसाद भण्डारी, हरिबहादुर रानाभाट, रामकृष्ण प्याकुरेल, खेमलाल कँडेल, डोलनाथ अधिकारी, किरण पौडेल, विष्णुप्रसाद बस्याल, जीवन घले, गुञ्जमान विश्वकर्मा, रामशरण थापा, महादेव बराल, प्रेमनाथ पन्त, श्रीप्रसाद दवाडी, पूजा तामाङ, राधिका उप्रेती (पौडेल), माया लामिछाने, लक्ष्मी चापागाईं, कल्पना सापकोटा, सीता बस्नेत, सूवर्ण नेपाली, ज्ञानु सुनार, रुद्रबहादुर राई, विष्णुराज महतो, मीनबहादुर तामाङ, मेखबहादुर तामाङ, केशरबहादुर भुजेल, तिलकराम पौडेल ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : लीलाधर आचार्य

अध्यक्ष श्यामकुमार बिष्ट, उपाध्यक्ष नरिनारायण पौडेल, सचिव होमनाथ भण्डारी 'संकल्प' सहसचिव मधुराम चौधरी, सदस्यहरू पूर्णभद्र पनेरु, सरस्वती विष्ट, अन्जना पौडेल, इन्द्रबहादुर केसी, लेखनाथ बराल, शम्भुराज भट्ट, भूपालनाथ कँडेल, दिनकर पौडेल, लालबहादुर विक, होमनाथ पौडेल, बालकृष्ण सापकोटा, पदमपाणि पौडेल, बलबहादुर पुरी, गणेश पाण्डे, भीमबहादुर थापा, मीनबहादुर परियार, धनबहादुर लो., जयराम महतो, सीता अधिकारी, शिवराज बराल, झनक शर्मा अधिकारी, विष्णु आचार्य, विनिता शर्मा तिमिल्सिना, सावित्री पाण्डे, कमल रामदाम, बबिता पौडेल, प्रेमकुमार गुरुङ, दिलमाया श्रेष्ठ, बुद्धिमाया मित्राकोटी, चन्द्रा बानिया, फूलमाया परियार ।

**मकवानपुर**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : कृष्णप्रसाद दाहाल

अध्यक्षः कृष्ण राई उपाध्यक्षः कृष्णप्रसाद चौलागाई, सचिवः हरि कंडेल, उपसचिवः नारायण तिमल्सीना, सदस्यहरूः अनिल बानियाँ, बेलप्रसाद दाहाल, चन्द्रकला ढुङ्गाना, उत्तम पौडेल, मिना रूपाखेती, लोकनाथ चौलागाई, कृष्णप्रसाद लम्साल, कुशहरी केसी, रेखा खतिवडा, निर्मला लम्साल, भवानी पाठक, शङ्कर राई, प्रेमबहादुर पुलामी, नरहरी महत, धनबहादुर भोम्जन, बद्रि लामिछाने, एन्मान जिम्बा, रामप्रसाद घिमिरे, हरिहर खनाल, शुक्रमान भोम्जन, नजरमान भोम्जन, भक्तबहादुर आले, रविन्द्र सुर्खेती, बलराम हुमगाईं, सीताक खनाल ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य**ः महेश्वर सुवेदी

अध्यक्षःविष्णु ढकाल, उपाध्यक्षः अशोक लामा सचिवः विदुर हुमागाईं, उपसचिवः सुरेन्द्रराज ठिङ्के, राजप्रकाश भण्डारी, नानिराम तिमल्सिना, प्रेम लम्साल, मानबहादुर बलल काशीराम बज्यू, सीताराम थापा, राजनकुमार ठकुरी, नारायण (एनबी) गजमेर, प्रताप भोम्जन, राजमान महर्जन, कुन्साङ लामा १६) झमकलाल बलामी, बुद्धरत्न मानन्धर, सानुकाजी गोपाली, चित्रबहादुर बलामी, लक्ष्मण रेग्मी, शिवराम थापा, प्रेम केसी, ध्रुव श्रेष्ठ, चेतकुमारी पुडासैनी, केशरराज लामा, घनश्याम अमात्य, देवकृष्ण पुडासैनी, ठुलीमाया (लामा) गोले, तिर्थमाया लामा, हरिलाल स्याङ्तान, कृष्णबहादुर सुनार ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** डोरमणि पौडेल

अध्यक्षः तिलक अधिकारी, उपाध्यक्षः इन्द्रमान स्याङ्तान, सचिव माधव तिमल्सिना, सहसचिवः माया पौडेल, सदस्यहरूः विष्णु श्रेष्ठ, जुनेली श्रेष्ठ, गोविन्द दाहाल, रामकृष्ण तिमल्सिना, सानुमाया श्रेष्ठ, राजेन्द्र बास्कोटी, देवेन्द्र कोइराला, रामबहादुर राई, सरस्वती दाहाल, नारायण लामिछाने, गणेश दुलाल, इन्द्र खतिवडा, गणेश तिमल्सिना, राजन थापा, सीताराम प्रधान, रामचन्द्र अर्याल, लक्ष्मी नेपाली, रामचन्द्र न्यौपाने, मनमाया अधिकारी, हरि पण्डित, ऋषिराम घिसिङ, कृष्ण नगरकोटी, भीमबहादुर लामा, विष्णु श्रेष्ठ, मेनुका पौडेल, महारत्न लामा, रत्नलाल विक, ज्ञानेन्द्र ढुङ्गाना ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्यः** एकराज उप्रेती

अध्यक्षः राजाराम स्याङ्तान, उपाध्यक्षः विमला कार्की, सचिवः नवराज सुवेदी, उपसचिवः बद्री बर्तौला, सदस्यहरूः गौतम लामा, श्याम ढकाल, कृष्णप्रसाद बम्जन, कृष्णबहादुर चेपाङ, सृजना विष्ट, नवराज, अर्याल, रमेश सेन्चुरी, भगिरथ सुवेदी, टङ्क मुक्तान, शालिक बानियाँ, सानुकान्छी स्याङतान, अमर वाल्पा, हरिदेव बर्तोला, लक्ष्मी गोले, पद्मा श्रीलामा, शालिकराम थिङ, शङ्कर उप्रेती, अच्चुत पराजुली ।

**रौतहट**

**क्षेत्र नं. १**

**राष्ट्रिय परिषद् सदस्य** : रेवन्त झा

अध्यक्ष राजकिशोर महतो, उपाध्यक्ष श्रीचन्द्र यादव, सचिव मथलेश राय यादव, सहसचिव विश्वनाथ साह, सदस्यहरू विन्देश्वर यादव, सङ्गीता देवी, राम एकवाल राय यादव, ज्ञानी साह, जियालाल दास, रामऔतार दास, विजय साह, झोटील राय, शगिर्द आलम, नसरुला, रामसेवक सहनी, हरिमान राजवंशी, विनोद राय यादव, वृजकान्त मिश्र, नित्यानन्द झा, बिन्दु चौधरी, किशोरी महतो, आनन्द खनाल, रामगोविन्द साह, भोला ठाकुर, सुकदेव साह, रञ्जित पासवान, रामनारायण साह, सोनफी पासवान, हजारी साह, भिखर दास, फेकनी देवी, शर्मिला देवी ।

**क्षेत्र नं. २**

**राष्ट्रिय परिषद् सदस्यः** अब्दुल कलाम आजाद

अध्यक्ष नागेन्द्र ठाकुर, उपाध्यक्ष शेख कदिर, सचिव रामविलास पटेल, सहसचिव नुरे इमाम, सदस्यहरू अनवार, शेख सब्दे आलम, खुश्बुद्दिन, भुवनेश्वर गुप्ता, शेख खालिक, महम्मद नेसार, जगत लाल राय यादव, म. अयुब, शेख कदिर ( जटहरा), अफिमुल हसन, नन्द किशोर सिंह, राजमङ्गल यादव, विन्देश्वरी दास, वकिल साह, जगरनाथ यादव, रामदेव ठाकुर, शेख समिम, हरिचन्द्र सिंह, रामबाबु साह, कमल किशोर, विनोद पटेल, देवेन्द्र ठाकुर, भुवनेश्वर साह, दिनेप्रसाद पटेल, जितेन्द्र पटेल, साबिर हुसैन

**क्षेत्र नं. ३**

**राष्ट्रिय परिषद् सदस्य** : जयचन्द्र पटेल

अध्यक्ष मुक्तिनारायण मिश्र, उपाध्यक्ष मायाराम पटेल, सचिव बैजु पटेल, सहसचिव लालबाबुप्रसाद जयसवाल, सदस्यहरू रामनरेश ठाकुर, पारस राय, सुरतीया देवी, उपेन्द्र दास, सीताराम बैठा, जयराम दास, अवधेश साह, लालबाबु पटेल, प्रेमलाल बैठा, देवेन्द्र पटेल, जयप्रकास कौशल, प्रदीप राय यादव, राजेन्द्र राय यादव, अमीना राय यादव, शिवदत्त पटेल, शेख खलील, बन्धु पटेल, कामेश्वर बैठा, लालविहारी राम, विनादे झा, शिवनारायण चौधरी, देवेन्द्र सहनी, लालबाबु साह, रामेश्वर साह, हरीशरण राम, शेख समीम, शेख कदीर, लालबाबु साह, चन्देश्वर साह, रामकान्त महतो, रामविश्वास राय यादव– ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय परिषद् सदस्य** : सचिदानन्द साह

अध्यक्ष राजेन्द्र राय, उपाध्यक्ष जयमङ्गल राय, सचिव लक्ष्मी सहनी, सहसचिव किशोरी साह, सदस्यहरू कपिलदेव यादव, लालबाबु यादव, रामपुकार यादव, प्रभुनारायण यादव, सुखल सहनी, ननिपत सहनी, जोगी यादव, रामएकवाल यादव, विसुनी साह, वीरेन्द्र यादव, धीरेन्द्र यादव, किशोरी पटेल, जयकरण पासवान, गोपाल पासवान, सरप पासवान, शेख अर्शद, शेख शहजाद, तुलसी बैठा, रामसिंह यादव, रामसेवक यादव, परमानन्द साह, लक्ष्मी साह, राजेन्द्र हजरा, रमन सहनी, श्री किशुन सहनी, अनिरुद्ध झा, सुनिल जयसवाल, जगरनाथ पंडित, रामाकान्त राय, रामपरी देवी, उपेन्द्र राय यादव, प्रभु यादव ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय परिषद् सदस्य** : महादेव साह

अध्यक्ष महम्मद इद्रीस सिद्धिकी, उपाध्यक्ष हरिनारायण बैठा, सचिव युवराज ज्ञवाली, सहसचिव शिवपुजन साह, सदस्यहरू रामदेव महतो, विनोद कर्ण, अमिन देवान, रामअशिस साह, रामगुलाम यादव, अन्नत पौडेल, प्रदीपराज मैनाली, सफिक मन्सुरी, श्याम काफ्ले, मोजामिल मियाँ, केवल चौधरी, किशोरी कुशवाहा, कामेश्वर चौधरी, रामध्यान साह, रामएकवाल यादव, शेख जमालुद्दिन, छविलाल राय यादव, सविना हुसैन, कलपती चमैन, राधा अधिकारी राणा, रामलखन दास, देवनारायण पासवान, गनिलाल राम, रिसलदेव महतो, रामानन्द अननारी ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय परिषद् सदस्य** : उद्धवप्रसाद रेग्मी

अध्यक्ष बाबुराम दाहाल, उपाध्यक्ष नागेन्द्र यादव, सचिव शिव आचार्य, सहसचिव रामनाथ सहनी, लक्ष्मण रेग्मी, जगरनाथ अधिकारी, नन्दलाल साह, रुद्रप्रसाद अधिकारी, खेमला गोले, चन्द्रबहादुर लामिछाने, विनोद चौधरी, अच्यूत हुमागाईं, दीपेन्द्र तिवारी, सुदीपराज गिरी, रामचन्द्र तिमिल्सिना, कुमार बस्नेत, कृष्णप्रसाद देवकोटा, नवराज पहाडी, प्रमोद घिमिरे, शंकर विश्वकर्मा, खर्क आले, प्रेमलाल राउत, छटु पटेल, जगरनाथ पाल, रामजोगी पासवान, शेख अमिन, रामकल्याण यादव, विरेन्द्र सहनी, रामाकान्त राय, जगरनाथ सहनी, कृष्णकुमारी थापा, श्रीभगवान ठाकुर, इन्द्र उप्रेती, हसिमा खातुन, आनन्दी चौधरी, शेख मुस्लिम ।

**बारा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्य** : छठु यादव

अध्यक्षः नवलकिशोर पटेल, उपाध्यक्ष दिनानाथ सहनी, सचिव गगनदेव कुशवाहा, उपसचिव रमेश कुशवाहा, सदस्यहरू भिखारी साह, अवधभुषण यादव, गोवरी राय यादव, जगत साह, जैशीलाल राम, रामजनम मुखिया, अच्छेलाल महतो, शङ्कर राउत, जिवनाथ साह, पन्नालाल कुशवाहा, रूपनारायण यादव, विन्दा यादव, नवाव खाँ, कमरुद्धीन अन्सारी, प्रभु राम, नवलकिशोर यादव, दिनानाथ पासवान, सम्भाजी पासवान, मन्सुरीदेवी साह, सोहराई बैठा, नगनारायण यादव, रामएकवाल यादव, सीतादी यादव र पुरनदेव चौधरी ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्य** : सुरेन्द्र यादव

अध्यक्ष रामनाथ वैठा, उपाध्यक्ष अमलदेव यादव, सचिव गोपाल साह, उपसचिव रामनिवास साह, सदस्यहरू कृष्णमुरारी चौधरी, चन्द्रदेव चौधरी, गगनदेव राम, जनार्दन साह, महेन्द्र राम, प्रभु यादव, विश्वनाथ साह, देवनारायण सहनी, ध्रुव यादव, हरिबहादुर थापा, अमरदेव यादव, जयप्रित यादव, विजय पाण्डे, मदन बैठा, रामाश्रेय यादव, सरस्वतीदेवी यादव, अनिसु रहमान, आशादेवी पटेल, उमेशनारायण कुशवाहा, दिपाप्रसाद यादव, बाबुलाल यादव र जोखु सहनी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्य** : विनोद साह

कार्यवाहक अध्यक्ष ध्रुव राउत अहिर, सचिव रवीन्द्र साह, उपसचिव बच्चा गिरी, सदस्यहरू प्रभात, वीरेन्द्र यादव, वीरेन्द्र कुशवाहा, रामचन्द्र राम, अमिन हवारी, नुर हुसेन, एमामुल अन्सारी, जवाहिर साह, मुनिलाल महतो, जवाहिर पटेल, वड्काबहादुर कुशवाहा, रामप्रवेश साह, राजा हुसेन, लक्ष्मी वाग्ले, धर्मशिला देवी, गौरी ढकाल, रामअयोध्या राम, शर्मा वैठा, सुरेन्द्र पासवान, कुशेश्वर साह, जवाहिर अन्सारी, जनार्दन नेपाल, स्वयव मंसुर, ध्रुव यादव, प्रकाश यादव, विष्णु पौडेल, पहवारी महतो, महेन्द्र कुर्मी, शिवनाथ मण्डल र कपिलदेव साह ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्यः** रामचन्द्र प्यासी कुशवाहा केन्द्रीय कार्यदलको निर्देशनअनुसार पुनः अधिवेशन आयोजना हुन बाँकी ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्य** : छविलाल उप्रेती

अध्यक्ष विजेन्द्र चौधरी, उपाध्यक्ष गोविन्द पौडेल, सचिव जीतबहादुर चौधरी, उपसचिव सोनालाल साह, सदस्यहरू सुरेन्द्र चौधरी, जनक चौधरी, रामलोचन चौधरी, शिवनारायण चौधरी, हरिनारायण चौधरी, दिलिप चौधरी, विन्देश्वर पटेल, चिन्तामणि चौधरी, गोपाल दास, शङ्कर चौधरी, धनीराम चौधरी, ज्ञानी महतो, गेना पासवान बिगु राम, कल्याणी विमली, सुधा अधिकारी, रामु खनाल, नवराज खडका, प्रकाश पंजियार, रामदरश चौधरी, केशव खनाल, पृथ्वीराज शिवाकोटी, जगु राम, घनश्याम पौडेल, भुनेश्वर राम, धनमायादेवी चौधरी, महावीर माझी, रम्भादेवी राम ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्य** : भरत खड्का

अध्यक्ष कृष्ण खनाल, उपाध्यक्ष पुष्कल थापा, सचिव दुर्गा गौतम, उपसचिव पुनदेव साह, सदस्यहरू रमेश पौडेल, अमर गुरुङ्ग, कोपिला सिंखडा, केशव ढोडारी र राधेश्याम शिवाकोटी, दुर्गा कोईराला, जमुना भट्टराई, रमा गुरुङ्ग, निर्मला बस्नेत, बिना खडका, राजकुमार राम, रामबहादुर विश्वकर्मा, भागवत चौधरी, मदन दर्लामी, केन्द्रबहादुर गुरुङ्ग, रामदास

ध्वजु, कृष्ण घिमिरे, अमृतलाल श्रेष्ठ, नवराज खतिवडा, जगदिश साह, शम्भु दाहाल, पुनदेव रौनियार, वैद्यनाथ राम, रमेश सापकोटा, मिठुराज भारती, गोकुल घोरसाईने, मदन सहनी, श्यामकृष्ण कटुवाल र रामनाथ पौडेल । ❒

# बारा जिल्लामा कम्युनिस्ट आन्दोलनको इतिहास

**❒ पुरुषोत्तम पौडेल**

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास त्याग तपस्या र बलिदानको इतिहास हो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास सामन्तवाद विरोधी वर्गसङ्घर्ष र राष्ट्रियताको संरक्षणको आन्दोलनको इतिहास हो । नेपाली कम्युनिस्ट आन्दोलन विभाजन र एकताको शृङ्खलाबद्ध इतिहास र प्रजातान्त्रिक आन्दोलनको अभिन्न अङ्गसमेत हो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास सत्य, न्याय र समानताको आन्दोलनको दिग्दर्शन हो र यो राष्ट्रियता, जिविका र जनवाद प्राप्तिको निरन्तर सङ्घर्षको इतिहास पनि हो । नेपाली कम्युनिस्ट आन्दोलनको यो समग्र शृङ्खलामा बारा जिल्लाको त्याग र बलिदानको इतिहास पनि जोडिएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा बारा जिल्लाको भूमिका र योगदानको बारेमा यो लेखन मार्फत यहाँ चर्चा गरिएको छ ।

**पार्टी स्थापनाकाल**

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा बारा जिल्लाको ज्यादै महत्वपूर्ण स्थान रहेको छ । नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएकै सालदेखि पार्टीको सम्पर्क भएको जिल्ला हो बारा । वि.सं. २००६ सालदेखि नै कम्युनिस्ट पार्टीले आफ्नो सम्पर्क र सङ्गठन विस्तार गरेको थोरै जिल्ला भित्र पर्दछ बारा । बारा जिल्लाका कमरेड मधु सिंह, हरिहर यादव, महङ्ग पटवारी, मोहन महतो कोइरीलगायतका कमरेडहरू ००६/००७ सालदेखि नै कम्युनिस्ट पार्टीको सम्पर्कमा रहनुभएको थियो । बारा जिल्लाका कलैया, कचोरवा, विष्णुपूर्वा र महेशपुरवरवाजस्ता महत्वपूर्ण स्थानहरूबाट सुरु भएको कम्युनिस्ट पार्टीको सम्पर्क र सङ्गठन विस्तारै जिल्लाभरि विस्तार भएको थियो ।

००६ सालतिरकै कुरा हो, बारा जिल्लामा सामन्तवादी शोषण र निरङ्कुशताका विरुद्ध समाजवादी समाज निर्माण हेतु एउटा सामाजिक जागरण अभियान चलेको थियो । कचोरवाका भागवत यादव, हरिहर यादव, विश्वनाथ अग्रवाललगायतले चलाएको यो जागरण अभियान बारा जिल्लामा चलेको पहिलो अग्रगामी पहलकदमी थियो । उक्त सामाजिक जागरण अभियानमा प्रायः सबै समकालीन र सचेत युवाहरू संलग्न थिए भनिन्छ । तिनै सामाजिक जागरण तथा निरङ्कुशताविरोधी आन्दोलनका अगुवा युवाहरू नै पछि कम्युनिस्ट पार्टी र काङ्ग्रेस पार्टीका नेताका रूपमा स्थापित भएका थिए ।

००६ सालमै कम्युनिस्ट पार्टीको सम्पर्कमा रहनुभएका कमरेड मधुसिंह ००७ सालमा कम्युनिस्ट पार्टीको नेताको रूपमा स्थापित हुनुभयो । कमरेड मधुसिंहको सक्रियतामा हरिहर यादव, महङ्ग पटवारी लगायतका कमरेडहरू गोलबद्ध हुनुभयो र कम्युनिस्ट पार्टीलाई सङ्गठित र स्थापित गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो । कमरेड मधुसिंह ००८ सालमा नेकपाको केन्द्रीय समितिको सदस्यमा निर्वाचित हुनुभयो र पार्टीको नेतृत्व गरी सङ्गठन र सङ्घर्ष सुरु गर्नुभयो । कमरेड मधुसिंह ०१० सालमा सम्पन्न पार्टीको प्रथम महाधिवेशनबाट समेत केन्द्रीय सदस्यमा निर्वाचित भई कम्युनिस्ट आन्दोलनमा अझ सशक्त रूपले क्रियाशील हुनुभएको देखिन्छ ।

००८ सालमा देशका विभिन्न स्थानमा भएको किसान विद्रोह र डा. केआई सिंह विद्रोहलाई नेकपाले समर्थन गरेको कारण देखाई तत्कालीन सरकारले नेकपामाथि प्रतिबन्ध लगायो । नेकपामाथि सरकारले प्रतिबन्ध लगाएपछि पार्टीले अखिल नेपाल किसान सङ्घको नाममा आफ्नो राजनीतिक गतिविधि अघि बढाएको देखिन्छ । ००८ सालमा अखिल नेपाल किसान सङ्घको स्थापना भएलगत्तै बारा तथा रौतहटमा किसान आन्दोलनले व्यापक जनसमर्थन पाएको थियो । शोषित पीडित भूमिहीन र  गरिब किसानका साथै मध्यम किसानहरू समेतलाई गोलबद्ध गर्दै अखिल नेपाल किसान सङ्घले जनव्यापी आन्दोलनको नेतृत्व गरेको थियो । तत्कालीन किसान आन्दोलन किसानहरूको हकहित, सामाजिक सुधार, परिवर्तन र समाजवादउन्मुख आन्दोलन थियो । पार्टीको भूमिकालाई सशक्त बनाउनका लागि किसान आन्दोलनको उर्वराभूमि बारामा कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठको योजना, किसान नेता कमरेड तुल्सीलाल अमात्यको रेखदेख तथा केन्द्रीय सदस्य कमरेड मधुसिंहको प्रत्यक्ष नेतृत्वमा ००८ सालमा अखिल नेपाल किसान सङ्घको जिल्ला कमिटी गठन भएको देखिन्छ । कमिटीको नेतृत्वमा कमरेड हरिहर यादव, महङ्ग पटवारी, चुल्हाई राउत, नन्दन अर्याल, मोहन महतो कोइरी, देवनारायण साह रहेको प्रमाण भेटिएको छ भने सवुरी, शुखल यादव, सिधारलगायतका किसानहरू आन्दोलनको अगुवाको रूपमा भएको प्रमाण पाइन्छ ।

**ऐतिहासिक किसान आन्दोलन**

००८ सालमा कमरेड मधुसिंहले सङ्गठनको प्रक्रिया अगाडि बढाएको अखिल नेपाल किसान सङ्घको नेतृत्वमा कमरेड हरिहर यादव, महङ्ग पटवारी मोहन महतो कोइरी, देवनारायण साह, नन्दन अर्याल, चुल्लाही राउत, रामचन्द्र गिरीसमेतका कमरेडहररु हुनुहुन्थ्यो । नेकपाको केन्द्रीय कमिटीको निर्णय अनुसार कमरेड तुल्सीलाल अमात्य किसान क्षेत्रको प्रमुख भई बारा र रौतहट आउनुभएको थियो र स्वयम् कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठले आन्दोलनको योजनाबद्ध परिचालन गरिरहनुभएको थियो । किसान आन्दोलनका दृष्टिले बारा उपयुक्त छनौट थियो ।

सामन्ती शोषणले जर्जर भएको बारा जिल्लाका किसानहरूले अखिल नेपाल किसान सङ्घलाई सही नेतृत्व र त्यसले अघि सारेको क्रान्तिकारी कार्यक्रमलाई भविष्य निर्माणका लागि उपयुक्त आधारका रूपमा स्वीकार गरेको देखिन्छ । कमरेड पुष्पलालको योजना, किसान नेता कमरेड तुल्सीलालको प्रत्यक्ष निगरानीले किसानहरू उत्साहित र आकर्षित थिए । त्यसमा पनि स्थानीय जनताको माग अनुसार गाउँका सामन्तहरूको श्रमजीवी किसानहरूलाई हेप्ने, दानवीय व्यवहार गर्ने, तथा पशुवत यातना दिने काम र व्यवहारका विरुद्ध सङ्घर्ष गर्ने योजनाले अरू आकर्षण थप्यो । किसानहरूको सम्मान र स्वाभिमानको चहानाको प्रतिनिधित्व गर्दै अघि बढ्न अनेकिसङ्घले 'रे नही जी कहो' (तँ होइन, तपाईं भन) भन्ने आन्दोलन चलाउँदा सुनमा सुगन्ध थपिदियो । किसानहरूको स्वाभिमानको प्रतिनिधित्व गर्ने यो आन्दोलन त्यतिखेरको ज्यादै लोकप्रिय आन्दोलन थियो । त्यतिखेर खेतमा काम गर्ने किसानहरू हिँड्ने बाटो मर्मत गर्नका लागि सङ्घको नेतृत्वमा आफैंले 'सडक सुधार अभियान' चलाए । मननवा खारेज गर्ने (१ मनको नौ पसेरी व्याज लिने प्रथा हटाउने), 'धरम भकारी स्थापना गर्ने' (किसानहरूलाई आवश्यक ऋण उपलब्ध गराउने सामुदायिक कोष), 'हटुवई प्रथा हटाउने (किसानको अन्न जोखे बापत् जोख्नेले १ पसेरी धान लिने प्रथा) 'जाली तमसुक च्यात्ने' र 'मोहियानी हक कायम गर्ने' मागहरू लिएर आन्दोलन चलाइएको थियो । त्यति मात्र होइन तत्कालीन किसान आन्दोलन किसानहरूमाथि शोषण र दोहन गर्ने सामन्तहरूले बडे बडे मुठे जुँगा पालेर किसानहरूलाई डराउने गर्दथे । सामन्तहरूको मुठे जुँगाको डर हटाउन किसान सङ्घले 'सामन्तको घेरो और मोच उखाडो' आन्दोलन चलाए । विशेषगरी मोच उखाडो आन्दोलनले सामन्तहरूको सातो उड्यो र उनीहरू आत्तिएर दमनतर्फ अग्रसर भए ।

००८ सालदेखि सुरु भएको किसान आन्दोलनले ०११ सालसम्म आइपुग्दा व्यापक रूप लिइसकेको थियो । बारा जिल्लाका सबभन्दा ठूला सामन्त हृदयनारायण साह तेली किसानहरूलाई ज्यादै शोषण गर्थे । उनको सबभन्दा धेरै जमिन थियो । किसानहरूले मोहियानी हक कायम गर्ने आन्दोलन अघि बढाइरहेका थिए । मोहियानी हक कायम हुँदा सबभन्दा बढी नोक्सानी हृदयनारायण साहलाई नै हुन्थ्यो । किसान आन्दोलनले सबभन्दा बढी आक्रोशित उनैलाई बनाएको थियो । उनी राजा महेन्द्रका अत्यन्त नजिकका व्यक्ति थिए । उनकै निर्देशनमा जिल्लाका अगुवा किसान नेता विसुनपूर्वाका कमरेड महङ्ग पटवारीलाई प्रहरीमार्फत गिरफ्तार गरी सामन्त हृदयनारायणको घरमा बन्दी बनाउने काम गरे । एक कान दुई कान मैदान यो खबर जिल्लाभरि फैलियो । साराका सारा किसानहरूले थाहा पाए । किसान सङ्घको उर्दीमा कमरेड महङ्ग पटवारीलाई छुटाउन जिल्लाभरिबाट किसानहरू गडहलमा जुट्न थाले ।

०११ साल माघ महिनामा कलैयादेखि कचोरवासम्म र विसुनपूर्वादेखि वकुलहरसम्मका हजारौं किसानहरू गडहलमा भेला भइसकेका थिए । जिल्लाभरिबाट आएका किसानहरूले हृदयनारायणको घरमा मिटिङ बसिरहेका सामन्तहरूलाई घरमै थुनिदिएर कमरेड महङ्ग पटवारीको रिहाइको माग गर्दै घेराउ गरी सङ्घर्षको विगुल फुके । किसानहरूको ठूलो जमावडा र आक्रोशको अवस्था देखी सामन्तहरू डराएर वडाहाकिमलाई खबर गर्न पुगे । त्यतिखेरको सरकारलाई किसान आन्दोलन दबाउने एउटा निहुँ चाहिएको थियो । बस काम पुगिहाल्यो । बडाहाकिम दुर्गादत्त सुब्बाको नेतृत्वमा प्रहरीको दमन टोली नरही बजार पुग्यो । टोलीले किसानहरूलाई चारैतिरबाट घेरा हाली आक्रमण गर्ने चेतावनी दियो । सारा किसानहरू छाती खोलेर मैदानमा उत्रिए । किसानहरूको अग्रपङ्क्तिमा मधुसिंह, मुखलाल महतो, हरिहर यादव, मोहन महतो कोइरी, देवनारायण साह, शुखल यादव, नन्दन अर्याल लगायतका नेताहरू थिए । सबभन्दा पहिले बडाहाकिम सुब्बाले नेता मधुसिंहलाई कुराकानी गर्ने भनी बोलाएर गिरफ्तार गर्ने काम गरे । यो घटनाले किसानहरूलाई अरू आक्रोशित बनायो । किसानहरूले बडाहाकिमलाई घेर्ने सोच बनाई कार्य सुरु गरेका मात्र के थिए सुब्बाले गोली चलाउने आदेश दिए । पहिलो गोली नै शहिद मुखलाल महतोको छातीमा लाग्न पुग्यो र उहाँ घट्नास्थलमै सहिद हुनुभयो ।

बारा जिल्लाको कम्युनिस्ट आन्दोलनको इतिहासमा मात्र होइन, नेपालकै कम्युनिस्ट आन्दोलनको इतिहासमा किसान चेतनाबाट स्थापित त्यो एउटा बलिदानीपूर्ण घटना थियो । त्यो बलिदान पछि त्याहाँ हाहाकार मच्चिएको थियो । थुप्रै गोली चलेकाले धेरै किसानहरू घाइते पनि भएका थिए । निकै लामो कोलाहालपूर्ण प्रतिरोध र आन्दोलनलाई नियन्त्रणमा लिने क्रममा धेरै किसानहरू गिरफ्तार भएका थिए । गिरफ्तार अधिकांश किसानहरूलाई राज्य विद्रोहको मुद्दा लगाइयो । देवनारायण साह, हरिहर यादव, मोहन कोइरीलगायत १३ जना किसान नेताहरूलाई दुई वर्षदेखि सात वर्षसम्मको जेल सजाय भएको थियो । उक्त घटनापछि बारा जिल्लाको किसान आन्दोलन नेतृत्वविहीन मात्र होइन शिथिल भएर गयो र आजसम्म पनि किसानहरूको सशक्त आन्दोलनको विकास हुन सकेको छैन ।

**अन्य किसान आन्दोलन**

बारा जिल्लाको किसान आन्दोलनको कुरा गर्दा ०४६ सालको कुतविरोधी आन्दोलन र २०५९ सालको उखु किसानको आन्दोलनलाई समेत उल्लेख गर्नु उचित हुन्छ । ०४६ सालको जनआन्दोलनको सफलतापछि किसानहरूले हदभन्दा माथिको जमिनदारहरूको जमिनको कुत नतिर्ने निर्णय गरी आन्दोलन चलाएका थिए । आन्दोलनको उठानको बेला त्यो सबै दलको सहयोगको एजेण्डा भएको थियो तर लोकतन्त्रको स्थापनापछिको काङ्ग्रेसको नेतृत्वको सरकारले

जमिनदारहरूको पक्षपोषण गऱ्यो र कुत नबुझाउने किसानहरूलाई मोहियानी हकबाट समेत वेदखल गरी किसानहरूलाई ठूलो धोखा दियो ।

यसैगरी बारा-पर्साका किसानहरूको धुकधुकीको रूपमा रहेको वीरगञ्ज चिनी कारखाना तत्कालीन शाही सरकारले बन्द गर्ने निर्णय गऱ्यो । चिनी कारखाना बन्द गर्ने सरकारी निर्णयको विरोधमा बारा-पर्साका किसानहरूले कमरेड पुरुषोत्तम पौडेलको नेतृत्वमा सर्वदलीय सङ्घर्ष समिति बनाई आन्दोलन सञ्चालन गरे । उक्त आन्दोलन तीन महिनासम्म चलेको थियो । आन्दोलनकै कारण सरकार मिल चलाउने निर्णय गर्न बाध्य भएको थियो तर पछि सरकारले आफ्नो निर्णय उल्टाएर किसानहरूलाई झुक्याउने काम गऱ्यो । इतिहासदेखि आजसम्म बारामा भएका सबै किसान आन्दोलन असफल रहे र सकारात्मक निष्कर्षमा पुग्न सकेनन् । बारा मात्र होइन, देशभरिका किसान आनदोलनको नियति नै यस्तै देखिन्छ ।

**पार्टी पुनःगठनकाल**

बारा जिल्लाको कम्युनिस्ट आन्दोलनको इतिहासमा नेपाली कम्युनिस्ट आन्दोलनको प्रभाव पर्नु स्वाभाविक हो । विशेषगरी कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि नेकपा आन्दोलनको केन्द्रमा देखापरेको अन्यौल, फुट र विभाजनको प्रभाव बारामा पनि पऱ्यो । बारा जिल्लामा ०२४ सालपछि मात्र नेकपाका घटकहरूले आफ्नो सङ्गठनात्मक आधार तयार गर्न सुरु गरेको देखिन्छ । कमरेड पुष्पलाल श्रेष्ठले कचोरवालाई आधार वनाएर कमरेड हरिहर यादव मार्फत सङ्गठन गर्नु भएको थियो । कमरेड मनमोहन अधिकारीले कलैयामा लक्ष्मण पौडेल मार्फत आफ्नो सम्पर्क कायम गर्नुभएको थियो । नेकपा (चौम)ले कमरेड भैरव रेग्मीमार्फत बाराको सिमरा, जितपुर, डुमरवाना तथा गञ्जभवानीपुरमा सङ्गठन र सम्पर्क कायम गरेको पाइन्छ । कमरेड मुकुन्द न्यौपानेको नेतृत्वमा अमाव, पडरी, खोपवा, विसनपुर्वा, रामपुर, कलैयालगायत क्षेत्रमा झापा विद्रोहको सन्देशसहित कोके हुँदै नेकपा (माले)को सङ्गठन निर्माणको काम भएको थियो । निजगढ, रतनपुरी, सपही, कोल्हवी, हरैया र पथलैयालगायतका क्षेत्रमा शिक्षा, स्वास्थ्य तथा समाजिक सुधारलाई आधार बनाएर क्रान्तिकारी कम्युनिस्ट सङ्गठन, नेपाल (प्रोन), हुँदै नेपाल मजदुर किसान सङ्गठनको विस्तार कमरेड केशव वडालको नेतृत्वमा भएको थियो । कमरेड सोहन चौधरीले बाराको चेरवन्त(थरुहट) इलाकामा माओ विचारधारावाट प्रभावित भई रेडबुकको प्रचार गरी युवाहरूलाई सङ्गठित गरे भने कमरेड नन्दन अर्यालले केन्द्रीय न्युक्लियस चौथो महाधिवेशन हुदै नेकपा (मानन्धर) समूहको नेतृत्व गरी पुराना कमरेडहरूलाई सङ्गठित गरेको पाइन्छ ।

बाराको जिल्लाको कम्युनिस्ट आन्दोलनको विकासमा ०२२ सालमा कमरेड लक्ष्मण पौडेल, मधु अधिकारीसमेतले सञ्चालन गरेको सामन्ती शोषण विरोधी सांस्कृतिक जागरण अभियान, ०२६ सालमा कमरेड सोहन चौधरीको नेतृत्वमा सञ्चालित रेडबुक अध्ययन अभियान, ०२९ सालको कमरेड मुकुन्द न्यौपानेको क्रान्तिकारी सङ्गठन अभियान र कमरेड केशव बडालको नेतृत्वमा सञ्चालित सामाजिक जागरण अभियानको ठूलो महत्व छ । सांस्कृतिक अभियानले जनताहरूमा चेतना जागृत गऱ्यो भने रेडबुक अध्ययन अभियानले थारु समुदायमा वामपन्थी विचारको लहर सिर्जना गरेको थियो । यसैगरी अरू अभियानको राजनीतिक प्रभाव र त्यसको परिणाम आजपर्यन्त बारामा स्थापित छ ।

०२७/०२८ सालमा कमरेड रत्नदास वैद्यलाई पार्टीले बारामा सङ्गठन गर्नका लागि खटाएको थियो । उहाँको नेतृत्वमा कमरेड लक्ष्मण पौडेल, भरत आचार्य देवराज ढकाल र विदुर उपाध्याय समेतको कमिटी गठन भई पार्टी काममा सक्रिय रहेको थियो । कमरेड मिठु भारती, मोहन कोइरी र चुल्हाई सहनी लगायतका कमरेडहरू त्यसमा सङ्गठित भएको पाइन्छ । ०२९ सालमा कमरेड शिवहरि आचार्य र हरिहर यादवको पहलकदमीमा नेकपाको जिल्ला कमिटी गठन भएको पाइन्छ । कमरेड सुवर्ण रत्न (कृष्णकुमार कर्ण)को नेतृत्वमा कमरेड मुकुन्द आचार्य, काशीनाथ शर्मा, जगराम यादव, सलिम अन्सारी, चुल्लाही सहनी र देवनारायण साह आदि कमरेडहरू सङ्गठित हुनुहुन्थ्यो । उहाँहरू कमरेड पुष्पलाल समूहसँग सम्बन्धित हुनुहुन्थ्यो ।

०३१ सालमा नेकपा (तत्कालीन झापा विद्रोहसँग सम्बन्धित समूह)को बारा जिल्ला सम्पर्क कमिटी गठन भएको देखिन्छ । त्यसमा कमरेड मुकुन्द न्यौपाने, राधाकृष्ण चौधरी, वासु चौधरी, दशै चौधरी, काशी चौधरी, मोहन कोइरी र शम्भुजी हुनुहुन्थ्यो । त्यो समूहको नेतृत्व कमरेड मुकुन्द न्यौपानेले गर्नुभएको थियो र उहाँले श्रमिकका रूपमा किसानको खेतमा हलो-कोदालो गर्दै सङ्गठन गर्नुभएको थियो भनिन्छ । ०३२ सालमा नेकपा (कोके) गठन हुँदा कमरेड मुकुन्द न्यौपानेले बारावाटै केन्द्रीय कमिटीमा प्रतिनिधित्व गर्नुभएको थियो । कमरेड मुकुन्द न्यौपाने पार्टीको केन्द्रीय कमिटीमा पुगेपछि ०३३ सालमा नेकपा (कोके)को जिल्ला सङ्गठन कमिटीमा कमरेड मदन ढुङ्गेल, केदार न्यौपाने, पवन मुडवरी, सुशील मुडवरी, रेसमान राई र मुकुन्दबहादुर श्रेष्ठ सङ्गठित हुनुहुन्थ्यो । ०३३ सालमै उहाँहरूलाई पार्टीको बैठकवाटै पक्राउ गरेको थियो र राजकाज मुद्दा लगाएर जेल पठाएको थियो भने यो घटनापछि कलैयाका कमरेड मुकुन्दबहादुर श्रेष्ठ अहिलेसम्म बेपत्ता हुनुहुन्छ । मुकुन्दबहादुर श्रेष्ठको परिवार उहाँको बारेमा जानकारी पाउन आतुरताका साथ पर्खिरहेको छ ।

०३५ सालमा नेकपा (कोके)सहित विभिन्न कम्युनिस्ट घटकहरूबीच एकता भई देशमा नेकपा (माले)को गठन भएपछि बारामा पनि जिल्ला सङ्गठन कमिटी पुनःगठन भयो । पुनःगठित कमिटीमा कमरेड मदन ढुङ्गेल, जगत (खेदु साह), पलट चौधरी, सलिम अन्सारी र त्रिलोकी चौधरी थिए । उक्त कमिटीमा ०३७ सालमा गणेश दहाल र राम विलास चौरसिया थपिएका थिए ।

**पार्टी एकता र विस्तारकाल**

०३९ सालमा नेकपा (माले) र नेमकि सङ्गठनबीच एकीकरण भएपछि नेकपा (माले)को निम्न अनुसार पुनःगठन भएको थियो। त्यसमा कमरेड मदन ढुङ्गेल, सलिम अन्सारी, त्रिलोकी चौधरी, उद्धव बडाल, छविलाल उप्रेती, रामविलास चौरसिया र पलट चौधरी थिए। उक्त कमिटीका सदस्य कमरेड उद्धव बडाल ०४१ सालमा काठमाडौं सरुवा भई गएपछि पुरुषोत्तम पौडेललाई जिल्ला कमिटीमा सामेल गरिएको थियो। यसैगरी ०४२ सालमा त्रिलोकि चौधरीले बिरामीको कारण देखाई विदा लिएपछि सुमन (लक्ष्मण पौडेल, सर्लाही) पूर्णकालीनका रूपमा त्यस क्षेत्रमा आउनुभयो।

०४४ सालमा मदन ढुङ्गेल सरुवा भई अन्यत्र जानुभयो र बारा जिल्लाको सचिवको रूपमा केदार न्यौपानेले नेतृत्व सम्हाल्नुभयो। केदार न्यौपानेको करिब एक वर्षको कार्यकाल पछि जिल्ला सचिवका रूपमा देवी ज्ञवाली आउनुभयो। ०४६ सालको जनआन्दोलनको सफलतापछि देवी ज्ञवाली र लक्ष्मण पौडेल दुवैलाई पार्टीले आफ्नै जिल्लामा पठायो र सलीम अन्सारीको नेतृत्वमा पार्टीलाई पुनःगठन गरियो।

०४६ माघमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकता भएपछि कमरेड गोपाल ठाकुरको नेतृत्वमा कमिटी पुनःगठन गरी २३ सदस्यीय जिल्ला कमिटी गठन गरियो। ०४८ सालमा सम्पन्न प्रथम जिल्ला अधिवेशनवाट पुरुषोत्तम पौडेलको नेतृत्वमा १७ सदस्यीय जिल्ला कमिटी गठन गरियो। २०५२ सालमा आयोजित दोस्रो जिल्ला अधिवेशनले बलवीर चौधरी, तेस्रो, चौथो र पाँचौं जिल्ला अधिवेशनवाट अच्युत मैनाली, छैटौं जिल्ला अधिवेशनवाट पलट चौधरी र सातौं जिल्ला अधिवेशनवाट बलवीर चौधरी पुनः नेतृत्वमा आउनुभएको छ। यसबीचमा पार्टीमा नेतृत्वको विकास र विस्तार व्यापक हुदै गयो। ०५१/०५२ सालमा पुरुषोत्तम पौडेलको नेतृत्वमा कलैयामा मदन-आश्रित भवन निर्माण र ०५३ सालमा सहिद मुखलाल महतोलाई शहिद घोषणाको मागसहित स्मृति प्रतिष्ठानको स्थापना गरियो। ०५५ सालमा सहिद मुखलाल महतोको शालिक निर्माण गरी उद्घाटन गर्नुका साथै मोहन महतोसहित किसान आन्दोलनका योद्धाहरूलाई सम्मान गरियो, जसले पार्टीलाई अरू लोकप्रिय बनायो।

यसबीचमा बारामा हरिहर यादवको नेतृत्वमा नेकपा (मा) पुनःगठित भएर आयो भने गौरीशङ्कर गोढले नेकपा (संयुक्त)लाई निरन्तरता दिए। कर्ण थापा तथा दीपक चौधरीले राष्ट्रिय जनमोर्चा सङ्गठित गरेका छन्। मानवहादुर लामा, देवेन्द्र पराजुली, हरि चौलागाईं लगायतले नेकपा (माओवादी) सङ्गठित गरे। माओवादीको जनयुद्धले उग्रपन्थी कम्युनिस्ट युवाहरूलाई केही मात्रामा आकर्षित गऱ्यो र एमालेबाट समेत कतिपय युवाहरू त्यता हाम फाले। शान्तिपूर्ण संस्कृती मन पराउने वामपन्थी युवाहरूलाई एमालेले सङ्गठित र गोलबन्द गरेको पाइन्छ। अहिले समानुपातिक मतको आधारमा एमाले पहिलो वाम पार्टी रहेको छ। एकीकृत नेकपा (माओवादी) पार्टी दोस्रो र नेकपा (माले) तेस्रो पार्टी रहेको छ।

**पञ्चायतविरुद्धको जनआन्दोलन**

०४५ साल फागुन ७ गतेबाट जनआन्दोलन सुरु गर्ने निर्णय सहित नेकपा (माले)का नेता सलिम अन्सारीको नेतृत्वमा वाममोर्चाको गठन भएको थियो। वाममोर्चाको प्रमुख घटक नेकपा (माले) नै थियो। नेकपा (माले)को तर्फवाट आन्दोलनको संयोजन गर्ने जिम्मेवारी प्ररामञ्चका संयोजक पुरुषोत्तम पौडेलले पाउनुभएको थियो। प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चले जिल्लाव्यापी रूपमा सङ्गठन गरी आन्दोलनको तयारी गरिरहेको थियो। यसै क्रममा पुरुषोत्तम पौडेल, छविलाल उप्रेती, विष्णु ढुङ्गाना, भरत खड्का सहित केही कमरेडहरू गिरफ्तार हुनुभयो। त्यसपछि आन्दोलन हाँक्ने जिम्मेवारी खुला रूपमा अच्युत मैनाली, नन्दीकेशर न्यौपाने र भूमिगत रूपमा पार्टीको नेतृत्व गरिरहनुभएका देवी ज्ञवालीसहितका कमरेडहरूले कुशलतापूर्वक सम्हाल्नुभएको थियो। समग्र पार्टीले एकतावद्ध रूपमा सबै दल र शक्तिहरूसँग मिलेर आन्दोलन संचालन गरेको थियो। बाराको डुमरवाना, छातापिप्रा, निजगढ, कोल्हवी, कलैया, ब्रह्मपुरी, चेरवन्त सहित विभिन्न स्थानहरूमा आन्दोलनले व्यापक रूप लियो र चैत्र २४ गतेदेखिको जनलहरले पञ्चायती व्यवस्थालाई नै ढालिदियो।

**संसदीय चुनावको इतिहास : ०१५ र त्यसपछि**

०१५ सालमा मुलुकमा भएको पहिलो संसदीय आम निर्वाचनमा नेकपाले बारामा पनि सशक्त उपस्थिति जनाएको थियो। बाराका दुवै निर्वाचन क्षेत्रमा पार्टीले उम्मेदवार खडा गरेको थियो। बारा क्षेत्र नं. ५१ मा कमरेड मधुसिंह र क्षेत्र नं. ५२ मा कमरेड हरिहर यादव खडा हुनुभएको थियो। पार्टीका दुवै उम्मेदवारले दोस्रो स्थान प्राप्त गर्नुभएको थियो। हरिहर यादव केवल चार सय मतले मात्र पराजित हुनुभएको थियो।

०४२ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनलाई तत्कालीन नेकपा (माले)ले जनपक्षीय आन्दोलनको रूपमा अघि बढाउने निर्णय गऱ्यो र पञ्चायती व्यवस्थाको भण्डाफोर गर्ने तथा जनताका राजनीतिक अधिकार र मानव अधिकारका पक्षमा आवाज उठाउने गरी निर्वाचनलाई उपयोग गर्ने नीति लियो। निर्वाचनलाई उपयोग गर्ने नीति अनुसार नै कमरेड सलिम अन्सारीलाई आफ्नो उम्मेदवार बनाई मैदानमा उताऱ्यो। उक्त चुनावमा कुल २८ हजार मत ल्याई पार्टीलाई शक्तिको रूपमा स्थापित गर्ने सफलता प्राप्त गऱ्यो।

०४३ सालमा स्थानीय निर्वाचनलाई समेत पार्टीले उपयोग गर्ने र जनकार्यद्वारा समेत पार्टीलाई स्थापित र विस्तार गर्ने नीति लियो। जस अनुसार जिल्लामा ३२ जना जनपक्षीय उम्मेदवार उठाई १३ जनालाई विजयी बनाउन सफल भयो। कमरेड पुरुषोत्तम पौडेल, कृष्ण दहाल, छविलाल उप्रेती, विजेन्द्र चौधरी र राधाकृष्ण चौधरी समेतका कमरेडहरू विजयी हुनुभयो। जिल्ला सभापतिमा कमरेड सोहन चौधरी झिनो मतले पराजित हुनुभएको थियो।

**०४८ पछि**

०४८ सालको संसदीय निर्वाचन बारा जिल्लामा वामपन्थ र दक्षिणपन्थबीचको निर्वाचन जस्तो भयो । विशेषगरी एमाले र अन्य दलबीचको निर्वाचन थियो त्यो । जिल्लाका सबै दक्षिणपन्थी शक्तिहरू र कथित वामपन्थी पार्टीहरू समेत नेकपा (एमाले)लाई पराजित गर्न कस्सिएर लागेका थिए । अनेकौं प्रयासका बाबजुद एक वाम एकठाम सम्भव भएन । अन्ततः निर्वाचन सम्पन्न भयो र नेकपा (एमाले)ले तीन सिटमा विजय हासिल गर्न सफल भयो । एक सिटमा पार्टी पराजित भयो । बारा क्षेत्र नं.- १ बाट कमरेड मुकुन्द न्यौपाने क्षेत्र नं.-२ बाट सोहन चौधरी क्षेत्र नं.-४ बाट सलिम अन्सारी विजयी हुनुभयो भने क्षेत्र नं.- ३ वाट पुरुषोत्तम पौडेल पराजित हुनुभयो ।

०४९ सालको स्थानीय निर्वाचनमा नेकपा (एमाले) जिल्लामा दोस्रो स्थानमा रह्यो । जिल्लाका ९८ गाविसमध्ये ४० अध्यक्ष र ४३ उपाध्यक्ष जित्न एमाले सफल भयो भने ४ जना जिविस सदस्य पनि एमालेको हातमा पर्‍यो । एमालेका सभापतिका उम्मेदवार निकटतम प्रतिद्वन्द्वीको रूपमा रहे । ०५४ सालको स्थानीय निर्वाचनमा नेकपा (एमाले) जिल्लामा भारी मतले विजयी भयो । जिल्लामा सभापति, उपसभापति, मेयर, उपमेयरसहित ५६ गाविस अध्यक्ष र ६३ उपाध्यक्ष, जिविसका १४ वटा सिटसहित स्थानीय निकायका आधा भन्दा बढी सिटहरू जित्न पार्टी सफल भयो ।

०५१ सालको संसदीय निर्वाचन समेत नेकपा (एमाले)का निम्ति खास फरक परेन । ०४८ कै निर्वाचनको जस्तो परिणाम दोहोरियो । ०४८ मा पराजित भएको क्षेत्र नं.- ३ जित्न सफल भयो पार्टी भने क्षेत्र नं.- २ मा पराजित भयो । यसरी यो निर्वाचनमा कमरेड मुकुन्द न्यौपाने, पुरुषोत्तम पौडेल र सलिम अन्सारी विजयी हुनुभयो । यो निर्वाचनमा झिनो मतले सोहन चौधरी पराजित हुनुभएको थियो । ०५६ सालको संसदीय निर्वाचनमा नेकपा (एमाले) केवल एक सिटमा मात्र विजयी भएको थियो । पार्टीको विभाजनको प्रष्ट प्रभाव यो निर्वाचनमा देखियो । क्षेत्र नं. १, ३ र ४ पार्टी पराजित भयो भने क्षेत्र नं.- २ मा सोहन चौधरी विजयी हुनुभयो ।

०६४ चैत २८ को संविधानसभाको निर्वाचनमा भने नेकपा (एमाले) बारा जिल्लाको सबै सिटमा पराजित भएको छ । ५ वटा निर्वाचन क्षेत्रका पार्टीका उम्मेदवार दोस्रो स्थानमा आए भने एक स्थानमा पार्टी निकै पछि परेको थियो । तर पनि, समानुपातिक मतका आधारमा हेर्ने हो भने एमाले पहिलो पार्टीकै रूपमा रहेको छ । सिटका आधारमा भने नेकपा ( माओवादी) पहिलो पार्टी भएको छ ।

अन्य आन्दोलनहरू

०२६ सालमा भारतले नेपाली भूमि सुस्तामाथि अतिक्रमण गरेपछि बाराका युवाहरूले पनि विरोध प्रदर्शन गरेका थिए । ०३२ सालमा भारतको सिक्किमलाई मिलाउने प्रभुत्ववादी नीतिका विरुद्ध कलैयामा सशक्त प्रदर्शन भएको थियो । ०३६ सालको जनआन्दोलनमा समेत बाराका युवाहरूको राम्रो सहभागिता थियो । निजगढ, सिमरा, जितपुर, कोल्हवी, कलैया, गञ्जभवानीपुर लगायतका जिल्लाको महत्वपूर्ण स्थानहरूमा राता झण्डाहरू उठेका थिए । ०३७ सालमा बहुदलीय व्यवस्थालाई जिताउने अभियानमा जिल्लाका सङ्गठित कम्युनिस्ट पार्टीहरू क्रियाशील थिए । नेमकिसङ्गठन, नेकपा(चौम), पुष्पलाल समूह, मार्क्सवादी समूह र नेकपा (माले) समेत बहुदलीय व्यवस्थाको प्रचारमा संलग्न भए पनि बारामा निर्दलीय पञ्चायती व्यवस्थालाई नै विजयी घोषित गरिएको थियो ।

०३७ साल चैत १४ गते तत्कालीन नेकपा(माले)को शक्ति प्रदर्शनको पहिलो कार्यक्रम थियो । भूमिगत रूपमा काम गरिरहेको पार्टीको विद्यार्थी सङ्गठनको नाममा भएको आन्दोलनमा राम्रो भूमिकाले पार्टीलाई पनि अरू सशक्त बनाएको थियो । वास्तवमा ०३७ साल चैत १४ गतेको नेपाल बन्द नेपालको इतिहासमै अभूतपूर्व घटना थियो । बारा जिल्लाको इतिहासमा पनि कोल्हवीमा भएको विशाल जनसभाले क्रान्तिकारी नेतृत्वको विकासमा नयाँ सम्भावनाको क्षितिज उघारेको थियो । निरङ्कुशताको विरुद्ध नेपालका क्रान्तिकारी युवाहरूले चलाएको आन्दोलनको विजयी अभियानको एउटा नमुना थियो त्यो । चैत १४ गते कोल्हवीबाट राजतन्त्रको विरोध गरेको, पञ्चायती व्यवस्थालाई फाल्न खोजेको भन्दै विद्यार्थी नेताहरू पुरुषोत्तम पौडेल, सुरेन्द्र भण्डारी, अच्युत मैनालीसमेत २० औं कार्यकर्ताहरूलाई पक्राउ गरी मुद्दासहित जेलमा थुनिएको थियो । ❒

# धेरैले दुस्साहसिक काम भने

**युवराज पन्थी, 'पुँजी'का नेपाली अनुवादक**

नेकपा (एकीकृत)का पोलिटब्युरो सदस्य युवराज पन्थीले चार दशकसम्म राजनीति गर्दा पाएभन्दा बढी चर्चा कार्ल मार्क्सद्वारा झन्डै डेढ सय वर्षअघि लिखित ग्रन्थ 'पुंजी'को नेपाली अनुवाद गर्दा अहिले पाउनुभएको छ । आफूले तीन वर्ष लगाएर गरेको यस अनुवादबाट वामपन्थी कार्यकर्तादेखि अर्थशास्त्रमा रुचि राख्नेहरूसमेत लाभान्वित हुने उहाँको आशा छ । 'पुंजी' अहिलेसम्म विश्वका अनेकौं भाषामा प्रकाशित भए पनि नेपालीमा अनुवाद भएको थिएन । वापमन्थी कार्यकर्ताहरूमध्ये धेरैले हिन्दी संस्करणबाट ज्ञान हासिल गरिरहेको सन्दर्भमा यस अनुवादले नेपालीभाषी पाठकलाई अवश्य मद्दत पुर्‍याउनेछ । 'पुंजी' का ६१ वर्षीय अनुवादक पन्थी आफ्नो भएभरको घर-सम्पत्ति अर्थात् पुंजी पार्टीलाई दिएर कम्युनिस्ट आन्दोलनमा होमिने कार्यकर्ता हुनुहुन्छ ।

**० 'पुँजी' अनुवाद गर्ने सोच कसरी आयो ?**

- २०२८ सालमा पाल्पा जेल बस्दा नेपाली भाषाका पुस्तक पढ्न नदिइए पनि हिन्दी र अङ्ग्रेजी भाषाका पुस्तकहरू पढ्न दिइएको थियो । त्यही बेला पहिलो पटक 'पुँजी' पढ्दा नै मलाई यति राम्रो पुस्तकलाई नेपाली भाषामा अनुवाद गर्नुपर्छ भन्ने लागेको थियो ।

**० जेलमा बस्दा पढेका अरू कृतिले प्रभाव पारेनन् ?**

- त्यतिबेला पढेकामध्ये राहुल साङ्कृत्यायनको 'मानव समाज'को अनुवाद गर्ने मन लागेको थियो, जुन मैले ०५६ सालमै पूरा गरेँ । त्यो पुस्तक अनुवादको पनि रमाइलो कथा छ । बलात्कारको अभियोगमा जेल परेका एकजना व्यक्तिले 'महिलाहरू उत्पादनका साधन हुन् । कम्युनिस्टहरूले उत्पादनका साधनहरूलाई सामूहिक बनाउने भएकाले महिलालाई पनि सामूहिक बनाउँछन् । यो कुरा राहुल साङ्कृत्यायनको पुस्तकमा छ' भनेर आफ्नो कर्तुतको रक्षा गरेपछि मैले त्यो पुस्तक पढेर अनुवाद गर्ने सोच बनाएको थिएँ ।

**० 'पुँजी' पढ्न त पट्यारलाग्दो छ नि ?**

- मार्क्सले पछि कसैले गलत अर्थ लगाउन नपाओस् भनेर हरेक कुराको सन्दर्भअनुसार पटक-पटक व्याख्या गर्नुभएको छ । त्यही कारण दोहोरोपन अलि बढी पाइन्छ ।

**० तपाईंको विचारमा 'पुँजी' के हो ?**

- एउटा विडम्बना 'पुँजी' लाई धेरै मानिसले सम्पूर्ण रूपमा पढेनन् । पढ्नेले पनि अर्थशास्त्रका रूपमा मात्रै पढे । तर, 'पुँजी' अर्थशास्त्र मात्र होइन, यो त मार्क्सवादी अर्थशास्त्र, वैज्ञानिक समाजवाद र द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरूको दस्तावेज हो ।

**० यस आधारमा हेर्दा 'पुँजी'लाई नै मार्क्सवादको जग मान्न सकिन्छ, होइन त ?**

- हो, 'पुँजी'लाई राम्ररी नबुझ्दासम्म मार्क्सवादलाई बुझ्न सकिन्न । हुन त 'पुँजी'सहित मार्क्सका ५५ वटै पुस्तक पढ्दा मात्रै मार्क्सवादलाई राम्ररी बुझ्न सकिन्छ । 'पुँजी' राम्ररी नपढ्दासम्म त द्वन्द्वात्मक भौतिकवाद नै बुझ्न सकिन्न । किनभने, मार्क्सले द्वन्द्वात्मक भौतिकवादको छुट्टै पुस्तक लेख्नुभएको छैन ।

**० 'पुँजी' अनुवाद गर्न कति समय लाग्यो ?**

- मैले ०६३ को दशैँपछि सुरु गरेर ०६६ को माघमा सिध्याएको हुँ ।

**० तपाईंले कुन भाषाट उल्था गर्नुभयो– अङ्ग्रेजी वा हिन्दी ?**

- आवश्यकता अनुसार दुबै भाषाका पुस्तकहरूको सहयोग लिएको छु । अङ्ग्रेजीमा पनि अप्ठेरा शब्दहरू छन्, हिन्दीमा पनि अरबी शब्दहरू घुसाइएको छ । त्यसैले मैले सरलरूपमा नेपालीमा अनुवाद गर्न नबुझेका कुराहरूको लागि एक-अर्काको सहयोग लिएको छु ।

**० अनुवाद गर्दा कसैको सहयोग लिनुभयो कि ?**

- पहिला प्रेमसागर पौडेल र मैले अनुवाद गर्ने सल्लाह भएको थियो । मैले पहिलो भाग अनुवाद गरिसकेपछि उहाँले 'दोस्रो भाग पनि तपाईं नै गर्नुहोस्' भन्नुभयो र सबै मैले नै गरेँ । मलाई यसमा मोहनविक्रम सिंहको प्रेरणा छ । उहाँले 'गाह्रो छ' भन्दै 'तर, तपाई भूतजस्तो काम गर्नसक्ने मान्छे हो, सक्नुहुन्छ' भनेर हौसला दिनुभयो ।

**० 'पुँजी' अहिले पनि सान्दर्भिक छैन भन्ने प्रश्न उठेन ?**

- उठ्यो । मैले अनुवाद गर्दैछु भन्दा कतिपय साथीहरूले 'दुस्साहसिक, औचित्यहीन र असान्दर्भिक' काम पनि भने । तर, मलाई लाग्छ- अहिले मात्र होइन, 'पुँजी'को सान्दर्भिकता जहिलेसम्म मानिसमाथि मानिसको शोषण कायम रहन्छ र अतिरिक्त मूल्य उत्पादन गर्ने पुँजीवादी प्रणाली कायम रहन्छ, तबसम्म रहिरहन्छ ।

**० 'पुँजी' त नेपालमा धेरैले पढेका छन् नि ?**

- धेरैले पहिलो भाग मात्र पढेका छन् । सम्पूर्णरूपमा 'पुँजी' पढ्नेहरूको सङ्ख्या निकै कम छ ।

**० 'पुँजी'को सबै काम सकियो होइन त ?**

- 'पुँजी' चार भागसम्म छ । पहिलो भाग मार्क्स जीवित हुँदा सन् १८६७ मा प्रकाशित भएको थियो भने दोस्रो भाग १८९२ र तेस्रो १८९६ मा उहाँको निधनपछि फ्रेडरिक एङ्गेल्सको सम्पादनमा प्रकाशित भएको थियो । चौथो भाग मार्क्सले पूरा गर्न पाउनुभएको थिएन । त्यसमा केही लेख र बाँकी नोटहरू थिए । काउत्स्कीले तोडमोड गरेर आफ्नो व्याख्यासहित प्रकाशित गरे । तर, सोभियत कम्युनिस्ट पार्टीले पछि त्यसलाई अस्वीकार गरेर मार्क्सकै रचनाहरूलाई मात्र चौथो भागका रूपमा प्रकाशित गरेको थियो । त्यसको पनि नेपाली अनुवाद गर्नुहोस् भन्ने साथीहरूको भनाइ छ ।

**० नेपालका कम्युनिस्टहरूका सन्दर्भमा 'पुँजी'लाई कसरी हेर्नुहुन्छ ?**

- नेपालका कम्युनिस्ट पार्टीहरूले मार्क्सवादको सारतत्वलाई पक्रिन सकेका छैनन् । 'पुँजी'ले जुन समाज व्यवस्थाको परिकल्पना गरेको छ, त्यो भएको छैन । सिद्धान्त र व्यवहारबीच तालमेल भएको छैन । दक्षिणपन्थी कोणबाट सिद्धान्तलाई उपेक्षा गरेर व्यवहारमा बढी जोड दिइएको छ भने जडसूत्रवादी कोणबाट व्यवहारलाई उपेक्षा गरेर बढी सिद्धान्तमा जोड दिइएको छ ।

**० प्रकाशनको चाँजोपाँजो कसरी मिल्यो ?**

- प्रेमसागर पौडेलजीले सुरुदेखि नै हौसला दिनुभएको हो । पछि 'सकिँदैन कि !' भन्ने कुरा आएपछि अमेरिकामा रहेकी मेरी छोरी समताप्रवाहले 'अनुवाद गर्नुहोस्, छाप्न रोकिँदैन' भनिन् । तर पछि, खुमानन्द भुसाल, गङ्गा सापकोटा र प्रेमसागरजीहरूको प्रयत्नबाट यो पुस्तक निस्किएको छ ।

**० अलि महँगो भयो भन्ने लाग्दैन ?**

- पक्कै पनि दुई हजार रुपियाँ तिरेर सबैले किन्न सक्दैनन् । अझ जसका लागि कृति तयार गरिएको हो, उनीहरूसम्म पुग्न सक्दैन । प्रकाशक साथीहरूसँग लागत उठेपछि सस्तोमा, सम्भव भए सित्तैमा पुस्तक पढ्ने व्यवस्था मिलाउनुहोस् भनेको छु ।

**० अनुवादबाट कत्तिको आम्दानी गर्नुभएको छ ?**

- मैले यो पुस्तक अनुवादको काम थाल्दादेखि नै प्रेमसागरजीले ऋण खोजिदिनुभएको थियो । त्यसैले अहिले छुट्टै माग्ने कुरा भएन । लगानी उठ्यो भने साथीहरूले अलि-अलि गर्नुहोला । तर, मैले पैसा कमाउनका लागि नभएर कम्युनिस्ट आन्दोलनका लागि अनुवाद गर्ने हुनाले मेरो ध्यान त्यसमा छैन ।

**❐ विष्णु रिजाल**